(92 औं)



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बाऱ्हौं वार्षिक प्रतिवेदन

२०५८।५९



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल।
माघ, २०५९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बाह्रौं वार्षिक प्रतिवेदन

२०५८/५९



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।

माघ, २०५९

फोन नं. २६२ ८४२
२६२ ५१५
फ्याक्स : २६२ ९३०
इ-मेल :- akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र संख्या:-

मिति :- माघ, २०५९.

विषय :- बाह्रौं वार्षिक प्रतिवेदन ।

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०५८/५९ (२०५८ श्रावण १ गतेदेखि २०५९ आषाढ मसान्तसम्म)मा गरेको कामको वार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सेवकहरु

(सूर्यनाथ उपाध्याय)	(माधवदत्त भट्ट)	(इन्द्रबहादुर शेरचन)
प्रमुख आयुक्त	आयुक्त	आयुक्त

(कृष्णबल्लभ शर्मा काफ्ले)	(वासुदेव लामिछाने)
आयुक्त	आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
बाह्रौं वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०५८/५९

प्राक्कथन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक वर्ष अख्तियारको दुरुपयोगका सम्बन्धमा गरेको छानवीन, अनुसन्धान एवं अन्य कामहरुको वार्षिक प्रतिवेदन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ महाराजधिराज सरकारका हजुरमा चढाउनु पर्ने संवैधानिक प्रावधान अनुरुप यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

संवैधानिक दायित्वको आधारमा यस प्रतिवेदनलाई साविकमा झैं ६ भागमा बाँडिएको छ । यस प्रतिवेदनको समीक्षा अवधि र प्रकाशनको बीचमा व्यतीत भएको समयान्तरालमा अख्तियार दुरुपयोग निवारणको सन्दर्भमा ऐन संशोधन लगायतका व्यापक परिवर्तनहरु भइसकेका छन्, जसको सकारात्मक असर आउंदा दिनहरुमा क्रमिक रुपमा देखा पर्दै जानेछन् । तर ती परिवर्तनहरु प्रस्तुत समीक्षा अवधिभित्र घटित भएको नहुनाले सार्वजनिक जानकारीको विषय भइसकेको भए तापनि त्यसबारे यस प्रतिवेदनमा विवेचना गर्न उपयुक्त भएन । यस अर्थमा कतिपय स्थितिमा प्रस्तुत प्रतिवेदनमा पुराना ऐन नियमकै आधारमा गरिएका निर्णय व्यहोरा पढ्दा असान्दर्भिक भए जस्तो लाग्न सक्छ । यथार्थमा तत्काल प्रचलित कानूनको परिधिभित्र रहेर यस आयोगको कार्यसम्पादन हुने तथ्य यस सन्दर्भमा स्मरणीय हुन आउंछ । यस पृष्ठभूमिमा प्रतिवेदनको भाग १ मा प्रस्तुत भएका विविध विषयमध्ये आयोगको क्षेत्राधिकार एवं कार्य संचालनको तरीका जस्ता विषयवस्तुहरु तत्काल प्रचलित विधिसम्मत मात्र हुने र तिनले आजको यथार्थ चित्रण नगरेको पनि हुन सक्ने सम्भावनालाई दृष्टिगत गरिदिनु हुन प्रवुद्ध पाठकगणमा विशेष अनुरोध गरिएको छ । यसतर्फ भ्रम नरहोस् भनी केही हदसम्म संकेतहरुको प्रयोग गरी पाठकको ध्यानाकर्षण गराउने प्रयास पनि गरिएको छ ।

सार्वजनिक पदधारण गरेको व्यक्तिले कानूनद्वारा "अनुचित कार्य" भनी परिभाषित गरेको अख्तियार दुरुपयोगको कार्य गरेको सम्बन्धमा आयोगबाट भएको अनुसन्धान तथा त्यसको परिणामस्वरुप विभिन्न कार्यबाहीको सिफारीश गरिएका विषयहरुलाई प्रतिवेदनको भाग २ मा समेटिएको छ । यस अन्तर्गत "अनुचित कार्य"मा संलग्न विभिन्न पदाधिकारीहरुलाई कूल १८ मुद्दामा विभागीय कार्यबाही गर्न अख्तियारवालालाई लेखिएको तथा १५ मुद्दामा त्यस्ता पदाधिकारीलाई सचेत वा सतर्क गराईएको छ ।

भ्रष्टाचार गरेको आरोपमा यस आयोगबाटै तथा आयोगबाट प्रत्यायोजित अधिकार अन्तर्गत अन्य निकायहरुबाट सम्बन्धित पुनरावेदन अदालतहरुसमक्ष मुद्दा दायर गरिएको विषय, त्यस्ता मुद्दामा भएका फैसलामा आयोगले सर्वोच्च अदालतसमक्ष प्रस्तुत गरेको पुनरावेदनको विवरण तथा शुरु फैसलाउपर पुनरावेदन गर्ने आवश्यकता नदेखिएकोले पुनरावेदन नगर्ने भनी आयोगले गरेका निर्णयहरु प्रतिवेदनको भाग ३ मा प्रस्तुत गरिएको छ । यस खण्डको प्रस्तुतिको क्रममा मुलुकमा विद्यमान असहज परिस्थितिका कारण आयोगको प्रत्यायोजित अधिकारको प्रयोग गर्ने स्थानीय प्रशासनिक निकायहरुसंग प्रत्यक्ष सम्पर्क सूत्रको अभावमा ती निकायहरुबाट दायर भएको मुद्दाको पूर्ण विवरण प्रस्तुत हुन नसकेको पनि हुन सक्दछ । समीक्षा गरिएको अवधिमा आयोगबाटै मात्र भ्रष्टाचारका कूल २१ निर्णयबाट ५९ मुद्दाहरु सम्बन्धित पुनरावेदन अदालतहरुसमक्ष दायर गरिएका छन् । विगतमा आयोगबाट दायर हुने गरेका मुद्दा संख्याको तुलनामा यो संख्या हालसम्मको सर्वाधिक रहेको छ । त्यसै गरी सम्बन्धित अदालतहरुबाट भएको फैसलामा चित्त नबुझी सर्वोच्च अदालतसमक्ष १९ वटा मुद्दाको पुनरावेदन दर्ता गरिएको छ । शुरु अदालतहरुबाट भएका कूल १३ फैसलाहरुमा भने पुनरावेदन गरिरहनु आवश्यक देखिएन ।

स्वच्छ तथा पारदर्शी सुशासनको स्थापनाको लागि आयोगले कुनै विषयमा सतर्कता अपनाउन ध्यानाकर्षण गराएको वा कुनै कानून वा प्रकृयामा सुधार वा संशोधन गर्न अथवा अन्य कुनै परिपाटी वा कार्यप्रणालीलाई सच्याउन सम्बन्धित निकायलाई पठाइएको सुझावहरुको विवरण प्रतिवेदनको भाग ४ मा समावेश गरिएको छ । समीक्ष्य अवधिमा कूल २४ वटा विषयहरुमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराईएका तथा ४४ विषयमा विभिन्न सुझावहरु पठाइएका छन् । यसमध्ये शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गतका निकायहरुमा मात्र कूल २० वटा सुझावहरु पठाइएका छन् ।

प्रतिवेदनको भाग ५ मा विविध काम कार्यबाहीहरुको विवरण प्रस्तुत गरिएको छ । यस अन्तर्गत विस्तृत अनुसन्धान पश्चात् तामेलीमा राख्ने गरी भएको निर्णय, हाल विस्तृत अनुसन्धान जारी रहेका उजूरी सम्बन्धी जानकारी तथा विगतका सिफारीशहरुको कार्यान्वयन भए नभएकाबारे आयोगबाट भएको अनुगमन सम्बन्धी विवरणहरु समावेश गरिएका छन् । समीक्ष्य अवधिमा विस्तृत अनुसन्धान गरिएका कूल ५२ वटा मुद्दा तामेलीमा राखिएको र ६५ थान मुद्दामा विस्तृत अनुसन्धान तहकिकात जारी रहेका छन् ।

प्रतिवेदनको अन्तिम खण्ड अर्थात् भाग ६ यस प्रतिवेदनको उपसंहार खण्ड हो । यस खण्डमा आयोगले सामना गर्नु परेका कार्यगत समस्या र सुधार जस्ता विविध पक्षहरुको विवेचना भएको छ । त्यसैगरी आयोगको आन्तरिक तथा सांगठनिक सबलीकरणतर्फ भएका प्रयासहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग भएका सहकार्य र सहयोगका बारेमा यस खण्डमा जानकारीहरु प्रस्तुत गरिएका छन् । विगतमा आयोगबाट विभिन्न कार्यबाहीको सिफारीश गरिएका कूल ६६ मुद्दाहरु उपर सम्बन्धित निकायहरुबाट अझै पनि कार्यबाही गरी किनारा लगाइएको जानकारी प्राप्त हुन नसकेको र यसतर्फ सबै भन्दा बढी ९ र १० वटा मुद्दाहरु क्रमशः अर्थ मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा बांकी रहेको देखिएको छ ।

प्रस्तुत प्रतिवेदनमा समाविष्ट विभिन्न तथ्य तथा जानकारीहरुको सूचकको रुपमा प्रतिवेदनको अन्त्यमा केही अनुसूचीहरु समावेश गरिएका छन् । यसमा विभिन्न तालिका तथा रेखाचित्रहरुको माध्यमबाट प्रतिवेदनका विविध प्रस्तुतिलाई सुबोध्य बनाउन खोजिएको छ ।

यस प्रतिवेदनको प्रस्तुतीकरण मूलतः विषयगत रुपमा भएकोले एकै विषयमा धेरै उजूरीहरु परेको अवस्थामा पनि विषयगत संख्या भने एक नै मानिने हुंदा कतिपय अवस्थामा विषयगत संख्या र यथार्थ उजूरी संख्यामा पृथकता देखा पर्न सक्छ । उदाहरणको लागि एकै उजूरीका आधारमा पनि धेरै मुद्दाहरु चलेको हुनसक्ने वा धेरैवटा उजूरीहरुलाई एकीकृत गरी एकल कार्यबाही भएको पनि हुन सक्ने हुंदा उजूरी संख्याको आधारमा देखाइने तालीका वा रेखाचित्रहरुका आधारमा उजूरी संख्या र कार्यबाहीको संख्याबीच सीधा तुलना गर्नु अनुपयुक्त हुन सक्दछ ।

द्रष्टव्य : यस प्रतिवेदनमा मन्त्रालयको नाम उल्लेख गरिएको उपशीर्षकमा सो मन्त्रालयसंग सम्बन्धित विभाग एवं निकायहरु पनि समाबेश गरिएका छन् ।

साथै यो प्रतिवेदन तयार हुंदा कायम रहेका नयाँ कानून समेतलाई फुटनोटमा देखाइएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
बाह्रौं वार्षिक प्रतिवेदन
आ.व. २०५८/५९

अनुक्रमणिका

क्र.सं.	विषय	पृष्ठ
	प्राक्कथन	१
१	भाग १. आयोगको संक्षिप्त परिचय	२
१.१	परिचय	२
१.२	परिभाषा	२
१.२.१	भ्रष्टाचार	२
१.२.२	अनुचित कार्य	२
१.३	आयोगको गठन	३
१.४	आयोगको क्षेत्राधिकार	३
१.५	आयोगको बैठक	३
१.६	प्रशासनिक संगठन	४
१.७	बजेट व्यवस्था	४
१.८	उजूरी सम्बन्धी व्यवस्थाः	४
१.८.१	अनुचित कार्यको उजूरी	४
१.८.२	भ्रष्टाचारको उजुरी	४
१.९	छानवीन तथा अनुसन्धान तहकिकात :	४
१.९.१	प्रारम्भिक छानवीन	४
१.९.२	विस्तृत अनुसन्धान तहकिकात	५
२.	भाग २. अनुचित कार्य सम्बन्धी कारबाईको विवरण	६
२.१	सचेत वा सतर्क रहन लेखिएका विषय तथा पदाधिकारी	६
२.२	विभागीय कारबाईको निमित्त लेखिएका विषय तथा पदाधिकारी	८
३.	भाग ३. भ्रष्टाचार सम्बन्धी कारबाईको विवरण	१५
३.१	पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको	१५
३.१.१	आयोगबाटै मुद्दा दायर भएको	१५
३.१.२	आयोगद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी अन्य निकायबाट मुद्दा दायर भएको	२८
३.२	शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन गरिएका मुद्दाहरु	४४
३.३	शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगरिएका मुद्दा सम्बन्धी निर्णय	४८
४	भाग ४. प्रेषित सुझाव तथा ध्यानाकर्षणको विवरण	५५
४.१	ध्यानाकर्षण गर्न लेखिएको	५५
४.२	सुझाव पठाइएको	५५
५	भाग ५. विविध	६१
५.१	विस्तृत अनुसन्धान तहकिकात पश्चात् तामेलीमा राखिएका उजूरी विवरण	६१

५.२	अन्य निर्णयहरु	७०
५.३	आवश्यक कारबाईको लागि अन्य निकायमा पठाइएका उजूरी	७३
५.४	विस्तृत अनुसन्धान तहकिकात जारी रहेका उजूरी	७४
५.५	कार्यान्वयन नगरिएका आयोगका निर्णयहरु	७७
६	भाग ६. उपसंहार	८५
६.२	विद्यमान समस्या तथा समाधानका प्रयासहरु	८६
६.३	अन्तर्राष्ट्रिय सहयोग तथा सहभागिता	८६

भाग १. आयोगको संक्षिप्त परिचय

१.१ परिचय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन एक संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ । संविधानको धारा ९८ को उपधारा (४) बमोजिम यस आयोगबाट निम्न काम कार्यबाहीहरु गरिन्छन् :

(क) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" गरी अख्तियारको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कार्यबाही गर्न अख्तियारवालासमक्ष लेखी पठाउने,
(ख) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम *भ्रष्टाचार* मानिने कुनै कार्य गरेको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपरसमेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने,
(ग) श्री ५ समक्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन चढाउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम आयोगलाई प्राप्त अन्य काम, कर्तव्य र अधिकारहरुलाई व्यवस्थित एवं नियमित तुल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८[♦] विद्यमान छ । उक्त ऐनले दिएको अधिकार प्रयोग गरी आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८[√] तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधी, २०५७ समेत बनाई लागू गरिएका छन् ।

१.२ परिभाषा

१.२.१ भ्रष्टाचार : भ्रष्टाचार निवारण ऐन, २०५९ लागू नभएसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार *भ्रष्टाचार* भन्नाले भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुने आपराधिक कार्यलाई मानिने व्यवस्था रहेको थियो । हाल भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भए पश्चात् निम्न कार्यलाई भ्रष्टाचारको अपराध मानी कानून बमोजिम कार्यबाही गरिने व्यवस्था भएको छ :-

क) रिसवत लिनु दिनु,
ख) बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिनु,
ग) दान, दातव्य, उपहार वा चन्दा लिनु,
घ) कमिशन लिनु,
ङ) राजस्व चुहावट गर्नु,
च) गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनीयतले काम गर्नु,
छ) गलत लिखत तयार गर्नु,
ज) गलत अनुवाद गर्नु,
झ) सरकारी कागजात सच्याउनु,
ञ) सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नु,
ट) प्रश्नपत्रको गोपनीयता भंग गर्नु वा परीक्षाको परिणाम फेरबदल गर्नु,
ठ) गैरकानूनी व्यापार व्यवसाय गर्नु,

♦ यस प्रतिवेदनको समीक्षा अवधिसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम कार्य सम्पादन भएको भए पनि यो प्रतिवेदन प्रस्तुत गरिने मिति सम्ममा उक्त ऐनमा दोश्रो संशोधन विधेयक पारित भई लागू समेत भइसकेको छ । त्यसैगरी, भ्रष्टाचार निवारण ऐन, २०१७ को सट्टामा नयां भ्रष्टाचार निवारण ऐन, २०५९ यस प्रतिवेदनको अवधिमा पारित भई लागू भईसकेको छ ।

√ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र नयां अधिकार प्रत्यायोजन पनि यस बीच राजपत्रमा प्रकाशित भई सकेका छन् ।

ङ) नपाएको ओहदा पाएं भन्नु,
ढ) झुठ्ठा विवरण दिनु,
ण) सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्नु,
त) गैरकानूनी दवाब दिनु,
थ) गलत प्रतिवेदन दिनु,
द) स्रोत नखुलेको सम्पत्ति जम्मा गर्नु ।

१.२.२ "अनुचित कार्य" : "अनुचित कार्य" भन्नाले सार्वजनिक पदधारण गर्ने कुनै व्यक्तिले जानी जानी वा लापरवाहीपूर्वक गरेको देहायको कुनै कार्यलाई मानिन्छ :-

क) आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,
ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधीको पालना नगरेको,
ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्यले वा कार्यमा प्रयोग गरेको,
घ) आफ्नो तजविजी अधिकार बदनीयतसाथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,
ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको,
च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहां पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,
छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

१.३ आयोगको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम आयोगको वर्तमान गठन विधि यसप्रकार छ :-

श्री सूर्यनाथ उपाध्याय प्रमुख आयुक्त,	२०५७।७।१८ मा प्रमुख आयुक्त पदमा नियुक्त ।
श्री माधवदत्त भट्ट आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री इन्द्रबहादुर शेरचन आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री कृष्ण बल्लभ शर्मा काफ्ले आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री वासुदेव लामिछाने आयुक्त,	२०५७।७।१८ मा आयुक्त पदमा नियुक्त ।
सचिव श्री खेमराज नेपाल	२०५७।८।८ मा का.मु. सचिवमा नियुक्त भई २०५८।१।६देखि सचिव पदमा नियुक्त ।

१.४ आयोगको क्षेत्राधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा कार्यबाहीको छुट्टै व्यवस्था गरिएका तथा सैनिक ऐन बमोजिम कार्यबाही हुने पदाधिकारीहरुका सम्बन्धमा वा संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कार्यबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै

समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको न्यायिक काम कार्यबाहीको विषयलाई लिएर कार्यबाही चलाउने सम्बन्धमा बाहेक सार्वजनिक पदधारण गरेको व्यक्तिबाट भएको अख्तियार दुरुपयोग सम्बन्धी सम्पूर्ण काम कार्यबाहीको अनुसन्धान एवं तहकिकात गर्ने अख्तियारी आयोगमा रहेको छ ।

१.५ आयोगको बैठक

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले तोकिएको कार्य सम्पन्न गरी सचिवमार्फत् सम्बन्धित आयुक्तसमक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने विषयहरुको कार्यक्रम प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यक्रम तय भएपछि विषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको आदेशले कुनै पनि समयमा आयोगको बैठक बस्न सक्दछ । आर्थिक वर्ष २०५८/५९ को अवधिमा आयोगको बैठक जम्मा १०२ पटक बसेको थियो । यी बैठकहरुबाट कूल २४५ वटा निर्णयहरु भएका थिए ।

१.६ प्रशासनिक संगठन

केन्द्रीय स्तरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालय रहेको छ, जसको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव रहन्छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी अनुरुप श्री ५ को सरकारबाटै खटाइएका कर्मचारी सचिवालयमा रहने व्यवस्था छ । आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कार्यबाहीमा तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्राविधिक एवं प्रहरी आदि क्षेत्रका व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने गरिआएको छ । आवश्यकता अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई पनि अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने गरिएको छ । आयोगको व्यापक क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्न नसकिएकोले तत्कालको लागि काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभाग[♦] लाई तथा अन्य ७२ जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई[⊗] तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार सुम्पी कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगको तर्फबाट मुद्दा चलाउने अधिकार सुम्पिएको छ ।

१.७ बजेट व्यवस्था

आर्थिक वर्ष २०५८/५९ मा आयोगको कूल बजेट रु. २,०६,४८,८२३/०८ मध्ये रु. १,९४,६६,०६९/३२ निकासा भई रु. १,९४,६६,०६९/३२ खर्च भएको छ । यस अघि आर्थिक वर्ष २०५७/५८ मा भने आयोगको कूल बजेट रु. १,६१,८८,७१०/७६ मध्ये रु. १,६०,४६,३२९/२० निकासा भई रु. १,६०,४६,३२९/२० खर्च भएको थियो । आर्थिक वर्ष २०५८/५९ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

♦ भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि यो विभाग खारेज भएकोले हाल यो कार्य खास सार्वजनिक पद धारण गरेका व्यक्तिका हकमा ७५ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई सुम्पिएको छ ।

⊗ २०५९।६।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार क्षेत्रीय प्रशासकलाई पनि खास सार्वजनिक पद धारण गरेका व्यक्तिका हकमा अधिकार सुम्पिएको छ ।

भाग २. "अनुचित कार्य" सम्बन्धी कार्यबाहीको विवरण

२.१ सचेत वा सतर्क रहन लेखिएका विषय तथा पदाधिकारी :

२.१.१ अर्थ मन्त्रालय र अन्तर्गत :

रघुपति जुटमिल निजीकरण गर्दा न्यून मूल्यमा निजीकरण गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा अर्थ मन्त्रालयको मिति २०५२।८।१० को प्रस्तावमा मन्त्रिपरिषद्बाट २०५२।८।२५ मा "उद्योग तथा उद्योगको लागि आवश्यक पर्ने जग्गा र अन्य जग्गा यकीन गरी प्रस्तावमा लेखिए बमोजिमको छुट्टै एउटा र उद्योग तथा उद्योगको लागि आवश्यक पर्ने जग्गा र अन्य जग्गाको सम्बन्धमा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत् सो जग्गा आवास क्षेत्रको रुपमा प्रयोग गर्दा के कति मूल्य प्राप्त हुन सक्छ सो पनि मूल्यांकन गराई यसरी दुई वटा छुट्टा छुट्टै प्राप्त प्रस्तावमध्ये श्री ५ को सरकारले कुन विकल्पको निर्णय गर्नु उपयुक्त हुन्छ पुनः पेश गर्ने" भनी निर्णय भएकोमा आवास तथा भौतिक योजना मन्त्रालयको प्राविधिक अध्ययन टोलीबाट प्राप्त प्रतिवेदनमा सुरक्षा, मूल्य र प्रदूषणको आधारमा यस क्षेत्रको जग्गाहरु आवास योजनालाई उपयोग गर्नु भन्दा अन्य प्रयोजनको लागि उपयोग गर्न उपयुक्त हुने सिफारीश प्राप्त भई सो बमोजिम मन्त्रिपरिषद्मा पेश गर्न मा. मन्त्रीसमक्ष पेश गर्दा मा. मन्त्रीबाट मिति २०५२।१०।१५ मा "आवास तथा भौतिक योजना मन्त्रालयको प्रतिवेदनको निस्कर्ष मन्त्रिपरिषद्मा जानकारीको लागि पठाउने र साथै प्रस्ताव आव्हान गर्ने" भन्ने निर्णय भएको देखिन्छ । मा.मन्त्रीको उपर्युक्त निर्णय पश्चात् टेण्डर आव्हान गरेको कुरा टेण्डर आव्हान गर्दाको अवस्थामा जारी गरिएको Information Memorandum बाट प्रष्ट देखिन आएको छ । त्यसरी टेण्डर जारी गर्दा निजीकरण गरिने प्रतिष्ठानको सबै सम्पत्तिको मूल्यांकन गरेर मात्र टेण्डर जारी गरिनु पर्नेछ भन्ने निजीकरण ऐन, २०५० को दफा ७ को व्यवस्था उल्लंघन भएको देखिन्छ । जग्गाको मूल्यांकन नगरी २ पटक खुल्ला टेण्डर जारी गरिए पनि एउटा मात्र टेण्डर पर्न आएको र मन्त्रिपरिषद्को मिति २०५३।९।४ को निर्णयबाट अर्थ मन्त्रालयबाट पेश भएको मिति २०५२।८।१० को प्रस्ताव बमोजिम नै गर्न र सो बमोजिम गरिएको कामको समर्थन भई उक्त जूट मिलको निजीकरणका लागि श्री ५ को सरकार र अरिहन्त मल्टीफाइवर्स लि. बीच मिति २०५३।४।३० मा सम्झौता भई निजीकरण समेत भइसकेको देखिएकोले निजीकरण ऐन, २०५० को दफा ७ बमोजिम निजीकरण गरिने प्रतिष्ठानको जायजेथाको मूल्य निर्धारण गरेको तर जग्गाको मूल्य निर्धारण नै नगरी टेण्डर आव्हान गरेबाट यसरी ऐनमा भएको प्रष्ट व्यवस्थाको उल्लंघन गरी गम्भीर त्रुटि गरेको हुंदा आइन्दा यस्तो त्रुटि नगर्न निजीकरण एकाईलाई सतर्क गराउन अर्थ मन्त्रालयलाई लेखिएको ।

२.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्ण चन्द्र झा ले श्री ५ को सरकारले तोकेको सुविधा भन्दा बढी लिनुखानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्ण चन्द्र झाले श्री ५ को सरकारको मिति २०५७।२।२ को निर्णयबाट तोकेको सुविधा भन्दा बढी सुविधा लिइ आफ्नो पदीय कर्तव्य पालन नगरेको देखिंदा सो सम्बन्धमा निजलाइ सचेत गराई उक्त तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम असूल उपर गर्नु पर्ने देखिंदा निजले बढी भुक्तानी लिएको रकम एक महिना भित्र असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी सो को जानकारी मन्त्रिपरिषदमा समेत दिइएको । साथै श्री ५ को सरकारले मिति २०५७।२।२ मा निर्धारण गरेको कार्यविधि अनुसार नेशनल ट्रेडिङ लिमिटेडको आर्थिक प्रशासन नियमावली, २०४७ मा सुधार भएको नदेखिंदा अविलम्ब सो अनुसार सुधार गर्न सम्बन्धित मन्त्रालयमा सुझाव दिइएको ।

२.१.३ भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :

२.१.३.१ इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल बिछाएको ठाउंमा डिभिजन सडक कार्यालय इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा छानवीन हुंदा एकै जस्तो समयमा एकै कार्यको लागि पहिलो पटक रु. ७,१९,०००।- र आयोगको डोर इलाम पुगेपछि माग गरिएको कागजातमा रु. ४,९३,४३२।८२ लेखिएको कागज उपलब्ध गराइएबाट एउटै कार्यको लागि लगभग उही समयमा रु. २,२५,५६७।१८

फरक पारी अनुचित लाभ लिने मनसायबाट इष्टिमेट तयार गरेको देखिन आएकोले डिभिजन सडक कार्यालय, इलामको डि.ई. गोपालप्रसाद सिंहको कार्यशैली सन्तोषजनक नभएको हुंदा निजलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखिएको ।

२.१.३.२ डिभिजन सडक कार्यालय, लहानका का.मु. डिभिजन प्रमुख रामनाथ मिश्रले मिति २०५५।३।२९ को सडक विभागको परिपत्रको विपरीत हुने गरी २०५५ श्रावणमा नै वार्षिक कार्यक्रम एवं बजेट बिना रु. ९० लाखको काम गराई वर्ष भरीको कन्टेन्जेन्सी रकम समेत खर्च गरेको भन्ने सम्बन्धमा सडक विभागको विभागीय प्रमुख भई जिम्मेवारी सम्हाल्ने महानिर्देशक तथा प्रशासकीय प्रमुखले आफ्नो मातहतका कर्मचारीको जिम्मा जवाफदेही पूरा भए नभएको हेर्न पर्नेमा त्यसतर्फ ध्यान नपुऱ्याई आफूले निर्वाह गर्नु पर्ने प्रशासनिक उत्तरदायित्व इमान्दारीपूर्वक निर्वाह नगरेबाट ई. रामनाथ मिश्रलाई डिभिजन सडक कार्यालय ललितपुरबाट डिभिजन सडक कार्यालय, लहानमा सरुवा गर्दा मन्त्रालयस्तरबाट मिति २०५६।५।२ मा भएको सरुवा सम्बन्धी निर्णय फायल हराएको हुंदा सडक विभागका तत्कालीन महानिर्देशक निरन्जन चालिसे तथा प्रशासन प्रमुख रवीन्द्र कर्माचार्यलाई सचेत गराईएको ।

२.१.४ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :-

वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत वन विभाग, क्षेत्रीय वन निर्देशनालय एवं जिल्ला वन कार्यालयका राजपत्राङ्कित द्वितीय -वन, जनरल फरेष्ट्री) श्रेणीका अधिकृतहरुको निजामती सेवा ऐन, २०४९ को दफा १८ ले तोकिदिएको अबधि नपुग्दै सरुवाको प्रस्ताव गर्दा टिप्पणीमा स्पष्ट रुपमा सामान्य प्रशासन मन्त्रालयबाट सहमति प्राप्त गर्नु पर्ने राय उल्लेख भएकोमा सो सहमति लिनको लागि त्यस्तो अबस्था समेत खुलाई सहमति माग गर्नु पर्ने निजामती सेवा ऐन, नियमावलीमा व्यवस्था भएको देखिन्छ । तर त्यस्तो अबधि नपुगी सरुवा गर्नु परेको कारण नखुलाई केवल सरुवा गर्न मात्र प्रस्ताव गरिएको र अख्तियारवालाले पनि त्यस्तो कारण स्पष्ट गर्नेतर्फ हेर्दै नहेरी सामान्य प्रशासन मन्त्रालयबाट पछि समर्थन गराउने गरी सदर गरेको, साथै वन तथा भू-संरक्षण राज्यमन्त्रीले गरेको सरुवाको निर्णय माननीय मन्त्रीबाट बदर गरी मिति २०५८।१०।२९ मा सचिवलाई लेखिएको पत्रबाट पनि राज्यमन्त्रीबाट "अनुचित कार्य" भएको स्पष्ट हुन आएको हुंदा सामान्य प्रशासन मन्त्रालयको सहमति वेगर अबधि नपुगी सरुवा गर्न नमिल्ने गरी गरेको व्यवस्थाको स्पष्ट उल्लंघन भएको देखियो । अतः वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०५८।१०।२५ को राज्यमन्त्री स्तरको सरुवा सम्बन्धि निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (ख) विपरीत भएकोले सरुवाको प्रस्ताव गर्ने वन विभागको महानिर्देशक दिव्यदेव भट्ट तथा सरुवा सदर गर्ने मा. वन तथा भू संरक्षण राज्य मन्त्री सुरेन्द्र हमाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम सचेत गराउन क्रमशः वन तथा भू-संरक्षण मन्त्री र सम्माननीय प्रधानमन्त्रीसमक्ष लेखिएको ।

२.१.५ शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :-

भानु उच्च मा.वि. ग्वालिचौर बाग्लुङ्का प्रधानाध्यापक बालकृष्ण अर्यालले अस्थायी मा.वि. शिक्षक सूर्यनारायण अर्याललाई म्याद थप नगरी सेवाबाट हटाएपछि पनि निजको ठाउंमा अन्य शिक्षकको नियुक्ति नभएको अबस्थामा निजकै नाममा जिल्ला शिक्षा कार्यालयबाट तलब निकासा गरी खाएको भन्ने सम्बन्धमा छानवीन हुंदा निजको नाममा निकासा लिएको तलबको रकमबाट रु. ३४,५००।— बराबर को उच्च मा.वि.का लागि फर्निचर निर्माण गराएको देखिएको र बांकी रकम विद्यालयको कोष अन्तर्गत लगानी गरिएको देखिएकोले नियमानुसार एक शीर्षक अन्तर्गत विनियोजित रकम अन्य शीर्षक अन्तर्गत खर्च गर्नु पर्दा रकमान्तर गरेर मात्र खर्च गर्नु पर्नेमा सो प्रकृया नअपनाई खर्च गरेको देखिंदा अब उप्रान्त त्यसो नगर्न निजलाई सचेत गराएको ।

२.१.६ श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गतः

श्री ५ को सरकारको नीति अनुसार ५० प्रतिशत भन्सार छूट अन्तर्गत ट्याक्सी क्यावहरु झिकाई ट्याक्सी क्याब कम्पनी सञ्चालन गरी आएका कम्पनीहरुले नियमानुसार लाग्ने आयकर नतिरी कम्पनीका नामका गाडीहरु व्यक्तिको नाममा नामसारी गरी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

विद्यमान कानून अनुसार कम्पनीको आयकर असूल गर्नु पर्ने प्रमुख दायित्व सम्बन्धित कर कार्यालयको नै रहेकोमा श्री ५ को सरकारको नीति अनुरुप ५० प्रतिशत भन्सार सुविधा अन्तर्गत ट्याक्सी क्यावहरु आयात गरी ट्याक्सी क्याब कम्पनी सञ्चालन गरी आएका विभिन्न ११ वटा कम्पनीहरुले करिव ५।६ वर्ष सम्म पनि नियमानुसार लाग्ने कम्पनीको

आयकर दाखिला नगरेको अबस्थामा आयकर ऐन, २०३१ को दफा २८, ३१ क, ३३, ३५ र ३७ तथा ५९ समेतको व्यवस्था अनुसार आयकर असूल गर्नु पर्नेमा संलग्न फाइल कागजात तथा जानकारी समेतबाट सो अनुरुप भए गरेको नदेखिएको हुंदा यस विषयमा सम्बन्धित पदाधिकारीहरु समेत बसी यस आयोगमा छलफल भए अनुसार प्रचलित ऐन, नियम अनुसार त्यस्ता कम्पनीहरुबाट ३ महिना भित्र आयकर असूल उपर गरी सोको जानकारी यस आयोगलाई दिन महानिर्देशक, आन्तरिक राजस्व विभागलाई लेखिएको ।

नियमानुसार लाग्ने आयकर चुक्ता नगरेका कम्पनीका गाडीहरुको नामसारी रोक्का गरी दिने व्यवस्थाका लागि तत्कालीन कर विभागबाट मिति २०५७।५।२६ मा यातायात व्यवस्था विभागलाई अनुरोध गरेको, यातायात व्यवस्था विभागबाट सो बमोजिम आवश्यक कार्यार्थ यातायात व्यवस्था कार्यालय, बागमती अन्चल गौशालामा पठाएको र उक्त परिपत्र सो कार्यालयका तत्कालीन खरीदार हरिशरण फुयालले बुझेको देखिएकोमा सो परिपत्र सम्बन्धित पदाधिकारीहरुलाई जानकारी नगराउनुका अतिरिक्त निजको बयान समेतबाट उक्त परिपत्र कहाँ कोसमक्ष पेश गरेको हो, आधिकारिक रुपमा पुष्टि हुन समेत आएको नदेखिएकोले निजले गैरजिम्मेवारीपूर्ण रुपमा काम कार्यबाही गरेकोले निज हाल यातायात व्यवस्था कार्यालय, वीरगञ्जमा कार्यरत रहेको देखिएको हुंदा निजलाई सचेत गराउने भनी यातायात व्यवस्था विभागमा लेखिएको ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट श्री ५ को सरकारको नीति अनुरुप पचास प्रतिशत भन्सार सुविधा अन्तर्गत ट्याक्सी क्यावहरु आयात गरी कम्पनी सञ्चालन गरी आएका ट्याक्सी क्याव कम्पनीहरुले कम्पनी ऐन बमोजिम पूरा गर्नु पर्ने कानूनी प्रकृया एवं दायित्व पूरा नगरेको अबस्थामा उक्त कार्यालयले तोकिए बमोजिम अनुगमन एवं निर्देशन गर्नु पर्नेमा सो बमोजिम गरेको नदेखिएको हुंदा कम्पनी रजिष्ट्रारको कार्यालयलाई अब आईन्दा यस्ता विषयमा त्यहांबाट कानून बमोजिम गर्नु पर्ने कार्यहरु गर्न ध्यानाकर्षणको गराईएको ।

श्री ५ को सरकारको नीति अनुरुप ५० प्रतिशत भन्सार सुविधा अन्तर्गत ट्याक्सी क्यावहरु आयात गरी ट्याक्सी क्याव कम्पनी सञ्चालन गर्न अनुमति प्रदान गरेको अबस्थामा त्यस्ता कम्पनीहरुले तोकिएका शर्त बन्देजको पालना नगरेको तथा प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने आयकर एवं अन्य राजस्व नबुझाएको अबस्थामा पनि असूली गर्नेतर्फ प्रभावकारी रुपमा काम कार्यबाही गर्नु पर्नेमा सो अनुरुप नगरी तत्कालीन कर विभागबाट यातायात व्यवस्था विभागलाई गाडीको नामसारी रोक्का गरी दिन भनी लेखी पठाएको र भन्सार विभागबाट पनि आवश्यक काम कार्यबाहीहरु भए गरेको नदेखिएको मात्र नभई यस्तो विषयमा यी दुई विभागहरुबीच एक आपसका काम कार्यबाहीहरुमा समन्वय र अनुगमन पनि हुने गरेको देखिएन । अर्थ मन्त्रालयबाट यस विषयमा कुनै चासो लिएको पनि देखिएन । भन्सार सुविधा दिए पछि त्यस्तो सुविधाको उपयोग कुन शर्तमा गरिनु पर्ने थियो वा त्यस्तो सुविधा दिनुको लक्ष्य के थियो, त्यो पूरा भयो भएन ? इत्यादि कुराहरुमा बिल्कुलै उदासीन भएको देखिएकोले अर्थ मन्त्रालयका सम्बद्ध पदाधिकारीले ध्यान दिन अर्थ मन्त्रालयमा लेखिएको ।

२.१.७ सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

२.१.७.१ राष्ट्रिय समाचार समितिबाट लिइएको छैठौं तहको परीक्षामा अनियमितता गरी आफ्नो मानिसलाई पास गराउन सफल भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रस्तुत विषयमा कापी जांचकीले कापी जांच गरेर पेश गरेको प्राप्ताङ्क तालिका मिसिल साथ सामेल रहनु पर्नेमा आयोगबाट माग गर्दा पनि प्राप्त हुन नआएको सन्दर्भमा जांचकीले दिएको प्राप्ताङ्कमा के कस्तो परिस्थितिमा कसले अंक सच्याएको हो यकीन साथ खुल्न सक्ने अबस्था नरहेकोले पदपूर्ति समितिका जिम्मेवार सदस्यहरुले आफ्नो कर्तव्य जिम्मेवारीपूर्वक निर्वाह गरेको भन्न सकिने अबस्था नदेखिएको हुंदा महाप्रबन्धक देवप्रकाश त्रिपाठी, तत्कालीन पदपूर्ति समितिका सदस्य गणेश मानन्धर, कानूनी सल्लाहकार रामकृष्ण निराला, वरिष्ठ अधिकृत रमेश तूफान तथा सदस्य सचिव जयशंकर महतोलाई अब आइन्दा यस्तो कार्य नगर्न सतर्क रहन लेख्नुका साथै पदपूर्ति समितिका सदस्य रामकृष्ण निरालाले परीक्षण गर्न प्राप्त गरेका उत्तरपुस्तिकाहरु आफूले परीक्षण नगरी अन्य व्यक्तिबाट परीक्षण गराएको कुरामा साबितै रहेकोले परीक्षाको नर्मस (मान्यता) विपरीत कार्य गरेको हुंदा अब आइन्दा निजलाई यस्तो कार्यमा संलग्न नगराउन भनी राष्ट्रिय समाचार समितिलाई लेखिएको ।

२.१.७.२ नेपाल दूरसंचार संस्थान, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका तत्कालीन निर्देशक शिवभूषण लालले सो निर्देशनालयमा निर्देशक भई कार्यरत रहेको अबस्थामा संस्थानको स्वीकृत भ्रमण आदेशानुसार भ्रमण गर्दा हवाईजहाज र संस्थानको गाडी दुवै प्रयोग गरी दोहोरो सुविधा लिएको देखिन आएको हुंदा यसरी दोहोरो सुविधा लिएको रकम निज शिवभूषण लालबाट असूलउपर गरी दोहोरो सुविधा लिए वापत निजलाई सचेत समेत गराउन नेपाल दूरसंचार संस्थानलाई लेखिएको ।

२.१.८ संस्कृति तथा पर्यटन मन्त्रालय र अन्तर्गत :

२.१.८.१. नेपाल नागरिक उड्डयन प्राधिकरण, दोश्रो पर्यटन पूर्वाधार विकास आयोजना, आन्तरिक विमानस्थल सुधार कार्य अन्तर्गत कार्यरत अस्थायी ओभरसीयरद्वय सुनील ढकाल र दीपेन्द्र श्रेष्ठले काठमाडौं इन्जिनियरिङ्ग कलेजमा भर्ना भई एउटै समयमा कार्यालय र कलेज दुवै स्थानमा हाजीर भई अख्तियार दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा ओभरसीयरद्वय सुनील ढकाल र दीपेन्द्र श्रेष्ठ कलेज र कार्यालय दुवै स्थानमा एकै समयमा हाजीर भई निजहरुले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३ को खण्ड (क) र (छ) अनुसारको "अनुचित कार्य" गरेको साथै दिवा कक्षा सञ्चालन गरेको, कलेजको इन्जिनियरींग जस्तो प्राविधिक र व्यवहारिक रुपमा नै ज्ञान प्राप्त गर्नु पर्ने विषयको नियमित विद्यार्थीले दिवा समयमै उपस्थित भई कार्य गर्नु पर्ने कार्यालयको कर्मचारी भई सेवा दिन सम्भव समेत नदेखिएको हुंदा निज ओभरसीयरहरु सुनील ढकाल र दीपेन्द्र श्रेष्ठलाई नोकरीबाट हटाउन र नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-महानिर्देशक एवं आयोजना प्रमुख उपेन्द्रप्रसाद धितालले आफ्नो पद अनुसार आफ्ना मातहतका कर्मचारीको आवश्यक निरीक्षण एवं रेखदेख नपुऱ्याई कलेजमा हाजीर भएको दिन कार्यालयमा हाजीर गर्न दिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) अनुसारको "अनुचित कार्य" गरेको हुंदा निज उपेन्द्रप्रसाद धितालले सचेत गराउन समेत नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई लेखिएको ।

२.१.८.२ शाही नेपाल वायुसेवा निगमले आफ्ना दुई बोइङ ७५७ को इन्जिन ओभरहल, मर्मत (रिपेयर) र पुनर्कार्य (री-वर्कका) लागि फरवरी १९ तारिख सन् २००१ मा पत्रिकामा सूचना प्रकाशित गरी २१ दिनको म्याद दिएको र उक्त म्याद सोही वर्षको मार्च १० तारिखमा सकिने अवस्थामा मार्च ७ तारिखसम्म पनि बिडिङ डकुमेन्ट समयमै तयार नभई किन्न नपाएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा बिडिङ डकुमेन्ट समयमै तयार गर्नु पर्ने जिम्मेवारी इन्जिनियरीङ विभागको भएको, सूचनामा तोकिएको अन्तिम दिनसम्म पनि डकुमेन्ट तयार नभई डकुमेन्ट खरीद गर्न आउनेलाई उपलब्ध गराउन नसकी अन्तर्राष्ट्रिय जगतमा निगमको प्रतिष्ठा गिर्न सक्ने कुरालाई समेत ख्याल नगरी निगमको इन्जिनियरिङ्ग विभागका तत्कालीन प्रमुख केशरबहादुर थापाले आफनो पदीय कर्तव्य पालना नगरी अ.दु.अ.आ. ऐन, २०४८ को दफा ३(छ) अनुसारको "अनुचित कार्य" गरेको हुंदा अब आयन्दा यस्तो कार्य नदोहरिने गरी सचेत गराउन निगमका कार्यकारी अध्यक्षलाई लेखी निगमको इन्जिनियरिङ विभागले समयमा गर्नुपर्न कार्य गरेको छ छैन भनी रेखदेख निरीक्षण गरी समयमै काम सम्पन्न गराउनतर्फ निगमका तत्कालीन कार्यकारी अध्यक्ष राजेशराज दलीले आफनो जिम्मेवारी पूरा गरेको नदेखिएकोले निजलाई ध्यानाकर्षण गराउन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा लेखिएको ।

२.१.९ स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

२.१.९.१. जिल्ला विकास समिति, बर्दियाले बोलपत्र लगायतका कुनै सूचना प्रकाशित नगरी व्यक्ति विशेषलाई जिल्ला बाहिर निकासी हुने वस्तुमा कर उठाउन ठेक्का दिने निर्णय गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जिल्ला विकास समिति, बर्दियाले स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले अधिकार नै नदिएको वस्तुमा समेत कर लगाउने निर्णय गरेको र सो निर्णयमा कर उठाउन पाउने वस्तुहरुको ठेक्का दिंदा पनि ठेकेदारहरुबीच प्रतिस्पर्धा नगराई आर्थिक ऐन, नियमले निर्दिष्ट गरेको प्रकृया अवलम्वन नगरी सो अवधिमा के कति कर उठ्न सक्छ भन्ने कुराको वस्तुनिष्ठ आधार नलिई सभापतिसमक्ष ठाडो निवेदन दिने सरीफ अहमदलाई ठेक्का दिई बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्य विधिको पालना गरेको नदेखिंदा यस्तो कार्यबाही अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) र (ख) बमोजिमको "अनुचित कार्य" भएको स्पष्ट देखिन आएको छ ।

यसरी ठाडो निवेदनबाट ठेक्का दिने गरी गरेको मिति २०५७।६।९ को निर्णयमा संलग्न पदाधिकारीहरुमध्ये जिल्ला विकास समिति सभापति र सचिव बाहेकका सदस्यहरुका हकमा बिचार गर्दा जिल्ला विकास समितिका प्रमुखका रुपमा कार्य गर्ने सभापतिले आफूसमक्ष निवेदन दिन लगाई आजकै बैठकमा पेश गर्नू भन्ने तोक आदेश गरी निर्णय गराउने कार्यमा सभापतिको अग्रसरता एवं निजकै तत्परतामा सो निर्णय गर्ने गराउने कार्य भएको र त्यस्तो ठाडो निवेदनबाट ठेक्का दिन आर्थिक कानूनले मिल्ने नमिल्ने कुराको जानकारी समितिलाई गराउनु पर्ने प्रमुख दायित्व भएका जिल्ला विकास समिति सचिवले तत्सम्बन्धमा कुनै भूमिका निर्वाह गरेको नदेखिंदा बैठकमा अन्य सामान्य सदस्यहरुलाई दोषी ठहऱ्याउन न्यायोचित मान्न सकिएन । सभापति र सचिवको हकमा विचार गर्दा कसूर बमोजिम कडा सजाय हुनु पर्ने हो, तापनि प्रस्तुत ठेक्का सम्बन्धी संझौता बदर गरी ठेक्का तोडिएको भन्ने खुल्न आएकोले मिति २०५७।६।९ को निर्णय गर्ने गराउने जिल्ला विकास समिति सभापति भरतबहादुर शाहलाई र सो निर्णयमा सहभागी भई सो बमोजिम सम्झौता गराउने जिल्ला विकास समिति, बर्दियाका तत्कालीन सचिव गणेशप्रसाद ज्ञवालीलाई सचेत गराई आइन्दा

आर्थिक ऐन, नियमको प्रकृया पुऱ्याई नियमानुसार ठेक्का वन्दोवस्त गर्ने गर्न जिल्ला विकास समिति, बर्दियालाई लेखिएको ।

२.१.९.२. काठमाडौं उपत्यकाभित्र संकलन गरिएका पुनः प्रयोग हुने सामानहरुको जिल्ला निकासीमा मात्र शुल्क उठाउन पाइनेमा आन्तरिक खपतमा समेत शुल्क उठाउन दिई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा काठमाडौं, भक्तपुर, ललितपुर र फोहर मैला तथा स्रोत परिचालन केन्द्रको संयुक्त समितिले आर्थिक वर्ष २०५५।५६ र २०५६।५७ को लागि उक्त तीन जिल्ला भित्र संकलन भई निकासी हुने पुनः प्रयोगका सामानमा निकासी शुल्क उठाउन संयुक्त समिति र ठेकेदार लक्ष्मीनारायण शाह र गोपालबहादुर थापाबीच मिति २०५५।१०।२६ मा सम्झौता सम्पन्न भएको र उक्त सम्झौता, ठेक्का वन्दोवस्त गर्न प्रकाशित टेण्डर सूचना र श्री ५ को सरकारको मिति २०५२।१०।२२ को निर्णय अनुसार समेत जिल्लाबाट निकासी हुने पुनः प्रयोगका सामानमा मात्र निकासी शुल्क उठाउन पाइनेमा सो व्यवस्था विपरीत हुने गरी आन्तरिक खपत हुने पुनः प्रयोगका सामानमा समेत शुल्क उठाउन पाउने गरी मिति २०५६।२।१८ मा ठेकेदारलाई अख्तियारी दिएको विषय कानूनसम्मत, मिलेको मान्न सकिएन । यसरी ठेकेदारलाई आन्तरिक रुपमा खपत हुने पुनः प्रयोग हुने सामानमा शुल्क उठाउने गरी मिति २०५६।२।१८ मा अख्तियारी पत्र दिने जिल्ला विकास समितिको कार्यालय, ललितपुरका तत्कालीन स्थानीय विकास अधिकारी कृष्णचन्द्र घिमिरे र सो अख्तियारी पत्रमा हस्ताक्षर गर्न मौखिक आदेश दिने काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला विकास समितिका सभापतिहरु क्रमशः सानुकुमार श्रेष्ठ, माधव पौडेल र गोविन्द दुलाललाई अब आइन्दा यस्ता कार्य नगर्न नगराउन सचेत गराई मिति २०५५।११।२६को सम्झौतामा उल्लिखित ठेक्का अंक बमाजिम मूल्य अभिवृद्धि कर असूल गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको मिति २०५८।४।१९को पत्र अनुसार सम्बन्धित विभागलाई लेखिएको ।

२.१.९.३ वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले वीरगञ्ज भन्सारदेखि गण्डक सम्मको रु. चालीस लाख लागतको माटो पुर्ने काम टेण्डर प्रकृयाबाट नगराई कामलाई टुक्रा टुक्रा गरी कोटेशनबाट गराई अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा टेण्डर प्रकृयाबाट गर्नुपर्ने कामलाई टुक्रा टुक्रा गरी कोटेशनबाट गराउनु पर्ने परिस्थिति विद्यमान नरहेको भनी आयोगबाट खटिई जाने प्राविधिकको स्थलगत प्रतिवेदन रहेको । टेण्डर प्रकृयाबाट गराउनु पर्ने कामलाई टुक्रा टुक्रा गरी कोटेशनबाट काम गराउने अधिकार नगर प्रमुखलाई नभएको र त्यसरी काम गराउनु पर्ने भएमा सम्वन्धित माथिल्लो निकायको सैद्धान्तिक स्वीकृति लिनु पर्ने भनी तत्काल लागू रहेको आर्थिक प्रशासन नियमहरु २०४२ को नियम २२ (१ ग) को बाध्यात्मक व्यवस्थालाई वीरगञ्ज उप-महानगरपालिकाका नगर प्रमुख विमलकुमार श्रीवास्तवले पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) र (ख) बमोजिम "अनुचित कार्य" गरेको देखिन आयो ।

तसर्थ सार्वजनिक पदधारण गरेका वीरगञ्ज उप-महानगरपालिकाका नगर प्रमुख विमलकुमार श्रीवास्तवले जानी जानी लापरवाही गरी आर्थिक प्रशासन नियमहरु २०४२ को नियम २२ (१ ग) को बाध्यात्मक व्यवस्था अनुसार आफू भन्दा माथिल्लो सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सारदेखि गण्डक सम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नुपर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा टुक्रा गरी कोटेशनबाट काम गराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) र (ख) बमोजिम "अनुचित कार्य" गरेकोले निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

२.१.१० स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

आयुर्वेद विभागका विभिन्न कर्मचारीहरुले कुनै पनि विदा नलिई आयुर्वेद क्याम्पस, नरदेवीमा वि.ए.एम.एस. तहमा अध्ययनरत रही महिनामा एक दिन मात्र आफनो कार्यालयमा गई महिना भरिकै हाजीर गरी तलब भत्ता खाएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा कर्मचारीले आफनो खर्चमा आफनै तर्फबाट अध्ययन गर्दा अख्तियारवालाबाट आफूले पाउन सक्ने आवश्यक विदा स्वीकृत गराएर मात्र अध्ययन शुरु गर्नु पर्नेमा अधिकृत कविराज रामचन्द्र पाण्डे, अधिकृत कविराज मुनकर्ण थापा, कविराज मुरलीप्रसाद साह, कविराज प्रशान्त पण्डित, कविराज रामचन्द्र ढकाल, कविराज रवीन्द्र पाण्डे, वैद्य सन्तोषकुमार ठाकुर र वैद्य श्यामबावु यादवले अध्ययन विदा माग गरेकोमा अध्ययन विदा नपाइने, असाधारण वा वेतलबी अध्ययन विदा माग गर्न स्वास्थ्य मन्त्रालयको निर्णयानुसार आयुर्वेद विभागबाट निर्देशन भएको तर उल्लिखित प्रत्येक कर्मचारीले सो अनुसार विदा माग नगरी विदा स्वीकृत नगराई आयुर्वेद क्याम्पस, नरदेवीमा अध्ययन शुरु गरी सोही मिति र समयमा आफनो कार्यालयमा समेत हाजीर जनाई कार्यालयमा आफनो गर्नु पर्ने कार्य नगरी दोहोरो हाजीर भई प्रचलित निजामती सेवा नियमावली र स्वास्थ्य सेवा नियमावलीको पालना नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको "अनुचित कार्य" गरेको देखिएको र त्यस्तै प्रकारले

प्रचलित नियम बमोजिम उल्लिखित कर्मचारीहरुले तलबी अध्ययन विदा पाउन सक्ने अवस्था विद्यमान नहुंदा नहुंदै अध्ययन वा असाधारण विदा पाउन कम्तीमा तीन वर्ष सेवा अवधि पुगेको हुनु पर्ने नियममा भएको स्पष्ट व्यवस्थालाई समेत वास्ता नगरी उल्लिखित कर्मचारीहरुलाई तलबी अध्ययन विदा दिन सिफारीश गरी आयुर्वेद विभागका तत्कालीन निर्देशक डा. दामोदर शर्मा चालिसे र वरिष्ठ चिकित्सक डा. ठाकुरराज अधिकारीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (घ) बमोजिमको "अनुचित कार्य" गरेको देखिएकोले निम्न बमोजिम गरिएको :

- अधिकृत कविराज रामचन्द्र पाण्डे, अधिकृत कविराज मुनकर्ण थापा, कविराज मुरलीप्रसाद साह, कविराज प्रशान्त पण्डित, कविराज रामचन्द्र ढकाल, कविराज रवीन्द्र पाण्डे, वैद्य सन्तोषकुमार ठाकुर र वैद्य श्यामबाबु यादवले क्याम्पस र कार्यालय दुवैतर्फ हाजीर भएको दिनको भुक्तानि लिएको तलब, भत्ता र अन्य कुनै रकम भए सो समेत निजहरु प्रत्येकबाट असूलउपर गर्न र अब आयन्दा त्यस्तो हुन नदिन प्रत्येकलाई सचेत गराउन लेखिएको ।
- डा. दामोदर शर्मा चालिसेले अवकाश प्राप्त गरी निजको मृत्यु समेत भइसकेको भन्ने खुल्न आएकाले निजको सम्बन्धमा केही गरिरहनु परेन । तत्कालीन वरिष्ठ चिकित्सक डा. ठाकुरराज अधिकारीलाई अब आयन्दा त्यस्तो कार्य नगरी प्रचलित नियममा भएको व्यवस्था अनुसार गर्न यो एक पटकको लागि सचेत गराउन लेखिएको ।
- दोहोरो हाजीर नभएको तर कुनै पनि विदा नलिई अध्ययनरत रहेको अवधिको सम्वन्धित कर्मचारीले नियमानुसार पाउन सक्ने विदा व्यवस्थित एवं नियमित गर्नेतर्फ र अध्ययनको लागि सहमति वा विदा माग भइआएमा समयमै निर्णय गरी सम्वन्धित कर्मचारीलाई जानकारी दिनेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराईएको ।

२.२ विभागीय कार्यबाहीको निमित्त लेखिएका विषय तथा पदाधिकारी :

२.२.१ अर्थ मन्त्रालय र अन्तर्गत :

२.२.१.१. तातोपानी भन्सार कार्यालयमा बसपार्क निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

<u>तातोपानी भन्सार कार्यालयका प्रमुख शेरजंगध्वज कार्कीका सम्बन्धमा :-</u>

तातोपानी भन्सार कार्यालय अन्तर्गत ठेकेदार NCCN द्वारा निर्माणाधिन एक्सेस रोड, पार्किङ्ग जोन र वेयरहाउस समेतको निर्माण कार्यको दोश्रो रनिङ्ग बील मिति २०५८।३।२२ मै जांच गरी भुक्तानीको लागि प्राविधिकबाट सिफारीश साथ उक्त कार्यालयमा पठाइएकोमा मिति २०५८।६।८ मा भुक्तानी दिन मिल्ने नमिल्ने सम्बन्धमा स्पष्ट गराई दिन डिभिजन सडक कार्यालय चरिकोटको साइट अफिस, दोलालघाटलाई लेखिएको र सो कार्यालयको मिति २०५८।६।११ को पत्रबाट उक्त दोश्रो रनिङ्ग बील भुक्तानीको लागि पुनः सिफारीश गरी पठाइएकोमा समेत बील भुक्तानी नगरेको र बील भुक्तानी नभएकै कारण सो योजनाको निर्माण कार्य स्थगित हुन गएको र संशोधित ल.इं स्विकृत भई कार्यालयमा प्राप्त भएको लामो समयसम्म पनि Variation order दिएको नदेखिएको साथै इन्जिनीयरको लिखित स्वीकृति बिना निर्माण कार्य स्थगित गरेकोमा समेत कुनै कार्यबाही नगरी आफ्नो दायित्व पूरा नगरी गैरजिम्मेवारीपूर्ण र "अनुचित कार्य" गर्ने सो कार्यालयका प्रमुख शेरजंगध्वज कार्कीलाई अब आइन्दा यस्तो कार्य नगर्ने गरी सचेत गराउन अर्थ मन्त्रालयमा लेखिएको ।

<u>डिभिजन सडक कार्यालय, चरिकोटका तत्कालीन डिभिजन प्रमुख रामकुमार लम्सालका सम्बन्धमा:-</u>

निर्माण कार्यको डिजाईन एवं सुपरभिजन समेतको कार्य गर्न ई. नवीनमान श्रेष्ठलाई तोकिए तापनि संशोधित ल.ई., ठेक्का बील आदि निज ई. नवीनमानबाट डिभिजन प्रमुखसमक्ष पेश गरी डिभिजन प्रमुखबाट प्रमाणित गराई भन्सार कार्यालयमा पठाउने गरेको देखिएकोले उक्त कार्यमा डिभिजन सडक कार्यालय, चरिकोटका तत्कालीन डिभिजन प्रमुख रामकुमार लम्सालको संलग्नता थिएन भन्न मिल्ने देखिएन ।

ई. नवीनमान श्रेष्ठको अनुपस्थितिमा ई. सीताराम श्रेष्ठद्वारा काम गर्ने व्यवस्था मिलाइएको भनी डिभिजन सडक कार्यालय चरिकोटको च.नं. १०३८ मिति २०५८।३।३१ को पत्रको छायां प्रति आफ्नो स्पष्टीकरण साथ प्रमाण स्वरुप आयोगमा पेश गरेकोमा निज ई. नवीनमान श्रेष्ठ सडक विभागमा काजमा रहंदाका बखत मिति २०५८।६।११ मा निज ई. नवीनमानबाटै ठेकेदारलाई भुक्तानी दिने सम्बन्धमा तातोपानी भन्सार कार्यालयलाई पत्र लेख्न लगाएको देखिएबाट ई.

सीताराम श्रेष्ठलाई सो कार्यालय अन्तर्गतको काममा लगाएको भन्ने कुरा प्रमाणित हुन आएन । साथै निज लम्सालले पठाएको भनिएको उक्त पत्र सम्बन्धित ठाउंहरुमा नपुग्नु र कार्यालयमा रुजु हाजीर भएका स्वयं ई. नवीनमान श्रेष्ठलाई पनि जानकारी नहुनुबाट हुलाक दाखिला गरिएको भनिएको कागज र सो पत्र निज रामकुमार लम्सालले आर्थिक वर्षको अन्तिम दिन आफ्नै हस्ताक्षरबाट लेखी यस आयोगबाट मिति २०५८।११।६ मा स्पष्टीकरण माग गरेपछि २०५८।३।३१ को मिति राखी ई. नवीनमान श्रेष्ठ सडक विभागमा काजमा रहंदा निजको ठाउंमा वैकल्पिक व्यवस्था नगरेको भन्ने आयोगबाट लगाएको आरोपबाट बच्नको लागि पुरानो मिति जनाई तयार गरिएको उक्त पत्र चलानी किताबको अन्त्यमा खाली भएको ठाउंमा चलानी जनाई पत्र पठाएको भनी देखाउन खोजेको देखिन्छ ।

त्यस्तैगरी संशोधित ल.ई. भेरियशन अर्डर सम्बन्धी योजना प्रमुख, एन.सि.सि.एन., तातोपानीलाई लेखी तातोपानी भन्सार कार्यालय, निर्माण व्यवस्थापन विभाग, एन. सि. सि. एन. र ई. नवीनमान श्रेष्ठलाई बोधार्थ दिइएको भनिएको च.नं १०३९ मिति २०५८।३।३१ को पत्र पनि बोधार्थ दिइएको कुनै पनि ठाउंमा पुगेको देखिएन । निज रामकुमार लम्सालले आयोगमा दिएको बयान र पेश गरेको स्पष्टीकरण अनुसार उक्त निर्माण सम्बन्धी पूर्ण जिम्मेवारी दिई ई. नवीनमान श्रेष्ठलाई खटाएको भनिएकोमा निज ई. नवीनमान कार्यालयमा हाजीर भएको दिन उपरोक्त व्यहोराको पत्रहरु डिभिजन प्रमुख निज रामकुमार लम्सालले आफ्नै हस्ताक्षरबाट लेख्नु पर्ने अवस्था समेत भए रहेको देखिएन । सो पत्र पनि Variation order issue नगरी संशोधित ल.ई अनुसारकै निर्माण कार्य गर्न ठे. एन.सी.सी.एन. लाई निर्देशन दिएको भन्ने आयोगबाट लगाएको आरोपबाट बच्नको लागि पुरानो मिति राखी उक्त पत्र तयार गरेको देखियो । हुलाक दाखिला गरेको देखाइएकोमा कुनै पनि ठाउंमा पत्र पुगेको समेत नदेखिएबाट सो पत्र पनि च.नं. १०३८ को पत्र जस्तै पछि तयार गरेको देखियो ।

ठेक्का कार्य प्रगति बारेको च.नं. २०५ मिति २०५८।७।२० को पत्रबाट एन. सि. सि. एन. निर्माण व्यवस्थापन विभागलाई निर्माण कार्य स्थगित गर्दा सम्झौताको दफा २७ (४) को प्रतिकूल हुने हुंदा सो कार्य स्थगित नगर्न एन. सि. सि. एन., तातोपानीलाई निर्देशन हुन भनी निज रामकुमार लम्सालले आफ्नै हस्ताक्षरबाट पत्र लेखेको र उक्त च.नं. २०५ को पत्र चलानी गर्दाको चलानी किताबमा टिपेक्स लगाई सोभन्दा अगाडिको पानाको अन्तिम हरफमा प.सं. ०५८।५९ च.नं. २०५ मिति २०५८।७।२० को श्री एन. सि. सि. एन. लि., निर्माण व्यवस्थापन विभाग, हल्चोक काठमाडौं उल्लेख गरी अर्को पानाको सिरानमा (टिपेक्स लगाएको ठाउंमा) तातोपानी भन्सार कार्यालय, योजना प्रमुख, एन. सि. सि. एन. तातोपानी र श्री ईन्जिनियर, साइट कार्यालय, दोलालघाटलाई दिएको बोधार्थ पत्रहरु चलानी गरेको देखियो । चलानी किताबको टिपेक्स लगाइएको भागमा शुरुमा लेखिएको व्यहोरा परीक्षण गरी प्रतिवेदन उपलब्ध गराई दिन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारमा परीक्षणका लागि पठाइएकोमा "पत्र चलान गर्ने अफिसको नाम" महलको टिपेक्स प्रयोग गरिएको ठाउंमा टिपेक्स लगाउनु भन्दा पहिले "श्री सडक विभाग प्रशासन शाखा, बबरमहल", "विषय" महलमा टिपेक्स लगाउनु भन्दा पहिले "हाजीरी विवरण पठाइएको बारे" त्यस्तै "चलानी नम्बर" टिपेक्स लगाउनु भन्दा पहिले "२०५" लेखिएको देखिन्छ भनी सो सम्बन्धी परीक्षण प्रतिवेदन आयोगमा प्राप्त हुन आएको ।

उक्त प्रयोगशाला परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको डिभिजन सडक कार्यालय चरिकोटको च.नं. २०५ मिति २०५८।७।२० को सक्कली पत्र सडक विभाग, प्रशासन शाखामा नम्बर ८०२ मिति २०५८।८।४ मा दर्ता भएको र सो पत्र सक्कलै आयोगमा प्राप्त भएको ।

यसरी हाजीरी विवरण पठाएको बारेको पत्र सडक विभागमा चलानी गरी पठाई सो पत्र सो विभागमा दर्ता समेत भएको अवस्थामा सोको चलानी किताबमा टिपेक्स लगाई पुनः सोही नम्बरबाट २०५८।७।२० को मिति राखी ठेक्का कार्य प्रगति सम्बन्धमा एन. सि. सि. एन., निर्माण व्यवस्थापन विभागलाई लेखी तातोपानी भन्सार कार्यालय, योजना प्रमुख, एन. सि. सि. एन., तातोपानी र साईट कार्यालय दोलालघाटलाई बोधार्थ दिएको देखिन्छ । सो पत्र भन्सार कार्यालयमा प्राप्त भएको देखिंदैन भने योजना प्रमुख एन. सि. सि. एन. तातोपानीको सो च.नं. २०५ लगायत च.नं. १०३८ र १०३९ का पत्रहरु समेत एन. सि. सि. एन.को तातोपानी भन्सार कार्यालय अन्तर्गतको निर्माण कार्यको लेखा सम्बन्धी कार्य हेर्ने वरिष्ठ लेखा अधिकृत त्रिभुवननाथ पाठकले एन. सि. सि. एन., केन्द्रीय कार्यालय, हल्चोकमा तीनवटै पत्रहरु बुझी कार्यालय प्रतिमा भर्पाई गरी सहीछाप समेत गरिदिएकोमा उक्त पत्रहरु मध्ये च.नं. २०५ को पत्र समेत हुलाक दाखिला गरेको देखिंदा हुलाक दाखिला सम्बन्धी कागज समेत आफैले खडा गरेको कुरा स्पष्ट हुन आएको छ । तीनवटा पत्र मध्ये मिति २०५८।७।२० को भनिएको च.नं. २०५ को पत्र एन. सि. सि. एन., निर्माण व्यवस्थापन विभागको चलानी किताबको पाना फेर्न लगाई २०५८।७।२२ को मितिमा दर्ता गर्न लगाएको समेत देखिन्छ । उक्त पत्र इन्जिनीयरको लिखित अनुमति विना एन.सी.सी.एन.ले निर्माण कार्य स्थगित गरेको सम्बन्धमा निज रामकुमारले कुनै कार्यबाही नगरी अख्तियारको दुरुपयोग गरेको भन्ने आयोगबाट लगाएको आरोपबाट बच्नको लागि कीर्ते गरी उक्त पत्र तयार गरेको देखियो ।

यसरी तातोपानी भन्सार कार्यालय अन्तर्गतको निर्माण कार्यमा कुनै दायित्व नभएको भनी निज रामकुमार लम्सालले लेखी दिए तापनि यस आयोगबाट लगाएको आरोपबाट बच्ने दुष्प्रयास गरी आयोगबाट स्पष्टीकरण माग

भएपछि तयार गरेको उपरोक्त ३ वटा पत्रहरुबाट उक्त कार्यमा निज रामकुमार लम्सालको उत्तरदायित्व छैन भन्न मिल्ने देखिँदैन ।

यसरी निज रामकुमार लम्सालबाट प्रमाणित भएपछि मात्र रनिङ्ग बील भुक्तानी हुने गरेको, संशोधित ल.ई.मा समेत निजले नै सिफारीश गरेको, योजनास्थलबाट १५ कि.मी.को दुरीमा Porous material उपलब्ध हुन नसकेको भन्ने प्रमाण बिना नै सोको सट्टामा कम गुणस्तरको Common material ले पुर्ने गरी तयार भएको संशोधित ल.ई स्वीकृतीको लागि सिफारीश गरेको, र वेयर हाउसको Column को जगको स्लोप ढलानको उचाई ४५ से.मी. हुनु पर्नेमा ९ वटा Column को जगको स्लोप ढलानको उचाई सरदर २२ से.मी. मात्र हुने गरी ढलान गराई सम्पूर्ण संरचना नै भत्काई पुनः निर्माण गर्नु पर्ने गरी स्वीकृत नक्सा विपरीत निर्माण कार्य समेत गराई विभिन्न खालका "अनुचित कार्य"हरु गरे गराएको देखिएकोले अख्तियारको दुरुपयोग गरी यस्तो "अनुचित कार्य" गर्ने डिभिजन सडक कार्यालयका तत्कालीन डिभिजन प्रमुख निज रामकुमार लम्साल उपर विभागीय कार्यबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको ।

<u>डिभिजन सडक कार्यालय चरिकोटका तत्कालीन ई नवीनमान श्रेष्ठका सम्बन्धमा:-</u>

निर्माण कार्यको सुपरभिजनको सिलसिलामा मिति २०५८।३।११ मा कमन मेटेरियलले पुरेको काम कम गुणस्तरको भएकोले सोको नापी नगरिने र भुक्तानीका लागि सिफारीश समेत नगरिने भनी ठे. NCCN लाई पत्र लेखेकोमा २०५८।३।१५ मा कमन मेटेरियलले पुर्ने कार्य उपयुक्त भएको भनी संशोधित ल.ई. पेश गरेको र मिति २०५८।६।११ मा आफू विभागमा हाजीर रहदाको अवस्थामा डिभिजन सडक कार्यालय चरिकोट साइट अफिस दोलालघाटको लेटरप्याडमा दोश्रो रनिङ्ग बील भुक्तानीको लागि सिफारीश गरेको समेत देखिएको, शुरुको ल.ई.मा उल्लेख भएको दूरी भित्र पोरस मेटेरियल उपलब्ध हुन नसक्ने प्रमाण बिना नै पोरस मेटेरियलको सट्टा कमन मेटेरियलले पार्किङ्ग जोन समेतमा पुर्ने कार्य गर्ने गरी ल.ई. संशोधन गरी स्वीकृतीको लागि सिफारीश गरेको समेत देखिएकोले यसरी कम गुणस्तरको फिलिङ्ग मेटेरियल ५ दिनपछि उपयुक्त भएको भनी संशोधित ल.ई पेश समेत गरी गैरजिम्मेवारीपूर्ण कार्य गरी अख्तियारको दुरुपयोग गरी "अनुचित कार्य" गरेको देखिएकोले डिभिजन सडक कार्यालय. चरिकोटका तत्कालीन ई. नवीनमान श्रेष्ठ उपर विभागीय कार्यबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको ।

<u>वेयर हाउसको जग सम्बन्धमा</u> :-

वेयर हाउसको जग ढलान गर्दा कोलमको जगको स्लोप ढलान नक्सा अनुसार ४५ से.मी. उचाई हुनु पर्नेमा २२ से.मी. मात्र उचाई हुने गरी ढलान गरेको र यसबाट निर्माण हुने भवन कच्ची हुने कुरामा ठेकेदार NCCN आफै सहमत भई कोलमको जगमा कम उचाईको स्लोप ढलान गरिएका ९ वटै कोलम जगदेखि पूरै भत्काई नयां निर्माण गर्न ठेकेदार मञ्जुर समेत भएकोले त्यस्तो कच्ची कोलमहरु पुरै भत्काई नयां निर्माण गराउन तातोपानी भन्सार कार्यालय र NCCN हल्चोकमा लेख्नुका साथै हालसम्म गरिएको कामको भूक्तानिका सम्बन्धमा सम्झौताको शर्तहरु बमोजिमको गुणस्तरको कामलाई नाप जांच गरी गुणस्तर यकीन गरेर मात्र ठेकेदारलाई भुक्तानीको व्यवस्था हुन भनी तातोपानी भन्सार कार्यालयलाई लेखिएको ।

२.२.१.२ कर अधिकृत निशितकुमार पौडेलले मन्त्रीदेखि सचिवसम्मको कीर्ते सही गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यस विवादमा ४ नं. क्षेत्रको कर कार्यालय, काठमाडौंका कर अधिकृत निशितकुमार पौडेलले नक्कली टिप्पणी बनाई करदाता सुन्दरलाल भवनानीको अनुपस्थितिमा सुशीलप्रसाद सिमेर भन्ने व्यक्तिलाई मतियारको रुपमा लिई निजको घरमा पटक पटक गई निजको छोरी यशोदा भवनानीलाई निजको पिताको नामको बालाजु काष्ठ कार्यालयको बक्यौता कर, वास्तविकता भन्दा बढी छ भनी नक्कली टिप्पणी देखाई निजबाट अनुचित लाभ लिने उद्देश्यले डर, त्रास, धम्की देखाई अनुचित दवाव पारी आफ्नो अधिकार भित्र नभएको काम गरेको, आफूलाई प्राप्त अधिकार अर्कै उद्देश्यमा प्रयोग गरेको र आफ्नो पदीय दायित्व पालन समेत नगरेको हुंदा निजले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय खण्ड (क)(ग)(छ) मा उल्लिखित कसूर गरेको देखिंदा निजलाई आफ्नो पदबाट निलम्वन गरी श्री ५ को सरकारको सेवाबाट हटाउने सम्बन्धी विभागीय सजायको कार्यबाही गर्न अख्तियारवालासमक्ष लेखिएको ।

२.२.१.३ राष्ट्रिय बाणिज्य बैंक, महेन्द्रपुल शाखाबाट निलम त्याचरी प्रा.लि.लाई मिति २०४५।५।२ र २०४५।८।६ मा हाइपोथिकेशन कर्जा, मिति २०४४।८।२५ मा ओभरड्राफ्ट कर्जा तथा मिलन फिड प्रोडक्टस्लाई मिति २०४४।१२।३० मा ओभरड्राफ्ट कर्जा प्रवाह भएकोमा दुवै उद्योगको गरी व्याज बाहेक असूल हुन बांकी सांवा रकम रु.४३,३७,६४२।५४

देखिएको र उक्त कर्जा रकम सवै अब असूल उपर हुन नसक्ने अवस्थामा पुगेको, यस सम्वन्धमा उक्त बैंकबाट विभिन्न मितिमा जारी भएका परिपत्रहरु र वित्तीय सहायताको नियमावली तथा निर्देशिकामा उल्लिखित प्रावधानहरु तत्कालीन प्रवन्धक तथा एकाउन्टेन्टबाट कर्जा प्रवाह गर्दा पालना नगरेको देखिएकोले उक्त सवै कर्जा प्रवाहमा संलग्न तत्कालीन प्रवन्धक शशि शर्मा प्याकुरेल र २०४४।८।२५ मा भएको कर्जा प्रवाहमा संलग्न एकाउन्टेन्ट प्रवीण श्रेष्ठलाई विभागीय कार्यबाही गर्न र २०४५।५।२ मा भएको कर्जा प्रवाहमा संलग्न निमित एकाउन्टेन्टको रुपमा कार्य गर्ने श्रीकृष्ण खड्कालाई सचेत गर्न उक्त बैंकको केन्द्रीय कार्यालयमा लेखिएको ।

२.२.१.४. कृषि विकास बैंक, मुख्य शाखा कार्यालय, गौशालाबाट काठमाडौं जिल्ला दहचोक गाउं विकास समितिका कृषकहरुलाई ऋण प्रवाह गर्दा अनियमित भएको देखिएकोले सो ऋण प्रवाहमा संलग्न कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा शर्त नियमावली अनुसार विभागीय कार्यबाही गर्न र असूल हुन बांकी ऋण यथासक्य चांडो ऋणीहरुबाट असूल गरी यस आयोगमा जानकारी दिन कृषि विकास बैंक केन्द्रीय कार्यालयमा लेखिएको ।

२.२.२ कृषि मन्त्रालय र अन्तर्गत :

२.२.२.१. नेपाल कृषि अनुसन्धान परिषद्ले लिएको विभिन्न तहको परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा पदपूर्ति समितिले लिखित परीक्षामा नै अनुत्तीर्ण परीक्षार्थीहरुलाई अन्तरवार्ता समेतमा उत्तीर्ण गराउने गलत मनसाय राखी परीक्षकले परीक्षण गरी पेश गरेका उत्तरपुस्तिकामा प्राप्ताङ्क समेत थप गरेको, नियमानुसार लिखित परीक्षामा रिक्त पदको ५०% थप गरी प्रकाशित गर्नु पर्नेमा ३ गुणा बढी परीक्षार्थी उत्तीर्ण भएको देखाएको, अंक भारभन्दा बढी अंक दिएको अर्थात् बढीमा २ अंक मात्र पाउनेमा ८ अंकसम्म पनि दिएको साथै परीक्षण भएको उत्तरपुस्तिका रुजु गर्नु पर्ने, जोड जम्मा ठीक छ छैन, कूल अंक जोड्दा थपघट भएको छ छैन, प्राप्ताङ्क तालिकामा प्रविष्ट गरेको अंक उत्तरपुस्तिकाको उक्त अंक अनुसार छ छैन, परीक्षकले प्रश्नका लागि पाउने अंकभन्दा बढी अंक दिएको छ कि ? आदि हेर्नु पर्ने गरी पदपूर्ति समितिको कार्यविधि, २०५६ ले तोकेको बाध्यात्मक कानूनी कर्तव्य पालना नगरी परीक्षा नै बदर हुने अवस्था सिर्जना गर्ने पदपूर्ति समितिका अध्यक्ष एवं कार्यकारी निर्देशक ध्रुव जोशी, त्यस्ता परीक्षाहरुको नतीजा प्रकाशन समेतको सम्पूर्ण काम कार्यबाहीमा सक्रिय देखिएका पदपूर्ति समितिका सदस्यहरु वरिष्ठ वैज्ञानिक डा. माधव जोशी, बाली रोग विज्ञान महाशाखा प्रमुख डा. सुन्दरकुमार श्रेष्ठ, कृषि तथा सहकारी मन्त्रालयका सहसचिव सुरेशकुमार बर्मा, र सदस्य सचिव एवं बाली तथा बागवानी अनुसन्धान निर्देशक दुलारचन साहु पथिकलाई र पदपूर्ति समितिको बैठकमा आमन्त्रित भई परीक्षाको नतीजा प्रकाशन लगायतका कार्यमा संलग्न रहेका कर्मचारी .प्रशासन शाखा (नेपाल कृषि अनुसन्धान परिषद्) का प्रशासकीय अधिकृत कुमारबहादुर थापालाई विभागीय कार्यबाही गरी आयोगलाई जानकारी दिन कार्यकारी निर्देशकको हकमा कृषि अनुसन्धान परिषद्को अध्यक्षसमक्ष र कृषि तथा सहकारी मन्त्रालयका सहसचिवको हकमा कृषि तथा सहकारी मन्त्रालयमा र नेपाल कृषि अनुसन्धान परिषद्का अन्य कर्मचारीको हकमा नेपाल कृषि अनुसन्धान परिषद्मा लेखिएको ।

परीक्षाको हकमा प्रस्तुत फायल कागजात अध्ययन गर्दा उक्त परिषद्ले लेखा अधिकृत २ पद, लेखापाल २८ पद, प्रशासकीय अधिकृत २ पद र प्रशासकीय सहायक १४ पदमा लिखित परीक्षा लिई उम्मेदवार छनौट गरेको पाइयो । सो मध्ये लेखा अधिकृत पद २ को नतीजा प्रकाशित गर्दा सामान्य प्रकृया दुरुस्त भएको भन्न नसकिए पनि सो कार्यबाट तात्विक असर परेको नदेखिंदा सो पदको हकमा केही गर्नु नपरेको ।

दोश्रो लेखापाल पद २८ को नतीजा प्रकाशनतर्फ विचार गर्दा उत्तरपुस्तिका परीक्षण गरी परिषद्बाट प्राप्त प्राप्ताङ्क तालिका २ प्रतिमा केरमेट नगरी उत्तरपुस्तिकामा प्राप्त गरेको अंक स्पष्टसंग भरी बुझाउनु पर्ने व्यवस्था पदपूर्ति समितिको कार्यविधि, २०५६ मा भएकोमा त्यस्ता प्राप्ताङ्क तालिकाहरु उत्तरपुस्तिकासंग भिडाई हेर्दा पछिबाट केरमेट गरी सच्याइएको व्यहोरा खुल्ने हुंदा पदपूर्ति समितिले आयोगलाई उपलब्ध नगराएको, प्रश्नको अंकभार (पूर्णाङ्क) २ रहेको वस्तुगत प्रश्नको गलत उत्तरलाई परीक्षकले ० अंक दिएकोमा सोही उत्तरलाई सो ० अंक भित्र अंक आठ (८) दिई त्यस्ता परीक्षार्थीलाई र वस्तुगत प्रश्नको गलत उत्तरलाई पहिले × लगाइएकोमा पछि त्यसैलाई सच्याई पूर्णाङ्क २ दिई उत्तीर्ण गराएको देखिएको, वस्तुगत प्रश्नको उत्तरमा एकभन्दा बढी चिन्ह लगाएमा वा केरमेट भएमा सो उत्तरलाई मान्यता दिइने छैन भन्ने स्पष्ट निर्देशन प्रथम पत्र (सामान्य ज्ञान) को प्रश्नको शीरमा नै लिखित रुपमा स्पष्ट उल्लेख भएकोमा सोको विपरीत केरमेट गरी एकभन्दा बढी उत्तरमा ठिक चिन्ह (√) लगाएकोलाई पनि अंक दिई उत्तीर्ण गराएको, उत्तरपुस्तिकाहरुको प्राप्ताङ्कमा प्रशस्त केरमेट भएको देखिएकोमा उक्त केरमेट परीक्षण हुंदाकै अवस्थामा भएको हो होइन यकीन गर्न पदपूर्ति समितिले परीक्षकहरुबाट प्राप्त गरेको प्राप्ताङ्क तालिका आयोगमा प्रस्तुत गर्न सकेको छैन । गलत मनसायले प्राप्ताङ्क सच्याउने सिलसिलामा उत्तरपुस्तिकाहरुमा दिइएका अंकभन्दा पनि फरक पर्ने गरी ३२ अंक दिएकोलाई जम्मा अंकमा ३३ र ३८ अंक दिएकोमा जम्मा अंकमा ३१ लेखेको समेत देखिएको हुंदा यस्तो दूषित

प्रकृया अपनाई गरिएको काम कार्यबाहीको परिणाम पनि दूषित नै रहने र त्यस्तो कार्य कायम रहन नसक्ने हुंदा विज्ञापन नं. २४ लेखापाल पद २८ को परीक्षा एवं सोका आधारमा गरिएको नतीजा प्रकाशन लगायतका सम्पूर्ण काम कार्यबाहीहरु बदर गर्न नेपाल कृषि अनुसन्धान परिषद्मा लेखिएको ।

यसै गरी पद संख्या २ रहेको प्रशासकीय अधिकृत पदको लिखित परीक्षाको नतीजा प्रकाशन हुंदा पदपूर्ति समितिको कार्यविधि, २०५६ अनुसार माथिल्लो योग्यताक्रमका ४ जनाको नाम प्रकाशन गर्नु पर्ने, चौथो र पांचौं योग्यताक्रमको बराबर प्राप्ताङ्क भएको कारणले ५ जनाको नाम प्रकाशन गर्न सक्नेमा गलत मनसाय राखी जानाजान ७ जना उत्तीर्ण गराएको, दुई वटा उत्तरमा ठीक चिन्ह (√) लगाई केरमेट गरेको वस्तुगत उत्तरलाई अंक दिई उत्तीर्ण गराएको, वस्तुगत प्रश्नको उत्तरमा चिन्ह लगाउने सिलसिलामा मसी र सिसाकलम दुवै प्रयोग भएको, सिसाकलमले लगाएको ठिक चिन्ह (√)लाई पनि अंक दिई उत्तीर्ण गराएको र सामान्य दृष्टिले हेर्दा पनि सिसाकलम र मसीको अक्षरको आकार प्रकार भिन्नदेखिएको, उत्तीर्ण भएको परीक्षार्थीको उत्तरपुस्तिकाको प्राप्ताङ्क थप गरी सच्याइएको र यस्तो कार्य परीक्षण भएकै अवस्थामा भएको हो होइन यकीन गर्न पदपूर्ति समितिले परीक्षकबाट प्राप्त हुने प्राप्ताङ्क तालिका उत्तरपुस्तिकामा भिडाई हेरिएमा पदपूर्ति समितिको गलत कृयाकलाप खुल्ने देखी सो प्राप्ताङ्क तालिका उपलब्ध नै नगराएकोबाट भिडाउन नसकिएको हुंदा निर्दिष्ट कार्यविधि एवं निर्देशन विपरीतका दूषित प्रकृया अपनाई गरिएका काम कार्यबाहीको परिणाम पनि दूषित नै रहने र त्यस्तो कार्य कायम रहन नसक्ने हुंदा विज्ञापन नं. २५ प्रशासकीय अधिकृत पद २ को परीक्षा एवं सोका आधारमा गरिएको नतीजा प्रकाशन लगायतका सम्पूर्ण काम कार्यबाही बदर गर्न नेपाल कृषि अनुसन्धान परिषद्मा लेखिएको ।

यसै गरी पद संख्या १४ रहेको प्रशासन सहायक पदको लिखित परीक्षाको नतीजा प्रकाशनमा पदपूर्ति समितिको कार्यविधि, २०५६ ले निर्दिष्ट गरे बमोजिम माग संख्याको थप ५०% (२१ जना) को नाम योग्यताक्रम अनुसार प्रकाशित गर्नु पर्नेमा २१ नं.को योग्यताक्रममा परेको परीक्षार्थी सरहको अंक नै २२ नं. क्रमको परीक्षार्थीले पनि बराबर अंक ल्याएको कारणले उक्त परीक्षार्थीलाई मात्र समावेश गरी लिखित परीक्षाको नतीजा प्रकाशन गर्नु पर्नेमा गलत मनसाय राखी ६५ जनाको नाम प्रकाशित भएको, तीमध्ये २२ औं नं. पछिका ८ जना परीक्षार्थी अन्तरवार्ता समेतबाट उत्तीर्ण गराउनाका साथै सोही क्रम भित्रका ३ जना परीक्षार्थीलाई प्रतिक्षासूचीमा समेत राखेको देखिएको, वस्तुगत प्रश्नको सम्भावित दुवै उत्तरमा केरमेट गरी चिन्ह लगाएकोलाई कुनै अंक दिन नहुनेमा अंक दिई उत्तीर्ण गराएको, उत्तरपुस्तिकाहरुमा प्राप्ताङ्क थपी सच्याइएको देखिएकोमा उक्त प्राप्ताङ्क परीक्षण हुंदाकै अवस्थामा परीक्षकले सच्याएको हो होइन भनी भिडाउन प्राप्ताङ्क तालिका पदपूर्ति समितिले गायव गरी आयोगमा उपलब्ध नगराएको हुंदा यस्तो गलत मनसाय राखी दूषित प्रकृया अपनाई गरेको काम कार्यबाहीको परिणाम पनि दूषित नै हुने हुंदा त्यस्तो कार्य कायम रहन नसक्ने हुंदा विज्ञापन नं. २६ प्रशासन सहायक पद १४ को परीक्षा एवं सोका आधारमा गरिएको नतीजा प्रकाशन लगायतका सम्पूर्ण काम कार्यबाहीहरु बदर गर्न नेपाल कृषि अनुसन्धान परिषद्मा लेखिएको ।

२.२.२.२. जिल्ला पशु सेवा कार्यालय, महोत्तरीको पत्रले वादी श्री ५ को सरकार प्रतिवादी निलाबहादुर रायमाझी भएको भ्रष्टाचार मुद्दामा निज निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आ.ले.प. बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेकाले भ्रष्टाचार मुद्दा नचलाई विभागीय कार्यबाही गर्न उपयुक्त हुने राय सहितको फायल व्यहोरा पेश हुंदा "मिसिल कागजबाट उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिई भ्रष्टाचारतर्फ कार्यबाही हुन प्रचलित कानूनको हद म्याद समेतले नमिल्ने देखिए तापनि उक्त रकम मस्यौट गरेको दिनदेखिको दशौदका हिसावले सूद समेत असूल गराई निज स.ले.पा. निलाबहादुर रायमाझीलाई विभागीय कार्यबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवालाकहां लेखिएको ।

२.२.२.३ कृषि विकास योजना नक्टाझिझमा आर्थिक वर्ष २०५७।५८ मा Impact evaluation of Deep Tubewell irrigation in the Command area of the Agriculture development project (पहिलो काम) र Impact evaluation of Agriculture development project and preparation of project for donor agency (दोश्रो काम) सम्बन्धी दुईवटा अध्ययनको काम गराउन सूचिकृत भएका फर्महरुबाट दुवै कामको लागि छुट्टा छुट्टै कार्यनिर्देशिका (TOR) तयार पारी बेग्ला बेग्लै प्राविधिक तथा आर्थिक प्रस्तावहरुको शीलवन्दी दरभाउपत्र माग गरिएको र दरभाउपत्र परिसकेपछि खोल्ने मिति २०५७।१०।२७ भन्दा पहिले मिति २०५७।१०।२५ मा दुवै अध्ययनका कामहरुलाई एउटै प्याकेज मानी प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्यांकन गर्ने निर्णय गरी दुवै काम जम्मा रु. २,३१,२००।- (पहिलो रु. ८६,७०० + दोश्रो रु. १,४४,५००।-) मा फुल ब्राइट कन्सल्टेन्सीलाई दिएको देखियो । छुट्टा छुट्टै प्रस्ताव माग गरी प्रस्ताव प्राप्त भइसकेपछि बीचको अवस्थामा प्रस्तावकलाई जानकारी बिना कार्यालय प्रमुखले एकतर्फी रुपबाट एउटै प्याकेज बनाउने निर्णय गर्नु आफैमा विसंगतिपूर्ण छ ।

पहिलो कामको लागि तीनवटा प्रस्तावहरु परेकोमध्ये आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को नियम ८१ (७) अनुसार सवैभन्दा घटी दरको BPRC को रु. ७३,१५०।- को प्रस्ताव स्वीकृत गर्नुपर्नेमा सो विपरीत Full Bright

को रु. ८६,७००।- को प्रस्ताव स्वीकृत गरिंदा नियमको उल्लंघन हुनुको साथै योजनालाई प्रत्यक्ष रुपले रु. १३,५५०।- हानि भएको प्रष्ट देखिन्छ ।

दोश्रो कामको लागि Fullbright र BPRC का गरी दुइ वटा प्रस्तावहरु मात्र प्राप्त भएको र यस्तो अवस्थामा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को नियम ८१ (१२) मा कम्तिमा तीनवटा प्रस्ताव नआएमा पुनः बोलपत्र माग गर्नुपर्ने प्रावधान रहेकोमा सोको पालना नगरी दोस्रो काम पनि रु. १,४४,५००।- मा Fullbright कन्सल्टेन्सीलाई नै दिई कानूनी प्रावधानको उल्लंघन भएको छ ।

टिप्पणीका पाना फेरेको सम्बन्धमा साविकका ४ (नं. ३-६ सम्म) पाना झिकी ७ पाना (पाना नं. ३-९ सम्म) फेरेको साविती भएको, पाना फेर्दा मुख्य रुपले टेक्निकल मूल्यांकनको आधारहरु र दुवै कार्यक्रमलाइ एउटै प्याकेज बनाउने निर्णय थप गरेको तथा मूल्यांकनको अंकभारमा समेत केही परिवर्तन गरिएको भए तापनि मुख्य निर्णयमा यसबाट तात्विक असर परेको देखिंदैन ।

उपरोक्त समग्र पृष्ठभूमिलाई हेर्दा श्री ५ को सरकारको राजपत्रांकित प्रथम श्रेणीको योजना प्रमुखबाट आफू मातहतका अन्य तीन जना अधिकृतहरु समेतको मिलोमतोमा ज्यादै न्यून रकम (रु. १३,५५०।- बराबरको) लाभ लिनकै लागि बदनीयत राखी नियोजित रुपले काम गरी गराई भ्रष्टाचार गरेकै हो भनी विश्वास लिने ठोस आधार देखिंदैन । तथापि आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ८१ को उपनियम २ र १२ मा व्यवस्था भएको बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको र निर्णयमा तात्विक फरक नपारे तापनि टिप्पणीको पाना फेरेको सम्बन्धमा पनि अधिकृत स्तरका कर्मचारीहरुबाट पदीय कर्तव्य पालनामा कमी नभएको मान्न नसकिने हुंदा निजहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को परिच्छेद १ को दफा ३ को क्रमशः खण्ड (ख) र (छ) बमोजिम "अनुचित कार्य" गरेको ठहर हुन्छ ।

अतः कसूरवारहरुमध्येका योजना प्रमुख बद्रिप्रसाद विमोली आफू स्वयं योजना प्रमुख समेत रहेको हुंदा निजलाई विभागीय कार्यबाही हुन र शुरु टिप्पणी उठाई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ विपरीत राय पेश गर्ने कृषि इञ्जिनीयर फुलगेन प्रधान तथा सोही नियमावली विपरीत भए गरेको काममा आफ्नो राय नबझाई सहमति जनाउने मूल्यांकन समितिका सदस्यहरु मध्येका लेखा अधिकृत मुकुन्दकेशरी पोखरेल र हाइड्रोजियोलजिष्ट इच्छाकुमार श्रेष्ठ समेतका तीन जनालाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रीलाई लेखिएको ।

२.२.३ गृह मन्त्रालय र अन्तर्गत :

नाम्गेल डोल्कर लामा र निजको पूर्व पति जर्मन नागरिक कास्टेन डाइकसंगको आफ्नो सम्पत्तिमा विवाद परी काठमाडौं जिल्ला अदालतमा वादी श्रीमती नाम्गेल डोल्कर लामा र प्रतिवादी कास्टेन डाइक भई कार्यबाही चलिरहेको मुद्दाको अन्तिम टुंगो नलागेसम्म र जिल्ला प्रशासन कार्यालयबाट प्रस्तुत विषयमा हुने कार्यबाहीको टुंगो नलागेसम्म निजहरुको सम्पत्ति यथास्थितिमा राख्ने भन्ने जिल्ला प्रशासन कार्यालयको आदेश विपरीत वडा प्रहरी कार्यालय, बौद्धका प्रहरीहरु लगायतले सम्पत्ति हिनामिना गराई "अनुचित कार्य" गरी भ्रष्टाचार समेत गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा श्रीमती नाम्गेल डोल्कर लामाको नाममा रहेको का.जि. काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध वस्ने जर्मन नागरिक कास्टेन डाईकको हकको सम्पत्ति अदालतमा चलिरहेको मुद्दाको किनारा नहुन्जेलसम्म यथास्थितिमा राख्न लगाउने भनी मिति २०५४।१२।१० मा जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट तथा नाम्गेल डोल्कर लामाले यस कार्यालयमा गरिदिएको कागजातको फोटोकपी संलग्न गरी सो कागज अनुसार निजको नामको वा निजको जिम्माको धन मालको फांटवारी सम्बन्धित वडाको प्रतिनिधिको रोहवरमा खडा गरी हिनामिना गरी नोक्सान हुन नपाउने गरी सुरक्षित राख्ने भनी मिति २०५४।१२।१७ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट वडा प्रहरी कार्यालय, बौद्धलाई दिएको आदेशको आधारमा वडा प्रहरी कार्यालय, बौद्धका तत्कालीन कार्यालय प्रमुख प्रहरी निरीक्षक तुलसीप्रसाद अधिकारी, प्रहरी नायव निरीक्षक तुलसीबहादुर भट्टराई र हवल्दार हरिप्रसाद ढकालले मिति २०५४।१२।११ मा का.जि. जोरपाटी गाउं विकास समिति ४ मा रहेको जर्मन कार्पेट कारखानामा मिति २०५५।१।१० काठमाडौं महानगरपालिका वडा नं. ६ तीनचुले स्थित काल्देन सांगमो लामाको घरमा स्थलगत निरीक्षण गरी कार्पेट लगायतका सम्पत्तिहरु यथास्थितिमा राख्ने गरी ताला लगाई वडा सदस्य सहितको रोहवरमा मौका मुचुल्का गरेकोमा आदेश अनुरुप सामानहरु यथास्थितिमा नराखी कास्टेन डाइकसंग मिली निजलाई नै सामानहरु बुझाई दिएको, उक्त काममा जाने आफू मातहतका कर्मचारीले सामानहरुको मुचुल्का तयार गरी सकेपछि आफ्नो नाम उल्लेख भएको ठाउंमा हस्ताक्षर नगरेको, का.जि. जोरपाटी गाउं विकास समिति वडा नं. ४ स्थित जर्मन कार्पेट कारखाना कोठामा बिभिन्न तयारी गलैचा रहेको गोदामको सामानहरु अदालतमा मुद्दा किनारा नलागुन्जेल कोही कसैले (दुवै पक्षले) नचलाई यथास्थितिमा राख्ने भनी दुवै पक्षको रोहवरमा ३ वटा कोठाको मूलढोकामा ताला लगाइएको भनी जिल्ला प्रशासन कार्यालयलाई मिति २०५४।१२।१ मा आफूले पत्र लेखेको अवस्था मुचुल्कावारे आफूलाई थाहा नभएको भनी आयोगसमक्ष झूठा बयान गरेको, आफू कार्यालयको इन्चार्जको रुपमा वहाली रहंदा रहंदै आफ्नै आदेशबाट आफू मातहतका कर्मचारीहरुले आफ्नो रोहवरमा तयार गरेको मुचुल्काहरुमा अन्य कर्मचारीहरुलाई

फसाउने उद्देश्य लिई आफूले सही नगरी "अनुचित कार्य" गरेको फायलसाथ संलग्न कागजात एवं प्रहरी नायव निरीक्षक तुलसीबहादुर भट्टराई, प्रहरी हवल्दार हरि ढकाल समेतको बयानबाट देखिन आएकोले प्रहरी निरीक्षक तुलसीप्रसाद अधिकारीलाई प्रहरी नियमावली अनुसार विभागीय कार्यबाही गर्न गृह मन्त्रीलाई लेखिएको ।

२.२.४ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

२.२.४.१ द टिम्बर कर्पोरेशन अफ नेपालका महाप्रवन्धक गणेशप्रसाद उपाध्यायले कर्पोरेशनमा मौज्दात रहेको काठ शील्ड टेन्डरबाट बिक्री नगरी संचालक समितिको निर्णय विपरीत पछिसम्म पनि तोक आदेशबाट बिक्री गरेको, रोयल्टी दर समेत घटाई काठ उपलब्ध गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पटक पटक कर्पोरेशनको तत्कालको आर्थिक संकट टार्न वा कर्मचारीलाई तलब भुक्तानी दिन वा दशैं खर्च दिन भनी संस्थाको स्थापनाको उद्देश्य विपरीत सर्वसाधारणका लागि नभई उद्योग वा व्यापारीका लागि फाइदा पुग्ने किसिमबाट एक पटकमा २००० क्यू. फीट सम्म गोलिया काठ बिक्री गर्नमा व्यवस्थापनका तर्फबाट महाप्रवन्धक आफैंले संचालक समितिमा प्रस्ताव लगि निर्णय गरी गराई आफ्नो तोक आदेशबाट गोलियाकाठ बिक्री वितरण गरेको, मोरङमा कर्पोरेशनलाई प्राप्त भएका समेत नयां र राम्रा काठहरु तोक आदेशका आधारमा बेच्ने र पुराना र हैसियत खराब भएका काठहरु चाहिं लिलाम बिक्रीबाट बेच्ने परिस्थितिको निर्माण गरेको, दशैं खर्च जुटाउनका लागि भनी खुल्ला रुपमा (तोक आदेशबाट) काठ बिक्रीका लागि संचालक समितिबाट २०५५।५।१२मा अनुमति प्राप्त गरेकोमा तिहार बितिसकेपछि पनि तोक आदेशबाटै काठ बिक्री गरिरहेको, २०५४।११।६ को संचालक समितिको बैठकले श्री ५ को सरकार, मन्त्रिपरिषद्को २०५४।१०।२७ को निर्णय बमोजिम थपिएको जिम्मेवारी पूरा गर्ने प्रयोजनका लागि संस्थाको आर्थिक हैसियत सुधार गर्न प्रति व्यक्ति/उद्योगलाई एक पटकमा २००० क्यू. फीटसम्म गोलिया काठ महाप्रवन्धकको तोक आदेशबाट बिक्री गर्न अधिकार दिएकोमा गोलिया काठ बिक्री चाहिं गरेको तर थपिएको जिम्मेवारी पूरा गर्नेतर्फ भने कुनै किसिमको काम नथालेको, २०५७।४।४मा संचालक समितिको २०५७।३।२८ को निर्णय अनुसार पुरानो काठसित मिसाई नयां काठ बिक्री गर्न मागेकोमा नयां काठ प्राप्त भइसकेपछि २०५७।८।२० मा गएर पुनः अर्को स्वीकृति लिई नयां काठ मात्र बिक्री गर्ने निर्णय गरी गराई नयां काठ मात्र बिक्री गरेको, काठ बिक्री गर्ने प्रकृया निर्धारण सम्बन्धी निर्णय गर्दा संचालक समितिले नियन्त्रणका उपयुक्त उपायहरु महाप्रवन्धकले अबलम्वन गर्ने भनी अख्तियारी दिएकोमा महाप्रवन्धकबाट त्यसको परिपालना नगरिएको, २०५६।१२।१९ मा तत्कालीन महाप्रवन्धकले चिरान गराउने भनी कर्पोरेशनको लहानको लिलाम सम्बन्धी कार्यबाही बदर गरेकोमा लिलामको अर्को प्रकृया नअपनाई बदर भईसकेको लिलामको पूर्व कार्यबाहीलाई सदर गरेको समेतका मिसिल संलग्न तथ्य एवं प्रमाणहरुका आधारबाट महाप्रवन्धक गणेशप्रसाद उपाध्यायले आफ्नो पदीय कर्तव्य पालना नगरेको, आफूलाई प्राप्त तजविजी अधिकार स्वेच्छाचारी रुपमा प्रयोग गरेको र कर्पोरेशनको हित गर्ने ढंगबाट आवश्यक काम कार्यबाही गरेको नदेखिंदा निजलाई कर्पोरेशनको महाप्रवन्धकको पदमा नराखी यस्तो खालको जिम्मेवारी अन्यत्र पनि नदिनका साथै निज उक्त कर्पोरेशनको सेवाको कर्मचारी भएकोले निजलाई विभागीय सजाय गर्न कर्पोरेशनको संचालक समितिका अध्यक्षलाई लेखी सो को जानकारी वन तथा भू-संरक्षण मन्त्रालय तथा मन्त्रिपरिषद सचिवालयलाई समेत दिइएको ।

कर्पोरेशनलाई व्यवस्थित रुपमा यसको उद्देश्य अनुरुप योजना र कार्यक्रमका आधारमा संचालन गर्न प्रयास नगर्नुका अतिरिक्त मिति २०५४।१०।२७ को श्री ५ को सरकार, मन्त्रिपरिषदको निर्णय अनुसार संस्थानमा आएको थप जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि आर्थिक स्रोत जुटाउन खुल्ला रुपमा काठ बिक्री गर्ने गरिएकोमा थपिएको जिम्मेवारी भने बहन नगरेको र औचित्य समेत नहेरी नखोजी केवल व्यवस्थापनले भनेको आधारमा नीतिहीन ढंगबाट निर्णय गर्ने गरेको समेतका कियाकलापहरुलाई हेर्दा संचालक समितिका अध्यक्ष कुमुदप्रसाद लोहनीले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको र संस्थानको हित हुने ढंगबाट आवश्यक काम कार्यबाही गरेको नदेखिएको र निज अध्यक्ष राजनैतिक नियुक्तिको व्यक्ति हुंदा निजलाई उपर्युक्त पदमा राखिरहन उपयुक्त नदेखिंदा मन्त्रिपरिषद्लाई लेखी सो को जानकारी वन तथा भू-संरक्षण मन्त्रालयलाई समेत दिइएको ।

सर्वसाधारण जनतालाई सुपथ मूल्यमा चिरान काठ तथा दाउरा उपलब्ध गराउने भन्ने द टिम्बर कर्पोरेशन नेपालको प्रवन्धपत्रको उद्देश्य विपरीत व्यक्ति वा संस्थालाई एक पटकमा २००० क्यू.फी. सम्म गोलिया काठ तोक आदेशद्वारा बिक्री गर्ने भनी मिति २०५४।११।६मा निर्णय गर्ने तत्कालीन संचालक समितिका अध्यक्ष दुर्गाप्रसाद चौधरी राजनैतिक नियुक्तिको व्यक्ति भएको र तत्कालीन संचालकहरु राजवावु दवाडी तथा विष्णुप्रसाद श्रेष्ठले श्री ५ को सरकारको कर्मचारीको हैसियतमा क्रमशः आपूर्ति मन्त्रालय र वाणिज्य मन्त्रालयको प्रतिनिधित्व गरेका भए तापनि निजहरु हाल सेवाबाट अवकास भइसकेकोले निजहरु तीनैजनालाई भविष्यमा यस किसिमको जिम्मेवारी नदिने प्रयोजनको लागी निजहरुको अभिलेख राख्न वन तथा भू संरक्षण मन्त्रालयलाई लेखिएको । सो निर्णय गर्दाको अवस्थाका संचालकहरुमध्ये अर्का संचालक वन विभागका तत्कालीन उप सचिव सूर्यप्रसाद जोशी हाल पनि श्री ५ को सरकारको सेवामा नै रहेकाले निजलाई पांच वर्ष सम्म यस किसिमको जिम्मेवारी नदिन वन तथा भू संरक्षण मन्त्रालयमा तथा सो निर्णय गर्दाको अवस्थाका अर्का संचालक नेपाल औद्योगिक विकास निगमका तत्कालीन शाखा प्रमुख भुवनबहादुर धाख्वालाई ५ वर्ष

सम्म यस किसिमको जिम्मेवारी नदिन निगमको संचालक समितिका अध्यक्षलाई लेखी सोको जानकारी मन्त्रिपरिषद्लाई दिइएको ।

यसै गरी कर्पोरेशनको वर्तमान कार्य व्यवस्थामा सुधार ल्याउन पर्ने देखिंदा सोतर्फ श्री ५ को सरकारलाई निम्न सुझाव दिइएको :-

कर्पोरेशन अहिले वास्तविक अर्थमा श्री ५ को सरकारले उपलब्ध गराएको गोलिया काठ बिक्री गरी करीब ९०० कर्मचारीलाई बिना काम तलब खुवाउने संस्थाको रुपमा रहेको पाइएको र हाल कर्पोरेशनले अबलम्बन गरेको काठ बिक्रीको प्रकृया समेतलाई ध्यानमा राख्दा कर्पोरेशनको माध्यमबाट सर्वसाधारण जनतालाई कुनै पनि किसिमको सेवा वा सुविधा उपलब्ध हुन सकेको वा हुन सक्ने अवस्था न देखिनुका अतिरिक्त कर्पोरेशनको अधीनमा रहेका ३३ वटा स:मील लगायत थुप्रै साधन र स्रोतहरु प्रयोग हुन नसकी क्रमश: काम नलाग्ने हुँदै गएको, दैवी प्रकोपबाट पीडित परिवारका लागि राहत स्वरुप लिइने बल्लाबल्ली तथा घरसारका लागि सर्वसाधारण जनतालाई दिइने काठका अतिरिक्त जंगलबाट निकालिएका ढलापडा रुखहरु बेच्ने काम जिल्ला स्थित वन कार्यालयले गरिरहेको अबस्थामा सरकारले दिएको ढलापडा रुखका केही प्रतिशत गोलिया काठ मात्र बेच्नका लागि कर्पोरेशनको आवश्यकता नै पनि छ कि छैन भन्ने जस्ता अहम प्रश्नहरु उठिजएको अबस्था समेतलाई ध्यानमा राखी द टिम्बर कर्पोरेशनको आवश्यकता/औचित्यका बारेमा उपयुक्त निर्णय गर्न र आवश्यक देखिए सर्वसाधारण जनताको सेवा वा हित अभिबृद्धि गर्ने कार्यमा सहयोगी हुने गरी योजना तथा कार्यक्रमका आधारमा कर्पोरेशनको संचालन गर्ने गराउनेतर्फ समयमै उचित व्यवस्था मिलाउन उपयुक्त हुने ।

कर्पोरेशनका भनिएका अधिकांश काठ कर्पोरेशनले रोयल्टी तिरी वास्तविक अर्थमा आफ्नो बनाई सकेको अबस्थाको नभएको र कर्पोरेशनलाई भनी छुट्याइएको कारणबाट त्यसलाई कर्पोरेशनले नै बेच्नु पर्ने व्यवहारिक बाध्यता देखिएको तथा कर्पोरेशनको बिक्री प्रकृया एवं तुलनात्मक रुपमा वन कार्यालयको भन्दा न्यूनतम मूल्य महंगो भएको तथा कहीं कहीं बिक्री गर्न रोक लगाएको कारणबाट बिक्री हुन नसकेको अबस्थामा जम्मा करीब ७,६०,००० क्यू. फीट काठहरु मौज्दात रहेको देखिएको र ती काठ बेच्न ढिलाई गर्ने हो भने वर्षा र घामको कारण धांजा पर्दै, कुहिँदै र किराले खाई बिग्रिदै गई अन्ततः काम नलाग्ने अबस्थामा पुग्ने सम्भावना भएकोले संकलित काठ कुहिएर नजाउन् भन्ने प्रयोजनका लागि यथाशीघ्र उपयुक्त व्यवथा मिलाउन र भविष्यमा समेत समयमै काठ दाउरा बिक्री गरी कुहिएर जाने अवस्था आउन नदिन वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी मन्त्रिपरिषद् सचिवालयलाई सोको जानकारी दिइएको ।

२.२.४.२ बुडर-जोगबुढा-दैजी सडकको सडक रेखाङ्कनभित्र परेका विभिन्न जातका २५२६ रुखहरु २०५० साल असार मसान्त भित्र कटान गरी निकासी गर्ने गरी मिति २०४९।३।८ मा जिल्ला वन कार्यालय, डडेल्धुरा र ठेकेदार रामहरि शर्मा बीच भएको करारनामा विपरीत करारको अबधि समाप्त भएको ६।७ वर्षपछि रुख काट्न दिने निर्णय गरी वन तथा भू संरक्षण मन्त्रालयका सचिव समेतले भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा ठेकेदार र जिल्ला वन कार्यालय बीच २०४९।३।८ मा भएको करारनामा अनुसार तोकिएको म्याद भित्र रुख कटान गर्ने कार्य सम्पन्न हुन नसकेको विशेष परिस्थितिमा श्री ५ को सरकारले म्याद थप गर्न सक्ने प्रावधान करारनामामा र करारनामाले निर्देश गरेको नेपाल जंगलको काम (कटान चिरान र निकासी) वारेको बिक्री शर्तनामामा भएको पाइन्छ तापनि करारले तोकेको म्याद समाप्त भएको ६ वर्षपछि अस्वाभाविक रुपमा मिति २०५६।११।१८ मा ठेकेदारलाई निजले काट्न बांकी रहेका भनिएका १३९ वटा रुख काट्न दिने गरी वन तथा भू-संरक्षण मन्त्रालयका सचिव रविबहादुर विष्टले निर्णय गरेकोमा तदनुरुप ठेकेदारले रुख कटान गरी लगेको र यसरी निर्णय गर्दा उल्लिखित बिक्री शर्तनामाको दफा ३१ बमोजिम कूल ठेक अंक ३२,००,०००।- रुपैयाको ४% ले हुन आउने रकम हर्जाना वापत ठेकेदारबाट असुल गर्नु पर्नेमा सो नगरेको देखिंदा ठेक अंक ३२ लाखको ४ प्रतिशतले हुन आउने हर्जाना वापतको रकम निर्णयकर्ता वन तथा भू संरक्षण मन्त्रालयका सचिव रविबहादुर विष्टबाट अविलम्ब असुल गर्ने तथा आफूले मिति २०५६।११।१८ मा १३९ रुख कटानका लागि म्याद थप गर्ने निर्णय गर्दा वन विभागको आदेशानुसार ठेकेदारले म्याद भित्र कटान गरी नसकेका रुखहरुमध्ये हाल १३९ रुख मात्र बांकी रहेको भनी ठेकेदार स्वयंको रोहवरमा मिति २०५६।१०।८ मा जिल्ला वन कार्यालयले तयार गरी पठाएको मुचुल्काको आधारमा बांकी देखिएका १३९ रुखहरु काट्न एक पटकलाई भनी म्याद थपको निर्णय गरेको अबस्था मिसिलबाट प्रष्ट रुपमा देखिंदादेखिदै पुनः रविबहादुर विष्ट आफैले मिति २०५७।८।१४ मा थप २०१ रुख कटानका लागि दोश्रो पटक म्याद थप गर्ने निर्णय गरेको पाइएको र निजको उल्लिखित कार्य पदीय दायित्व, विद्यमान कानूनी व्यवस्था र आफ्नै मिति २०५६।११।१८ को निर्णय विपरीत हुने गरी निर्णय गरी "अनुचित कार्य" गर्ने निज रविबहादुर विष्टलाई विभागीय कार्यबाही गर्नका लागि वन तथा भू संरक्षण मन्त्रीसमक्ष लेखी सोको जानकारी मन्त्रिपरिषद्लाई समेत दिइएको ।

ठेकेदारले म्याद भित्र कटान गरिनसकेका रुखहरु हाल कति मौज्दात छन् यकीन गरी पेश गर्न आफ्नै विभागको मिति २०५६।८।२९ को निर्णयानुसार लेखी पठाए मुताविक जिल्ला वन कार्यालय, डडेल्धुराको मिति २०५६।१०।१० को पत्रबाट १३९ वटा रुख मात्र मौज्दात रहेको जानकारी प्राप्त भई तदनुरुप म्याद थपको लागि सिफारीश गरिएको र सोही अनुसार एक पटकको लागि म्याद थपको निर्णय भएको व्यहोरा मिसिलबाट जानकारी हुंदा हुँदै त्यसलाई वेवास्ता गरी

विभागमै निवेदन लिई, फिल्डमा बुझ्दै नबुझी थप २०१ रुख कटानका लागि सिफारीश गरेको र म्याद थपको निर्णय भई आएपछि विभिन्न आधारमा उक्त निर्णय कार्यान्वयन हुन नसक्ने दृष्टिकोण राष्ट्रिय वन महाशाखाले पेश गरेकोमा त्यसको उचित निकास खोज्ने पट्टी नलागी "२०५७।८।१४ को निर्णय बमोजिम गराउन जि.व.का. डडेल्धुरा पठाउने" भनी आदेश गर्ने वन विभागका महानिर्देशक दिव्यदेव भट्टले आफ्नो पदीय जिम्मेवारी अनुसारको दायित्व वहन नगरी "अनुचित कार्य" गरेको देखिंदा निजलाई विभागीय कार्यबाहीका लागि वन तथा भू संरक्षण मन्त्रीसमक्ष लेखिएको ।

करारनामाद्वारा निर्दिष्ट कानूनी व्यवस्थाको समग्र रुपमा अध्ययन नै नगरी म्याद थप गर्न मिल्ने भन्ने राय दिने र एक पटकका लागि मिति २०५६।११।९ मा म्याद थपका सिफारीश गर्ने र तोकिएको क्षेत्रमा कटान गर्न रुख नै बांकी नरहेको अवस्था मिसिलबाट देखिंदा देखिंदै त्यसतर्फ बेवास्ता गरी आफैले यस अघि गरेको सिफारीश विपरीत दोश्रो पटक मिति २०५७।८।१३ मा समेत म्याद थपका लागि राय सहित सिफारीश गर्ने वन तथा भू संरक्षण मन्त्रालयका कानून अधिकृत (रा.प.द्वितीय) रवि शर्मा अर्याल तथा निजको रायलाई मनासिब ठहर्‍याई म्याद थपका लागि सिफारीश गर्ने वन तथा भू संरक्षण मन्त्रालयका तत्कालीन सहसचिव दामोदर ढकाल र मिति २०५६।१०।१० को पत्रबाट काट्न बांकी रुखहरु १३९ मात्र मौज्दात रहेको जानकारी आफैले दिएकोमा दोश्रो पटक मिति २०५७।८।१४ मा २०१ रुख कटानका लागि म्याद थप गर्ने निर्णय भईसकेपछि बिना कुनै प्रयोजन आफैले दिएको जानकारी विपरीत पुनः २०१ रुख छ्न् भनी २०५७।११।२४ को पत्रबाट मुचुल्का समेत संलग्न गरी जानकारी दिने जिल्ला वन कार्यालय, डडेल्धुराका निमित्त जिल्ला वन अधिकृत देवेशमणी त्रिपाठीले होशियारी साथ पदीय जिम्मेवारी निर्वाह गरेको नदेखिंदा निजहरु रवि शर्मा अर्याल, दामोदर ढकाल र देवेशमणी त्रिपाठीलाई सचेत गराईएको ।

प.सं. ६ व.वि. १/४/०५६।५७ च.नं. १८४ मिति २०५६।९।१ को वन विभागले जिल्ला वन कार्यालय डडेल्धुरालाई लेखेको पत्र, प.सं. ०५६।५७ च.नं. १०१५ मिति २०५६।१०।१० को जिल्ला वन कार्यालयले वन विभाग (राष्ट्रिय वन महाशाखा) लाई लेखेको जवाफ र पत्र साथ संलग्न ठेकेदारले करारनामाको म्याद भित्र काटी नसकेको भनिएका रुखहरुमध्ये पुरानो टांका अंकित रहेका रुखहरुको मौज्दात हाल १३९ थान रहेको भनी स्वयं ठेकेदार समेतको रोहवरमा भएको २०५६।१०।८ को मुचुल्का, मिति २०५७।१२।१३ मा शरदकुमार राई, सह सचिव (प्रा.) संयोजक रहेको समितिले पेश गरेको प्रतिवेदन तथा प्रचलित कानून र करारनामा समेतलाई ध्यानमा राख्दा मिति २०५७।८।१४ मा सचिवस्तरबाट बुडर-जोगबुढा-दैजी सडकको सडक रेखाङ्कन भित्रका भनिएका हाल काटी नसकिएका २०१ रुख कटानका लागि म्याद थप दिने गरी भएको निर्णय कायम रहन नसक्ने व्यहोरा वन तथा भू संरक्षण मन्त्रालयलाई लेखी सोको जानकारी सम्बन्धित मन्त्रीलाई दिइएको ।

२.२.५ विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गत :

बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. मदनबहादुर वस्नेतले पदीय प्रभावको आधारमा बालाजु यन्त्रशाला प्रा.लि.को १४ लाख रुपैया बराबरको एक तृतियांश शेयर खरीद गरी कार्यालय समयमा नै उक्त कारखानामा रुजु हाजीर समेत रही विभिन्न अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा निजामती सेवा ऐन,२०४९ को दफा ४८(१) (क) एवं तत्काल प्रचलित निजामती सेवा नियमावली, २०२१ को नियम ९.८ समेतमा रहेको निजामती कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृती बेगर कुनै बैंक कम्पनीको स्थापना, रजिष्ट्रेशन अथवा संचालनको काममा भाग लिनु हुदैन भन्ने प्रावधानको प्रतिकूल हुने गरी डा. मदनबहादुर वस्नेतले बालाजु यन्त्रशाला प्रा.लि.को २२ प्रतिशत शेयर खरीद गरी सो प्रा.लि.को संचालक समितिको सदस्य पदमा ९ वर्ष सम्म काम गरेको कुरा निजको बयानबाट समेत खुल्न आएकोले यसरी निजामती सेवा ऐन, नियमको प्रतिकूल आचरण गर्ने निज डा. मदनबहादुर बस्नेतलाई विभागीय कार्यबाही गर्न विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखिएको ।

२.२.६ शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी हिराप्रसाद ढकालले अनियमित तरीकाबाट अस्थायी शिक्षक नियुक्ति, सरुवा गरेको देखिन आएकोमा कार्यबाही गर्न र निजको सो अनियमित कार्यमा साथ दिने उक्त कार्यालयमा कार्यरत ना.सु. रामपुकार यादवलाई अन्यत्र सरुवा समेत गर्नको लागि जिल्ला प्रशासन कार्यालय, सर्लाहीका प्रमुख जिल्ला अधिकारीको प्रतिवेदन सहितको फायल यस आयोगमा प्राप्त भई छानवीन हुंदा निज हिराप्रसाद ढकालउपर अन्य कार्यालयमा रहंदा पनि शिक्षा नियमावली, २०४९ विपरीत नियुक्ति तथा सरुवा गरेकोमा शिक्षा तथा खेलकूद मन्त्रालयबाट कार्यबाही भइरहेको देखिएकोले प्रस्तुत उजूरी उपरको कार्यबाही पनि सोही मन्त्रालयबाटै टुंग्याउन र यसभन्दा अगाडि भएका कार्यबाही भन्दा कडा विभागीय कार्यबाही गर्न एवं प्रमुख जिल्ला अधिकारीको प्रतिवेदन अनुसार उक्त कार्यालयका ना.सु. रामपुकार यादव नै समस्याको जड देखिएको हुंदा निजलाई सजाय स्वरुप अन्यत्र (नजिकको जिल्लामा सरुवा भए पनि प्रभाव पर्ने हुंदा सो समेत विचार गरी) सरुवा गर्न तथा कुनै पनि

कार्यालयको विद्यालय प्रशासन शाखाको जिम्मेवारी समेत नदिने गरी सरुवा गर्न समेत शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिएको ।

२.२.७ सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी सेवा समूह परिवर्तन हुनु पर्नेमा आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको सो बमोजिमको प्रकृया पूरा नगरी शाखा अधिकृत दामोदर भण्डारीले मिति २०५५।४।७ मा सडक विभागलाई पत्र लेखेको र यस सम्बन्धमा निजसंग आयोगबाट स्पष्टीकरण माग गर्दा निजले विगतमा गरिएको गल्तीलाई सच्याउन उक्त कार्य गरेको हो भन्ने उल्लेख गरे तापनि बाध्यात्मक रुपमा अपनाउनु पर्ने कार्यविधिलाई पालना गर्ने गरी अर्थात् लोकसेवा आयोगको सहमति लिने भनी गरिएको निर्णयको पालना नगरी गरिएको कामलाई कानूनी रुपमा मान्यता प्रदान गर्न सक्ने अवस्था रहदैन । निजबाट भए गरेको कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (क) र (ख) विपरीत "अनुचित कार्य" भएकोले निज शाखा अधिकृत दामोदर भण्डारी उपर निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) (१) अनुसार नसिहतको विभागीय कार्यबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रीलाई लेखिएको । सामान्य प्रशासन मन्त्रालय र लोकसेवा आयोगबाट सेवा परिवर्तन सम्बन्धी विषयमा जानकारी माग गर्दा मन्त्रालयबाट भएको गल्तीलाई तत्काल सुधार नगरी शाखा अधिकृतबाट लेखिएकै पत्रको समर्थनमा निर्णय गरी जानकारी दिने तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखिएको र एक सेवाबाट अर्को प्रकारको निजामती सेवामा सेवा परिवर्तन गर्दा कानून बमोजिम बाध्यात्मक रुपमा अपनाउनु पर्ने कार्यविधिलाई पालना नगरी शाखा अधिकृतकै तहबाट सडक विभागलाई लेखेको २०५५।४।७ को पत्रको आधारमा सेवा,समूह परिवर्तन भएका आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा आयोगबाट आवश्यक कार्यबाही गर्न लेखिएको ।

२.२.८ सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

नेपाल टेलिभिजनबाट प्रकाशित विज्ञापन नं. १४।०५५।५६ बमोजिम अधिकृतस्तर तह-६ को पद संख्या-३ पदपूर्ति गर्न विज्ञापन भएकोमा लिखित र अन्तरवार्तामा सफल भएका मुख्य उम्मेदवारहरु राजेन्द्रराज तिमिल्सिना, चुडामणी लुइटेल र राजेन्द्रप्रसाद गौतमले नियुक्ति पत्र लिई हाजीर भएको अवस्थामा नै प्रतीक्षा सूचीमा रहेका उम्मेदवार गजुरधन राई र मदनप्रसाद आचार्यलाई नेपाल टेलिभिजन संस्थानको कर्मचारी सेवा शर्त विनियमावली, २०५५ विपरीत नियुक्ति गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल टेलिभिजन संस्थानले मिति २०५६।३।२५ मा वि.नं. ०५५।५६।१४बाट समाचार सम्पादक पद संख्या ३ खुला विज्ञापनबाट पूर्ति गर्न सूचना प्रकाशित गरेकोमा सोको नतीजा २०५६।११।१२ मा प्रकाशित भएको र सोमा योग्यताक्रमका उम्मेदवार ३ जना र प्रतीक्षा सूचीका उम्मेदवार २ जना रहेको देखिंदा मुख्य उम्मेदवारले नियुक्ति पाउने कुरा निर्विवाद देखिन्छ । नेपाल टेलिभिजन संस्थान (कर्मचारी सेवा शर्त) विनियमावली, २०५५ अनुसार लिखित परीक्षा लिनु अगाडि पद सृजना भएमा सो विज्ञापनमा पद समावेश गर्न हुने र मुख्य उम्मेदवारले नियुक्ति पत्र लिन नआएमा वा नियुक्ति पत्र बुझी लिई बिना सूचना कार्यालयमा हाजीर नभएमा मात्र प्रतीक्षा सूचीमा रहेको व्यक्तिले नियुक्ति पाउने प्रावधान रहेकोमा उक्त परीक्षाको परीक्षाफल प्रकाशित भई सफल हुने मुख्य उम्मेदवारहरुले मिति २०५७।७।२९ मा नियुक्तिपत्र बुझी हाजीर भइसकेको देखिंदा वैकल्पिक उम्मेदवारले नियुक्ति पाउन सक्ने उक्त दुवै अवस्था समाप्त भईसकेको देखियो । तीन जना समाचार सम्पादकको पदपूर्तिको लागि विज्ञापन गर्ने र परीक्षा लिने काम समाप्त भइसके पछि नियुक्ति दिनु भन्दा अगाडि संस्थानको समाचार महाशाखाले मिति २०५७।५।१४ मा पुनः तीन जना समाचार सम्पादक माग गर्ने गरी समाचार महाशाखाबाट निवेदन लिई महाप्रवन्धक दुर्गानाथ शर्माले प्रशासन शाखाबाट राय पेश गर्ने आदेश गरेकोमा मातहतका कर्मचारीहरुले कर्मचारी सेवा शर्त विनियमावलीको प्रकृया पूरा गरी पदपूर्ति गर्न राय दिंदा दिदै पूर्व परीक्षाबाट सफल उम्मेदवारले नियुक्ति पत्र लिई सकेपछि सोही विज्ञापन नं. १४।०५५।०५६ को प्रतीक्षा सूचीमा रहेका उम्मेदवारद्वय गजुरधन राई र मदनप्रसाद आचार्यलाई नियुक्ति दिने गरी संचालक समितिमा पेश गरेको, संचालक समितिले Inactive पदहरुको नामाकरण बदली पद मिलान गर्ने सम्म निर्णय गरेकोमा मिति २०५७।६।१३ को पदपूर्ति समितिमा आफै अध्यक्ष रही निजहरुलाई साविक विज्ञापनका वैकल्पिक उम्मेदवारहरुलाई नियुक्ति दिन सिफारीश गर्ने निर्णय गरी पुनः संचालक समितिमा पेश गरेको, संचालक समितिमा निज आफै पनि सदस्य रहेको र यस सम्बन्धी संचालक समितिका निर्णयहरुमा निजको पनि सहभागिता रहेको देखिंदा महाप्रवन्धक एवं व्यवस्थापन प्रमुखको हैसियतमा विनियमावली विपरीत प्रस्ताव लगी निर्णय समेत गराई निज महाप्रवन्धक दुर्गानाथ शर्माले मिति २०५७।१२।९ मा नियुक्ति समेत दिएको देखिंदा जानी जानी कानूनको पालना नगरेको र यस गैरकानूनी कार्यमा उपरोक्त अनुसार निजको प्रमुख भूमिका रहेको देखिंदा निजले अ.दु.अ. आयोग ऐन, २०४८ को दफा ३ (ख), (ग) र (घ) बमोजिमको "अनुचित कार्य"

गरेको हुंदा निजलाई सोही ऐनको दफा १२ बमोजिम विभागीय कार्यबाही गर्न नेपाल टेलिभिजन संस्थानको संचालक समितिका अध्यक्षलाई लेखिएको ।

पदपूर्ति समितिको मिति २०५७।६।१३ मा वसेको बैठकले नेपाल टेलिभिजन संस्थान (कर्मचारी सेवा शर्त) विनियमावली, २०५५ को विनियम ३० को उप-विनियम २ (क) र (ख) विपरीत साविकको नतीजाको प्रतीक्षा सूचीमा रहेका व्यक्ति गजुरधन राई र मदनप्रसाद आचार्यलाई हाल रिक्त रहेका अन्य पदलाई मिलान गरिएका पदमा नियुक्ति दिन सिफारीशको निर्णय गर्ने सदस्यहरुमध्ये रमेशचन्द्र गौतम सेवा निवृत्त भई सकेको हुंदा निज उपर केही गरिरहन परेन । बांकी सदस्यहरु मध्ये उप-सचिव (कानून) मणिराम ओझा र नेपाल टेलिभिजन संस्थानका प्रमुख प्रशासन अधिकृत पूर्णबहादुर शाक्यले यस्तो निर्णयमा भाग लिएको देखिंदा निजहरुलाई अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सचेत गराउन मणिराम ओझाको हकमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई लेखी सूचना तथा संचार मन्त्रालयलाई बोधार्थ तथा कार्यार्थ पत्र लेखी पूर्णबहादुर शाक्यको हकमा नेपाल टेलिभिजन संस्थानको संचालक समितिका अध्यक्षलाई लेखिएको ।

नेपाल टेलिभिजन संस्थानको संचालक समितिले व्यवस्थापनका तर्फबाट पेश गरेको प्रस्तावमाथि छलफल गर्दा त्यस्तो प्रस्ताव ऐन, नियम विनियमसंगत रहे नरहेको भन्ने विषयमा ध्यान नदिई निर्णय गरेको कारणबाट प्रतीक्षा सूचीमा रहेका उम्मेदवारले विनियमावली विपरीत नियुक्ति पाएको देखिंदा अब उप्रान्त व्यवस्थापनको प्रस्ताव नियम, विनियमसंगत रहे नरहेको भन्ने विषयमा ध्यान पुऱ्याउन नेपाल टेलिभिजनको संचालक समितिलाई ध्यानाकर्षणको लागि लेखिएको ।

गैरकानूनी रुपमा नियुक्ति पाई हाल परीक्षणकालमा रहेका निज गजुरधन राई र मदनप्रसाद आचार्यको हकमा "अनुचित कार्य"को दूषित परिणामतः भएको निजहरुको नियुक्ति कायम रहन नसक्ने हुंदा सो रिक्त पदहरुको लागि पुनः विज्ञापन गरी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न नेपाल टेलिभिजन संस्थानको संचालक समितिलाई लेखिएको ।

२.२.९ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

२.२.९.१. शाही नेपाल वायु सेवा निगम, अपरेशन्स विभागका तत्कालीन का.मु. निर्देशक सुधीर राईले विमान चालक तथा कर्मचारीका लागि सिंगापुर तथा फ्रयांकफर्टमा होटेल भाडामा लिंदा भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा सिंगापुरमा साविकको प्रति कोठा सिंगापुर डलर १२८ बाट सिंगापुर डलर २०० पर्ने गरी का.मु. निर्देशक सुधीर राईले होटेल परिवर्तन गर्नुपर्नाको औचित्य पुष्टि गर्न सकेका छैनन् । निजपछि आउने निर्देशकले साविककै ठाउंमा साविककै दरमा भाडामा लिने सम्झौता गरेको देखिएबाट पनि सो होटेल परिवर्तन गर्नु पर्ने औचित्यको पुष्टी हुन नआएकोले अनावश्यक रुपमा बिना कारण साविकको होटेल परिवर्तन गरी शाही नेपाल वायुसेवा निगमलाई अतिरिक्त व्ययभार पार्ने गरी सम्झौता गर्ने तत्कालीन का.मु. निर्देशक सुधीर राईलाई ५ (पांच) ग्रेड घटाउने विभागीय कार्यबाही गर्न भनी निगमलाई लेखिएको ।

यसरी होटेल भाडामा लिंदा के कुन पदाधिकारीले के कस्तो प्रकृया अपनाई के कति दरसम्मको होटेल भाडामा लिन पाउने भन्ने कुरा स्पष्ट रुपमा कहीं कतै उल्लेख गरे भएको खुल्न नआएको हुंदा सो सम्बन्धमा भाडामा लिने पदाधिकारी, प्रकृया र दरको सीमा तोक्ने सम्बन्धी कानूनी व्यवस्था मिलाई ३ तीन महिनाभित्र आयोगलाई जानकारी गराउन निगमलाई लेखिएको ।

२.२.९.२. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल कार्यालयबाट स्पेयर पार्टस खरीद गर्न प्रतितपत्र खोली प्रतीतपत्रको शर्त विपरीत शत प्रतिशत रकम भुक्तानी गरेको र समयमा सामान आई नपुगेको तथा रकम पनि फिर्ता नभएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सामान प्राप्त हुनु अगावै ठेकेदारलाई शत प्रतिशत भुक्तानी दिने गरी तत्कालीन प्राप्ती शाखाका प्रमुख विमलराज वगालेले फाईल पेश गरेको र सोही बमोजिम गर्न तत्कालीन कार्यालय प्रमुख राजेशराज दलीले स्वीकृत गरेको काम कार्यबाही "अनुचित कार्य" भएको देखिन्छ । स्थानीय एजेन्टको माध्यमबाट सामान समयमै मगाउन सकिने अबस्था रहंदा रहंदै परफर्मेन्स बण्ड (धरौटी) सम्म पनि नलिई शत प्रतिशत भुक्तानी भएको र सोही कारणले सामान समयमा आउन नसकेको देखियो । यसरी आफनो जिम्मेवारीप्रति लापरवाही गर्ने तत्कालीन प्रमुख राजेशराज दली र प्राप्ति शाखाका प्रमुख विमलराज वगालेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३को खण्ड (क) र (छ) बमोजिम "अनुचित कार्य" गरेको हुंदा निजहरुमाथि विभागीय कार्यबाही हुन अख्तियारवालासमक्ष लेखिएको ।

२.२.१० स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

२.२.१०.१ काठमाडौं महानगरपालिकाद्वारा स्थायी कर्मचारी पदपूर्ति गर्नको लागि मिति २०५६।९।१०, १७ र २४ गते लिइएको लिखित परीक्षा र २०५६।१२।३, ४, ५, ९, १० र ११ गतेका दिन लिइएको अन्तरवार्ताबाट छानिएका उम्मेदवारहरुको सम्बन्धमा व्यापक अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उक्त महानगरपालिकाको

विज्ञापन नं. १०/०५५।५६ खरीदार, १२/०५५।५६ सहलेखापाल, र १/०५५।५६ नायव सुब्बा (प्रशासन) पदका लागि लिइएको लिखित परीक्षाका उत्तरपुस्तिकाहरु छानवीन गर्दा लिखित र मौखिक परीक्षामा उत्तीर्ण केही उम्मेदवारहरुको वस्तुगत प्रश्नको उत्तरपुस्तिकामा एक पटक गलत उत्तरमा चिन्ह लगाएपछि सोलाई काटी पुनः अर्को सही उत्तरमा चिन्ह लगाएकोमा पनि अंक प्रदान गरिएको, एकपटक दिएको जम्मा जम्मी अंक केरमेट गरी पुनः अंक थप गरिएको, उत्तरपुस्तिकाको पहिलो पानाका दायापट्टि मात्र नाम थर र रोल नं. विषय र परीक्षा मिति बाहेक अन्य आफूलाई चिन्हाउने केही लेखेमा उत्तरपुस्तिका रद्द गरिने भन्ने सूचना पहिलो पानामै भए तापनि उत्तरपुस्तिकाको विभिन्न ठाउंमा नाम र रोल नं. लेखी परीक्षार्थी चिनाउने दुष्कार्य गरिएका परीक्षार्थीहरुलाई समेत उत्तीर्ण गराईएको साथै लिखित परीक्षामा प्राप्ताङ्कको आधारमा सह लेखापाल १३ पदका लागि लिखित परीक्षामा १७ जना, खरीदार ८ पदको लागि ११ जना र ना.सु. (प्रशासन) २० पदका लागि २५ जना उत्तीर्ण गर्नु पर्नेमा क्रमशः सहलेखापाल २७, खरीदार १५ र ना.सु. ५४ जना उत्तीर्ण गराएको कार्यलाई हेर्दा लोकसेवा आयोगको परीक्षा पद्धति सम्बन्धी निर्देशिका, २०५१ को पालना समेत नगरेको स्पष्ट देखिन्छ । लोकसेवा आयोगको सामान्य सिद्धान्त अनुसार ना.सु. २० पदको लागि २५ जना उम्मेदवारको नाम निकाल्नु पर्नेमा ५४ जना निकालिएको र यसरी नियम विपरीत निकालिएका थप २९ जना मध्येबाट १५ जनालाई अन्तरवार्तामा समेत उत्तीर्ण गराएको देखिएको, खरीदार ८ पदको लागि ११ जना उत्तीर्ण गर्नु पर्नेमा १५ जना उत्तीर्ण गरी नियम विपरीत थप निकालेका ४ जना मध्येबाट २ जनालाई उत्तीर्ण गराएको साथै स.ले.पा. १३ पदका लागि लिखित परीक्षाबाट १७ जना उत्तीर्ण गर्नु पर्नेमा २७ जना उत्तीर्ण गराई नियम विपरीत थप निकालिएका १० जना मध्येबाट ५ जनालाई अन्तरवार्ताबाट समेत उत्तीर्ण गराएको देखिन्छ ।

तत्काल प्रचलित नगरपालिका (कार्य व्यवस्था) नियमावली, २०४९ परिच्छेद २ को दफा ४ को उपदफा २ अनुसार नगरपालिकामा खाली रहेको पदपूर्ति गर्दा पदको लागि आवश्यक पर्ने न्यूनतम योग्यता तथा पदपूर्तिको निमित्त विज्ञापन र परीक्षा संचालन तथा छनौट गर्ने सम्बन्धमा लोकसेवा आयोगले निर्धारण गरे बमोजिमको प्रकृया अपनाउनु पर्नेछ भन्ने स्पष्ट उल्लेख भएको देखिंदा त्यस्तो धांधलीपूर्ण परीक्षा संचालन गर्ने बोर्डका पदाधिकारीहरुमध्ये राजनीतिक पदाधिकारी एवं बोर्ड अध्यक्ष काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाई आइन्दा त्यस्तो कार्य नगर्न सचेत गराउन र अन्य कर्मचारीहरु जि.प्र.का. प्रतिनिधि रामशरण चिमोरीया, सदस्य सचिव हरिप्रसाद रिमाल र स्थानीय विकास मन्त्रालयका प्रतिनिधि रामप्रसाद शर्मा समेतलाई निजामती सेवा नियमावली अनुसार विभागीय कार्यबाही गर्न तथा परीक्षाफलको सम्बन्धमा त्यस्तो धांधलीपूर्ण परीक्षाको दूषित परिणाम दूषित नै रहने हुंदा उपरोक्त पदहरुको दूषित परीक्षाफल कायम रहन नसक्ने हुंदा कानून बमोजिम गर्न भनी काठमाडौं महानगरपालिकालाई लेखिएको ।

२.२.१०.२ स्थानीय विकास मन्त्रालय, स्थानीय विकास मन्त्रालय आयोजना, श्रीमहल, पुल्चोक अन्तर्गत संचालित वि.पि. मार्ग सडक योजना, दाङबाट आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा सडक निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वि.पि. मार्ग सडक योजना, दाङ र ठे. बिजौरी कन्स्ट्रक्शन दाङबीच मिति २०५४।२।२ मा सो योजना अन्तर्गतको चेनेज १० + ७५० देखि १३+५०० सम्मको सडक निर्माण कार्य गर्ने सम्झौता भएकोमा ठेकेदारले म्याद भित्र सम्झौता बमोजिमको सडक निर्माण नगरेको कारणले ठेक्का तोड्ने सम्बन्धमा उक्त सडक योजना दाङका तत्कालीन प्रमुखले आर्थिक वर्ष २०५४।३।२५ मा स्थानीय विकास निर्माण आयोजनाका तत्कालीन प्रमुख मोतिलाल पाण्डेसमक्ष टिप्पणी पेश गरेकोमा ठेकेदारले सम्झौता साथ पेश गरेको परफरमेन्स बण्डको म्याद बांकी रहुन्जेल फाइल आफू साथ राखी सो बण्डको म्याद समाप्त भएको भोलिपल्ट मिति २०५४।६।१ मा लेखा शाखा, राय पेश गर्ने भनी ढिलो गरी कार्यबाही अगाडि बढाएको र निजकै कारणबाट सो बण्ड वापतको रकम जफत हुन नसकेको देखिएकोले परफरमेन्स बण्डको म्याद भएसम्म त्यसरी कार्यबाही फाइल आफूसंग राखी आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना नगरी निज पाण्डेले अख्तियारको दुरुपयोग गरी "अनुचित कार्य" गरेको देखिन आएकोले सो बण्ड वापतको रकम रु. ३१,०००।- निज मोतिलाल पाण्डेबाट असूल उपर गरी निजलाई विभागीय कार्यबाही समेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

भाग ३. भ्रष्टाचार सम्बन्धी कार्यबाहीको विवरण

३.१ पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको :

३.१.१ आयोगबाटै मुद्दा दायर भएको :

३.१.१.१ अर्थ मन्त्रालय र अन्तर्गत

१. नेपाल बैंक लिमिटेडका संचालक, कर्मचारीहरु र विभिन्न किसिमको ऋण र कर्जा सुविधा लिने र लिन सहयोग गर्ने मतियार समेतका निम्न व्यक्तिहरुले आपसी मिलेमतोमा नेपाल बैंक लिमिटेडको रकम भ्रष्टाचार गरी लिने खाने बदनीयतले आफ्ना र आफ्ना मतियारका व्यक्तिहरुको प्रोप्राइटरी र शेयर रहेका बिभिन्न उद्योग तथा कम्पनीहरुको नामबाट कम मूल्यको धितो अधिक मूल्यांकन गरी गराई सो धितोको आधारमा ऋण नतिर्ने नतिराउने बदनीयतले बिना परियोजना स्थिर पूंजी कर्जा, चालूपूंजी कर्जा, हाईपोथिकेशन कर्जा, टि.आर. कर्जा, पूर्व निर्यात कर्जा तथा ओ.डी. कर्जा आदि कर्जा शीर्षकबाट कर्जा/सुविधा लिने दिने गरी आपसी मिलेमतोमा कानूनतः समयमा नै तिर्दै जानु पर्ने रकम नतिरी नतिराई आफूहरुलाई गैरकानूनी लाभ र नेपाल बैंक लिमिटेडलाई गैरकानूनी हानि पुऱ्याउने बदनीयतले नेपाल कानून जानी जानी पालन नगरी नगराई आफूहरुलाई प्राप्त अधिकार दुरुपयोग गरी भ्रष्टाचार गरे गराएकोले यसरी भ्रष्टाचार गर्ने गराउने बैंकका पदाधिकारी, कर्मचारी, र सो कार्यमा संलग्न व्यक्तिहरुले आ-आफ्नो कार्यक्षेत्रबाट निम्न गैरकानूनी कार्य गरी कूल रु. २१,३८,८०,३३६।६६ भ्रष्टाचार गरी गराई निम्न कसूर गरेकोले निजहरुलाई निम्न अनुसारको अभियोग लगाई पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको ।

नेपाल बैंक लि.को संचालक समिति तथा सो समिति अन्तर्गतको नीति तथा व्यवस्था उप-समिति समेतको सदस्यको हैसियतले बागमती ऊनी धागो कताई उद्योगलाई चालू पूंजी कर्जा नं. ६१/१८१ बाट रु. १ करोड स्वीकृत गर्दा सोसंग सम्बद्ध फर्म/उद्योगहरुले कूल उपभोग गरेको कर्जाको रकम र पार्टीको कारोवारको हैसियत नहेरी प्रस्तावमा उल्लिखित कैफियत, कर्मचारीको नकारात्मक टिप्पणी तथा सोलाई पुष्टी गर्ने कागजात फाइल संलग्न हुंदा हुंदै पार्टीको हैसियत समेत देखिने नकारात्मक स्थितितर्फ वास्तै नगरी केवल कर्जा दिने दिलाउने बदनीयतले मातहतका कर्मचारीहरुको गैरकानूनी कार्यलाई कार्यबाही गर्नुको साटो समर्थन गरी वाणिज्य बैंक ऐन, २०३१ दफा ६ र कम्पनी ऐन, २०५३ को दफा ६६ अनुसार बैंक वा कम्पनी प्रतिको आफ्नो कर्तव्य समेत पालन नगरी बदनीयतपूर्ण ढंगले कर्जा स्वीकृत गरी बैंकलाई २०५८ चैत्र मसान्तसम्ममा रु. १,५८,२५,७०४।- गैरकानूनी हानि नोक्सानी तथा सम्बन्धित व्यक्तिहरुलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेकोले मुकुन्दप्रसाद अर्यालका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९, विश्वम्भर प्याकुरेल र प्रफुल्लकुमार काफ्लेको हकमा ऐ.ऐ. को दफा ७(२) र २९ तथा भरेन्द्र शम्सेर ज.ब.रा. को हकमा ऐ.ऐ. को दफा ८ र २९ बमोजिम अभियोग लगाइएको ।

महाप्रवन्धक स्तरीय कर्जा कमिटीका पदाधिकारीहरु गौरीलाल श्रेष्ठ, भवानीदेवी शर्मा, दिव्यकुमार अधिकारी, भवनाथ उपाध्याय र अम्बरकुमार खड्काले लक्ष्मीप्रसाद आचार्य समूहका राधिका ह्याण्डिक्राफ्ट र बागमती ऊनी धागो कताई उद्योगलाई स्थीर पूंजी कर्जा नं. ६०।११५ बाट १ करोड १० लाख, टि.आर. कर्जा नं. ६०।२०१ बाट ५८ लाख, टि.आर. कर्जा नं. ६१।३३० बाट १ करोड ५ पांच लाख स्वीकृत गर्दा र चालू पूंजी कर्जा नं. ६१।१८१ बाट रु. १ करोड कर्जा स्वीकृतीको लागि संचालक समितिसमक्ष सिफारीश गर्दा कर्जा लगानी गरिने परियोजना मुनाफामा संचालन हुन सक्ने सम्भाव्य परियोजना होइन भन्ने स्पष्ट वस्तुगत आधारहरु हुंदाहुंदै र कर्जावाला पार्टीको अरु विभिन्न फर्मका नाउंमा लिएका विभिन्न कर्जाहरुको साावा ब्याज भाखा नाघिसकेको स्पष्ट हुंदाहुंदै तथा महाप्रवन्धक स्तरीय कर्जा कमिटीको अख्तियारी सीमा रु. ५ करोड मात्र भएकोमा पटक पटक सो सीमा नाघी कर्जा स्वीकृत गरेको र काठमाडौं वैकिङ्ग कार्यालयका कर्मचारीहरुले अख्तियारी उल्लंघन गरी प्रवाह गरेको कर्जा समेत बदनीयतपूर्ण ढङ्गले समर्थन गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र कर्जावालालाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

उल्लिखित संलग्नताका अतिरिक्त प्रधान कार्यालय, कर्जा लगानी विभागका प्रमुख समेत रहेका मुख्य प्रवन्धक अम्वरकुमार खड्काले लक्ष्मीप्रसाद आचार्यसंगको वित्तीय स्वार्थ एवं मिलेमतोमा सो समूहभित्रको वागमती ऊनी धागो कताई उद्योगलाई सो समूहको कर्जा उपभोग रकम ५ करोड नाघिसकेको अवस्थामा पनि काठमाडौं अफिसले प्रवाह गरेको टी.आर. कर्जा नं. ६०/११२ बाट रु. ९९,९७,७३३।२५ महाप्रवन्धक स्तरीय कर्जा कमिटि मार्फत स्वीकृत गर्नु पर्नेमा आफैले ठाडो तोक आदेशबाट स्वीकृत गरेको, सोही उद्योगलाई स्थीर पूंजी, टि.आर. कर्जा स्वीकृत गर्दा र

चालू पूंजी कर्जा स्वीकृत गर्न संचालक समितिसमक्ष पेश गर्दा जसरी भए पनि पार्टीलाई कर्जा दिलाउने बदनीयत राखी कार्य गरेको, राधिका ह्याण्डिक्राफ्टको टि.आर. कर्जा नं. ६१।३३० स्वीकृत गर्दा संचालक समिति मार्फत गराउनु पर्नेमा महाप्रवन्धक स्तरीय कर्जा कमिटीबाटै बिना अख्तियारी स्वीकृत गरेको तथा सो समूहभित्र रहेका फर्महरुको जानकारी गराउंदा बागमती ऊनी धागो उद्योग, राधिका ह्याण्डिक्राफ्ट र बागमती ट्रेडर्स गरी तीन वटा उद्योगको मात्र नाम खुलाई मेची ह्याण्डिक्राफ्टको नाम नखुलाई सो समूहले लिएको कूल कर्जा रकमलाई ५ करोड भित्रै देखाउने बदनीयतपूर्ण कार्य गरेको तथा सो समूहसंग सम्बद्ध बागमती एपरल्सलाई स्थीर पूंजी, पूर्व निर्यात कर्जा र टि.आर. कर्जा उपलब्ध गराउंदा र राधिका ह्याण्डिक्राफ्टलाई हाइपोथिकेशन, टि.आर., ओ.डी. कर्जा उपलब्ध गराउंदा प्रचलित कानून तथा नीति निर्देशन, नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड समेतको निर्देशन विपरीत कार्य गरी कूल रु. ११,७९,५५,६४६।८५ भ्रष्टाचार गरे गराएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

ऋणी लक्ष्मीप्रसाद आचार्यसंगको वित्तीय स्वार्थ तथा सम्बन्ध समेतका आधारमा सो समूहका ४ उद्योगहरु तथा सोसंग सम्वद्ध अन्य ५ वटा फर्म/कम्पनीहरुलाई बिना परियोजना तथा बिना सुरक्षण अख्तियारीको सीमा नाघी कर्जा प्रवाह गरेको, भ्रष्टाचारद्वारा आर्जित रकम व्यक्तिगत रुपमा विभिन्न प्रकारले लगानी गरेको र कम मूल्यको धितोलाई अधिक मूल्यांकन गरी गराई र नरहे नभएको धितोलाई रहे भएको छ भनी सोको आधारमा आफ्नो वित्तीय स्वार्थ भएका व्यक्ति/फर्मलाई बदनीयतपूर्ण ढंगले हाइपोथिकेशन कर्जा, टि.आर कर्जा, लगायतका बिभिन्न किसिमका कर्जा शीर्षकहरुबाट कर्जा/सुविधा दिए दिलाएको, नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयबाट भएका बिभिन्न परिपत्र, नीति निर्देशन, कर्जा निर्देशिका लगायतका बैंक सम्बन्धी प्रचलित नेपाल कानूनहरु पालन नगरी, आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी विभिन्न शीर्षकमा कर्जा स्वीकृत तथा प्रवाह गर्दा कूल रु. २१,३८,८०,३३६।६६ भ्रष्टाचार गरे गराएकोले तत्कालीन नायव महाप्रवन्धक शेरबहादुर थापा, तत्कालीन सहायक मुख्य प्रवन्धक उत्तमकुमार नेपाल, कर्जा विभागका तत्कालीन विभागीय प्रमुख पुरुषोत्तमप्रसाद श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

नेपाल बैंक लिमिटेड, काठमाडौं वैकिङ्ग कार्यालयको कर्जा कमिटीको सदस्यको हैसियतले राधिका ह्याण्डिक्राफ्टले धितोमा दिने ल.पु. सैबु र झापा गरामनीको जग्गालाई अत्यधिक मूल्यांकन गराई धितो सुरक्षणमा लिने र बागमती ओरियण्टल टिपिकलाई २८ लाख कर्जा प्रवाह गर्ने कार्यमा मतियारको रुपमा संलग्न रहेको देखिएकोले प्रवन्धक इन्दिरा गुरुङ्गलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा दफा १६ क बमोजिम अभियोग लगाइएको ।

लक्ष्मीप्रसाद आचार्य समूहको लागि काठमाडौं र ललितपुरका विभिन्न जग्गाहरुको मूल्यांकन गर्दा अत्यधिक मूल्यांकन गरी सोमूल्यांकनका आधारमा बैंकले रु. १,१०,००,०००।- मा दृष्टिवन्धक पास गरी लिएको आधारमा प्रवाहित कर्जा जोखिममा पारेको र लक्ष्मीप्रसाद आचार्य समूहका ४ फर्महरु तथा सोसंग सम्वद्ध अन्य ५ वटा फर्म/कम्पनीहरुलाई बिना परियोजना, धितोलाई अधिक मूल्यांकन गरी गराई तथा नरहे नभएको धितोलाई भए रहेको देखाई सोको आधारमा हाइपोथिकेशन कर्जा, टि.आर कर्जा, लगायतका बिभिन्न किसिमका ऋण कर्जा सुविधा दिए दिलाएको, नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड प्रधान कार्यालयबाट भएका बिभिन्न परिपत्र, नीति निर्देशन, कर्जा निर्देशिका लगायतका बैंक सम्बन्धी प्रचलित नेपाल कानूनहरु पालन नगरी, आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी विभिन्न शीर्षकमा कर्जा स्वीकृत तथा प्रवाह गर्दा कूल रु. १,०३,००,०००।- भ्रष्टाचार गरे गराएकोले कर्जा विभागका तत्कालीन इञ्चार्ज र उप-प्रवन्धक रजनीलोचनप्रसाद तण्डुकारलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र २९ बमोजिम अभियोग लगाइएको ।

अप्पीनपा कार्पेट र मेची ह्याण्डिक्राफ्टलाई चल्ती ओभरड्राफ्ट कर्जा रु. २०,००,०००।- प्रवाह गर्दा सो कर्जा प्रवाह गर्न कानूनतः नमिल्ने अवस्थामा सो सम्बन्धी बैंक नीति तथा नियमको उल्लंघन गरी चल्ती ओभरड्राफ्ट कर्जा कमिटीको सदस्यको हैसियतले सो कर्जा प्रवाह गर्ने कार्य गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरेकोले चल्ती विभाग इञ्चार्ज महन्तबहादुर महर्जनलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

वागमती ऊनी धागो उद्योग, राधिका ह्याण्डीक्राफ्ट र बागमती एपरल्सको नाममा विभिन्न मितिमा आयात प्रतितपत्र खोल्दा बैंकको प्रधान कार्यालयको परिपत्र तथा निर्देशन विपरीत अख्तियारी तथा स्वीकृत प्रकृया उल्लंघन गरी प्रतीतपत्र खोल्ने कार्यमा सम्लग्न रहेको तथा सो समूहले कर्जा वापत धितोमा दिने सुरक्षणको अत्यधिक मूल्यांकन गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुऱ्याउने कार्यमा मतियारको रुपमा संलग्न रहेकोले प्रवन्धक तीर्थराम श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा दफा १६(क) बमोजिम अभियोग लगाइएको ।

नेपाल बैंक लिमिटेड, काठमाडौं वैकिङ्ग कार्यालयको कर्जा कमिटीको सदस्य एवं कर्जा विभागको इन्चार्जको हैसियतले राधिका र रोशन ह्याण्डिक्राफ्टलाई पछि गर्ने कर्जा कारोवारको लागि शुरुमा नै धितो सुरक्षण दिएको का.जि.कपन, गौशाला, बालुवा सुन्तखान, झापा जिल्लाको अनारमनी, ल.पु. खुमलटार र तिखेदेवलका कमसल जग्गाहरुको अत्यधिक मूल्यांकन गरी धितो सुरक्षणमा लिने कार्यमा सम्लग्न रहेको तथा केवल ३२ लाख धितो सुरक्षण भएको रोशन ह्याण्डिक्राफ्टको लागि बिना परियोजना रु. ६५,००,०००।- कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेको देखिएकोले कर्जा विभागका तत्कालीन इन्चार्ज र उप-प्रवन्धक शशिकिरण श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ बमोजिम अभियोग लगाइएको ।

बैंकको प्रधान कार्यालय, कर्जा लगानी विभागका प्रवन्धक सुरेशकुमार न्यौपानेले वागमती ऊनी धागो कताई उद्योगलाई स्थीर पूंजी कर्जा स्वीकृत गर्ने सिलसिलामा उठाइएको टिप्पणी रायमा लक्ष्मीप्रसाद आचार्य समूहको कूल कर्जा ५ करोड भन्दा बढी भएको देखिंदादेखिदै सो कुरालाई बदनीयतपूर्वक लोप गरी तथ्य विपरीत ३ करोड ७८ लाख कर्जा प्रवाह भएको देखाई र बागमती एपरल्सलाई स्थीर पूंजी कर्जा स्वीकृत गर्ने कार्यमा फायलबाट देखिएका तथ्य विपरीत पार्टीलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बदनीयतले ८५ लाख कर्जा प्रवाह गर्न सिफारीश गरेको र सोही आधारमा कर्जा स्वीकृत भएकोबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ बमोजिमको कसूरमा निजलाई अभियोग लगाइएको ।

इन्जिनीयर तथा इन्जिनीयरीङ्ग फर्मका तर्फबाट कार्य गर्ने व्यक्तिहरु केशबलाल श्रेष्ठ, नरेन्द्रराज भट्टराई, एस.पी. श्रेष्ठ, टेकनाथ चम्लागाई डा. हरिवंश झाले नेपाल बैंक लिमिटेडसंग गरेको सम्झौता वर्खिलाफ काठमाडौं, ललितपुर र झापा जिल्लाका बिभिन्न जग्गाको अत्यधिक मूल्यांकन गरी सो मूल्यांकनका आधारमा बैंकबाट प्रवाहित कर्जालाई जोखिममा पारी बैंकलाई गैरकानूनी हानि र कर्जावालालाई गैरकानूनी लाभ पुऱ्याउने कार्यमा संलग्न रहेकोले केशवलाल श्रेष्ठका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ नरेन्द्रराज भट्टराईका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ र अन्य व्यक्तिहरुका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम मूल्यांकन रकमको माग दावी लिई अभियोग लगाइएको ।

साविकमा आफू नेपाल बैंक लिमिटेडको सेवामा रहदा परिचित सहकारीहरुसंगको सम्बन्धको अनुचित फाइदा लिई काठमाडौं बैंकिंग कार्यालयका तत्कालीन प्रमुख शेरबहादुर थापा र सोही बैंकको प्रधान कार्यालय कर्जा लगानी विभागका प्रमुख अम्वरकुमार खड्कासंग वित्तीय स्वार्थ रहने गरी संयुक्त नाममा जग्गा खरीद गर्ने, फर्म तथा कम्पनी दर्ता गर्ने, धितो एयरमार्क लिने दिने, खाली प्याडमा हस्ताक्षर गरी शेरबहादुर थापाका घरमा छोड्ने जस्ता कार्यहरु गरी निजहरुलाई अनुचित प्रभावमा पारी विभिन्न फर्म तथा कम्पनीहरुका नाउंमा नतिर्ने मनसायले गैरकानूनी तवरले ठूलो रकम कर्जा लिई कर्जाको उद्देश्य अनुसारको कारोवार समेत नगरी २०५८ चैत्र मसान्तसम्म कूल रु. २१,३८,८०,३३६।६६ बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याएको र आफू र आफू सम्बद्ध व्यक्तिहरुलाई गैरकानूनी लाभ लिए दिलाएको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम लक्ष्मीप्रसाद आचार्यलाई अभियोग लगाई र ऐ को दफा १५ को कसूरमा १६ ग बमोजिम जफतको माग दावी लिइएको ।

लक्ष्मीप्रसाद आचार्यसंगको मिलेमतोमा आफ्नो नाममा रहेको देहाय बमोजिमको जग्गाको अत्यधिक मूल्यांकन गराई नेपाल बैंक लिमिटेडलाई धितो दृष्टिवन्धकी लेखी दिई सोका आधारमा प्रवाहित बैंक कर्जालाई जोखिममा पारी बैंकलाई गैरकानूनी हानि नोक्सानी र सम्बन्धित पक्षलाई गैरकानूनी लाभ पुऱ्याउने कार्यमा मतियारको रुपमा संलग्न रहेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा दफा १६ क बमोजिम निम्न व्यक्तिहरुलाई अभियोग लगाइएको –

क) रामप्रसाद पाण्डे	का.जि. वालुवा सुन्तखान गाउं विकास समिति वडा नं. ९(घ) कि.नं. १७४ को २-८-२-० रोपनी
ख) माला खड्का	का.जि. का.म.न.पा २३ (घ) कि.नं. ५३५ ०-१४-०-० रोपनी
ग) चुम्बकबहादुर बुढाथोकी	गरामुनि ५ कि.नं. ६६७ को ०-१८-११ विगाहा

देहायका व्यक्तिहरुले आ-आफ्ना एकाघर सगोलका पतिले नेपाल बैंक लिमिटेडको रकम भ्रष्टाचार गरी लिएको, प्राप्त गरेको रकमबाट आ-आफ्ना नाममा घर जग्गा खरीद र निर्माण गर्ने तथा बैंकिङ्ग कम्पनीको संस्थापक शेयरवालाको हैसियतमा लगानी गरेको पाइएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसूरमा ऐ दफा १६ ग. बमोजिम निजहरुको नाउंको उक्त सम्पत्ति जफतको लागि मागदावी लिइएको ।

क) <u>सरस्वती थापा</u> :-

शेरबहादुर थापाकी एकाघर सगोलकी श्रीमती सरस्वती थापाका नाउंमा रहेको का.जि.काठमाडौं महानगरपालिका वडा नं. १५ स्थित कि.नं. १७० क्षेत्रफल १-२-०-० रोपनी जग्गा र सोमा वनेको घर समेत ।

ख) कालिका खड्का (आचार्य) :-
अम्बरकुमार खड्काकी एकाघर सगोलकी श्रीमती कालिका खड्काका नाममा रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको रु. १० लाखको शेयर समेत ।
ग) भक्ति उप्रेती :-
नेपाल बैंक लिमिटेडका ऋणी मोती उप्रेतीकी एकाघर सगोलकी श्रीमती भक्ति उप्रेतीका नाममा रहेको नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको रु. ५ लाखको शेयर समेत ।
साथै, अभियुक्तहरुको नाम तथा निजका परिवार समेतका नाममा रहेका यो निर्णय हुंदाका बखतसम्म फेला परेका चल अचल सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र १६ (ग) बमोजिम जफतका लागि माग गरिएको ।

देहायका व्यक्तिहरुले लक्ष्मीप्रसाद आचार्य र सम्बन्धित बैंक पदाधिकारीहरु समेतको मिलेमतोमा धितोको अत्यधिक मूल्यांकन गरी गराई देहायका फर्म उद्योगहरुको नाममा विभिन्न शीर्षकहरुमा देहाय बमोजिमको कर्जा प्राप्त गरी सो अनुरुपको कुनै परियोजना सञ्चालन नगरी समयमै तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी तथा आफूहरुलाई गैरकानूनी लाभ लिई पुऱ्याई भ्रष्टाचार गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ बमोजिम अभियोग लगाइएको –

- रोशन ह्याण्डिक्राफ्ट (बिगो रु. ९९,९९,१३८।-) को साझेदारको हैसियतबाट कारोवार गर्ने तथा बागमती ऊनी धागो कताई उद्योग (बिगो रु.५,६७,६२६१८।२९) को संचालकको हैसियतबाट कारोवार गर्ने अच्युतप्रसाद रिजाल,
- रोशन ह्याण्डिक्राफ्ट (बिगो रु. ९९,९९,१३८।-) को साझेदारको हैसियतबाट कारोवार गर्ने चिरन्जीवी आचार्य,
- कटनरीच प्रा.लि. (बिगो रु.३,४१,५५,६४२।७९) को संचालकको हैसियतबाट कारोवार गर्ने एपाची गाउण्डर चन्दन, पदमावती चन्दन र पुलिकल रवीन्द्रन,
- अप्पिनप्पा कार्पेट (बिगो रु. १६,०२,०७५।०४) को प्रोप्राइटर, बागमती ऊनी धागो कताई उद्योग (बिगो रु.५,६७,६२६१८।२९) को संचालक तथा मेची ह्याण्डीक्राफ्ट (बिगो रु. ९७,८६,५००।-) का प्रोप्राइटरको हैसियतबाट कारोवार गर्ने भरतराज कोइराला,
- आर.पी. कार्पेट (बिगो रु १,२९,१३,३८७।-) को प्रोप्राइटर हैसियतबाट कारोवार गर्ने रुद्रप्रसाद भट्टराई,
- बागमती ओरियण्टल टिपिक (बिगो रु. १,७४,७६,४९७।०९) को प्रोप्राइटरको हैसियतबाट कारोवार गर्ने मोती उप्रेती,
- बागमती एपरल्स (बिगो रु. ३,२४,००,७५७।४९) प्रोप्राइटरको हैसियतमा कारोवार गर्ने कृष्णप्रसाद लुइटेल ।

उपरोक्त व्यक्तिहरु मध्ये भरतराज कोइरालाका हकमा सम्पत्ति विवरण प्राप्त भएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को कसूरमा १६ ग. बमोजिम समेत माग दावी लिइएको ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर रामबाबु पन्तसंग रहने नितान्त गोप्य कागजातहरु शेरबहादुर थापाको घरबाट बरामद भएको हुंदा आफ्नो कार्यालय भित्रको काम कार्यबाहीसित सम्बन्धित कागजातहरुको गोप्यता राख्नमा ध्यान दिने भनी निजलाई ध्यानाकर्षण गराईएको ।

नेपाल बंगलादेश बैंक लि. ले राधिका ह्याण्डिक्राफ्ट, बागमती एपरल्स समेत लक्ष्मीप्रसाद आचार्यसंग सम्बन्धित फर्म उद्योगहरुलाई कर्जा प्रवाह गर्दा अचल धितो सुरक्षण वापत शेरबहादुर थापा र लक्ष्मीप्रसाद आचार्यको संयुक्त नाममा दर्ता कायम रही हिमालयन बैंकबाट २०५२ सालमा लिएको कर्जाको सुरक्षणमा दृष्टिबन्धकी तथा रोक्का रहेको का.जि. सतुंगल गाउं विकास समिति वडा नं. ७ कि.नं. ७२, ३८२ र ३८४ को ४ रोपनी जग्गा दोहोरो पर्ने जानी जानी रोक्का राख्न लगाई सो समेतका आधारमा कर्जा प्रवाह गरेको देखिंदा यस सम्बन्धमा आवश्यक कार्यार्थ नेपाल राष्ट्र बैंकलाई लेखिएको ।

२. नेपाल बैंक लिमिटेडका कर्मचारीहरु र मोहन साहनी समेतका व्यक्तिहरुले नेपाल बैंक लिमिटेडको रकम भ्रष्टाचार गरी लिने खाने बदनीयतले आपसमा मिली आफ्ना र आफ्ना मतियारका व्यक्तिहरुको प्रोप्राइटरी र शेयर रहेका बिभिन्न फर्म तथा कम्पनीहरुको नामबाट कम मूल्यांकनको धितो अधिक मूल्यांकन गरी गराई, सो धितोको आधारमा ऋण नतिर्ने नतिराउने बदनीयतले बिना परियोजना धितो कर्जा, हाईपोथिकेशन कर्जा समेत विभिन्न किसिमको ऋण र कर्जा सुविधा लिने दिने गरी आपसी मिलेमतोमा कानूनतः समयमा नै तिर्दै जानु पर्ने रकम नतिरी नतिराई आफूहरुलाई गैरकानूनी लाभ र नेपाल बैंक लिमिटेडलाई गैरकानूनी हानि पुऱ्याउने बदनीयतले, नेपाल कानून जानी जानी पालन नगरी नगराई, आफूहरुलाई प्राप्त अधिकारको दुरुपयोग गरी, भ्रष्टाचार गरे गराएकोले, यसरी भ्रष्टाचार गर्ने गराउने बैंकका कर्मचारी, व्यक्ति र सो कार्यमा मतियारमा संलग्न, निम्न व्यक्तिहरुलाई निम्न लिखित गैरकानूनी कार्य गरी कूल रु. १९,००,०६,०४५।८३ भ्रष्टाचार गरी गराई, निम्न कसूर गरेकोले, निम्न अनुसारको

अभियोग लगाई पुनरावेदन अदालत, पाटनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३४ बमोजिम अभियोग पत्र दायर गरिएको ।

साहनी समूहका तीन फर्महरु तथा सोसंग सम्वद्ध अन्य १२ वटा फर्म/कम्पनीहरुलाई कम मूल्यको धितोलाई अधिक मूल्यांकन गरी गराई, सोको आधारमा हाइपोथिकेशन कर्जा, धितो कर्जा, टि.आर कर्जा, प्रतीतपत्र लगायतका बिभिन्न किसिमका ऋण कर्जा सुविधा दिए दिलाएको, नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयबाट जारी भएका बिभिन्न परिपत्र, नीति निर्देशन, कर्जा निर्देशिका लगायतका बैंक सम्बन्धी प्रचलित नेपाल कानूनहरु पालन नगरी, कर्जावाला व्यक्तिहरुसंगको मिलेमतोमा नभए नगरेको प्रतीतपत्र कारोवारलाई पनि भए गरेको हो भनी लेखी लेखाई तथा कर्जाको भुक्तानी म्याद समाप्त भइसकेपछि पनि समर्थन गरी गराई तथा नरहे नभएको परियोजनालाई भए रहेको देखाई कर्जा सुरक्षणको लागि दिइने धितोको अत्यधिक मूल्यांकन गरी आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी कूल रु. १९,००,०६,०४५।८३ भ्रष्टाचार गरेकोले तत्कालीन नायव महाप्रवन्धक शेरबहादुर थापा, तत्कालीन सहायक मुख्य प्रवन्धक उत्तमकुमार नेपाल, कर्जा विभागका तत्कालीन विभागीय प्रमुख पुरुषोत्तमप्रसाद श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

नेपाल बैंक लिमिटेड, काठमाडौं वैकिङ्ग कार्यालयको कर्जा कमिटीको सदस्यको हैसियतले नरहे नभएको परियोजनालाई भए रहेको देखाई कर्जा सुरक्षणको लागि दिइने धितोको अत्यधिक मूल्यांकन गरी गैरकानूनी रुपमा ठाडो तोक आदेशबाट प्रवाहित कर्जाको भुक्तानी म्याद समाप्त भई सकेपछि पनि समर्थन गरी गराई कूल रु. १९,००,०६,०४५।८३ भ्रष्टाचार गर्ने कार्यमा मतियारको रुपमा संलग्न रहेको देखिएकोले प्रवन्धक इन्दिरा गुरुङ्गलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा दफा १६ क बमोजिम अभियोग लगाइएको ।

कर्जावाला व्यक्तिहरु र नायव महाप्रवन्धक शेरबहादुर थापा संगको मिलेमतोमा साहनी समूहका तीन फर्महरु तथा सोसंग सम्वद्ध अन्य १२ वटा फर्म/कम्पनीहरुलाई कम मूल्यको धितोलाई अधिक मूल्यांकन गर्ने कार्यमा सरिक भई सोको आधारमा हाइपोथिकेशन कर्जा, धितो कर्जा, लगायतका बिभिन्न किसिमका ऋण र कर्जा सुविधा दिए दिलाएको, नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेड प्रधान कार्यालयबाट भएका बिभिन्न परिपत्र, नीति निर्देशन कर्जा निर्देशिका लगायतका बैंक सम्बन्धी प्रचलित नेपाल कानूनहरु पालन नगरी कूल रु. १९,००,०६,०४५।८३ भ्रष्टाचार गरेकोले तत्कालीन उप-प्रवन्धक रजनीलोचनप्रसाद तण्डुकारलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ बमोजिम अभियोग लगाइएको ।

नेपाल बैंक लिमिटेड, काठमाडौं वैकिङ्ग कार्यालयको कर्जा कमिटीको सदस्यको हैसियतले भविष्यको कर्जा कारोवारको लागि शुरुमा नै कमसल धितो सुरक्षण पास गरी लिने कार्यमा सरिक भई सो धितोको आधारमा धितो कर्जा रु. ४० लाख प्रवाह गर्ने कार्यमा मतियारको रुपमा संलग्न रहेको देखिएकोले प्रवन्धक तीर्थराम श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा दफा १६ क बमोजिम अभियोग लगाइएको ।

नेपाल बैंक लिमिटेड, काठमाडौं वैकिङ्ग कार्यालयको कर्जा कमिटीको सदस्य एवं कर्जा विभागको इन्चार्जको हैसियतले कर्जा कमिटीको ०५३।११।२१ को निर्णयबाट का.जि.काठमाडौं महानगरपालिका वडा नं. ३५ को कि.नं. ३४२ को खोलासंग जोडिएको जग्गा रु. ६० लाखमा धितो पास गरी सोको आधारमा सरोज फर्निचर उद्योगलाई रु. २० लाख कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेको देखिएकोले उप-प्रवन्धक शशिकिरण श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ बमोजिम अभियोग लगाइएको ।

देहायका बैंक कर्मचारीहरुले विभिन्न कर्जा वापत बैंकको नाममा धितो सुरक्षण दिने जग्गा तथा स्टकमा रहेको मालसामानको मूल्यांकन गर्दा सम्बन्धित कर्जावालाहरु समेतसंगको मिलेमतोमा देहाय बमोजिम अत्यधिक मूल्यांकन गरी बैंकलाई गैरकानुनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा २९ बमोजिम अभियोग लगाइएको –

१. तत्कालीन स.प्र.कृष्णबहादुर कारन्जित
२. का.स. रोशनमान जोशी
३. का.स. बिष्णुराम श्रेष्ठ
४. स.प्र.रवि श्रेष्ठ
५. स.प्र.प्रदीप न्यौपाने
६. का.स. नरेन्द्र मेहर श्रेष्ठ
७. स.प्र. पूर्णराम शर्मा दवाडी
८. तत्कालीन स.प्र.लोकबहादुर श्रेष्ठ
९. स.प्र.प्रकाश मानन्धर
१०. स.प्र.ध्रुवराम प्रधान
११. का.स.इश्वरमान जोशी
१२. का.स. तीर्थनारायण महर्जन

नेपाल दूर संचार संस्थानमा कार्यरत इन्जिनीयर नरेन्द्रराज भट्टराई, सडक विभागका ओभरसीयर केशवलाल श्रेष्ठ र डा. हरिवंश झा, इन्जिनीयर मदनप्रसाद ढुंगेल समेतका व्यक्तिहरुले नेपाल बैंक लिमिटेडसंग गरेको कबुलियतनामाका शर्तहरुको बर्खिलाफ गैरकानूनी रुपमा बैंकबाट कर्जा दिलाई कहिल्यै नतिर्ने नबुझाउने संगठित अपराधीहरुको एक मुख्य कडिको रुपमा संलग्न रही काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलान्चोकका खोला बगर, भीर, पहरा, खोंच, बाटो नभएका तथा व्यवसायिक महत्व नभएका विभिन्न किस्ता जग्गाहरुको वास्तविक मोलभन्दा कैयौं गुना बढाई कूल मूल्यांकन गरी सो मूल्यांकनको रकमको आधारमा बैंकले सुरक्षण धितो पास गरी कर्जा प्रवाह गरेको तर सो सुरक्षणबाट कुन कुन फर्मलाई कति कर्जा प्रवाह भएको हो सो कुरा किटान नहुने गरी बैंकले कर्जा प्रवाह गरेको हुंदा उक्त धितो पास मूल्यको आधारमा प्रवाहित कर्जा रकम बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू तथा आफू सम्बद्ध पक्षहरुलाई गैरकानूनी लाभ लिई पुऱ्याई भ्रष्टाचार गरेको देखिएकोले निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) वा ८ र दफा २९ बमोजिम अभियोग लगाइएको ।

देहायका व्यक्तिहरुले मोहन साहनी र सम्बन्धित बैंक पदाधिकारीहरु समेतको मिलेमतोमा ज्यादै कमसल धितोको अत्यधिक मूल्यांकन गरी गराई देहायका फर्म उद्योगहरुको नाममा बिभिन्न शीर्षकहरुमा देहाय बमोजिमको कर्जाको ठूलो रकम प्राप्त गरी सो अनुरुपको कुनै परियोजना सञ्चालन नगरी समयमै तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बैंकलाई गैरकानूनी हानि नोक्सानी तथा आफूहरुलाई गैरकानूनी लाभ लिई पुऱ्याई भ्रष्टाचार गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ बमोजिम अभियोग लगाइएको :

१. ए वन एण्ड सप्लायर्स (बिगो रु. १,७५,५८,६४०।२७) को नामबाट कारोवार गर्ने तथा कान्ति खाद्य उद्योग प्रा.लि. (बिगो रु. १,१४,३१,१५७।२२) को संचालकको हैसियतबाट कारोवार गर्ने बिनोद शाही
२. कान्ति खाद्य उद्योग प्रा.लि. (बिगो रु. १,१४,३१,१५७।२२) को संचालकको हैसियतबाट कारोवार गर्ने ऋषिराम घिमिरे
३. कान्ति खाद्य उद्योग प्रा.लि. (बिगो रु. १,१४,३१,१५७।२२) को संचालकको हैसियतबाट कारोवार गर्ने भुपालप्रसाद वास्तोला
४. फेयरडिल इन्टरनेशनल प्रा.लि. (बिगो रु. २,१२,२८,३९८।७१) को संचालकको हैसियतबाट कारोवार गर्ने तथा कञ्चन ट्रेड कन्सर्न (बिगो रु. १,५८,२०,२९२।२५) को अख्तियार प्राप्त व्यक्ति दुर्गादत्त पाण्डे
५. फेयरडिल इन्टरनेशनल प्रा.लि. (बिगो रु. २,१२,२८,३९८।७१) को संचालकको हैसियतबाट कारोवार गर्ने बासुदेव जोशी
६. उमा महेश्वर हार्डवयर (बिगो रु. १,२३,९०,७००।२२) को नामबाट कारोवार गर्ने प्रोप्राईटर शान्ति श्रेष्ठ
७. वेस्ट वे सेन्टर (बिगो रु. १,५२,९७,०१२।३१) को नामबाट कारोवार गर्ने प्रोप्राईटर प्रकाश राना
८. एसेल इन्टरनेशनल प्रा.लि. (बिगो रु. ४०,३९,९३९।००) को सन्चालकको हैसियतबाट कारोवार गर्ने वालाकान्त चौधरी
९. एसेल इन्टरनेशनल प्रा.लि.(बिगो रु. ४०,३९,९३९।००) को सन्चालकको हैसियतबाट कारोवार गर्ने शंकरप्रसाद जोशी
१०. एसेल इन्टरनेशनल प्रा.लि.(बिगो रु. ४०,३९,९३९।००) को सन्चालकको हैसियतबाट कारोवार गर्ने अजय कुमार चौधरी
११. टि.एण्ड टि. प्रा.लि. (बिगो रु.१५,८७,७०४।२२) को सन्चालकको हैसियतबाट कारोवार गर्ने प्रदिपरत्न तुलाधर
१२. टि.एण्ड टि. प्रा.लि. (बिगो रु.१५,८७,७०४।२२) को सन्चालकको हैसियतबाट कारोवार गर्ने सर्वज्ञरत्न तुलाधर
१३. टि.एण्ड टि. प्रा.लि. (बिगो रु.१५,८७,७०४।२२) को सन्चालकको हैसियतबाट कारोवार गर्ने अमरराज ताम्राकार
१४ साइवावा विद्या गार्मेण्ट (बिगो रु. २,०१,४७,२५६।४४) को प्रोप्राइटरका हैसियतबाट कारोवार गर्ने विद्या परियार
१५. गोरखकाली गार्मेण्ट (बिगो रु. २,०७,२८,७२९।४९) प्रोप्राइटरका हैसियतबाट कारोवार गर्ने प्रसस्ती थापा
१६. गोरखकाली गार्मेण्ट (बिगो रु. २,०७,२८,७२९।४९) को अख्तियार प्राप्त व्यक्तिको हैसियतबाट कारोवार गर्ने राजकुमार थापा
१७. वौद्ध रिकण्डिसन इन्टरप्राइजेज (बिगो रु. १,६४,६९,१५१।३६) का प्रोप्राइटरका हैसियतबाट कारोवार गर्ने मनोजकुमार पण्डित क्षेत्री
१८. युनिभर्सल एपरल्स (बिगो रु. १,०९,७२,४६७।७२) को प्रोप्राइटरका हैसियतबाट कारोवार गर्ने कर्णवीर सिंह उपरकोटी

कर्जावाला मोहन साहनीले बैंक पदाधिकारीहरुसंगको मिलेमतोमा अत्यन्त कमसल धितो सुरक्षण दिई कर्जा लिएको रकमबाट कमसल जग्गा खरीद गरी सोही जग्गालाई बढी मूल्यांकन गराई पुनः बैंकमा धितो राखेको तथा

त्यस्ता धितो एयरमार्क गरी गराई आफ्ना नाममा दर्ता कायम रहेका फर्महरुका नाममा ठूलो रकम कर्जा बांकी रहंदा रहँदै पनि बदनीयतपूर्ण रुपमा आफूले सजिलै नियन्त्रणमा राख्न सक्ने व्यक्तिहरुका नाममा विभिन्न फर्म/कम्पनीहरु दर्ता गराई गैरकानूनी रुपमा सांवा रु. १२,०६,१३,०२७।८३ लिई हालसम्म नबुझाई २०५८ फागुन मसान्तसम्म रु. १९,००,०६,०४५।८३ बराबरको रकम बैंकलाई गैरकानूनी हानिनोक्सानी तथा आफू तथा सम्बद्ध फर्म/कम्पनीवालाहरुलाई गैरकानूनी लाभ लिए पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ बमोजिम अभियोग लगाइएको ।

कंचन ट्रेड कन्सर्नका प्रो. हेमा जोशीले स्थानीय व्यापारको कारोवार गर्ने भनी फर्म दर्ता गराई फर्मको तर्फबाट कारोवार गर्ने अख्तियारी आफ्ना श्रीमान दुर्गादत्त पाण्डेलाई दिएको र रु. १ करोडको व्यक्तिगत धन जमानी दिई गैरकानूनी रुपमा रु. ९८ लाख धितो कर्जा लिई भ्रष्टाचार गर्न सहायकको भूमिका निर्वाह गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा ऐ दफा १६ क को अभियोग लगाइएको ।

भक्तबहादुर थापा मगर, कान्छी प्रधान, लालबहादुर श्रेष्ठ, श्यामकृष्ण मानन्धर, हरिबहादुर खड्का, सुकूलाल महर्जन, रत्नमाया सुवाल, विष्णुबहादुर खड्का, अक्कलबहादुर खत्री, काजीबहादुर खत्री, रत्नकाजी बज्राचार्य तथा प्रह्लाद थापाले मोहन साहनी तथा निजसंग सम्बद्ध अन्य कर्जावालाहरुसंगको मिलेमतोमा आफ्नो नाममा दर्ता कायम भएका जग्गाहरु भौगोलिक विकटता तथा शून्य भौतिक पूर्वाधारहरुको कारणबाट कम मूल्यको हो भन्ने जानी जानी बैंकमा धितो राखी ठूलो रकम कर्जा प्राप्त गर्न लागिएको कुरा जग्गा रोक्का राख्न मञ्जूरी दिंदा नै वा दृष्टिवन्धक पारित गर्दा नै जानकारीमा आएकोमा त्यस्तो अचल सम्पत्ति बैंकको नाममा लेखी दिई बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याएको, हाल सम्बन्धित गाउं विकास समिति/नगरपालिकाको मूल्यांकनबाट समेत ती जग्गाहरुको प्रचलित बजार मूल्यको तुलनामा अत्यधिक मूल्यांकन गरेको देखिएको र आफूले धितो दिएको जग्गाको ऋण रकम दुरुपयोग भएको जानकारी भएपछि वा कबूल अवधि नाघेपछि आफ्नो सम्पत्तिको सुरक्षणतर्फ कुनै प्रयास गरेको खुलाउन नसकेकोबाट पनि जानी जानी भ्रष्टाचारजन्य कार्यमा मतियारको रुपमा संलग्न रहेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा दफा १६ क. बमोजिमको अभियोग लगाइएको ।

३. प्रतितपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, विशालबजार लगायत विभिन्न बैंकिंग कार्यालयहरुका देहाय बमोजिमका पदाधिकारी तथा अन्य विभिन्न कम्पनीका सम्बन्धित व्यक्तिहरुको परस्पर मिलोमतो, सरसल्लाह, सहयोग र संलग्नतामा संचालन नै नभएको कम्पनी/फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएका उक्त फर्मका नाममा स्वीकृत सिमा नघाई प्रतितपत्र खोली उल्लिखित प्रतितपत्रहरुबाट अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै शुरु प्रतितपत्रको ग्राह्य नहुने कागजलाई स्वीकार गर्नुका अतिरिक्त विदेशी विनिमय निवेदन फाराम नं. ४ मा भन्सार अधिकृत तथा भन्सार कार्यालयको कीर्ते छाप, दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखेको धरौटी फिर्ता दिएको तथा संशोधन गरेको रकम भुक्तानी दिएर पनि वि.वि.नि.फा.नं. ४ जारी नगरी सामान आयात नै नगरी विदेशी मुद्रा हिनामिना गरेको तथ्य स्थापित हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को बैंक कर्मचारीको हकमा दफा ७(२) र अन्यका हकमा दफा ८ तथा सबै प्रतिवादीउपर दफा २९ बमोजिम सजाय हुन मागदावी लिई बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल उपर हुने मितिमा कायम हुन आउने विनिमय दर अनुसार बिगो रकम उल्लिखित सबै प्रतिवादीहरुबाट दामासाहीले असूल उपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा छुट्टाछुट्टै अभियोग पत्रहरु दायर गरिएको :-

क) <u>राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, विशालबजार अन्तर्गत</u> :

कम्पनीको नाम	प्रोपराइटर वा संचालक र जमानी दिनेहरु	संलग्न बैंक कर्मचारीको पद	नाम, थर	प्रतीतपत्रको मिति र नं	बिगो, अमेरिकी डलरमा	आयात गरिने भनिएको वस्तु
अलरेडी एक्सपोर्ट ट्रेडर्स, कोइली इम्पोरियम ट्रिडेन्ट ग्याप्स नेपाल	महेन्द्रबहादुर बस्नेत बलराम सापकोटा आनन्द कुमार अग्रवाल,	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा	मिति १४।६।९५ मा ३०।२७९५, खोली रकम संशोधन	३,६०,०००	मण्डारिन इष्टर्न ट्रेडिङ्ग सिंगापुरबाट डक्सी साइक्लिन

	कैलासध्वज खांड, मंगलमान श्रेष्ठ					
श्रीराम फिड इण्डष्ट्रीज ब्राइटर इण्डष्ट्रिज	कपिलप्रसाद पोखरेल आनन्द कुमार अग्रवाल पवन कुमार अग्रवाल	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज एकाउन्टेण्ट	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा सुदर्शनकृष्ण श्रेष्ठ	मिति २२।११।९४ मा ३०।५२७४, ८।११।९४ मा ३०।५२४६, ३०।११।९४ मा ३०।५२९२	१,९८,५००	ली ल्याण्ड मार्क एक्जिम कम्पनी र सुध्न ट्रेडर्स हङ्कङबाट सिविड पाउडर
न्यू सितारा इन्टरप्राइजेज विराट इन्टरनेशनल प्रा. लि. इन्दिरा एण्ड डेविट इन्टरप्राइजेज	प्रोप्राइटर पासाङ लामा बालकृष्ण थापा गोविन्दमान न्यौपाने	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा	२०५१।१२।२८ मा ३०।२२५७	५७,०००	मण्डारिन इष्टर्न ट्रेडिङ्ग सिंगापुरबाट नाइनल फिलामेन्ट यार्न
बैजन्ती इन्टरप्राइजेज टिडेन्स च्याप्स नेपाल प्रा.लि.	सरस्वती रन्जित आनन्दकुमार अग्रवाल, कैलाशध्वज खांड, मंगलमान श्रेष्ठ	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज सहमुख्य अधिकृत	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा वीरेन्द्रनाथ लोहनी	२०५२।१।२५ मा ३०।२४३८, ०५२।१।१६मा ३०।२५२३ र २१।५।१९९५मा ३०।२६०९ खोली रकम संशोधन	७,९८,४००	सुकमर्ज ईन्टरनेशनल सिंगापुरबाट कम्प्यूटर पार्ट, अक्सीटेट्रासाईक्लिन र फोटोग्राफिक पेपर
इन्दिरा एण्ड डेविट इन्टरप्राइजेज विराट इन्टरनेशनल प्रा.लि	गोविन्दमान न्यौपाने बालकृष्ण थापा	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा	२०५१।१२।२२ मा ३०।२२३९	४,०७,०००	मण्डारिन इष्टर्न ट्रेडिङ्ग सिंगापुरबाट आलमण्ड
स्काई ट्रेड कम्पनी एक झलक ट्रेड कन्सर्न रोयल अप्टिक	शिवनारायण श्रेष्ठ, पाण्डव भुजेल, भीमेन्द्रकुमार गोयल प्रल्हाद गुप्ता	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा	७।४।१९९५ मा ३०।२२६१ र १०।४।१९९५ मा ३०।२२६२	२,५०,०००	इन्टाइम इन्टरप्राइजेज हङ्कङबाट सिल्क यार्न
शर्माश्री इन्टरप्राइजेज विराट इन्टरनेशनल प्रा.लि.	अनिलकुमार शर्मा बालकृष्ण थापा	तत्कालीन मेनेजर सहमुख्य अधिकृत एल.सी. इन्चार्ज एकाउन्टेण्ट	बालकृष्ण अधिकारी सुरेन्द्रलाल राजभण्डारी रामभक्त देवकोटा सुदर्शनकृष्ण श्रेष्ठ	मिति ७।३।९५ मा ३०।१९९५	६९,३००	अमेरिकन कम्पोनेन्ट प्रा.लि. सिंगापुरबाट हार्ड डिक्स ड्राइभ

(ख) राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी शाखा अन्तर्गत :

जि.थापा इन्टरट्रेड कन्सर्न रोयल ग्रिन ईन्टरनेशनल	राजिव सेढाइ प्रकाशकुमार टिबडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिल कुमार भण्डारी	११।६।१९९५ मा ३०।३८३ खोली रकम संशोधन	३,५१,२६२।५०	सिङ्गापुरबाट भिडियो र कम्प्यूटर पार्टस
दियालो श्री ट्रेडर्स	राजेन्द्रप्रसाद यादव सुकदेव मोची	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२२।७।१९९४मा ३०।०३ खोली रकम संशोधन	८३,६९१।८०	सिङ्गापुरबाट बेयरिङ्ग

सोल्टी एग्जीम हाउस रोयल ग्रिन इन्टरनेशनल	रेवती रमण भट्टराई प्रकाशकुमार टिवडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२०५२।३।४ मा ३०/०४	५००,६५०	हङकङबाट कम्प्यूटर स्पेयर पार्ट
श्रीराम फिड ईण्डष्ट्रिज ब्राईटर ईण्डष्ट्रिज	कपिलप्रसाद पोखरेल आनन्दकुमार अग्रवाल	तत्कालीन मेनेजरहरु लेखा अधिकृत वरिष्ठ सहायक	तीर्थप्रसाद न्यौपाने, गोपालबहादुर श्रेष्ठ, अनिलकुमार भण्डारी रघुवरराज पाण्डे	२०५१।६।११ मा ३०।११६ खोली रकम संशोधन	१,६०,०००	हङकङबाट गिग्राटिना स्पाइसिज (सविड पाउडर)
अजिर्ण ईन्टर प्राईजेज श्रीराम फिड ईण्डष्ट्रिज ब्राईटर ईण्डष्ट्रिज	शंकरकुमार मगर कपिलप्रसाद पोखरेल आनन्दकुमार अग्रवाल	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	१०।३।१९९५ मा ३०।२३३	२,५३,०००	हङकङबाट कम्प्यूटर पार्टस
डम्बरु ईन्टरप्राइजेज रोयल ग्रीन ईन्टरनेशनल	डम्बरबहादुर खत्री प्रकाशकुमार टिवडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२४।७।१९९५ मा ३१।०९	२,५०,९१४	हङकङबाट कम्प्यूटर स्पेयर पार्टस
यूनिक कन्सर्न रोयल ग्रीन ईन्टरनेशनल	प्रकाश शाक्य प्रकाशकुमार टिवडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२०५२।४।१० मा ३१।१५	४,७९,६००	हङकङबाट कम्प्यूटर स्पेयर पार्टस
फेवा इन्टरनेशनल ट्रेड लिङ्क रोयल ग्रिन इन्टरनेशनल अर्चले इन्टरप्राईजेज	सोमनाथ खतिवडा प्रकाशकुमार टिवडेवाला गोपालप्रसाद पाठक, शरद गिरी	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२६।४।१९९५ मा ३०।३१० र १८।५।१९९५ मा ३०।३४९ खोली रकम संशोधन	४,१७,८००	सिङ्गापुरबाट माईक्रो मोटर तथा टेट्रा साईक्लिन
न्यू गावा ईन्टरप्राइजेज रोयल ग्रिन ईन्टरनेशनल	अनिलकुमार तामाङ्ग प्रकाशकुमार टिवडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२०५२।४।११ मा ३१।१७	२,४६,०४८	सिङ्गापुरबाट सिगरेट फिल्टर
एलिना ईन्टरप्राईजेज	योगबहादुर राई, हर्कबहादुर मगर, कृष्ण गिरी	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	६।७।१९९५ मा ३०।४३२	४,७६,६५२	सिङ्गापुरबाट सिल्क यार्न
सिता एण्ड श्याम श्वेत इन्टरप्राइजेज रोयल ग्रिन इन्टरनेशनल	शंकरराज कंडेल प्रकाशकुमार टिवडेवाला	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२।६।१९९५ मा ३०।३६९	१,२४,५७५	सिङ्गापुरबाट बेयरिङ्ग
नीलगगन ट्रेडर्स	दीपककुमार खड्का	तत्कालीन मेनेजर लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने अनिलकुमार भण्डारी	२४।४।१९९५मा ३०।३०२, २७।४।१९९५ मा ३०।३१२, १०।५।१९९५ मा ३०।३३१, १६।५।१९९५ मा ३०।३४२, १७।५।१९९५ मा ३०।३४५ र ४।६।१९९५ मा ३०।३७५ खोली पटक पटक रकम संशोधन	१०,८५,६१०	सिङ्गापुरबाट कम्प्यूटर स्पेयर पार्टस, मेडिकल ईक्यूपमेन्ट, फोटोग्राफी पेपर, सिल्क यार्न, रोडरी इलेक्ट्रिक कन्भेटर माईक्रो मोटर र बाटर पम्प आदि

न्यू मेकर ट्रेड लिङ्क	पुर्णबहादुर वलाम्पाकी	तत्कालीन मेनेजरहरु लेखा अधिकृत	तीर्थप्रसाद न्यौपाने, गोपालवहादुर श्रेष्ठ अनिलकुमार भण्डारी	३१।३।१९९५ मा ३०।२६८, २०५१।५।३० मा ३०।४४, २०५१।७।२१ मा ३०।६० र २०५१।६।११ मा ३०।३९ खोली पटक पटक रकम संशोधन	४,७३,२००	सिङ्गापुरवाट इलेक्ट्रिक रोटरी कन्भेटर, ड्राई ईष्ट, कम्प्यूटर पार्टस र इथाइल भिनाइल

४. कागजात फिर्ता आई डिफल्ट भएको फरेन बील नेगोसिएशन (एफ.वि.एन.) को रकम तुरुन्त असूल उपर गर्नु पर्नेमा सो नगरी थप ४९ पटक एफ.वि.एन.को भुक्तानी दिएको, धितो वा जमानी बिना भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा डि. एण्ड डि. क्लोदिङ्ग प्रा.लि.का प्रवन्ध निर्देशक कृष्णनाथ गायकवाड तथा राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रवन्धकहरु श्रीकृष्ण श्रेष्ठ, दिलीपकुमार श्रेष्ठ, वीरेन्द्रनाथ लोहनी, तत्कालीन लेखा अधिकृत भरतबहादुर बस्नेत, तत्कालीन सह लेखा अधिकृत गीता पराजुली र तत्कालीन वरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्गको समेत परस्पर मिलोमतो र संलग्नतामा प्रतित पत्र एवं प्रज्ञापन पत्र जस्ता महत्वपूर्ण कागजातहरुमा कुनैमा टिपेक्स लगाई सच्याउने, कुनैमा गलत फोटोकपी तयार गर्ने, कुनैको आवश्यक अथेन्टिकेशन नगरी स्वीकार गर्ने जस्ता कार्यहरु गरी गलत लिखत तयार पारी मिति २०५३।६।३०देखि २०५५।३।७ सम्म ४९ पटक फोरेन बील नेगोसिएशन गरेको देखिन आयो । विभिन्न मितिमा सामान निर्यात गरेको भनी अमेरिकी डलर १६,३०,७६७.६४ को रु. ९,८०,०७,२१०।१२ बैंकबाट भुक्तानी लिए दिएको तर सामानहरु भने निर्यात नै नगरेको तथ्य स्थापित हुन आई बैंकले प्राप्त गर्नु पर्ने रकम प्राप्त नगरेको हुंदा उल्लिखित आधार प्रमाणबाट राष्ट्रिय वाणिज्य बैंक बानेश्वरमा तत्काल कार्यरत प्रवन्धकहरु श्रीकृष्ण श्रेष्ठ, दिलीपकुमार श्रेष्ठ, वीरेन्द्रनाथ लोहनी, तत्कालीन लेखा अधिकृत भरतबहादुर बस्नेत, तत्कालीन सह लेखा अधिकृत गीता पराजुली र वरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्गले निज कृष्णनाथ गायकवाडलाई गैरकानूनी लाभ पुऱ्याउने र बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बदनीयतले नेपाल कानूनको जानी जानी पालना नगरी भ्रष्टाचारजन्य कसूर गरेकोले बैंक कर्मचारीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) एवं २९ बमोजिमको र कृष्णनाथ गायकवाडले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ बमोजिमको कसूर गरेको देखिंदा देहाय बमोजिम दावी लिई पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको :

(१) राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन कर्मचारीहरु दिलीपकुमार श्रेष्ठ, वीरेन्द्रनाथ लोहनी, श्रीकृष्ण श्रेष्ठ, भरतबहादुर बस्नेत, गीता पराजुली र महेन्द्रभक्त प्रधानाङ्ग उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिम सजायको माग दावी लिइएको । साथै निजहरुले फरेन बील नेगोसिएशन (एफ.वि.एन.) सम्बन्धी काम गर्दा परस्पर मिलोमतो गरी राष्ट्रिय वाणिज्यबैंकलाई हानि नोक्सानी पुऱ्याए वापत क्रमशः रु. ५,३७,८७,६१९।३०, २,९८,४०,३९२।४०, २७,८०,९२८।–, १,१६,००,०८४।९७, १,९३,२५,१००।७०, र ९,८०,०७,२१०।१२ भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ अनुसार जरिवाना गर्न दावी लिइएको ।
(२) अभियुक्त कृष्णनाथ गायकवाड उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कैद सजाय एवं जरिवानाको हकमा निजले गैरकानूनी रुपमा भुक्तानी लिएको जम्मा रु. ९,८०,०७,२१०।१२ जरिवाना हुन तथा बिगोको हकमा निजले बुझाई सकेको रु. ३,३४,७६,३७२।५६ कट्टा गरी बांकी बिगो रु. ६,४५,३०,८२७।४६ तथा सोको ब्याज समेत भ्रष्टाचार निवारण ऐनको दफा २९ बमोजिम भराई पाउने दावी लिइएको ।

५. नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिंग कार्यालयबाट विभिन्न पार्टीहरुलाई कर्जा प्रवाह हुंदा महेन्द्रप्रसाद गर्तौला समूह तथा सो समूहसंग सम्बद्ध विश्वास रेडिमेड गार्मेन्ट तथा सिद्धि इन्टरप्राइजेज समेतलाई गैरकानूनी रुपमा बदनीयतपूर्ण किसिमले देहायका बैंक पदाधिकारीहरु र व्यक्तिहरुले आपसी मिलेमतोमा हाइपोथिकेशन कर्जा, टि.आर. कर्जा, पूर्व निर्यात कर्जा, चल्ती ओभरड्राफ्ट कर्जा प्रवाह गरेको र स्थानीय प्रतीत पत्रका नाममा नभए नगरेको व्यापारिक कारोवारलाई भए गरेको देखाई कर्जा लिए दिएको रकम नतिर्ने नतिराउने बदनीयतले कम मूल्यको धितोलाई अधिक मूल्यांकन गरी गराई सो धितो राखी राख्न लगाई कानूनतः समयमा नै तिर्दै जानु पर्ने रकम नतिरी नतिराई नेपाल कानून जानी जानी पालन नगरी नगराई २०५८ साल फागुन मसान्तसम्म बैंकलाई रु. ९,६१,२८,५३२।१० गैरकानूनी हानि नोक्सानी पुऱ्याई आफूहरुलाई गैरकानूनी लाभ लिई दिई बैंकबाट बदनीयतपूर्ण रुपमा कर्जा प्रवाह गरिएको सम्बन्धमा देहायका बैंक पदाधिकारीहरु तथा व्यक्तिहरुले देहाय बमोजिम कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन,

२०१७ को दफा ७(१), ७(२) ८, १६क र २९ बमोजिमका कसूरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३४ अनुसार पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको :–

आफूलाई प्राप्त अख्तियारीको दुरुपयोग तथा उल्लंघन गरी बदनीयतका साथ उपरोक्त फर्महरुलाई उपरोक्त बमोजिमका कर्जाहरु प्रवाह गरेको तथा बैंकको कर्मचारीहरुबाट लिमिट नभएको, धितो सुरक्षण नभएको, अन्य शीर्षकमा कर्जाहरु बांकी रहेकोले प्रतीत पत्र खोल्न नमिल्ने भनी किटानी राय पेश हुंदा हुंदै त्यसलाई वेवास्ता गरी बदनीयतका साथ प्रतीत पत्र खोल्ने आदेश दिएको र कर्जा कमिटि मार्फत प्रवाह गर्नु पर्ने कर्जाहरु पछि कमिटिबाट स्वीकृत गर्ने गरी कानून विपरीत ऋण प्रवाह गरी २०५५।१२।१२ को कर्जा कमिटिको बैंठकबाट समर्थन गराई आफूले गरेका गैरकानूनी कार्यलाई ढाकछोप गर्ने प्रयास समेत गरेको देखिएकोले तत्कालीन नायव महाप्रबन्धक शेरबहादुर थापालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

आफूलाई नभएको अख्तियारी प्रयोग गरी बदनीयतपूर्वक पूर्व निर्यात कर्जा तथा चल्ती ओभरड्राफ्ट कर्जा प्रवाह तथा स्थानीय प्रतीत पत्र वि.पी. गरेको र अनियमित रुपमा प्रवाहित कर्जालाई कर्जा कमिटीको सदस्यको नाताले ५ महिना पछि समर्थन गरी गैरकानूनी रुपमा भएको कार्यलाई कानूनी र नियमित बनाउंने बदनीयतपूर्ण कार्य समेत गरेको देखिएकोले सहायक मुख्य प्रवन्धक उत्तमकुमार नेपाललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

अन्य शीर्षकमा कर्जा बांकी छंदाछंदै जि.पी.एम. गार्मेण्टलाई चल्ती ओभरड्राफ्ट कमिटीको सदस्यको नाताले रु. १० लाख कर्जा प्रवाह गरेकोले चल्ती विभाग इञ्चार्ज महन्तबहादुर महर्जनलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

अनियमित रुपमा प्रवाहित कर्जालाई कर्जा कमिटीको सदस्यको नाताले ५ महिनापछि समर्थन गरी गैरकानूनी रुपमा भएको कार्यलाई कानूनी र नियमित बनाउने बदनीयतपूर्ण कार्य गरेको, पार्टीको कर्जा सूचनाका सम्बन्धमा विस्तृत जानकारी नलिई बदनीयतपूर्वक कर्जा प्रवाह गरेकोले कर्जा विभागका विभागीय प्रवन्धक पुरुषोत्तमप्रसाद श्रेष्ठ र कर्जा विभागका इन्चार्ज रजनीलोचन तण्डुकारलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम दावी लिइएको ।

अनियमित रुपमा प्रवाहित कर्जालाई कर्जा कमिटीको सदस्यको नाताले लामो समयपछि समर्थन गरी गैरकानूनी रुपमा भएको कार्यलाई कानूनी र नियमित बनाउंने बदनीयतपूर्ण कार्य गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरको मतियारमा प्रवन्धक इन्दिरा गुरुङलाई दफा १६क बमोजिम माग दावी लिइएको ।

कुनै व्यापारिक महत्व नभएको काभ्रे जिल्लास्थित बिभिन्न कित्ता जग्गाहरुको वजार मूल्य भन्दा कैयौं गुणा बढाई इन्जिनियरले गरेको मूल्यांकनमा केही मात्र कम गरे जस्तो गरी अस्वाभाविक मूल्यांकनलाई मान्यता दिएको र भैरहवा स्थित फर्मको स्टक मूल्यांकन भैरहवा नगई कोटेश्वर स्थित अर्कै फर्मको स्टक हेरी झूठो प्रतिवेदन दिएकोले कार्यालय सहायक विष्णुराम श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

पार्टीले पेश गरेको झुठो स्टकलाई सत्य भनी बदनीयतपूर्ण ढंगले प्रतिवेदन दिएको र खोलो भएको जग्गालाई बदनीयतसाथ बैंकको लागि धितो ग्राह्य देखाई मूल्यांकन गरी भ्रष्टाचारमा सरिक भएकोले सहायक प्रधान लोकबहादुर श्रेष्ठ र का.मु. सहायक प्रधान कृष्णबहादुर कारन्जितलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

कुनै व्यापारिक महत्व नभएको काभ्रे जिल्लास्थित बिभिन्न कित्ता जग्गाहरुको वजार मूल्य भन्दा कैयौं गुणा बढाई इन्जिनियरले गरेको मूल्यांकनमा केही मात्र कम गरे जस्तो गरी अस्वाभाविक मूल्यांकनलाई मान्यता दिएको र सिद्धि इन्टरप्राइजेजको झुठो स्टक प्रतिवेदनलाई सत्य भनी बदनीयतपूर्ण रुपमा मूल्यांकन गरी भ्रष्टाचारमा सरिक भएकोले कार्यालय सहायक नरेन्द्रमेहर श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

विश्वास इन्टरप्राइजेज र सिद्धी इन्टरप्राइजेजले एक आपसमा खोलेका तथा जि.पी.एम.गार्मेण्टले विश्वास रेडिमेड गार्मेण्टका नाममा खोलेका स्थानीय प्रतीत पत्रको भुक्तानी (नेगोसियट) गर्दा गैरकानूनी तथा बदनीयतपूर्ण रुपले खोलेको प्रतीत पत्रको गैरकानूनी रुपमा भुक्तानी दिने कार्यमा संलग्न रहेकोले प्रतीत पत्र (निर्यात) विभागका इन्चार्ज शान्ता मानन्धरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२)को कसूरको मतियारमा ऐ ऐनको दफा १६क बमोजिम माग दावी लिइएको ।

धितोमा रहने जग्गाको बदनीयतपूर्ण रुपमा अत्यधिक मूल्यांकन गरी गराई बैंकलाई गैरकानूनी हानि र आफू तथा कर्जावालालाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरी भ्रष्टाचार गरेकोले इन्जिनियरहरु उज्वलकुमार ढकाल र केशवलाल श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ बमोजिम माग दावी लिइएको ।

बैंक कर्जा प्राप्त गर्ने एकमात्र अभिप्रायबाट फर्म/उद्योग दर्ता गराई तथा धेरै मात्रामा कमसल जग्गाहरु खरीद गरी बैंकको नाममा लेखी दिएको तथा नक्कली कागजात तयार पारी बदनीयतपूर्ण रुपमा स्थानीय प्रतीत पत्र खोली ठूलो रकम प्राप्त गरी तथा बैंक कर्मचारीसंगको मिलोमतोमा बैंकलाई गैरकानूनी हानि र आफू र आफू सम्बद्धलाई गैरकानूनी लाभ पुऱ्याएकोले महेन्द्रप्रसाद गर्तौलालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम माग दावी लिइएको ।

आफ्ना फर्मको उद्धेश्य प्रतिकूल विभिन्न कारोवार गरेको भनी नक्कली कागजात तयार पारी बैंकलाई हानि नोक्सानी र आफू तथा आफू सम्बद्ध पक्षलाई गैरकानूनी लाभ लिने पुऱ्याउने कार्य गरेकोले केशवप्रसाद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम माग दावी लिइएको ।

झुठो कागजात तथा विवरण तयार पारी स्थानीय प्रतीतपत्र मार्फत नगरेको कारोवारलाई पनि भए गरेको भनी बैंक कर्मचारीसंगको मिलेमतोमा आफूलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुऱ्याएकाले विजयप्रसाद लोहनी लाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम माग दावी लिइएको ।

बैंकको नाममा पास गरिदिने धितोको अत्यधिक मूल्यांकन गराई दृष्टिबन्धक पास गरी बैंकलाई गैरकानूनी हानि तथा आफू तथा कर्जावालालाई गैरकानूनी लाभ लिएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरको मतियारमा लक्ष्मण के.सी.लाई ऐ ऐनको दफा १६क बमोजिम माग दावी लिइएको ।

६. नेपाल बैंक लिमिटेड, काठमाडौं बैंकिंग कार्यालयबाट विश्वप्रिया मल्ल समूहलाई प्रवाह गरिएको कर्जाका सम्बन्धमा देहायका बैंक पदाधिकारीहरु तथा व्यक्तिहरुले आपसी मिलेमतोमा हाईपोथिकेशन कर्जा लिए दिएको रकम नतिर्ने नतिराउने बदनीयतले कम मूल्यको धितोलाई अधिक मूल्यांकन गरी गराई सो धितो राखी राख्न लगाई कानूनतः समयमा तिर्दै जानु पर्ने रकम नतिरी नतिराई नेपाल कानून जानी जानी पालन नगरी बैंकलाई २०५८ फागुन मसान्त सम्ममा रु. २,०९,५०,९७६।७२ गैरकानूनी हानि नोक्सानी पुऱ्याई आफूहरुलाई गैरकानूनी लाभ लिई दिई कसूर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) ८, १६क र २९ बमोजिमको कसूरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३४ अनुसार पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको :–

प्रचलित कानून विपरीत अख्तियारको दुरुपयोग गरी बदनीयतपूर्ण किसिमले आफूखुशी विभिन्न मितिमा सुरक्षण धितोको अत्यधिक मूल्यांकन गरी गराई र आफ्नो अख्तियारी सीमा समेत उल्लंघन गरी हाइपोथिकेशन कर्जा प्रवाह गरी गराई बैंकलाई गैरकानूनी हानि नोक्सानी र कर्जावाला तथा अन्यलाई गैरकानूनी लाभ पुऱ्याएकोले तत्कालीन नायव महाप्रवन्धक शेरबहादुर थापालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

गैरकानूनी रुपमा नायव महाप्रवन्धकको ठाडो तोक आदेशबाट विश्वप्रिया मल्ल समूहलाई विभिन्न मितिमा प्रवाह भएको हाइपोथिकेशन कर्जा पछाडिको मितिबाट बदनीयतपूर्ण किसिमले समर्थन गरी गराई भ्रष्टाचारजन्य कार्यमा सरिक भएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा तत्कालीन सहायक मुख्य प्रवन्धक उत्तमकुमार नेपाललाई ऐ १६(क) बमोजिम मागदावी लिइएको ।

तत्कालीन नायव महाप्रवन्धकबाट कर्जा प्रवाह गर्न गैरकानूनी रुपमा लगाएको तोक आदेश बदनीयतपूर्ण किसिमले कार्यान्वयन गरी गराई तथा कर्जा प्रवाह भएको लामो समय व्यतीत भइसकेपछि कर्जा विभागको विभागीय प्रवन्धक तथा कर्जा कमिटीको सदस्यको नाताले समर्थन गरेकोले तत्कालीन कर्जा विभागका विभागीय प्रवन्धक पुरुषोत्तमप्रसाद श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

तत्कालीन नायव महाप्रवन्धकबाट गैरकानूनी रुपमा तोक आदेशद्वारा प्रवाह भएको कर्जा तथा स्वीकार गरिएको धितो सुरक्षणलाई लामो समयपछि २०५५।१२।१२ को कर्जा कमिटीको बैठकबाट सदस्यको नाताले बदनीयतपूर्ण किमिसले समर्थन जनाएकोले प्रबन्धक इन्दिरा गुरुङ्गलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा ऐ ऐनको दफा १६क बमोजिम माग दावी लिइएको ।

तत्कालीन नायव महाप्रबन्धकबाट कर्जा प्रवाह गर्न गैरकानूनी रुपमा लगाएको तोक आदेश बदनीयतपूर्ण ढंगले कर्जा विभागको इन्चार्जको हैसियतले कार्यान्वयन गरी गराई तथा कर्जा प्रवाह भएको लामो समय व्यतित भइसकेपछि कर्जा कमिटीको सदस्यको नाताले समर्थन गरेकोले तत्कालीन कर्जा कमिटीको सदस्य सचिव रजनीलोचन तण्डुकारलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

कानून विपरीत बदनीयतपूर्ण किसिमले बैंक कर्जा वापत दिइने सुरक्षण धितोको अत्यधिक बढी मात्रामा मूल्यांकन गरी गराई बैंकलाई गैरकानूनी हानि नोक्सानी तथा कर्जावाला तथा अन्यलाई गैरकानूनी लाभ पुऱ्याएकोले इन्जिनीयर रमेश मानन्धरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

कानून विपरीत बदनीयतपूर्ण किसिमले कर्जावालाले बैंकलाई लेखी दिएको धितो सुरक्षणको अत्यधिक मूल्यांकन गरी गराई बैंकलाई गैरकानूनी हानि तथा कर्जावालालाई गैरकानूनी लाभ पुऱ्याएकोले तत्कालीन स.प्र. लोकबहादुर

श्रेष्ठ, धुवराम प्रधान, कृष्णबहादुर कारन्जित, प्रकाश मानन्धरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

कानून विपरीत बदनीयतपूर्ण किसिमले हाइपोथिकेशन कर्जा वापत पार्टीले लेखी दिएको झुठो स्टक विवरणलाई ठीक भएको भनी गैरकानूनी कार्य गरी गराई पार्टीले नै दिएको स्टकको मूल्यांकनलाई ठीक देखाई भ्रष्टाचार गरेकाले तत्कालीन सहायक प्रवन्धक रवि श्रेष्ठ र प्रदीप न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), र २९ बमोजिम माग दावी लिइएको ।

कारोवार नभएको कारण देखाई खारेज गरी पाउं भनी स्वयंले निवेदन दिई खारेज गराएको फर्म पि.जी. स्टोर्सको नाममा गैरकानूनी रुपमा बदनीयतपूर्ण किसिमले कर्जा प्राप्त गरेको तथा सनिमा फर्निचरको नाममा समेत कर्जा प्राप्त गरी कर्जाको साावा व्याज भुक्तान नगरी तथा कर्जा अनुसार व्यवसाय संचालन नभएकोमा भए गरेको भनी झुठ्ठो विवरण दिई सार्वजनिक पद धारण गर्ने व्यक्तिसंगको मिलोमतोमा बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानुनी लाभ लिई भ्रष्टाचारमा संलग्न भएकोले विश्वप्रिया मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम माग दावी लिइएको ।

आफ्ना नाममा दर्ता भएको फर्म पि.जि. स्टोर्स आफ्नै सहोदर भतिजीलाई बिक्री गरी निजको नामबाट कर्जा प्राप्त गरी आफ्नै लिपीमा सो फर्मको चल्ती खाताको चेक काटी भुक्तानी लिई बदनीयतपूर्वक सार्वजनिक पद धारण गर्ने व्यक्तिसंगको मिलोमतोमा बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेकोले गेहेन्द्रबहादुर मल्ललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम माग दावी लिइएको ।

विश्वप्रिया मल्ललाई गैरकानूनी रुपमा नेपाल बैंक लिमिटेडबाट कर्जा प्राप्त गर्ने सिलसिलामा सहयोग पुऱ्याई निजबाट भुक्तानी समेत लिई भ्रष्टाचार गरी बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ लिएकोले राम खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरको मतियार हुंदा ऐ ऐनको दफा १६क बमोजिमको माग दावी लिइएको ।

विश्वप्रिया मल्लले कर्जाको लागि बैंकलाई लेखी दिएको धितो सुरक्षणमा दिने थानकोट, वाणभन्ज्यांगका व्यापारिक प्रयोजन नभएका जग्गाहरुको अत्यधिक मूल्यांकन गराई बैंकको नाममा दृष्टिबन्धक पास गरी दिई बदनीयतपूर्वक बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेकोले पुरुषोत्तम कायस्थ, पृथ्वीबहादुर लामा, र राम तामाङ्गलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरको मतियार हुंदा ऐ ऐनको दफा १६क बमोजिमको माग दावी लिइएको ।

विश्वप्रिया मल्लले गैरकानूनी रुपमा प्राप्त गरेको कर्जाको लागि कूल रु. १ करोड ३० लाखको व्यक्तिगत धन जमानी दिएको तथा आफूले कम मोलमा खरीद गरेका जग्गाहरुको अत्यधिक मूल्यांकन गराई सोही कर्जाको लागि बैंकको नाममा दृष्टिवन्धक पास गरिदिई बदनीयतपूर्वक बैंकलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ लिई भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेकोले रामप्रसाद अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरको मतियार हुंदा ऐ ऐनको दफा १६क बमोजिमको माग दावी लिइएको ।

३.१.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत

संखुवासभा जिल्लाको लागि आर्थिक वर्ष २०५७।०५८ मा १२८० क्वीन्टल नूनको कोटा रहेकोमा कोटा बमोजिमको नून मध्ये ६०० क्वीन्टल नून तत्कालीन प्रमुख जिल्ला अधिकारी यादवप्रसाद ढुंगाना समेतले अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र राजेन्द्र साह, धरान-४ बीच मिति २०५७।६।९ मा ६४० क्वीन्टल र मिति २०५७।११।१७ मा ६४० क्वीन्टल नून विराटनगरबाट संखुवासभा, खांदवारीसम्म ढुवानी गर्ने सम्झौता भएको र सो नून जिल्लामा पुगेको भर्पाई प्रमुख जिल्ला अधिकारीले दिनु पर्ने शर्त राखिएकोमा सवै नून जिल्लामा पुगेको भनी प्रमुख जिल्ला अधिकारी समेतले विभिन्न मितिमा साल्ट ट्रेडिङ्ग अंचल कार्यालय विराटनगरलाई जानकारी दिएको देखिए तापनि वितरण प्रणाली वमोजिमको कूपन, नगरपालिकाको पत्र आदि समेतबाट नूनको परिमाण नपुग भएको, नून हेलिप्याडबाट नै वितरण गरेको भनी नून वितरण गर्ने जिम्मेवारी प्राप्त गरेका मध्येका संखुवासभा बहुउद्देश्यीय सहकारी संस्था लि. का प्रो. राजकुमार श्रेष्ठ समेतको मिलोमतोमा नून नै ढुवानी नगरी बील भर्पाई मात्र मिलाई कुनै श्रेस्ता, डे बुक, बैंक खातामा रकम जम्मा नगरी १२८० क्वीन्टल मध्ये संखुवासभा वहुउद्देश्यीय सहकारी संस्थाले बिक्री वितरण गर्ने जिम्मा पाएको ९४० क्वीन्टलमा कूल ३४३.५३ क्वीन्टल मात्र बिक्री वितरण गरी ५९६.४७ क्वीन्टल नून ढुवानी नै नगरी नगराई ढुवानी गरी गराई बिक्री वितरण भयो भनी साल्ट ट्रेडिङ्ग लिमिटेडलाई रकम समेत पठाएको तर ढुवानी गरी बिक्री वितरण भएको कागजात तथा संखुवासभा जिल्लामा नून वितरण गर्ने सम्बन्धमा बनेको सर्वदलीय बैठकका सदस्य तथा आयोगको अनुसन्धान टोलीलाई कार्यबाही गरी पाउं भनी निवेदन दिने मध्येका खांदवारी न.पा. प्रमुख किरण शाक्य र रा.प्र.पा. प्रतिनिधि कृष्णगोपाल श्रेष्ठको बयान लगायत अन्य सवूद प्रमाणबाट देखिन नआएकोले ५९६.४७ क्वीन्टल नूनको खांदवारीमा

बिक्री गर्न तोकिएको वजार मूल्य प्रति के.जी. रु. ३।८० ले रु. २२६६.५८ र ढुवानी प्रति क्वीन्टल रु. १२११।- ले रु. ७,२२,३२५।१७ समेत कूल रु. ७,२४,५९१।७५ लिनु खानु गरी बदनीयतसाथ श्री ५ को सरकारलाई हानि नोक्सानी पुऱ्याएको देखिंदा संखुवासभा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी यादवप्रसाद ढुंगाना र ऐ. का तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी राममणि पोखरेल उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ऐ. को दफा १३ को कसूरमा र नुन ढुवानी गर्ने ठेकेदार राजेन्द्र साह, धरान-४ नून प्राप्त भयो भनी प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिने ठेकेदारको प्रतिनिधि देवेन्द्र कार्की, ओखे-१, तेह्थुम र नून बिक्री वितरण भयो भनी रकम लिने दिने संखुवासभा बहुउद्देश्यीय सहकारी संस्था लि. का राजकुमार श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अनुसार हदैसम्मको सजाय र ऐ. ऐनको दफा २९ अनुसार बिगो वमोजिम जरिवाना गरी नोक्सानी भएको बिगो भराई पाउन माग दावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३४ वमोजिम पुनरावेदन अदालत, धनकुटामा मुद्दा दायर गरिएको ।

जिल्ला प्रशासन कार्यालय, संखुवासभामा कार्यरत खरीदार राधाकृष्ण नेपालले नून आए नआएको तथ्यगत अध्ययन नगरी नआएको नून हेलिकोप्टरबाट आएको भनी प्रतिवेदन दिनुका साथै सो कार्य सहायक प्रमुख जिल्ला अधिकारीको करकाप, जवरजस्तीमा परी गरेको भन्ने बहानामा बिना कूपन ५३० थान कूपन प्राप्त भएको भर्पाई गरी संखुवासभा वहुउद्देश्यीय सहकारी संस्था लि. का राजकुमार श्रेष्ठलाई दिएको "अनुचित कार्य" भित्र परेको हुंदा विभागीय कार्यबाही गर्न गृह मन्त्रालयमा लेखी पठाई बोधार्थ सामान्य प्रशासन मन्त्रालयलाई दिइएको ।

३.१.१.३ कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत

पशु आहार उत्पादन विकास समिति हेटौडाका प्रवन्धक मुनिलाल चौधरीले सो समितिका पशुपंक्षीको लागि दाना बनाउने कच्चा पदार्थ वीरगञ्ज, विराटनगरबाट ल्याई हेटौडाको बढी दरको बील वनाई भुक्तानी गरी गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा आफ्नै कार्यालय (पशु आहारा उत्पादन विकास समिति) का चालकलाई कार्यालयकै गाडीमा वीरगञ्ज, विराटनगर लगायतका विभिन्न ठाउंहरुमा भ्रमण आदेश र पेश्की समेत दिई पशुपंक्षीको आहार उत्पादन गर्न चाहिने कच्चा पदार्थ (डि.ओ.सी.) लिन पठाई त्यसरी ल्याएको सामानको बढी दर राखी हेटौडाका विभिन्न काल्पनिक व्यक्ति र पार्टीको नामको बील बनाउन लगाई भुक्तानी गरेको, खरीद आदेश गर्दा पनि मनोमानीसंग गरी आफूखुशी पार्टीसंग सम्झौता गर्नाका साथै सामान ल्याइसकेपछि खरीद आदेशमा खरीद उप समितिको सदस्यहरुको सही गराउने गरेको, कपडा खुद्रा व्यापारी, निर्माण सामाग्री एवं विजुलीको सामानको कारोवार गर्ने व्यक्तिका फर्मको बील बनाउन लगाई रुपैयां भुक्तानी गरेको र दरभाउ पत्र वा बोलपत्र छल्ने नियतले एकै महिनामा एघार पटक सम्म कच्चा पदार्थ खरीद गरेको खुल्न आएकोले प्रवन्धक मुनिलाल चौधरीलाई र निजसंग अनुचित मिलेमतो गरी चालक कर्मचारीलाई भ्रमण आदेश स्वीकृत गराई डि.ओ.सी. लिन विराटनगर पठाएको र विराटनगरको सामानको हकमा त्यहींको बील बमोजिम भुक्तानी हुनुपर्ने स्वीकारी विराटनगरबाट सामान ल्याएको भन्ने थाहा हुंदाहुंदै पनि नाम, थर, वतन नखुलेका, थाहा नभएका पार्टीहरु समेतको नाममा हेटौडाको बीलबाट भुक्तानी गरेको खुल्न आएकोले तत्कालीन लेखा अधिकृत उद्धवविक्रम विष्टलाई भ्र.नि.ऐन २०१७ को दफा ७ (१) र ऐ ऐन दफा १३ को कसूरमा सोही अनुसारको सजाय माग दावी र प्रवन्धक तथा लेखा अधिकृतसंग को मिलोमतोमा निर्माण सामाग्री एवं बिजुलीको सामान सप्लाई एवं कपडा बिक्रीको कारोवार गर्ने भनी आयकर दर्ता प्रमाण पत्र एवं इजाजत प्राप्त जीवनकाजी श्रेष्ठले विराटनगरबाट समितिको गाडीमा ल्याएको सामानको आफ्नो पसलबाट खरीद गरेको वील बनाई दिई निजहरुको बदनीयत र भ्रष्टाचारजन्य क्रियाकलापमा प्रत्यक्ष रुपमा सरिक भएको देखिएकोले निजलाई सोही ऐनको दफा ८ समेतको कसूर गरेकोमा सोही बमोजिम सजाय र उल्लिखित कार्यबाट भएको नोक्सानी रु. ४,०५,२७२।८० प्रतिवादीहरुबाट दामासाहीले बिगो भराउने समेत माग दावी लिई अन्य विस्तृत कुराहरु अभियोग पत्रमा खुलाई पुनरावेदन अदालत, हेटौडामा मुद्दा दायर गरिएको ।

अनुसन्धानको क्रममा वुझिएका अन्य व्यक्तिहरुको हकमा, निजहरुले मौकामा बयान गर्दा कार्यालय प्रमुख आफैले विभिन्न पार्टीसंग कच्चा पदार्थ खरीद सम्बन्धी सौदा गर्ने गरेको र काम भइसकेपछि अनुशासनको कार्यबाही गर्ने धम्की दिई अर्डर कपीमा सही गराउने गरेको कुरा उल्लेख गरेको र प्रवन्धक मुनीलाल चौधरीले गरेको भ्रष्टाचारजन्य कार्यबाहीवारे मौकामा उजूरी समेत दिएको खुल्न आएको हुंदा निजहरु उपर फौजदारी अभियोग लगाउन निजहरुको कसूर गर्ने मनसायको अभाव देखिए पनि निजहरुले मौकामा सतर्कता राख्न नसकेकोले आयन्दा यस्तो नगर्न सचेत गराइएको ।

३.१.१.४ शिक्षा मन्त्रालय र अन्तर्गत :

१. नापी विभागका तत्कालीन उपसचिव रेवतीरमण शर्मा नेपालले बढुवा पाउने आशयले दरखास्त फारामसाथ पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा अनुसन्धान हुंदा सम्बन्धित विश्वविद्यालयबाट नक्कली भनी लेखी पठाएका समेत आधारमा नक्कली देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १२ अनुसारको कसूर गरेको देखिएकोले निजलाई सोही दफा बमोजिम दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको ।

२. त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पसका हेड असिष्टेण्ट सावित्री शर्मा ज्ञवालीले बढुवा पाउन तथा एम. ए. मा भर्ना हुन फारामसाथ पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा अनुसन्धान हुंदा सम्बन्धित विश्वविद्यालयबाट नक्कली भनी लेखी पठाएको समेत आधारमा नक्कली देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १२ अनुसारको कसूर गरेको देखिएकोले निजलाई सोही दफा बमोजिम दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा अभियोगपत्र दायर गरिएको ।

३. गुठी संस्थान अन्तगर्त सहायक द्वितीय हरिबहादुर थापाले माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट १९८६ मा हाईस्कूल परीक्षा (एस.एल.सी.) उत्तीर्ण गरे अनुरुप वि.सं. २०४३ मा निजले परीक्षा दिएको तर निजको २०४३ सालको हाजिरी अभिलेख हेर्दा विदा लिएको नदेखिएकोले गुठी संस्थानको २०५६।५।८ को निर्णयानुसार आवश्यक कार्यबाहीको लागि प्रेषित फाइल सम्बन्धमा गुठी संस्थानका सहायक चौथो तह हरिबहादुर थापाले बढुवा एवं पदोन्नती पाउने उद्देश्यले पेश गरेको शैक्षिक प्रमाणपत्रका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा सम्बन्धित माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशले "१६८२०२०/१९८६ अनुक्रमांक वस्ती जनपद में अनुदानित नहीं है" भनी लेखी पठाएको र निज थापाले २०५७।१२।११ देखि अवकाश प्राप्त गरेको र निजको उक्त प्रमाणपत्रको अंक बढुवा प्रयोजनको लागि जोडिएको र सो प्रमाण पत्र नक्कली देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र दफा १२ अनुसारको कसूर गरेको देखिएकोले निजलाई सोही दफा बमोजिम दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको ।

४. निजामती सेवामा बढुवा प्रयोजनको लागि विदेशी विश्वविद्यालयहरुबाट प्राप्त नक्कली प्रमाणपत्रहरु पेश गरेको सम्बन्धमा अनुसन्धान हुंदा यसमा निम्न कर्मचारीहरुले बढुवाको ओहदा पाउने उद्देश्यले आफैले पेश गरेको बढुवाको दरखास्त फारामसाथ पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा सम्बन्धित विश्वविद्यालयले उक्त प्रमाणपत्र नक्कली भनी लेखी पठाएको समेत आधारमा नक्कली देखिन आएकाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र १२ अनुसारको कसूर गरेको देखिएकोले निजहरुलाई सोही दफा बमोजिम दण्ड सजायको मागदावी सहित पुनरावेदन अदालत, पाटनमा छुट्टाछुट्टै अभियोग पत्र दायर गरिएको :

सिनं.	नाम थर	पद	कार्यालय	पेश गरेको डिग्री श्रेणी	विश्वविद्यालय	बढुवाको लागि फाराम भरेको पद र विज्ञापन
१	चन्द्रबहादुर कार्की	प्रमुख जिल्ला अधिकारी	जि.प्र.का झापा	एम.ए. प्रथम	एल. एन मिथिला विश्वविद्यालय दरभङ्गा	३१/०५४।५५ सह-सचिव
२.	फत्येबहादुर बटुवा	उप-सचिव	भूमिसुधार व्यवस्था मन्त्रालय अन्तर्गत	,,	,,	३२/०५४।५५ उप-सचिव
३.	देवेन्द्रराज कडेल	शाखा अधिकृत	धरान नगरपालिकाको कार्यालय	,,	,,	,,
४	ताराप्रसाद शर्मा	,,	बनेपा नगरपालिका कार्यालय	,,	मगध विश्वविद्यालय	३७/०५६।५७ उप-सचिव
५.	लयप्रसाद खत्री	,,	राजविराज नगरपालिका	,,	एल. एन मिथिला विश्वविद्यालय दरभङ्गा	,,
६	सनतकुमार रेग्मी	,,	अर्थ मन्त्रालय अन्तर्गत	,,	,,	,,
७	डमरुवल्लभ ढकाल	,,	भूमिसुधार कार्यालय, मोरङ	,,	मगध विश्वविद्यालय	,,

५. नापी शाखा बारामा कार्यरत सर्वेक्षक सञ्जयकुमार ठाकुरले बढुवाको ओहदा पाउने उद्देश्यले संचालित सिनियर नापी तालीममा सहभागी हुन मगध विश्वविद्यालय बौद्ध गया विहारबाट वि.एस्सी उतीर्ण गरेको प्रमाणपत्र पेश गरेको र अनुसन्धानको क्रममा सम्बन्धित विश्वविद्यालयको पत्रानुसार उक्त प्रमाणपत्र नक्कली देखिन आएकोले निजले भ्र.नि.

ऐन, २०१७ को दफा ७ (१) र १२ अनुसारको कसूर गरेको देखिएको हुंदा निजलाई सोही दफा अनुसार दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा अभियोग पत्र दायर गरिएको ।

६. नोकरी प्रवेश, बढुवा एवं पदोन्नति पाउने प्रयोजनको लागि विदेशी विश्वविद्यालयहरुबाट प्राप्त नक्कली प्रमाणपत्रहरु पेश गरेको सम्बन्धमा अनुसन्धान हुँदा यसमा निम्न कर्मचारीहरुले नियुक्ति/बढुवा एवं पदोन्नति पाउने आशयले दरखास्त फाराम एवं निवेदन साथ पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सम्बन्धित विश्वविद्यालयले उक्त प्रमाणपत्र नक्कली भनी लेखी पठाएको समेत आधारमा नक्कली देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १२ अनुसारको कसूर गरेको देखिएकोले निजहरुलाई सोही दफा बमोजिम दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा छुट्टाछुट्टै अभियोग पत्र दायर गरिएको :

सि.नं	नाम थर	पद	कार्यालय	शैक्षिक योग्यता	विश्वविद्यालय
१	धनप्रसाद श्रेष्ठ	ऋण अधिकृत	कृषि विकास बैंक अन्तर्गतका कार्यालय	बि.ए.	कानपुर
२	शुकदेव गौतम	शाखा अधिकृत	,,	बि.ए.	गोरखपुर
३	तुलसा तिवारी	वरिष्ठ सहायक	खानेपानी संस्थान	उप शास्त्री	कामेश्वर सिंह संस्कृत
४	गेवबहादुर बुढाथोकी	सहायक प्रथम	साझा स्वास्थ्य सेवा	बि.ए.	ललितनारायण मिथिला
५	भूपेश शेरचन	पाईलट	शाही नेपाल वायुसेवा निगम	आई.एस्सी	माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश
६	रविन गौचन	पाईलट	,,	आई.एस्सी.	,,
७	सुशीला शाह	जुनियर सहायक	,,	एस.एल.सी. सरह	,,

७. नोकरी प्रवेश बढुवा एवं पदोन्नति प्रयोजनको लागि विदेशी विश्वविद्यालय/बोर्ड/ परिषद् र समितिबाट प्राप्त नक्कली प्रमाण पत्रहरु पेश गरेको सम्बन्धमा अनुसन्धान हुंदा यसमा निम्न कर्मचारीहरुले नियुक्ति बढुवा एवं पदोन्नति पाउने आशयले दरखास्त फारामसाथ पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सम्बन्धित विश्वविद्यालय/बोर्ड/परिषद्/समिति ले उक्त प्रमाणपत्रहरु नक्कली भनी लेखी पठाएको समेत आधारमा नक्कली देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ र १२ अनुसारको कसूर गरेको देखिएकोले निजहरुलाई सोही दफा बमोजिम दण्ड सजायको माग दावी सहित पुनरावेदन अदालत, पाटनमा छुट्टाछुट्टै अभियोग पत्र दायर गरिएको :

सि.नं.	नामथर	पद	कार्यालय	शैक्षिक योग्यता	वि.वि/बोर्ड/परिषद समिति	कैफियत
१	नन्दकुमार बस्नेत	शा.अ.	निर्वाचन आयोग	बी.ए.	गोरखपुर वि.वि.	उपसचिव पदमा बढुवाको लागि पेश गरेको ।
२	गोविन्दप्रसाद पौडेल	प्रेसम्यान, खरीदार	मुद्रण विभाग	एस.एल.सी. सरह	मा.शि.प. उत्तर प्रदेश	शुरु नियुक्ति सोही प्रमाण पत्रको आधारमा भएको ।
३	सरोजा घिमिरे	संचार सहायक	ने.रा.बैंक	आई.ए.	विहार इन्टरनेशनल एजुकेशन काउन्सिल	सोही प्रमाण पत्रको आधारमा बढुवा भएको
४	अम्बु बस्नेत थापा	सहायक खजान्ची अधिकृत तृतीय	ने.रा.बैंक	आई.ए.	,,	,,
५	सञ्जिवकुमार डोटेल	सहायक	,,	,,	मा.शि.प. उत्तर प्रदेश	बढुवा हुने उद्देश्यले पेश गरेको ।
६	बाबुराम पौडेल	सहायक प्रशासक	गुठी संस्थान	,,		बढुवा भएको ।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग विभागमा कार्यरत शा.अ. ध्रुवप्रसाद उपाध्याय वाग्लेले उप सचिव पदको बढुवामा पेश गरेको वि.एन. मण्डल वि.वि. लालुनगरबाट एम.ए. अर्थशास्त्र विषयमा प्रथम श्रेणीमा उत्तीर्ण गरेको प्रमाण पत्र सम्बन्धित विश्वविद्यालयको पत्रानुसार नक्कली देखिन आएबाट शा.अ. ध्रुवप्रसाद उपाध्याय वाग्लेले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १२ अनुसारको कसूर गरेको देखिएकोले निज उपर सोही दफा बमोजिम दण्ड सजाय हुन माग दावी सहित पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

९. उपसचिव पदको बढुवामा नक्कली प्रमाण पत्र पेश गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका कार्यालयमा कार्यरत शा.अ. (हाल उपसचिव, भूमिसुधार कार्यालय, रौतहट) भैरवराज रेग्मीले उपसचिव पदमा बढुवाको लागि पेश गरेको एम.ए. अर्थशास्त्रको प्रथम श्रेणीमा उत्तीर्ण गरेको प्रमाण पत्र सम्बन्धमा सम्बन्धित विश्वविद्यालयमा प्रमाणीकरणको लागि लेखी पठाउंदा निज रेग्मी तृतीय श्रेणीमा उत्तीर्ण गरेकोले निजले पेश गरेको प्रथम श्रेणीको प्रमाण पत्र नक्कली भनी लेखी आएको र निजले सोही प्रमाण पत्रको आधारमा २०५६।४।२७ मा उपसचिव पदमा बढुवा समेत भएको देखिएकोले निज रेग्मीको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ दफा १२ अनुसारको कसूर गरेको देखिएकोले निजलाई सोही ऐन बमोजिम दण्ड सजायको मागदावी सहित पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरिएको ।

१०.साझा स्वास्थ्य सेवा महाङ्गालका कर्मचारीहरुले भारतीय बोर्डको नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र बढुवाका लागि पेश गरे भन्ने सम्बन्धमा अनुसन्धान हुंदा साझा स्वास्थ्य सेवा महाङ्गालमा कार्यरत तपसिलमा उल्लेख भएका कर्मचारीहरुले बढुवा पाउने उद्देश्यले दरखास्त फाराम एवं निवेदन साथ पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा सम्बन्धित बोर्ड काउन्सिल र परिषदबाट उक्त प्रमाणपत्रहरु नक्कली भनी लेखी पठाएको समेतका आधारमा नक्कली देखिन आएकोले निजहरुले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र १२ अनुसारको कसूर गरेको देखिएकोले निजहरुलाई सोही दफा बमोजिम दण्ड सजायको मागदावी सहित पुनरावेदन अदालत, पाटनमा छुट्टा छुट्टै अभियोग पत्र दायर गरिएको :

सिनं	नाम थर	पद	कार्यालय	शैक्षिक योग्यता	बोर्ड परिषद्
१	कौमुदिकी घिमिरे	सहायक प्रथम	साझा स्वास्थ्यसेवा महाङ्गाल	आइ.ए.	विहार इन्टर मिडियट एजुकेशन काउन्सिल
२	कटकबहादुर थापा	सहायक द्वितिय	,,	आइ.ए.	,,
३	नोरजङ्ग कार्की	,,	,,	आइ.ए.	माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश

३.१.१.५ सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत

नेपाल दूर संचार कार्यालय धुलाबारी, झापामा टेलिफोन महसूल हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा तत्कालीन कार्यालय प्रमुख (आ.सु.भा.) पदमनाथ पोखरेलले हेड्ली राजवंशीको नामबाट निवेदन स्वीकृत गर्दा संलग्न नागरिकताको प्रमाण-पत्रमा हस्ताक्षर गर्ने स्थानमा ल्याप्चे सहीछाप मात्र भएकोमा टेलिफोन माग आवेदन-पत्रमा हस्ताक्षर गरेको देखिंदा सो रुजु नगरी स्वीकृत गर्नुका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रमाणित नगराई स्वीकार गरेको, धुलाबारीमा बसोबास नगरी महेशपुरमा बसोबास गर्ने एक निरक्षर ग्रामीण वृद्धा महिलाको बिना उपस्थिति मञ्जुरीनामा नै नलिई आवेदन स्वीकृत गरेको, ५०० लाइन भन्दा कम क्षमता भएको टेलिफोन एक्सचेञ्ज धुलाबारीमा O.Y.T. टेलिफोन बिक्री वितरण गर्दा साधारणतः व्यापारिक प्रयोजनार्थ एकलाईन मात्र दिनुपर्ने नेपाल दूर संचार संस्थानको नीति विपरीत एकै व्यक्तिलाई एकै मितिमा दुई वटा O.Y.T. टेलिफोन दिएको, यसरी व्यापारिक प्रयोजनार्थ प्रदान गरिने O.Y.T. टेलिफोन प्रदान गर्दा हेड्ली राजवंशी जस्तो व्यक्तिको सामाजिक हैसियत बुझ्न सकिने अवस्था विद्यमान हुंदाहुंदै नबुझी राष्ट्रसेवकको हैसियतबाट आफूले पाएको अधिकार दुरुपयोग गरी भारतीय नागरिक बिनोद शर्मा भनी बयानबाट देखिन आएको व्यक्तिलाई गैरकानूनी लाभ र संस्थानलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनीयत राखी टेलिफोन दिने निर्णय गरी श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको नेपाल दूर संचार संस्थानलाई मिति २०५६।९।२३ देखी २०५६।११।२२ गतेसम्म टेलिफोन नं. ६०५१९ बाट रु. ७५,५४,१३८।८१ र टेलिफोन नं. ६०५२० बाट रु. २९,९५,२७६।५० गरी जम्मा रु. १,०५,४९,४०५।३१ बराबरको हानि नोक्सानी पुऱ्याएको देखिएको र उक्त कसूर भ्र.नि.ऐन २०१७ को दफा ७ (२) र दफा १३ अन्तर्गतको हुंदा निज पदमनाथ पोखरेललाई भ्र.नि.ऐन, २०१७ को दफा ७ (२) एवं दफा १३ अनुसार हदैसम्मको सजाय र ऐ ऐनको दफा २९ अनुसार बिगो बमोजिम जरिवाना तथा सो बिगो समेत दूर संचार संस्थानलाई असूल उपर गरी पाउन दावी लिइ पुनरावेदन अदालत इलाममा मुद्दा दायर गरिएको ।

३.१.१.६ स्थानीय विकास मन्त्रालय र अन्तर्गत

१. स्थानीय विकास निर्माण आयोजना अन्तर्गतको वि.पि. मार्ग सडक योजना निर्माण कार्यमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा दाङ जिल्लामा सञ्चालित वि.पि. मार्ग सडक आयोजनामा आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा भएको विभिन्न कामका लागि विभिन्न मितिमा विभिन्न ठेकेदारहरुसंग भएको सम्झौता विपरीत काम नै नगरी नगराई काम भएको भनी विभिन्न रकम भुक्तानी लिने दिने काम गरी भ्रष्टाचार गर्ने निम्न ठेकेदार तथा राष्ट्रसेवक कर्मचारीहरुउपर भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसार निम्न बमोजिमको माग दावी लिई छुट्टाछुट्टै मुद्दा दायर गर्ने निर्णय गरिएको :

ठे. विजौरी कन्ष्ट्रक्सन दाङका प्रो. प्रेमबहादुर वस्नेतसंग सम्झौता भएको ठेक्काको काम सम्बन्धमा :- वि.पि. मार्ग सडक योजना दाङ र विजौरी कन्ष्ट्रक्सनका प्रो. प्रेमबहादुर वस्नेत बीच मिति २०५४।२।२ मा भएको सम्झौता मध्ये चेनेज १० + ८४० देखि १३ + ५०० सम्म पहिरो सफा गरेको भनी रु. ७८,७०३।२० भुक्तानी लिए दिएको देखिन्छ । तर सडकको भित्ताको साइड स्लोपको स्थिति चेनेज ११ + ३५० देखि ११ + ५९० सम्म मात्र शुरुमा कटिङ गर्दा भएको एकनासको स्लोप नभई सो स्लोपको प्रकृति परिवर्तन भएको देखिएको र अन्य चेनेजहरुमा शुरु सडक खन्दाको एकनासको स्लोप हालसम्म रहिरहेको देखिएको हुंदा सो खण्डमा पहिरो गएको भन्न नसकिने भन्ने आयोगबाट खटिएको प्राविधिक टोलीको मूल्यांकन प्रतिवेदन अनुसार चेनेज ११ + ३५० देखि ११ + ५९० सम्म मात्र पहिरो गएको पुष्टि हुन आएको र सो खण्डमा जम्मा २५५.८७ घ मि. पहिरो सफा गरेको भन्ने नापी किताबबाट देखिएकोले भुक्तानी बुझी लिए दिएको रु. ७८,७०३।२० मध्ये जम्मा रु. ११,५१४।१५ को मात्र काम भए गरेको देखिंदा बांकी रु. ६७,१८९।०५ को कामै नगरी नगराई भुक्तानी बुझी लिए दिएको देखिंदा उक्त योजनाका योजना प्रमुख विश्वनाथ घिमिरेले ठेक्का बील तयार गर्ने, ठेक्का बील स्वीकृत गर्ने र भुक्तानी दिई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतको कार्य आफैले गरी नभए नगरेको काम पनि भए गरेको देखाई आफू र ठे. प्रेमबहादुर बस्नेतलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनीयतसाथ आफ्नो अधिकारको दुरुपयोग गरी निज ठे. प्रेमबहादुरलाई रु. ६७,१८९।०५ बढी भुक्तानी दिई भ्र.नि.ऐन, २०१७ को दफा ७(१) बमोजिम कसूर गरेकोले निज तत्कालीन योजना प्रमुख विश्वनाथ घिमिरेलाई सोही दफा बमोजिमको कैद सजाय एवं बिगो जरिवाना समेतको माग दावी लिई ठे. बिजौरी कन्ष्ट्रक्सनका प्रो. प्रेमबहादुर बस्नेतउपर भ्र.नि. ऐन २०१७ को दफा ८ बमोजिमको कसूर गरेको अभियोगमा सोही दफा बमोजिमको कैद सजाय एवं बिगो र जरिवाना समेतको माग दावी लिइएको ।

ठे. ऋणी निर्माण सेवाका अधिकृत वारेस ठे. नारायणप्रसाद भण्डारीसंग सम्झौता भएको ठेक्काको कामको सम्बन्धमा :- वि.पि. मार्ग सडक योजना दाङ र ऋणी निर्माण सेवाका अधिकृत वारेस ठे. नारायणप्रसाद भण्डारी बीच मिति २०५४।३।१२ मा चेनेज २० + ६१० देखि २० + ८३७.५ सम्म ढुंगा माटो काटी सडक निर्माण गर्ने सम्झौता भई सो कार्य गरेको भनी रु. १,४२,१२८।- भुक्तानी लिए दिएकोमा चेनेज २० + ६८० देखि २ + ९९७ सम्मको खण्डमा सडक निर्माण कार्य बिल्कूलै नभएको र चेनेज २० + ६१० देखि २० + ६८० सम्म जम्मा ७० मीटर सडक निर्माण कार्यको नापी किताव अनुसार जम्मा रु. ३३,५११।९२ मात्र आयोगबाट खटिएको प्राविधिक टोलीबाट मूल्यांकन हुन आएकोले हुँदै नभएको काम भएको भनी जम्मा रु. १,०८,६१६।०८ बढी भुक्तानी लिए दिएको देखिन्छ ।

त्यस्तै गरी चेनेज १३+००० देखि २० + ००० सम्म पहिरो सफा गर्ने कार्यको लागि मिति २०५४।७।११ मा सम्झौता गरी रु. १,४१,३००।- भुक्तानी लिए दिएकोमा चेनेज १८ + ८२० देखि १९ + ८२० सम्मको खण्डमा सडकको भित्ताको साइड स्लोपको प्रकृति शुरुमा सडक खन्दाको जस्तै एकनासको स्लोप भएको देखिन आएकोले सो खण्डमा पहिरो सफा गरेको भन्न मिल्ने नदेखिएको भन्ने आयोगबाट खटिएको प्राविधिक टोलीको प्रतिवेदन हुँदा सो खण्डमा भएको भनिएको कामको मूल्यांकन नापी किताव अनुसार रु. १५,२१०।- कम हुन आएको हुंदा भुक्तानी भएको रु. १,४१,३००।- मध्ये रु. १५,२१०।- को कम काम गरी पुरै भुक्तानी लिए दिएको देखिन्छ ।

यसरी अधिकृत वारेस ठे. नारायणप्रसाद भण्डारीले वास्तविक रुपमा भए गरेको काम भन्दा दुवै कलमको गरी रु. १,२३,८२६।०८ बढी भुक्तानी बुझी लिएको र त्यस्तो भुक्तानी पाउन निज भण्डारीले ठेक्का बील रकमको ३०% कमिशन बापत सह-लेखापाल र योजना प्रमुखलाई बुझाएको भन्ने निज भण्डारीको बयानबाट समेत कम काम गरी बढी भुक्तानी लिएको र कामै नगरी भुक्तानी लिए दिएको व्यहोरा पुष्टि हुन आएको । सो कार्यमा उक्त योजनाका तत्कालीन योजना प्रमुख विश्वनाथ घिमिरेले लगत इष्टिमेट तयार गर्ने, लगत इष्टिमेट स्वीकृत गर्ने, ठेक्का बील तयार गर्ने, ठेक्का बील स्वीकृत गर्ने र भुक्तानी दिई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतको सम्पूर्ण कार्य आफैले गरी नभए नगरेको काम पनि भए गरेको देखाई आफू र अधिकृत वारेस ठे. नारायणप्रसाद भण्डारीलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैर कानुनी हानि पुऱ्याउने बदनीयतसाथ आफ्नो अधिकारको दुरुपयोग गरी निज अधिकृत वारेस ठे. नारायणप्रसादलाई रु. १,२३,८२६।०८ बढी भुक्तानी दिई निजबाट भएको कामको सम्पूर्ण ठेक्का बीलहरुको ३०% रकम कमिशन वापत लिई भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम कसूर गरेकोले सोही दफा

बमोजिमको कैद सजाय एवं बिगो जरिवाना समेतको माग दावी लिने र आफूहरुलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको देखिएकोले सो कार्यमा सम्लग्न उक्त कन्ष्ट्रक्सनका अधिकृत वारेस ठे. नारायणप्रसाद भण्डारीउपर भ्र.नि. ऐन २०१७ को दफा ८ बमोजिमको कसूर गरेको अभियोगमा सोही दफा बमोजिमको कैद सजाय एवं बिगो र जरिवाना समेतको माग दावी लिइएको ।

ठे. शक्ति निर्माण सेवाका प्रो. सतबहादुर रोकासंग सम्झौता भएको ठेक्काको कामको सम्बन्धमा :- आर्थिक वर्ष २०५४।५५ मा शक्ति निर्माण सेवाका प्रो. सतबहादुर रोकाले चेनेज १०+९१८ देखि १०+९९३ सम्म र चेनेज २०+८३७.५ देखि २०+९९७ सम्म ढुंगा माटो काटी सडक निर्माण गरेको भनी क्रमशः रु. ९९,९३१।५० र १,३०,६९८।६४ गरी जम्मा रु. २,३०,६३०।१४ भुक्तानी बुझी लिए दिएकोमा आयोगबाट खटिएको प्राविधिक टोलीको मूल्यांकन प्रतिवेदन अनुसार चेनेज १० + ९१८देखि १० + ९९३ सम्मको खण्डमा मध्यम प्रकारको ढुंगा काट्ने काम ४६६.९३ घन मीटरको रु. ७०,०३९।५० को मात्र काम गरी अन्य कुनैपनि कार्य गर्दै नगरी बढी रकम भुक्तानी लिनु दिनु गरी जम्मा रु. १,६०,५९०।६४ आफूहरुलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको देखिएको र निज सतबहादुरको बयानबाट समेत कामै नगरी भुक्तानी लिएको भन्ने व्यहोराको पुष्टि हुन आएकोले सो कार्यमा संलग्न उक्त योजनाका तत्कालीन योजना प्रमुख विश्वनाथ घिमिरेले लगत इष्टिमेट तयार गर्ने, लगत इष्टिमेट स्वीकृत गर्ने, ठेक्का बील तयार गर्ने, ठेक्का बील स्वीकृत गर्ने र भुक्तानी दिई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतको सम्पूर्ण कार्य आफैले गरी नभए नगरेको काम पनि भए गरेको देखाई आफू र ठे. शक्ति निर्माण सेवाका प्रो. सतबहादुर रोकालाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानुनी हानि पुऱ्याउने बदनीयत साथ आफ्नो अधिकारको दुरुपयोग गरी निज ठेकेदारलाई रु. १,६०,५९०।६४ बढी भुक्तानी दिई भ्र.नि. ऐन २०१७ को दफा ७(१) बमोजिम कसूर गरेकोले निज तत्कालीन योजना प्रमुख विश्वनाथ घिमिरेलाई सोही दफा बमोजिमको कैद सजाय एवं बिगो जरिवाना समेतको माग दावी लिई र शक्ति निर्माण सेवाका प्रो. सतबहादुर रोकाउपर भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिमको कसूर गरेको अभियोगमा सोही दफा बमोजिमको कैद सजाय एवं बिगो र जरिवाना समेतको माग दावी लिइएको ।

२. जिल्ला सिरहा, लहान नगरपालिकाका उप प्रमुखले प्रमुखको उपस्थितिमा आफै निबेदक भई आफै तोक लगाई यान्त्रिक उपकरण भाडा भुक्तानीको लागि भनी पेश्की लिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

प्रमुखको उपस्थितिमा उप प्रमुख आफै निवेदक भई आफैले तोक लगाई यान्त्रिक उपकरण भाडामा लिंदा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा : लहान नगरपालिका क्षेत्र भित्रको धूले सडक ग्राभेलिङ्ग गर्न सो नगरपालिकाका उप प्रमुख राजेन्द्र महतोले यान्त्रिक कार्यालय लहानमा यान्त्रिक उपकरणहरुको भाडा रकम बापत सो कार्यालयको धरौटी खातामा जम्मा गर्न पेश्की माग गरी माग बमोजिमको पेश्की उपलव्ध गराउन आफैले आदेश दिई मिति २०५४।८।१५ मा रु. १,२५,०००।- र मिति २०५५।१।४ मा रु. ७५,०००।- गरी जम्मा रु. २ लाख पेश्की बुझिलिई मिति २०५४।८।४ देखि २०५४।१२।२ सम्म निर्माण कार्य गराई सोको लगसिट पाना १३ आफैले प्रमाणित गरी यान्त्रिक कार्यालयमा पेश गरेको र सो यान्त्रिक कार्यालयमा पेश गरेको लगसिट बमोजिमको रकम जम्मा रु. २,००,२४५।- बिभिन्न मितिमा यान्त्रिक कार्यालयको खातामा दाखिला गरी सो कार्यालयसंगको हिसाब फरफारक गरी सकेपछि निर्माण कार्य सम्पन्न भएको आठ महिना पछि आएर यान्त्रिक कार्यालयमा पेश गरेको भन्दा बढी घण्टासम्म यान्त्रिक उपकरणहरु संचालन गरेको देखाई अर्कै फर्जी लगसिट पाना १३ आफैले तयार र प्रमाणित गरी नगरपालिका कार्यालय, लहानमा निवेदनसाथ पेश गरेको र सो निवेदनमा पेश्की फछ्यौंट गरी बांकी रकम भुक्तानी दिन मिति २०५५।७।१६ मा आफैले आदेश गरी मिति २०५५।८।१ मा नगरपालिका बोर्डबाट समेत उक्त आदेश बमोजिमकै निर्णय गराई मिति २०५५।८।४ मा निज राजेन्द्र महतोको नाममा रहेको पेश्की फछ्यौंट गराई रु. ३,४७,१४०।- सोधभर्ना भुक्तानी समेत निजले बुझी लिएको देखिएकोले एउटा कार्यालय (नगरपालिका) ले नजिकै रहेको अर्को कार्यालय (यान्त्रिक कार्यालय)लाई भुक्तानी दिनु पर्ने रकम सोझै चेकद्वारा भुक्तानी नगराई निज राजेन्द्र महतोले आफ्नै नाउंमा बदनीयतपूर्वक पेश्की माग गरेको, सो निवेदनमा पेश्की उपलव्ध गराउन आफैले आदेश गरी, आफैले पेश्की रकम बुझी लिएको र पेश्की फछ्यौंट गर्ने समेतको जवाफदेही कार्यकारी अधिकृत (नगरपालिकाको सचिव) को भए तापनि निजले पेश्की फछ्यौंट गर्न नमानेको हुंदा निज उपप्रमुखले पेश्की फछ्यौंट र सोधभर्ना भुक्तानी दिने सम्बन्धमा नगरपालिका बोर्डबाट निर्णय गराई नापी किताब तयार गर्ने र ठेक्का बील बनाउने कार्यमा कर्मचारीहरुलाई अनुचित दवाव दिई ठेक्का बील र नापी किताबमा चढाउन लगाई नक्कली लगसीटको आधारमा निज राजेन्द्र महतोको नाममा रहेको रु. २ लाखको पेश्की फछ्यौंट गराई रु. ३,४७,१४०।- सोधभर्ना भुक्तानी समेत निजले बुझि लिएकोमा निज राजेन्द्र महतोले यस आयोगमा गरेको बयान, यान्त्रिक कार्यालय, लहानबाट प्राप्त भएका यान्त्रिक उपकरणहरुको बास्तविक लगसिट, सम्बन्धित

कर्मचारीहरुको बयान, सो उपकरण संचालन गर्ने ड्राइभर एवं अपरेटरहरुले लगसिटको पिठमा खुलाई लेखी दिएको कागज, उक्त उपकरणहरु संचालनका लागि नगरपालिका कार्यालयबाट उपलब्ध गराएको इन्धनको विवरण समेतबाट नगरपालिका कार्यालय, लहानमा पेश गरेको लगसिट नक्कली भएको व्यहोरा प्रमाणित हुन आएको र यान्त्रिक कार्यालय लहानबाट प्राप्त प्रमाण कागजात अनुसार नगरपालिकाबाट भुक्तानी भएको जम्मा रु. ५,४७,१४०।- मध्ये रु. ३,४६,८९५।- बढी हुने गरी बढी घण्टासम्म उपकरणहरु संचालन गरेको देखाई आफैले नक्कली लगसिट तयार र प्रमाणित गरी नगरपालिका कार्यालयमा पेश गरी उक्त रकम बुझिलिई लहान नगरपालिका कार्यालयलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई निज राजेन्द्र महतोले गैरकानूनी लाभ लिएको देखिएकोले निज उपर भ्र.नि. ऐन, २०१७ को दफा ७(२) बमोजिम कसूर गरेको अभियोगमा सोही ऐनको दफा ७(२) एवं २९ बमोजिमको कैद सजाय एवं बिगो जरिवाना समेत असूल उपर गरी पाउन माग दावी लिई पुनरावेदन अदालत राजविराजमा अभियोग पत्र दायर गरिएको ।

लहान न.पा.का तत्कालीन सचिव पुष्पराज ढुंगानाले उप-प्रमुख राजेन्द्र महतोको नामको पेश्की फछ्यौंट गर्दा यान्त्रिक कार्यालय लहानमा रकम दाखिला गरेको भर्पाई माग गर्नु पर्नेमा सो माग नगरी पेश्की फछ्यौंट र सोधभर्ना भुक्तानी गरी पछि मात्र भर्पाई पेश गर्न पत्र लेखी कार्यालयको काममा लापरवाही गरेको देखिएकोले अब आइन्दा त्यस्तो कार्य नगर्न निज पुष्पराज ढुंगानालाई सचेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

चुंगी तथा सवारीकर असूलीमा अनियमितता भएको भन्ने सम्बन्धमा :- श्री ५ को सरकारको मिति २०५३।३।२४ र न.पा. बोर्डको मिति २०५४।९।२५ को निर्णय विपरीत हुने गरी चुंगी तथा सवारी कर असूली समितिले मिति २०५५।४।१देखि चन्द्रबीर यादवलाई अप्रत्यक्ष रुपमा ठेकेदार नियुक्त गरेको, सो समितिका सदस्य सन्तोषकुमार अग्रवाल र सदस्य सचिव एवं न.पा.का ना.सु. मायानाथ आचार्यको बयान एवं रकम दाखिला गरिएका रसिदहरुको रकम कलमको दरलाई हेर्दा पनि मिति २०५५।४।१देखि २०५६।१।१९ सम्म प्रत्येक दिनको चुंगी तथा सवारी कर वापतको रु. २१,०००।- र २०५६।१।२० देखि २०५६।३।३२ सम्म दिनको रु. ५१००।- का दरले सवारी कर रकम दाखिला गराउन व्यवस्था गरेकोमा यसरी उक्त १ वर्षको अबधिमा चुंगी तथा सवारी कर वापत दाखिला गराउनु पर्ने जम्मा रु. ६४,७२,५००। मध्ये जम्मा रु. ६१,५२,००६।४० मात्र दाखिला गराई रु. ३,२०,४९३।६० दाखिला गराउन बांकी देखिएकोमा रकम जम्मा गर्दाको नगदी रसीदमा चन्द्रवीर यादव मार्फत् भनी लेखिए तापनि निज इन्कार रहेको र निजले नै दाखिला गर्नु पर्ने भन्ने लिखत प्रमाण पेश हुन नआएकोले निज यादव मार्फत रकम बुझेको भनिए तापनि निज प्रति आर्थिक उत्तरदायित्व पर्ने नदेखिंदा निज चन्द्रवीर यादव उपर केही गर्नु पर्ने देखिदैन ।

उक्त रकम असूल गर्ने दायित्व चुंगी तथा सवारी कर असूली समितिको नै भएको देखिएकोले लेखा परीक्षण प्रतिवेदन अनुसार समेत सो समितिका संयोजक रामअबतार मण्डल एवं सदस्यहरु फागु चौधरी, हरिदेव राय र सन्तोषकुमार अग्रवालबाट दामासाहीले उक्त रकम रु. ३,२०,४९३।६० असूल उपर गरी आयोगमा जानकारी गराउन स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

सो समितिका सचिव ना.सु. मायानाथ आचार्यका हकमा न.पा. बोर्डबाट गठन भएको समिति भन्दा बाहिरको र समितिको काम कार्यबाहीमा सहयोगको लागि समिति आफैले मनोनयन गरेको न.पा.को कर्मचारी भएको भए तापनि इस्यू भएको रसीदको अर्धकट्टी सुरक्षित नराखेको र कर असूल गर्दा लागेको अन्य खर्च समेतको लेखा दुरुस्त नराखी आफ्नो काममा लापरवाही गरेको देखिएकोले निजलाई सचेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

सवारी करका ठे. जनक महतोलाई रु. २ लाख मिनाहा दिएको सम्बन्धमा: सवारी कर वापत ठे जनक महतोले संशोधित ठेक अंक रु. १७,२६,०२७।३८, सोको १० प्रतिशत मु.अ. कर, २.५. प्रतिशत आयकर र १.५. प्रतिशत दुर्गा पूजा चन्दा समेत गरी जम्मा रु. १९,६७,६७१।२१ दाखिला गर्नु पर्नेमा रु. १७,५८,०००।०२ मात्र दाखिला गरी बांकी हुन आएको रु. २,०९,६७१।१९ मध्ये न.पा. बोर्ड र नगर परिषदको बिभिन्न मितिको निर्णयानुसार रु. २ लाख मिनाहा दिएकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा मिनाहा दिने सम्बन्धमा न.पा. र नगरपरिषदको अधिकारका सम्बन्धमा केही कतै उल्लेख भएको नदेखिंदा मिनाहा दिएको समेत गरी जम्मा रु. २,०९,६७१।१९ सम्बन्धित ठेकेदारबाट असूल गर्ने र ठेकेदारबाट असूल हुन नसके मिनाहा दिने निर्णय गर्ने सम्बन्धित निर्णयकर्ताहरुबाट असूल उपर गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

अनियमितरीकाले कर्मचारी नियुक्ति गरेको र बोर्ड बैठकको निर्णय बिना आर्थिक वर्ष २०५६।०५७ को विकास योजना कार्यान्वयन गरेको भन्ने सम्बन्धमा :- वैद्यनाथप्रसाद साहलाई मिति २०५४।११।१० मा इन्जिनियर पदमा एवं भरत कुमार सहनी र राममणी साहलाई खरीदार पदमा मासिक ज्यालादारीमा र मिति २०५६।७।१देखि लागू हुने गरी मिति २०५७।७।१९ मा न.पा. प्रमुख मुनि साहले अस्थायी नियुक्ति दिने निर्णय गरी नगरपालिका (कार्य व्यवस्था) नियमावली, २०४९ मा उल्लेख भएको प्रकृया नपुऱ्याई नियुक्ति दिई हालसम्म पनि ती कर्मचारीहरु कार्यरत नै रहेको

देखिएकोले ई. वैद्यनाथप्रसाद साह एवं खरीदारद्वय भरतकुमार सहनी र राममणी साहको गैरकानूनी तरीकाले भएको नियुक्ति रद्द गर्न लहान न.पा.मा लेखिएको ।

न.पा. प्रमुख मुनि साहले नगरपरिषदबाट पारित भएको विकास योजनाहरुको कार्यान्वयन न.पा. बोर्डको निर्णय बिना सीधै तोक आदेशबाट कार्यान्वयन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) प्रतिकूल हुने गरी काम कार्यबाही गरी "अनुचित कार्य" गरेको र नगरपालिका (कार्य व्यवस्था) नियमावली, २०४९ मा उल्लेख भएको प्रकृया नपुऱ्याई कर्मचारी नियुक्त गरेको समेत देखिएकोले लहान न.पा.का प्रमुख मुनि साहलाई अब आइन्दा यस्तो कार्य नगर्ने गरी सचेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

निजी शौचालय निर्माणमा अनियमितता गरेको भन्ने सम्बन्धमा :- नगर विकास कोषको अनुदानमा आर्थिक वर्ष २०५५।५६ र २०५६।५७ मा निर्माण भएका १०० वटा शौचालयहरुको निर्माण कार्य समष्टिगत रुपमा सन्तोजनक पाइएतापनि स्वीकृत ल.ई.को बुंदा नं. ७.२ को आइटमको प्रति बर्ग मीटरको दररेट रु. १२३१।१८ हुनु पर्नेमा रु. २२६१।४७ राखी ल.ई. तयार र स्वीकृत गरेको देखिएको र सो स्वीकृत ल.ई. अनुसार नगरपालिका कार्यालयबाट खर्च समेत भएको देखिएको र ल.ई. तयार गर्ने कोषका इन्जिनियर रमेशप्रसाद शर्माले मानवीय गल्तीले गर्दा त्रुटी हुन गएको हो भनी स्वीकारी बयान दिएको र सो कोषका कार्यकारी निर्देशक हेमन्त ज्ञवालीले धेरै आयोजनाहरुको एकै पटक मूल्यांकन प्रतिवेदन तयार गर्दा Human error (मानवीय त्रुटी) हुन गएको हुन सक्छ भनी आयोगमा बयान दिएको भए तापनि निजहरुका कामकार्यबाही लापरवाहीपूर्ण देखिएकोले त्यस्तो लापरवाहीपूर्ण कार्य गर्ने सो कोषका इन्जिनियर रमेशप्रसाद शर्मा र कार्यकारी निर्देशक हेमन्त ज्ञवालीलाई अब आइन्दा त्यस्तो कार्य नगर्ने गरी सचेत गर्न नगर विकास कोष संचालक समितिमा लेखिएको ।

लहान न.पा. वा.नं. ८ को सडकमा नाली निर्माण कार्य सम्बन्धमा: नाली निर्माण कार्यका लागि मिति २०५६।८।७ मा न.पा.का.का सब-ओभरसियर सुशीलकुमार मण्डलका नाउंमा रु. २ लाख पेश्की दिएकोमा यस आयोगमा उजूरी परेको कारण सम्पूर्ण कार्य स्थगित भएको देखिएकोले सो सम्बन्धमा प्रचलित आर्थिक नियम अनुसार अग्रिम कार्यबाही गर्न सम्बन्धित कार्यालयलाई लेखिएको ।

न.पा. प्रमुख मुनि साहले लाखौको आर्थिक सहायता वितरण गरेको भन्ने सम्बन्धमा : २०५६।१।१६ देखि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र २०५६।९।१५ देखि स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ लागू भएको र सो ऐन र नियम अनुसार न.पा. प्रमुखले आर्थिक सहायतामा खर्च गर्न पाउने प्रावधान नरहेको र आर्थिक वर्ष २०५६।५७ मा जम्मा रु. १६,७५०।- न.पा. प्रमुख मुनि साहले आर्थिक सहायता बापत बिभिन्न व्यक्तिहरुलाई वितरण गरेकोमा न.पा. बोर्डबाट अनुमोदन पनि नगरेको देखिएकोले नियम विपरीत हुने गरी प्रमुखले खर्च गरेको उक्त रकम निज मुनिसाहबाट न.पा.का को खातामा दाखिला गराई सोको जानकारी यस आयोगमा उपलब्ध गराई दिन स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

३.१.२ आयोगद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी अन्य निकायबाट मुद्दा दायर भएको :

३.१.२.१. वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :-

जिल्ला वन कार्यालय डंडेल्धुराका खरीदार पदमराज भट्टले नक्कली प्रमाणपत्र पेश गरी नोकरी गरेको सम्बन्धमा भ्र.नि. ऐन, २०१७ को दफा १२ बमोजिम सजायको मागदावी लिई पुनरावेदन अदालत, महेन्द्रनगरमा मुद्दा दायर गरिएको ।

३.१.२.२. स्थानीय विकास मन्त्रालय र अन्तर्गत :-

गा.वि.स. सचिव हरिनारायण मिश्र समेत भएको गा.वि.स. को रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने मुद्दा पुनरावेदन अदालत, बुटवलमा दर्ता भएको ।

३.१.२.३. शिक्षा मन्त्रालय र अन्तर्गत :-

१. विजयलक्ष्मी प्राथमिक विद्यालय, मणिलेक, डडेल्धुराका प्रधानाध्यापक जोगी सिंह झुकाललेे कर्मचारी संचयकोष दाखिला भौचर सच्याई रकम थप गरी भ्रष्टाचार गरेको सम्बन्धमा भ्र.नि. ऐन, २०१७ को दफा ७ बमोजिम माग दावी लिई पुनरावेदन अदालत, महेन्द्रनगरमा मुद्दा दायर गरिएको ।

२. जिल्ला शिक्षा कार्यालय, सुर्खेतको पत्रले वादी श्री ५ को सरकार भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी वेदपुरन सलामी र भीमवहादुर शाहीले कक्षा ८ उत्तीर्ण (जिल्लास्तरीय) प्रमाणपत्र छापाखानाबाट तयार गरी सोमा दस्तखत छाप समेत गरी लगाई रु. १००।- एकसयमा खरीद बिक्री गरी लिएदिएको अभियोगमा जिल्ला अदालत, सुर्खेतमा मुद्दा दायर भएको ।

३. जगन्नाथ मा.वि. भुमही, नवलपरासीका लेखापाल राजमन केवटले विद्यार्थीहरुको परीक्षा शुल्क रु. १८,४८०/- जम्मा गर्नु पर्नेमा जम्मा गरेको रु. ४३४८/- राजस्वमा जम्मा गरी बैंकबाट भौचर पाइसकेपछि जम्मा गरेको रु. ४३४८/- लाई अर्कालाई विश्वास पार्न रु. १८४८०।- गराई कीर्ते गरी भ्रष्टाचार गरेकोमा निजउपर पुनरावेदन अदालतमा मुद्दा दायर भएको ।

४. कुमारवर्ती वाणिज्य क्याम्पस शिवमन्दिर, नवलपरासीका क्याम्पस प्रमुख शैलेन्द्रकुमार मिश्र र पाल्ही बहुमुखी क्याम्पस, परासीका क्याम्पस प्रमुख योगेन्द्र भगतले उच्च शिक्षा आर्थिक व्यवस्थापन समितिबाट मालपोत कार्यालयमा पारीत हुने रजिष्ट्रेशन फाराम बिक्री गर्दा उठेको रकम बैंकमा जम्मा गर्नु पर्नेमा आफूखुसी गरी रकम हिनामिना गरेकोले शैलेन्द्रकुमार मिश्रउपर रु. ६,०१,२६०।- र योगेन्द्र भगतउपर रु. ८,८९,४८४।- विगो कायम गरी पुनरावेदन अदालत, वुटवलमा मुद्दा दायर भएको ।

५. निवेदक वेनामी विपक्षी तत्कालीन जिल्ला शिक्षा अधिकारी लक्ष्मण उदास समेत भएको भ्रष्टाचार मुद्दा पुनरावेदन अदालत, इलाममा दायर भएको ।

३.२ शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन गरिएका मुद्दाहरु :

३.२.१ काठमाडौं जिल्ला, सीतापाइला घर भई दूर शिक्षा केन्द्र सानोठिमीको उपनिर्देशक पदमा कार्यरत केदारचन्द्र खनाल समेत प्रतिवादी भएको एस. एल. सी. परीक्षाको परीक्षाफल प्रकाशन गर्दा भ्रष्टाचार भएको भन्ने विषयको मुद्दामा प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ७(२) को कसूरमा सजायको मागदावी लिई पुनरावेदन अदालत, पाटनमा उजूरी प्रतिवेदन दायर गरिएकोमा माननीय न्यायाधीशहरु दामोदरप्रसाद प्रजापती र राजेन्द्रराज पन्तको इजलासबाट सम्पूर्ण प्रतिवादीहरुले अभियोग दावीबाट सफाइ पाउने गरी भएको फैसलामा लिइएका आधारहरु निम्न छन् :-

(क) उत्तर पुस्तिका सम्परीक्षण निर्देशिकाको प्रकरण नं. ९ द्वारा प्रदत्त अधिकार भन्दा बढी अंक दिइएको देखिए पनि परीक्षा नियन्त्रण कार्यालय सानो ठिमी, भक्तपुरबाट मिति २०५७।११।२४ मा लेखी आएको पत्रबाट उक्त प्रयोजनका लागि हालसम्म छुट्टै व्यवस्था नगरिएको र सम्वन्धित विषयको सम्परीक्षक नै विशेषज्ञ भएको हुंदा निजहरुबाटै सो कार्य हुंदै आएको भन्ने खुलाइएको,
(ख) अंक प्राप्त गरी लाभ उठाउने परीक्षार्थीहरुलाई प्रतिवादी कायम नगरिएको, परीक्षाफल सम्बन्धमा कुनै दावी जिकीर नलिइएको, परीक्षाफल प्रकाशित गर्ने परीक्षा नियन्त्रक र परीक्षा नियन्त्रण कार्यालयलाई विपक्षी नबनाएकोले प्रतिवादीहरुले प्रदान गरेको अंक अनियमित भन्ने दावी कानून सम्मत देखिएन,
(ग) शंका रहित तवरबाट प्रतिवादीहरुको बदनीयत पुष्टि गर्न सकेको नदेखिएको ।

प्रतिवादीलाई सफाई दिंदा उल्लेख गरिएका उल्लिखित आधारहरु निम्न तथ्य र प्रमाणको रोहमा त्रुटीपूर्ण छन् :-

(क) प्रतिवादी केदारचन्द्र खनालले सिम्वल नं. ०२९१०७४डि भएको परीक्षार्थीको अफिस प्राक्टिस एण्ड वुक किपिङ विषयको उत्तर पुस्तिकामा २३ अंक थप गरेको, प्रतिवादी कीर्तिप्रसाद पाण्डेले सिम्वल नं. ०२९०८६३ ए भएको परीक्षार्थीको स्वास्थ्य विषयको उत्तर पुस्तिकामा १५ अंक थप गरेको, प्रतिवादी वासुकीराज रेग्मीले सिम्वल नं.

०२९०८९२ डि भएको परीक्षार्थीको नेपाली विषयको उत्तर पुस्तिकामा १५ अंक थपेको, प्रतिवादी ईश्वर सापकोटाले सिम्वल नं. १२७०६५ इ भएको परीक्षार्थीको गणित विषयको उत्तर पुस्तिकामा २४ अंक थप गरेको प्रतिवादी भीमसेन खत्रीले सिम्वल नं. १२७०६५१ ई भएको परीक्षार्थीको भूगोल विषयको उत्तर पुस्तिकामा २० अंक थपेको कुरा मिसिल संलग्न उत्तर पुस्तिकाले नै देखाएको छ । यस कुरालाई स्वयं अदालतले फैसलामा पनि अस्वीकार गरेको छैन ।

(ख) परीक्षा नियन्त्रण कार्यालय सानोठिमीबाट जारी भएको उत्तर पुस्तिका सम्परीक्षण निर्देशिकाको प्रकरण ९ मा सम्परीक्षण गर्दा प्राप्ताङ्कमा १५ वा सो भन्दा वढी अंक थपघट हुने भएमा प.नि.का. वा परीक्षण केन्द्रको प्रमुखले तोकेको विषय विशेषज्ञको सहमति आवश्यक हुने व्यवस्था रहेको छ । उक्त ९ नं. प्रकरणले सम्परीक्षक र विषय विशेषज्ञ दुई छुट्टा छुट्टै अस्तित्वका छुट्टा छुट्टै जिम्मेवारी लिने निकाय रहेको कुरालाई स्वतः वोलेको छ । कुनै पनि विषयको उत्तर पुस्तिकाको सम्परीक्षकले आफूले सम्परीक्षण गर्न लागेको उत्तरपुस्तिकामा १४ अंक सम्म मात्र थपघट गर्न सक्ने अख्तियारी उक्त निर्देशिकाले दिएको छ । तर आवश्यक ठानेर गरिएको सो निर्देशिकाको व्यवस्थालाई हालसम्म प्रयोगमा नै नल्याएको भनिएको मात्र आधारमा आपराधिक दायित्वबाट मुक्ति पाउने गरी फैसला भएको छ । स्वयं त्यस्तो गैरकानूनी कार्यमा संलग्न व्यक्तिको भनाई विपक्षीसंग मिलुवा भनाई हुंदा प्रमाण ग्राह्य हुदैन तर परीक्षा नियन्त्रण कार्यालयको संपरीक्षक र विषय विशेषज्ञ एउटै हो भन्ने भनाईलाई त्यसै रुपमा स्वीकार गरिएको प्रस्तुत मुद्दाको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ५ (२) को अवज्ञा हुन पुगेको छ ।

(ग) प्रतिवादी उपरको माग दावीलाई सहयोग वा खण्डन गर्न सघाउ पुऱ्याउने कुरा त्यस सम्बन्धमा संकलित प्रमाण नै हुन्छ । कसलाई प्रतिवादी बनाइयो, कसलाई बनाइएन भन्ने कुराले अमुक प्रतिवादी उपरको दावीलाई असर पार्न सक्ने हैन । प्रतिवादी कायम गरिएका व्यक्तिहरुको कसूर र त्यसलाई प्रमाणित गर्ने आधारमा नै उक्त विवादको निपटारा गरिनु पर्दछ ।

(घ) आफूले पाएको अख्तियारी भन्दा बाहिर गई अंक थपघट गरेको कारणले परीक्षा परिणाममा व्यापक अन्तर आइ परीक्षार्थी मध्येको स्थान तलमाथि परेको छ । प्रस्तुत मुद्दामा एउटै परीक्षार्थी सिम्वल नं. १२७०६५१ इलाई दुईवटा सम्परीक्षकबाट दुइवटा विषयमा २४ र २० अंक थपिएको छ । अनाधिकार ४४ अंक थपिएबाट परीक्षा परिणाममा पर्न गएको असरले नै उक्त कार्य बदनीयतपूर्ण रहेको स्पष्ट देखिन्छ । यस्तो स्थितिमा अदालतबाट आत्मनिष्ठ तवरले प्रतिवादीहरुको वद्नियत पुष्टि नभएको भन्ने भनाई मिल्दो छैन ।

(ङ) वादी प्रतिवादीका पेटवोलीमा लेखिएका मानिस नवुझी मुद्दा नछिनिने देखिए प्रमाणका तवरले अड्डाले वुझ्न हुने र त्यस्तो वुझेको मानिस प्रतिवादी सरह देखिए सरकार वादी फौजदारी मुद्दामा थप अभियोग दायर गर्न सकिने गरी भएको मुलुकी ऐन अ.वं १३९ नं. को कानूनी व्यवस्थाको प्रयोगतर्फ विचार नगरी तथा सजाय गर्ने प्रयोजनका लागि बाहेक मुद्दाको स्थितिको चित्रण स्पष्ट रुपमा होस् भन्ने उद्देश्य पूरा गर्नका लागि मुद्दासंग सम्वद्ध देखिन आएको कुनै पनि व्यक्तिलाई यस नम्वरको अधिकार प्रयोग गरी वुझी न्याय निरोपण गरिनु पर्नेमा त्यस्तो गर्नेतर्फ विचार नै नगरी अन्य व्यक्तिहरुलाई प्रतिवादी नबनाएको भन्ने कुरालाई नै यस मुद्दाका प्रतिवादीहरुलाई सफाई दिने आधार वनाइएको छ ।

३.२.२ कोहलपुर नगर विकास समितिका तत्कालीन अध्यक्ष नेपालगंज न.पा. वार्ड नं. ७ वांके वस्ने चेतबहादुर थापा समेत विपक्षीहरु भएको मुद्दामा प्रतिवादी चेतबहादुर थापा उपर भ्र.नि. ऐन, २०१७ को दफा ७(२) र प्रतिवादी निलम डंगोल उपर ऐ. ऐनको दफा ७(१) तथा अन्य १६ जना प्रतिवादीहरु उपर ऐ. ऐनको दफा ८ अनुसार सजायको माग दावी लिई पुनरावेदन अदालत, नेपालगंजमा मुद्दा दायर गरिएकोमा माननीय न्यायाधीशहरु राजेन्द्रप्रसाद कोइराला र कृष्णप्रसाद वस्यालको संयुक्त इजलाशबाट प्रतिवादीहरु चेतबहादुर थापा, निलम डंगोल र चन्द्र प्रकाश जैनलाई बिगो भन्दा कम सजाय हुने गरी तथा प्रतिवादीहरु टेकनाथ आचार्य, लेखनाथ आचार्य, ओमप्रकाश आजाद, टेकहरी शर्मा, दिपा रावत, मिठू कुमारी श्रेष्ठ र कन्हैयालाल बैद्यलाई सफाई दिई मिति २०५८।१।१७ मा भएको फैसला ।

निम्न लिखित तथ्य एवं प्रमाणहरुका आधारमा उक्त फैसला त्रुटिपूर्ण छ :-

(क) प्रतिवादीहरु चेतबहादुर थापा र निलम डंगोलसंग मिलेमतो गरी बिक्री गर्न नपाइने र डाक बढाबढद्वारा बिक्री गर्नु पर्ने घडेरी समेतमा प्लट नं उल्लेख गरी निवेदन दिई बदनीयतपूर्ण एवं गैरकानूनी रुपले बढी मूल्य पर्ने घडेरी प्रति प्लट रु. ८०,०००।- मा प्राप्त गरी आफूलाई गैरकानूनी फाइदा र समितिलाई जानाजानी नोक्सान पर्ने गरी प्राप्त गरेकोमा अदालत सहमत भएको र प्रतिवादीहरुले उक्त घडेरी जग्गाहरु आफूले लिएको कुरामा सावित भई अदालतसमक्ष समेत सावित रहेकोले प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणित भइरहेको अवस्थामा निजहरुले सजायबाट बच्न सकिन्छ कि भनी आफूले गरेको कसूरलाई ढाकछोप गर्न जग्गा फिर्ता गरेको कार्यलाई दुराशययुक्त मनसाय नभएको भन्ने आत्मगत आधार वनाई सफाई दिइएको ।

(ख) प्रतिवादीहरु चेतबहादुर थापा, नीलम डंगोल र चन्द्रप्रकाश जैन उपरको दाबीसंग सहमत भई अदालतले कसूर कायम गरे तापनि प्रतिवादी चेतबहादुर थापा र निलम डंगोल उपर बिगो रु. ५४,००,०००।- को दावी भएकोमा निजहरुलाई जरिवाना गर्दा बिगो बमोजिम नै जरिवाना गर्नु पर्नेमा रु. ३६,००,०००।- मात्र जरिवाना गरिएको छ ।

(ग) प्रतिवादी चन्द्रप्रकाश जैनको हकमा निजले लिएको घडेरी बिगो वापत फिर्ता गरी घडेरी पिच्छे २ लाखका दरले जरिवाना गर्ने ठहर खण्डमा उल्लेख भए तापनि निजले ४ प्लट घडेरी लिएको र रु. ८ लाख बिगो दावी भएकोमा फैसलाको तपसिल खण्डमा रु ४ लाख मात्र जरिवाना उल्लेख भएको ।

३.२.३ कास्की जिल्ला लेखनाथ नगरपालिका घर भई कृषि अनुसन्धान तथा प्रसार आयोजनाका तत्कालीन आयोजना प्रमुख कृष्णबहादुर श्रेष्ठ समेत प्रतिवादीहरु भएको मुद्दामा प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), ८ र १३ को कसूरमा सोही दफा बमोजिम सजाय समेत हुन पुनरावेदन अदालत, पाटनमा उजूरी प्रतिवेदन दायर गरिएकोमा माननीय मुख्य न्यायाधीश खिलराज रेग्मी र माननीय न्यायाधीश भूपध्वज अधिकारीको इजलासबाट सबै प्रतिवादीहरुले सफाइ पाउने गरी फैसला गर्दा निम्न आधार लिइएको छ :

(क) टेण्डर लेख्ने व्यक्ति प्रतिवादी सत्येन्द्र सिंहले दर्ता गर्नु अगावै अक्षरमा दर थपेको हो भनी आयोगमा बयान गरेको,

(ख) टेण्डरमा अक्षरमा लेखिएको दररेट एउटै व्यक्तिले एकै समयमा लेखेको हो वा होइन भन्न आवश्यक प्रविधि नभएको भनी राष्ट्रिय विधि बिज्ञान प्रयोगशालाले जवाफ दिएको,

(ग) टेण्डर खोल्दाको मुचुल्का हेर्दा दररेट अक्षरमा नलेखिएकाको कैफियत खुलाइएको देखिन्छ । विवादित टेण्डरको अंक अक्षर दुवैमा लेखिएको हकमा कैफियत खुलाइएन भन्ने कुराले बदनीयतपूर्ण भयो भन्न सकिने स्थिति नभएको,

(घ) टेण्डर फाराममा मुख्य सही गर्ने व्यक्ति सिंह निर्माण सेवाका मालिक मिना भारतीलाई मुद्दा नचलाइएको,

(ङ) विवादित टेण्डरको रकम लगत इष्टिमेट तथा अरु टेण्डर दाताहरुको भन्दा कम देखिन आएको,

(च) निर्माण कार्य वारे अभियोगपत्रमा कुनै टिप्पणी नरहेको,

प्रतिवादीलाई सफाई दिंदा लिइएका आधारहरु निम्न तथ्य र प्रमाणबाट त्रुटीपूर्ण छ :-

(क) सिंह निर्माण सेवाका तर्फबाट पेश गरिएको विवादित टेण्डरका पृष्ट ७१ र ७२ मा लेखिएका विवरण मध्ये नौ वटा विवरणका दररेट रकमहरु अंक र अक्षरमा फरक रहेको र उक्त टेण्डर भरी वुझाउने ठेकेदार प्रतिनिधि प्रतिवादी सत्येन्द्रवीर सिंहले अनुसन्धानका समयमा बयान गर्दा *टेण्डर दर्ता गर्नु भन्दा ४-५ दिन अगाडि अंक र अक्षर एक चोटी लेखेको (स.ज.७), टेण्डर दर्ता गर्नु भन्दा अगाडि केही दररेट थप्नुपर्ला भन्ने विचार गरेको(स.ज.८), टेण्डर दर्ता गर्नु भन्दा अगाडिनै अक्षरमा दररेट थप गरेको थिएं र अंकमा भर्न बिर्सेको (स.ज.१३)* भनी खुलाएको भएपनि निजले *उक्त टेण्डर एक दिन अगाडि नै दर्ता गरेको (स.ज.११)* भनी सोही बयानमा खुलाएबाट उक्त टेण्डर वुझाउनु पूर्व उक्त टेण्डर ठीकसंग भरिए नभरिएको जांच गर्न सक्ने पर्याप्त समय रहेको स्पष्ट छ । सो बयान अनुसार टेण्डरमा अक्षरमा वढी रकम देखाइएका महलहरुमा टेण्डर वुझाउनु पूर्व नै अंक र अक्षरमा फरक दर लेखिएको थियो भन्ने कथन टेण्डर खोल्दाको मुचुल्कामा यी प्रतिवादीले पेश गरेको टेण्डरको सम्बन्धमा कुनै कैफियत नखुलाइएकोबाट स्वतः खण्डित भईरहेको छ । यी प्रतिवादीले पछि दर रकम थप्ने वदनियत राखी आफूले कबोल गरेको कूल अंक नजोडी उक्त टेण्डर वुझाएको भन्ने कुरा कूल कबोल अंक नलेखिएको भनी उल्लेख भएको टेण्डर खोल्दाको मुचुल्का फारामले स्पष्ट नै देखाएको छ । यस आधारबाट प्रतिवादी सत्येन्द्रवीर सिंहको अनुसन्धानका समयमा भएको टेण्डर वुझाउनु पूर्व नै अक्षरमा दर थपेको भन्ने कथन खण्डित भइरहेको अवस्थालाई अदालतले फैसला गर्दा दृष्टि पुऱ्याउन नसकेको ।

(ख) टेण्डरमा अक्षरमा थपिएको दररेट एउटै व्यक्तिले एउटै समयमा लेखिएको हो वा एउटै व्यक्तिले फरक फरक समयमा लेखेको हो भन्ने सम्बन्धमा अनुसन्धान गर्नका लागि आवश्यक प्रविधि प्रयोगशालामा नभएको भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले दिएको जवाफबाट वादी दावी पुष्टि वा खण्डित केही नभएको स्थिति छ । किनभने प्रथमतः उक्त कुरा परीक्षण नै भएको छैन र प्रयोगशालाले उक्त अक्षरहरु एकै समयमा नै लेखिएको हो भनेर भनेको छैन । यसबाहेक अक्षरमा पछि दर थपिएको भन्ने कुरा प्रथमद्रष्टा अवस्था मै देखिई रहेको छ । जस्तोकि टेण्डरको पृष्ठ ७१ को क्रमसंख्या 2 a मा दर अंकमा 70 र अक्षरमा Seventy nine, त्यसै पृष्ठको क्रमसंख्या 6 मा दर अंकमा 1000 र अक्षरमा One thousend nine hundred, त्यसै पृष्ठको क्रमसंख्या 9 मा दर अंकमा 80 र अक्षरमा Eighty nine, पृष्ठ 72 को सवभन्दा माथिल्लो विवरणको दर अंकमा 20000 र अक्षरमा Twenty nine thousend, त्यसै पृष्ठको क्रमसंख्या 25 मा दर अंकमा 100 र अक्षरमा One hundred ninety लेखी थपिएको अक्षरहरु हेर्दा अक्षरमा लेख्नका लागि व्यवस्था गरिएको कोठामा स्वाभाविक रुपमा लेखिएको नभई पछि थपिंदा अन्य विवरण खुलाउनका लागि वनाइएको कोठासम्म पुगेको देखिन्छ । जबकि अन्य आइटमहरुमा

लेखिएका दरका अक्षरहरु बिबादास्पद अक्षरहरु जस्तै अस्वाभाबिक रुपमा तोकिएको कोठाभन्दा बाहिर गएका छैनन् ।

यसरी प्रथमद्रष्टा रुपमै देखिएको कुरालाई बिना कारण अस्वीकार गरी परीक्षण हुन नसकेको कुरालाई आत्मनिष्ठ तवरले प्रतिवादीको पक्षमा प्रमाण ग्राह्य गरिएको छ ।

(ग) विवादास्पद टेण्डर समेत खोल्दाको मुचुल्का फाराम हेर्दा उक्त फाराममा पेश भएका टेण्डरमा रीत नपुगेका कुराका सम्बन्धमा कैफियत खुलाउनु पर्ने व्यवस्था गरिएको देखिन्छ र उक्त फाराममा दोश्रो र तेश्रो क्रमका टेण्डरका सम्बन्धमा कैफियत खुलाइएको पनि छ तर विवादास्पद सिंह निर्माण सेवाको टेण्डरका सम्बन्धमा कुनै कैफियत खुलाइएको छैन । उक्त निर्माण सेवाले पेश गरेको टेण्डरमा पेश गर्दा कूल कबोल अंक खुलाइएको थिएन भन्ने कैफियत बाहेक अन्य त्रुटी थिएन भन्ने कुरा उक्त मुचुल्का फारामले स्पष्ट देखाइ रहेको छ । तर टेण्डरको हालको स्वरुपबाट लेखिएका दरहरुका अंक र अक्षर भिन्न भएकोमा विवाद नै नरहेको हुंदा उक्त अक्षर पछि थपिएको भन्ने स्वतः बुझिइने कुरा तर्फ अदालतको ध्यान पुग्न सकेको छैन ।

(घ) अनुसन्धानका समयमा प्रतिवादी सत्येन्द्रवीर सिंहले गरेको बयान र मीना भारतीले गरेको बयानबाट सिंह निर्माण सेवाको मालिकको हैसियतमा टेण्डर फाराममा मीना भारतीको सही भए पनि सम्पूर्ण काम सत्येन्द्रवीर सिंहले गरेको भन्ने खुलेको छ । विवादास्पद अक्षरहरु थप्ने काममा मीना भारतीको कुनै पनि प्रकारले संलग्नता रहेको पुष्टि अनुसन्धानबाट हुन सकेको छैन । प्रतिवादी सत्येन्द्रवीर सिंहले अदालतमा बयान गर्दा पनि आफूले टेण्डर फाराम भरेको र आफैले अंक र अक्षर फरक लेखेको भनेर खुलाएका अवस्थामा विवादमा नै नरहेको मीना भारतीलाई प्रतिवादी नबनाइएको भन्ने कुरा अन्य प्रतिवादीहरुलाई सफाइको आधार बन्न सक्ने होइन । कुनै व्यक्ति प्रतिवादी बनाइनु र नबनाइनुले प्रतिवादी बनाइएको व्यक्तिको हकमा प्राप्त प्रमाणलाई खण्डन वा समर्थन गर्न सक्दैन ।

(ङ) प्रस्तुत मुद्दामा लिइएको मुख्य दावी सिंह निर्माण सेवाले निर्माण कार्य गर्न पहिले स्वीकार गरिसकेको रकमलाई प्रतिवादीहरु मिली बढी गराएर पछि बढाइएको रकमबाट श्री ५ को सरकारलाई हानि नोक्सानी परेको भन्ने हो । जुन तथ्य विवादास्पद टेण्डरमा एउटै कामका लागि लेखिएका अंक र अक्षरमा फरक दर लेखिएबाटै स्पष्ट हुन्छ । श्री ५ को सरकारले कुनै पनि निर्माण कार्य गर्दा बोलपत्रद्वारा गराउनुको मनसाय पनि उक्त काममा सरकारको खर्च सकेसम्म कम गर्नु हो । प्रस्तुत मुद्दामा सबभन्दा कम दरमा निर्माण काम गर्न चाहने पक्षले आफूले स्वीकारिसकेको दरलाई पछि गैरकानूनी रुपमा अन्य प्रतिवादीहरुको संलग्नतामा बढाएको छ ।

(च) प्रस्तुत मुद्दाको विषयवस्तु विवादास्पद बोलपत्रबाट सम्पन्न गरिएको निर्माण नभइ उक्त काम गर्नुपूर्व बोलपत्र स्वीकार गरिंदाका समयमा भएको आर्थिक अनियमितता हो । बोलपत्र स्वीकार गरिंदा विवादास्पद कार्य नगरिएको भए श्री ५ को सरकारलाई पछि अक्षरमा सच्याए अनुसार रु. १,६९,५७३।३३ हानि नोक्सानी पर्ने थिएन । त्यसरी बोलपत्र सच्याएको कारण श्री ५ को सरकारलाई उक्त रकम हानि नोक्सानी परेको सम्बन्धमा त्यससंग सम्बद्ध देखिएकाहरु उपर मुद्दा चलाइएको अबस्थामा प्रतिवादीहरुलाई सफाई दिंदा निर्माण कार्यबारे अभियोग पत्रमा कुनै टिप्पणी नरहेको भनी बिल्कूलै अप्रासंगिक कुरालाई आधार बनाइएको छ ।

३.२.४ जि. पाल्पा, मुभुङ गाउं विकास समिति वाडं नं. १ घर भई जि रुपन्देही सिद्धार्थनगर न.पा.वडा नं. ४ बस्ने नेपाल बैंक लिमिटेड, महेन्द्र सुगरमिल कम्पाउण्ड उपशाखाका लुकेन्द्रबहादुर कार्की समेत विपक्षीहरु भएको मुद्दामा रुपन्देही जिल्ला अदालतबाट प्रतिवादीहरु लुकेन्द्रबहादुर कार्की र जगदीश्वर पौडेललाई सफाई दिने गरी भएको फैसला उपर श्री ५ को सरकारको तर्फबाट पुनरावेदन परेकोमा पुनरावेदन अदालत, बुटबलका माननीय मुख्य न्यायाधीश ध्रुवनाथ उपाध्याय र माननीय न्यायाधीश रणबहादुर बमको संयुक्त इजलासबाट प्रतिवादीहरु अमरबहादुर कार्की र लुकेन्द्रबहादुर कार्कीलाई कम सजाय गरी तथा प्रतिवादी जगदीश्वर पौडेललाई सफाई दिई भएको फैसलामा प्रतिवादी मध्येका जगदीश्वर पौडेललाई सफाई दिंदा निम्न आधारहरु लिइएको :

(क) प्र. जगदिश्वर पौडेलले मिति २०५३।२।१३देखि ऐ. १६ गते सम्म मात्र निमित्त मैनेजर भई काम गरेको ।

(ख) मैनेजर प्रतिवादी लुकेन्द्रबहादुर कार्की काजबाट फर्की क्यासबूक र व्यालेन्स बूकमा २०५३।२।१७ मा हस्ताक्षरले खुलाई प्रमाणित गरिदिएको ।

(ग) सह अभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टी हुन नसकेको ।

उक्त फैसला निम्नलिखित तथ्य एवं प्रमाणहरुका आधारमा त्रुटीपूर्ण छ :

(क) महेन्द्र सुगरमिल कम्पाउण्ड उपशाखाबाट बैंकको मौज्दात रकम रु. ११,००,०००।- झिकी हिनामिना गरी भ्रष्टाचार भएको कुरामा अदालत सहमत भएकै छ । प्रतिवादी लुकेन्द्रबहादुर कार्कीले मौकामा र अदालतसमक्ष बयान गर्दा समेत आफू २०५३।२।१२ मा पोखरा जांदा आफ्नो जिम्माको ढुकुटीको सांचो सहायक जगदीश्वर पौडेललाई दिई

गएको र ऐ १७ गते आफू हाजीर हुंदा क्यास खोली सकेको सम्मका कुराहरुमा सावितै देखिन्छन् । साथै प्रतिवादीहरुको बयानबाटै २०५३।२।१७ गते बेलुकी क्यास बन्द गर्ने अबस्थामा नै ढुकुटीमा रकम कम थियो भन्ने पुष्टि भएको छ । मिति २०५३।२।१२ गतेदेखि ऐ १७ गते सम्म बैंकको ढुकुटी मौज्दात ठीक थियो भनी प्रतिवादी लुकेन्द्रले प्रमाणित गरेको भनी अदालतले लिएको आधारका सम्बन्धमा प्रतिवादी जगदीश्वर पौडेलले ढुकुटीको मौज्दात रकम आफूहरुले गन्ती नगरेको भनी उल्लेख गरेको र खजान्ची अमरबहादुर कार्कीले ढुकुटीमा रकम कमी भएमा आफू जिम्मेवार हुने भनी २०५३।१।१७ गते गरिदिएको र ऐ १८ गते ढुकुटीमा कम भएको रु. ८ लाख १ हप्ताभित्र पूरा गरिदिनेछु भनी गरिदिएको कागजको सम्बन्धमा समेत प्रतिवादी जगदीश्वर पौडेलले प्रष्ट जिकिर लिन नसकेको अबस्थातर्फ अदालतको ध्यान पुग्न सकेको पाइदैन ।

(ख) प्रतिवादी जगदीश्वर पौडेलले साँचो जिम्मा लिएको अबधिमा नै ढुकुटीमा मौज्दात कम देखिन आएको र अघिदेखि नै प्रतिवादीहरुले ढुकुटीको रकम आफूखुसी झिकी हिनामिना गर्ने गरेको प्रष्टै देखिन आएको अबस्थामा प्रतिवादी लुकेन्द्रले मिति २०५३।२।१७ गते बदनीयतपूर्वक मौज्दात प्रमाणित गरिदिएकोलाई प्रतिवादीहरुलाई सफाई दिने आधार बनाइएको छ । यसरी प्रतिवादी अमरबहादुर कार्कीले मौका र अदालतसमक्ष आफू समेत कसूरमा सावित रही अन्य प्रतिवादीहरु उपर समेत पोल गरेका छन् । प्रतिवादी लुकेन्द्रले १७ गते ढुकुटीमा मौज्दात कम छ भनी जानी जानी अन्य प्रतिवादीहरुको बदनीयतपूर्ण कार्यलाई ढाकछोप गर्ने अभिप्रायले समर्थन गर्दै जाने, आफू बच्ने उद्देश्यले कागज गराउने, सो बदनीयतपूर्ण कार्य ढाकछोप हुन नसक्ने भएपछि मात्र आफ्नो तालुक अड्डालाई जानकारी दिने जस्ता निर्विवाद तथ्यहरुबाट सह अभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट समेत समर्थित हुन आई प्रतिवादीहरु तीनैजना उक्त भ्रष्टाचार जन्य कसूरमा संलग्न रहे भएको पुष्टि हुन्छ ।

(ग) प्रतिवादी मध्येका लुकेन्द्रबहादुर कार्की र अमरबहादुर कार्की उपरको दावी अनुसारको कसूर कायम भए तापनि निजहरुलाई गरेको सजाय मिलेको छैन । भ्र.नि. ऐन, २०१७ को दफा १३ को कसूर गर्नेलाई कसूरको मात्रा अनुसार १ वर्षदेखि ५ वर्ष सम्म कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सोही ऐनको दफा २९(२) को प्रतिबन्धात्मक वाक्यांशमा बिगो रु. ५,०००।- भन्दा बढी भएमा सो बिगो बमोजिम जरिवाना हुने प्रष्ट उल्लेख पाइन्छ । प्रतिवादीहरुले रु. ११,००,०००।- मासेको कुरा अदालतले स्वीकार गरिसकेपछि सोही बिगो बमोजिम अर्थात एघार/एघार लाख जरिवाना हुनु पर्नेमा कानूनी आधार बिना हचुवा तवरले जनही रु. ५,५०,०००।- मात्र जरिवाना गरी फैसला भएको छ ।

३.२.५ जि. झापा भद्रपुर न.पा. वा.नं. १५ बस्ने महेश कोइराला समेत संगको मुद्दामा भरतकुमार डांगी, महेश कोईराला तथा राम भगत साहले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) १३ को कसूर गरेकाले निजहरुलाई ऐ. ऐनको दफा ७(२), १३ बमोजिम सजाय गरी दफा २९ बमोजिम बिगो समेत असूल गरी पाउन पुनरावेदन अदालत, राजविराजमा मुद्दा दायर गरिएकोमा माननीय मुख्य न्यायाधीश शारदाप्रसाद पंडित तथा माननीय न्यायाधीश सामन्त सिंह बोगटीको इजलासबाट अभियोग दावीको कसूरबाट प्रतिवादीहरुले सफाई पाउने ठहराई फैसला गर्दा लिईएको निर्णयाधार निम्नानुसार छन् :-

(क) भले मगरले लिएको उद्योग, कृषि र सेवा कर्जाहरुको अलग अलग जमानी पत्र दिएकोमा बैंक र भले मगरबीच भएको कर्जा तमसुकमा साक्षीको रुपमा जाहेरवाला छिरिङ्ग निमा श्रेष्ठले सहीछाप गरेको देखिएको ।

(ख) जाहेरवालाले बकपत्र गर्दा भरत डांगी घरमा आई एउटा खाली नेपाली कागजमा र फुलस्केपमा व्यहोरा नलेखी सही गराई लगेका थिए । त्यही कागजलाई भले मगरको नामको मन्जुरीनामा बनाई कर्जा निकालेका भनेकोमा कर्जा फायल हेर्दा जाहेरवालीको मन्जुरनामा पेश भएको नदेखिएको र बैंकले ऋण प्रवाह गर्ने मिति २०४७।८।१० का तीनवटै जमानी पत्रका फारामहरुमा जाहेरवालाको सहीछाप परेको देखिएबाट अभियोगदावी खण्डित भएको ।

(ग) प्रतिवादीहरु अधिकारप्राप्त अधिकारीसमक्ष कसूर गरेकोमा सावित भए पनि अदालतमा इन्कार रहेको र विशेष प्रहरी विभागमा शारीरिक र मानसिक यातना दिई जवरजस्ती लेखाएको भनी उल्लेख गरेको ।

(घ) ऋणप्रवाह गरिएका भले मगरले तीनवटै कर्जा लिएकोमा सो तिर्न मन्जुर गरी अदालतमा बकपत्र गरेको ।

(ङ) वादी दावीको रकम ती प्रतिवादीहरुको मिलेमतोबाट हिनामिना गरेको देखिएन । प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्षको सावितीलाई समर्थन गर्ने स्वतन्त्र प्रमाण प्रस्तुत गर्न नसकेको ।

उपरोक्त आधारहरु ग्रहण गरी गरिएको फैसला निम्न आधार प्रमाणहरुबाट त्रुटिपूर्ण छ :

(क) भले मगरको नामबाट उद्योग कृषि र सेवा कर्जाहरु प्रवाह गरेको बनावटी कागज खडा गरी जाहेरवालीले कर्जा लिन आफ्नो जग्गा धितो राखेकोलाई नै भले मगरको कर्जामा समावेश गराई निजको नामबाट रु. १,५०,०००।- कर्जा निकाली आफूहरुले उक्त रकम बांडी लिए खाएकोमा प्रतिवादीहरु मौकामा सावित भई स्वहस्ताक्षरले लेखेको

उक्त बयान व्यहोरा जवरजस्ती लेखाएको भन्ने कुनै तथ्ययुक्त आधार विपक्षीहरुले देखाउन सकेका छैनन् । करकापमा पारेर बयान गराएको भए पीडित पक्षले मौकैमा सम्बन्धित निकायमा उजूरी दिनुपथ्यों । प्रतिवादीहरुले अदालतसमक्ष इन्कारी बयान दिएकोमा निजहरुको सो बयानको व्यहोरा एक आपसमा बाझिएको अवस्थामा निजहरुले अदालतसमक्ष गरेको प्रमाणरहित इन्कारी बयानलाई आधार बनाइएको ।

(ख) भरत कुमार डांगीले मौकामा बयान गर्दा जाहेरवालीको जग्गाको मूल्यांकन रु. १,५४,०००।- भएकोमा भले मगरको नामबाट कर्जा निकाल्न मूल्यांकन नपुगेकोले हाकिमको आदेशले उक्त मूल्यांकनलाई काटी रु. २,१०,०००।- बनाएको भनेकोमा मिसिल संलग्न प्रमाणहरुबाट उक्त तथ्य पुष्टि भईरहेको छ । धितो मूल्यांकन फाराम पनि भले मगरको नामबाट ऋण निकाल्ने प्रयोजनको लागि नभई जाहेरवालीको नामबाट ऋण निकाल्ने प्रयोजनको लागि गरिएको प्रष्टरुपमा देखिएबाट प्रतिवादीहरुको साविति बयानलाई समर्थन गरेको छ ।

(ग) भले मगरले अदालतमा बकपत्र गर्दा तीनवटै कर्जा आफूले लिएको र कर्जा तिर्न मंजूर गरेको भन्ने फैसलामा आधार बनाए तापनि मौकाको बयानलाई समेत बकपत्रमा सदर गरिरहेको र कुन कुन विषयको कतिको कर्जा रकम तिर्न मन्जूर भएको भन्ने यकीन हुन नसकेको अवस्थामा त्यस्तो भनाईलाई सफाई दिने आधार बनाइएको छ ।

(घ) जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा आफूले कर्जा लिंदा भरत डांगीले फाइल ल्याई सो फाइलमा भएका कागजातहरुमा ६/७ ठाउंमा सही गराएका हुन् भनी उल्लेख गरेकी छिन् । त्यस्तो महत्वपूर्ण प्रमाणलाई बेवास्ता गरी जाहेरवालीको सही कसरी साक्षीको रुपमा पर्न आयो भन्नेतर्फ प्रवेश गरिएको छैन ।

(ङ) खजाञ्ची भरत डांगीले विशेष प्रहरीसमक्ष बयान गर्दा स.ज. १० मा जाहेरवालीको जग्गाको मूल्यांकन रु. १ लाख ५४ हजार भएकोमा भले मगरको नामबाट कर्जा निकाल्न मूल्यांकन नपुगेकाले प्रबन्धकको आदेशले उक्त मूल्यांकनलाई काटी रु. २ लाख १० हजार बनाएको भनेकोमा मिसिल संलग्न मूल्यांकन फारामबाट निजको भनाई समर्थित भएको देखिन्छ । साथै धितो मूल्यांकन फाराम पनि भले मगरको नाउंमा ऋण निकाल्ने प्रयोजनको लागि नभई जाहेरवालीको ऋण निकाल्ने प्रयोजनको लागि गरिएको देखिन आएंछ । अतः ऋण प्रवाहको कागज तयार गर्दा जाहेरवालाको भन्दा ३ दिन अगाडि भले मगरको नाममा ऋण प्रवाह गरेको कागज बनाई गरिएको कार्य भ्रष्टाचारजन्य भएको तथ्य स्थापित हुन आएको छ । एउटा प्रयोजनका लागि दिएको एकाको जमानत अर्को व्यक्तिको नाममा समेत दिएको कागज खडा गरी बैंकका उल्लिखित कर्मचारीले गैरकानूनी कार्य गरेको स्पष्टतः देखिएको छ ।

३.२.६ शाही नेपाल वायुसेवा निगमका तत्कालीन महाप्रबन्धक काठमाडौं महानगरपालिका-४ बस्ने माधवराज शर्मा विपक्षी भएको मुद्दा पुनरावेदन अदालत, पाटनमा दायर भई कार्यबाही हुंदा माननीय न्यायाधीशहरु गौरी ढकाल र दामोदर प्रजापतिको इजलासबाट आरोपित कसूरबाट प्रतिवादीलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार लिइएको छ :

(क) निगमको संचालक समितिले दिएको अधिकार बमोजिम प्रतिवादीले बोइङ भाडामा लिएको देखिएकोमा सोही अधिकारको दुरुपयोग गरी बिगो रु. ३०,७०,८६०।६० सहित भ्र.नि.ऐन २०१७ को दफा ७ (२) को सजायको दावी लिइएकोमा प्रतिवादीले आफूले संचालक समितिको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी निगमको हितमा नै प्रयोग गरेको भनी इन्कार बयान गरेको ।

(ख) आयोगका प्रमुख आयुक्त र आयुक्तहरुको बीचमा मुद्दा चलाउने विषयमा राय विवादास्पद भएको अवस्थामा बहुमतको रायको आधारमा प्रतिवादीको कसूर स्थापित गर्न न्यायसंगत भएन ।

(ग) १ जुन १९९८ मा संचालक समितिले व्यवस्थापनलाई दिएको अधिकार र २ जुन १९९८ को निर्णय अनुसार नै ४ जुन, १९९८ मा विमान भाडामा लिने निर्णय गरेको र सम्बन्धित कम्पनी प्रतिनिधिलाई संचालक समितिको बैठकमा आमन्त्रण भई सहभागी रहेकाले महाप्रबन्धक एक्लैले सम्झौता गरको भन्न मिल्ने देखिएन ।

(घ) महाप्रबन्धकले कुनै बदनीयत राखी सम्झौता गरेको नभई समयभित्र विमान उपलब्ध हुन नसकी उडानहरु रद्द भई निगमको छवि बिग्रन गई नोक्सानी हुने भएकाले भाडामा लिने निर्णय भएको भन्ने समेत प्रतिवादीका साक्षीको बकपत्र समेत देखिएको ।

(ङ) सम्झौता कार्यान्वयन हुन अगावै बसेको संचालक समितिको बैठकले महाप्रबन्धकले अधिकारको दुरुपयोग गरेतर्फ कुनै कुरा औंल्याएको देखिएन । निगमको उडान रद्द भई नोक्सानी बढी हुन जाने हुनाले Aviogenex संग सम्झौता गर्ने अनुमति संचालक समितिले दिएको पाइयो ।

(च) प्रतिवादीले आफ्ना बाबुका नाउंमा खरीद गरेको घर जग्गा भ्रष्टाचार गरी प्राप्त रकमले खरीद गरेको हो भन्ने प्रमाणित गर्न सकेको पाइएन ।

(छ) विमान भाडामा लिन व्यवस्थापन एवं समितिले विभिन्न विकल्पहरु खोजेको प्रस्तावहरु माग गरेको देखिएकाले प्रतिवादीले हतारमा सम्झौता गरेको भन्न सकिएन ।

(ज) प्रतिवादीले जानाजान बदनीयतपूर्वक निगमलाई नोक्सानी पुऱ्याएको र आफूलाई लाभ लिई भ्रष्टाचार गरेको भन्ने खुलाउन नसकेको, उक्त सम्झौताबाट निगमलाई फाइदा नभई घाटामा गएको भन्ने कारणले मात्र बदनीयतपूर्वक सम्झौता गरेको र हानि नोक्सानीको आधारमा मात्र भ्रष्टाचार ठहर गर्न न्यायोचित हुँदैन ।

उपरोक्त फैसला निम्न तथ्य एवं कानूनका दृष्टिबाट त्रुटीपूर्ण भई बदरभागी छ :

(क) ३ जुन १९९८ मा प्रस्ताव प्राप्त भएको भोलिपल्टै ४ जुन १९९८ मा Chapman Freeborn Airchartering Ltd संग प्रस्तावित विमानको क्षमता र नाफा नोक्सानको विश्लेषण नै नगरी निगमको संचालक समितिले व्यवस्थापनलाई अधिकार प्रत्यायोजन गरेको भरमा नियमतः राय लिनुपर्ने निगमको संस्थागत विभागसंग राय सल्लाह पनि नलिई निहित स्वार्थवश एउटै मात्र प्रस्तावको भरमा बिना प्रतिस्पर्धा आफैले सम्झौता गरेकोबाटै प्रतिवादीको बदनीयत स्पष्ट हुन्छ । विमान भाडाको परिणति नै प्रतिवादीको व्यक्तिगत स्वार्थ हो भन्ने तथ्य स्पष्ट भइसकेपछि प्रतिवादीले निगमको हित अनुरुप समितिको निर्णय कार्यान्वयन गरेको भन्ने प्रतिवाद जिकिरले मात्र अपराधिक दायित्वबाट निजलाई उन्मुक्ति दिनु न्यायसम्मत छैन ।

(ख) बहुमतको रायको आधारमा यी प्रतिवादीलाई कसूर स्थापित गरेको न्यायसंगत देखिएन भन्ने फैसलाको तर्क आफैमा कानूनसम्मत छैन । अ.दु.अ.आ. नियमावली, २०४८ को नियम ३ (२) ले आयोगको बैठकको बहुमतको निर्णयलाई आयोगको निर्णय मानिनेछ भन्ने कानूनी व्यवस्था अदालतको न्यायिक जानकारीको विषय हो । अभियोजन गर्ने कार्यविधिको वारेमा अदालतले प्रश्न उठाउन पर्ने होइन । मुद्दामा ठहर गर्नु पर्ने प्रश्नको विषय बाहेक अन्य कुरा फैसलाको निर्णयाधार बन्न सक्तैन । आयुक्तहरुको रायबाझीको विषय समेतलाई लिई प्रतिवादीको निर्दोषिताको आधार बनाइनु गम्भीरतम कानूनी त्रुटी हो ।

(ग) निगमसंग एभियोजेनेक्स कम्पनीको B 727, १७९ सिट क्षमता भएको विमानको संझौता अबधि समाप्त हुने र भारतले उडान अनुमति नदिने भएपछि अर्को उपयुक्त विमान भाडामा लिने कार्यबाहीको क्रममा साविककै विमानको संझौता अबधि थप गर्ने, प्राप्त प्रस्तावमा बेष्ट अफर माग गर्ने लगायत संचालक समितिले निर्णय गरेको अबस्था छ । एभियोजेनेक्स कम्पनीसंग साविक विमानको संझौता थप गरिएको पनि थियो, नवीकरण गर्न सकिने संझौता प्रावधान पनि रहेको अबस्था थियो । अन्य विमान कम्पनीहरुबाट प्राप्त प्रस्ताव आर्थिक रुपले निगमको हितमा नभएको भनी स्वीकार नभएपछि Chapman Ltd. को प्रस्तावमा Best offer माग्ने निर्णय भएको हो । एभियोजेनेक्स कम्पनीकै B 737 को १२० सिट क्षमता भएको न्यूनतम २०० ब्लक घण्टा सम्मको लागि प्रतिघण्टा २४५० डलर (प्रति उडान घण्टामा परिणत गर्दा ३२२८ डलर पर्न आउछ) र सो भन्दा बढी भएमा २२५० डलर प्रति ब्लक घण्टा दररेट भएको विमान भाडामा लिन संझौता गरिंदा प्रत्यक्षतः निगमलाई नोक्सानी पुग्ने काम भयो । यो दररेट यस अघि निगमले नै आर्थिक रुपले निगमको हितमा नभएको भनी अस्वीकार गरेको Pan Pacific को अ.ड. ३०५० प्रति उडान घण्टाको B 757 (२०० सीट क्षमताको) भन्दा खर्चिलो भएको स्पष्ट छ । यसबाटै सो बिमान आर्थिक रुपमा निगमको हितमा छैन भने प्रत्यक्ष देखिएको स्थिति र यसअघि भाडामा लिइरहेको १७९ सिट क्षमता भएको B 727 विमानको न्यूनतम १८० उडान घण्टासम्म प्रति उडान घण्टा २०२४ डलर सो भन्दा बढी भएमा प्रति उडान घण्टाको १८८९ डलर दररेट भएको विमान संझौता यथावत गर्न संचालन गर्न सकिने सम्पूर्ण अबस्था विद्यमान हुंदाहुँदै त्यही कम्पनीसंग उक्त B 737 विमानको अधिकतम आर्जन क्षमता अमेरिकी डलर ४०,२०,८६४ मात्र भएको स्पष्ट छंदाछंदै विमान संचालन गर्न मात्र पनि लाग्ने खर्च अ.ड. ४०,६५,३३७लाई वेवास्ता गरी प्रत्यक्षतः ४४४७३ अमेरिकी डलर नोक्सानी पुगेको स्पष्ट हुन्छ ।

(घ) जानीजानी सार्वजनिक संस्थालाई हानि नोक्सानी गर्ने काम महाप्रबन्धकबाट भई सो अपराध घटित हुंदाको समयावधिमा करीव रु. १९,२५,०००।- को घरजग्गा खरीद गरिएको ज्वलन्त भ्रष्टाचारजन्य अवस्था टड्कारो रुपमा देखिएको भनेको भ्रष्टाचारको अपराधको ठोस प्रमाण हो । यसलाई न्यायिक सद्विचारबाट हेरिएमा प्रतिवादीको कसूर हो भन्ने पुष्टी हुन्छ । यस्तो सम्पत्तिमा प्रश्न उठेपछि भ्रष्टाचार गरी प्राप्त गरेको हैन भन्ने कुराको प्रमाण प्रतिवादीले पुऱ्याउनु पर्दछ । अनुसन्धानको क्रममा निजसंग सम्पत्तिको विवरण खुलाउन लगाउंदा आफ्नो र परिवारको सम्पत्ति बिवरणमा सो सम्पत्ति उल्लेख नै नगरी लुकाएको छ । बिमान सम्झौता गरेको ४ जून १९९८ (२०५५।२।२१) को लगतै २०५५ भाद्र १४ (उजूरी प्रतिवेदन पेज नं. ९ को प्रकरण (झ) मा उल्लिखित घर, जग्गा सम्पत्ती) मा सो लुकाइएको अस्वभाविक सम्पत्ती आर्जन गरेको तथ्यलाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेको छैन । आरोप विरुद्धको प्रतिवाद वा खण्डन अदालतले गरिदिनु पर्ने होइन ।

(ङ) निगमको महाप्रबन्धकले सम्बन्धित विमान कम्पनीका प्रतिनिधिलाई संचालक समितिको बैठकमा सहभागी गराएकोले सम्झौता एक्लैले गरेको मान्न नमिल्ने भनी प्रतिवादीको निर्दोषिताको आधार पनि फैसलामा देखाइएको छ । विमान भाडाको सम्बन्धमा व्यवस्थापन र संचालक समितिबाट राय सल्लाह लिएको छैन भन्ने संस्थागत विभागका निर्देशक ज्ञानेन्द्रपुरुष ढकालको बयानमा स्पष्ट खुलेको छ । यसबाट पनि प्रतिवादीको जिकिर झूठा नै देखिएको छ ।

व्यवस्थापन भनेको के हो भनी यस मुद्दामा अदालतले स्पष्ट नभई विमान भाडा कम्पनीको प्रतिनिधिलाई जानकारी गराइएको कामलाई संस्थागत राय लिइएको भन्नु हास्यास्पद हुन्छ ।

(च) निगमलाई समृद्ध बनाउन र निगमको हित अनुकूल हुने गरी प्रयोग गर्न संचालक समितिबाट प्रदान भएको अधिकारको कार्यान्वयन असल नियतले गरेको भन्ने प्रतिवादीको जिकिर सर्वथा झूठा हो । किनभने विमान भाडामा लिएको १८ जुनदेखि ११ अक्टोवर १९९८ सम्म १६ हप्ताको अवधिको लागि विमानको अधिकतम क्षमताको उपयोग गरिएको मानी गणना गर्दा पनि (८० प्रतिशत सीट क्षमता र ५० प्रतिशत कार्गो क्षमता एकैसाथ प्रयोग गर्ने) कूल अमेरिकी डलर ४०,२०,८६४ मात्र आर्जन हुने तथ्य छानवीन प्रतिवेदनमा देखिन्छ भने विमान संचालन खर्च अमेरिकी डलर ४०,६५,३३७ रहेको व्यहोरा निगमकै पत्रबाट उल्लेख भएको छ । संचालन खर्च भन्दा आर्जन खर्च प्रत्यक्षतः थोरै देखिंदा देखिदै विमान भाडामा लिनु भनेको निगमको महाप्रबन्धको ज्ञानको अभाव वा तथ्यको भूल होइन । उक्त कार्यबाट निगमलाई ४४,४७३ अमेरिकी डलर (ने.रु. ३०,५०,८६०।६०) नोक्सानी पुगेको तथ्यको पुष्टी भइरहेको छ भने यो कार्य निगमको हित अनुकूल कसरी भयो ? प्रतिवादीले कही कतै भन्न र देखाउन सकेको छैन ।

(ज) विमान भाडामा लिने सम्बन्धमा के कति प्रगति भएको छ भन्ने बारेमा संचालक समितिले व्यवस्थापनसंग ७ जुन १९९८ मा मात्र विवरण माग गरेको देखिंदा देखिदै सो समय अगावै ४ जूनमा गरेको सम्झौता समितिलाई थाहा दिई गरिएको सम्झौता हो भन्ने अवस्थै रहदैन ।

(झ) निगमको छवि बिग्रने भएकाले महाप्रबन्धकले सम्झौता गरी बिमान भाडामा लिने निर्णय गरेको भन्ने प्रतिवादीका साक्षीको भनाईलाई फैसलामा उल्लेख हुनु तथ्यसम्मत छैन किनभने यी साक्षीले छवि बिग्रने सप्रने कुराको निश्चय गर्ने होइन । साक्षीको भनाई आत्मगत हो भने संचालक समितिले एकमात्र कम्पनीबाट विमान ल्याउने स्वीकृति दिएको भन्ने फैसलाको आधार तथ्ययुक्त हुदै होइन । संचालक समितिले Best Offer माग्ने भनेको छ । आफूखुशी गर्न महाप्रबन्धकलाई अधिकार दिएको छैन ।

(ञ) महाप्रबन्धकले सम्झौता गर्दा निगम घाटामा गएको कारणलाई मात्र बदनीयत नमान्ने र हानि नोक्सानीको आधारमा भ्रष्टाचार ठहर गर्न न्यायोचित भएन भन्ने फैसलाधार पनि एक अर्कामा विरोधाभासयुक्त छ । कुनै संस्था घाटा वा नाफामा जाने नजाने विषय र अपराधपूर्ण कार्यलाई एकैसाथ जोडेर हेर्न मिल्दैन ।

३.२.७ जि.अर्घाखांची अर्घा गाउं विकास समिति वडा नं. २ घर भई दूर संचार कार्यालय दाङ, घोराहीको तत्कालीन अस्थायी सहायक चौथो तहका कृष्णबहादुर के.सी. समेत विपक्षीहरु भएको मुद्दामा प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ अनुसार सजायको मागदावी लिई बिगो रु. १३,०८,२२५।४९ भराई पाउन पुनरावेदन अदालत, तुलसीपुरमा मुद्दा दायर भएकोमा माननीय न्यायाधीशद्वय रामजीप्रसाद त्रिपाठी र बिनोद ढुंगेलको इजलासबाट प्रतिवादीहरु कृष्णबहादुर के.सी, खड्ग भण्डारी र केदारप्रसाद शर्मालाई कम सजाय गरी तथा प्रतिवादीहरु गिरिराज शर्मा र प्रमोद मिश्रलाई सफाई दिई भएको फैसलामा निम्न आधारहरु लिएको पाइन्छ :

(क) महसूल बुझ्ने, रसिद काट्ने काम यी प्रतिवादीहरुबाट नभई अन्य प्रतिवादीहरुबाट हुने गरेको ।
(ख) प्रतिवादीहरुले इन्कारी बयान गरेको र निजहरु उपर सहअभियुक्तको पोल समेत नभएको ।

उक्त फैसला निम्नलिखित तथ्य एवं प्रमाणहरुका आधारमा त्रुटिपूर्ण छ :

(क) प्रतिवादी गिरिराज शर्मा मिति २०४८।४।१७ देखि २०५०।५।२२ सम्म र प्रतिवादी प्रमोद मिश्र मिति २०५०।६।२१देखि २०५१।२।३० सम्म उक्त कार्यालयको प्रमुखको रुपमा कार्यरत रहेको र प्रस्तुत भ्रष्टाचारजन्य कसूर आर्थिक वर्ष २०४९।५० देखि २०५१।५२ को अवधिमा नै भएकोमा उक्त समयमा अस्थायी कर्मचारी प्रतिवादी कृष्णबहादुर के.सी.लाई ग्राहकहरुबाट रकम असूल गर्ने बील भर्पाई बनाउने लेजरमा पोष्टीङ गर्ने बैंक दाखिल गर्ने जस्तो जिम्मेवारी पूर्ण काम लगाई त्यसको यथोचित रुपमा रेखदेख एवं निगरानी समेत नगरेबाट निजहरु समेतको उक्त भ्रष्टाचारजन्य कसूरमा मिलेमतो रहेको देखिइरहेको छ ।

(ख) प्रतिवादी मध्येका प्रमोद मिश्रले अदालतसमक्ष बयान गर्दा दैनिक कार्य संचालन गर्ने सिलसिलामा दैनिक उठेको रकम बैंक दाखिला गर्ने गराउने दायित्व आफ्नो भएको स्वीकार गरी कार्यालय प्रमुखको जिम्मेवारी स्वीकार गरेको अवस्था एकातिर देखिन्छ भन्ने अर्कातिर प्रतिवादी कृष्णबहादुर के.सी.ले. मौकामा बयान गर्दा कार्यालय प्रमुखले चाहेका दिनको जुनसुकै बेला चेक जांच गर्न सक्थ्यो, २०५८।८।१८ अगावै आफूले दूर संचार कार्यालयको केही रकम हिनामिना गरेको थिएं सोको जानकारी प्रमोद मिश्र र गिरिराज शर्मा समेतलाई थाहा थियो भनी उल्लेख गरेको र अदालतसमक्ष बयान गर्दा समेत राजस्व रकम आफूहरुले काम चलाउन लिने गरेको र सोको जानकारी कार्यालय प्रमुखलाई भएको कुरा स्वीकार गरेको छन् । यसैगरी केदारप्रसाद शर्माले मौकामा बयान गर्दा राजस्व रकम कम छ

भन्ने कुरा कार्यालयका सबै कर्मचारीहरुलाई थाहा थियो भन्ने उल्लेख गरेकोतर्फ ध्यानै नदिई अन्य सहअभियुक्तहरुको पोल नभएको भन्ने आधार लिइएको ।

(ग) प्रतिवादी मध्येका कृष्णबहादुर के.सी., खड्ग भण्डारी र केदारप्रसाद शर्मा उपरको कसूर कायम भए तापनि भ्र.नि. ऐन, ०१७ को दफा १३ को कसूरमा कसूरको मात्रा अनुसार १ वर्षदेखि ५ वर्ष सम्म कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था भएको र सोही ऐनको दफा २९(२) को प्रतिबन्धात्मक वाक्यांशमा तर बिगो रु. ५०००।- भन्दा बढी भएमा सो बिगो बमोजिम जरिवाना हुनेछ भन्ने उल्लेख भएकोमा हिनामिना गरेको भनी अदालतले ठहर गरेको बिगो बमोजिम जरिवाना नभएको ।

३.२.८ जनकपुर चुरोट कारखानाका तत्कालीन महाप्रबन्धक गोपालप्रसाद श्रेष्ठ समेतलाई भ्र.नि. ऐन, २०१७ को दफा ७ (२) र १४ (क) बमोजिम सजाय गरी दफा २९ बमोजिम बिगो समेत असूल गरी पाउन मागदावी लिई पुनरावेदन अदालत, जनकपुरमा मुद्दा दायर गरिएकोमा माननीय न्यायाधीशहरु गोबिन्दप्रसाद पराजुली र कृष्णप्रसाद श्रेष्ठको इजलासबाट निज प्रतिवादीले सफाई पाउने ठहऱ्याई फैसला हुंदा लिइएका निर्णयाधार निम्नानुसार छन् –

(क) मूल्य कायम अबधि (PRICE VALIDITY DATE) नघाउन यी प्रतिवादी मात्रै जिम्मेवार नदेखिई चुरोट कारखानाका सम्बन्धित अधिकृत एवं संचालक समितिका अध्यक्ष समेतको जिम्मेवारी रहेकोमा यी प्रतिवादी उपर मात्र अभियोगपत्र दायर गरेको, अन्य जिम्मेवार देखिएका क्रय महाशाखाका निर्देशक र अन्य उपसमितिका व्यक्तिहरु समेत सबैको सहमति बाटै CRISIS MANAGEMENT का लागि सूर्ती कोटेशनबाट खरीद गरेको देखिंदा अनियमित गरी खरीद गरेको भन्ने देखिन नआएको ।

(ख) टेण्डरतर्फको भ्यालिडिटी डेट व्यतित भएकाले व्यवस्थापनले सो म्याद बढाउन टेलिफोन टेलेक्स, फ्याक्स समेतबाट अनुरोध गर्दा पनि बढाउन नसके तापनि निरन्तर प्रयासरत रहेको र संचालक समिति स्वयंले मूल्य कायम अबधि नाघेकोलाई स्वभाविक रुपमा लिएको ।

(ग) टेण्डर मूल्य अबधि समाप्त भएको, टेण्डरदाताले म्याद बढाउन नमानेको, सूर्तीको मूल्य बढ्दै गई सूर्तीको अभाव हुदै गएको हुंदा उत्पादनलाई निरन्तरता दिन संचालक समिति आफैले आवश्यक न्यूनतम परिमाण काइसिस म्यानेजमेण्टबाट खरीद गर्ने निर्णय गरेको देखिएको ।

उपरोक्त फैसला निम्न आधार प्रमाणहरुबाट त्रुटिपूर्ण छ :

(क) सन १९९५ का लागि १८८३ मे. टन सूर्ती खरीदका लागि मूल्य कायम अबधि (PRICE VALIDATY DATE) मिति २०५२।३।१८ बाट २०५२।७।१२ सम्म १२० दिन कायम रहनेमा जनकपुर चुरोट कारखाना व्यवस्थापनले मिति २०५२।७।१७ सम्म सो अबधि कायम रहने भनी उल्लेख गरेको परिणाम स्वरुप उपरोक्त अबधि नाघ्न गई टेण्डरदाताबाट उक्त सूर्ती उपलब्ध हुन नसकेको तथ्य स्पष्ट छ । टेण्डरमा उल्लिखित दिन नै गणना गर्न नसकी सूर्ती उपलब्ध गर्ने गराउने अवसरबाट वञ्चित हुन पुग्नुबाट तत्कालीन महाप्रबन्धकले बदनीयतसाथ लापरवाहीपूर्ण कार्य गरको देखिन्छ । महाप्रबन्धकलाई प्रतिवादी कायम गरी अन्य जिम्मेवार व्यक्ति संचालक समितिका अध्यक्षका हकमा समेत "अनुचित कार्य" भए गरेको ठहर गरी आवश्यक कार्यबाहीको लागि आयोगबाट निर्णय भएको व्यहोरा समेत उक्त उजूरी प्रतिवेदनमा उल्लेख गरिएबाट यी प्रतिवादी उपर मात्र अभियोग लगाइएको भन्ने अदालतको कथन आफैमा त्रुटिपूर्ण छ । अदालतले नै गोपालप्रसाद दोषी थिए भन्ने कुरा फैसलामा उल्लेख गर्दा गर्दै अन्यथा गएर सफाई दिइएको छ ।

(ख) अदालतले सूर्ती किन्ने जिम्मेवारी क्रय महाशाखाको हुनु पर्ने हो भन्दै आफ्नो मनोगत आधारमा आफैले अनुमान गरी प्रतिवादी बाहेकमा जिम्मेवारी सारी सफाइ दिने आधार बनाउंन मिल्ने होइन । संस्थाको हित चिताएर निर्णय गर्न चाहेको भए नेतृत्वमा रहेको प्रतिवादीले मातहतका कर्मचारी वा उपसमितिका सदस्यलाई समयमा काम गर्न लगाउनु पर्थ्यो । सो नगरी मौकामा नै गर्नु पर्ने कामप्रति सजग भई ऐन, नियमको परिधि भित्र रही उत्तरदायिपूर्ण रुपले आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्नेमा सो नगरी निजले बदनीयत राखी संस्थालाई हानि नोक्सानी पुऱ्याएको कुरा मिसिल संलग्न प्रमाणले पुष्टि गरेकै छ ।

(ग) आपत्कालीन स्थिति (CRISIS MANAGEMENT) अन्तर्गत ६२७ मे.टन सूर्ती खरीद गर्ने प्रस्ताव आएकोमा कारखानालाई नभई नहुने र नयां सूर्ती खरीद नगर्दा केही चुरोटका ब्राण्डहरु बन्द हुने भएकाले गत सालको स्टक समेत उपयोग गर्ने गरी ७० मे. टन मात्र खरीद गर्न तत्कालीन संचालक समितिका अध्यक्षबाट स्वीकृती दिएको कुरा निजको कथनबाट देखिंदा बांकी सूर्ती पुनः टेण्डर प्रकृया शुरु गरी खरीद गर्नु पर्नेमा ३६४ मे. टन सूर्ती CRISIS MANAGEMENT को नाउंमा टेण्डरमा उल्लिखित दर भन्दा दोब्बर बढीमा कारखानालाई नोक्सानी पुऱ्याउने उद्देश्यले खरीद गरेको देखिन्छ ।

(घ) सूर्ती खरीदका लागि महाप्रबन्धकले जारी गरेको सूचनामा PRICE VALIDITY DATE मिति २०५२।३।१८बाट १२० दिन हुने भनी तोकिएकोमा सो मितिबाट गणना गर्दा मिति २०५२।७।१७ सम्म कायम रहने भनी उल्लेख गर्नु नै आफैमा दुराशययुक्त छ । उक्त खरीद सम्बन्धमा व्यवस्थापनले सूचना जारी भएको मितिदेखि १२० दिन कहिले पुग्न सक्छ भनी गणना गर्न नसक्ने अवस्था नै आउदैन । कारखानाले PRICE VALIDITY DATE कायमै रहेको अवधि भित्र खरीद गरी सक्नु पर्नेमा व्यवस्थापनले समयमै सतर्कता नअपनाई सो म्याद बढाउन मिति २०५२।७।१७ मा मात्र पत्र पठाई मिति २०५२।७।३० मा मात्र उपसमितिको बैठक राखी मिति २०५२।८।१० मा मात्र संचालक समितिको बैठकमा निर्णयार्थ पेश गरेको हुंदा PRICE VALIDITY DATE बढाउने प्रचलन साविकदेखि नै भएको भन्ने व्यवस्थापनको जवाफ प्राप्त भएको भन्ने तत्कालीन अध्यक्षको भनाई रहेको देखिंदा तोकिएको अवधि व्यतित भइसकेपछि पनि साविक कै अनुरोध गर्दा बढाउछ भन्ने ठान्नु र सो नबढाएको अवस्थामा के कस्तो परिणाम व्यहोर्नु पर्छ भनी सोको बेवास्ता गरी गरेको कार्य त्रुटिपूर्ण छ । व्यवस्थापनको ढिलाईको कारणले म्याद थप भई सम्झौता हुन नसकेपछि सो समस्या टार्नका लागि कोटेशनबाट सीमित सूर्ती आपूर्ति गरी बांकी अवधिका लागि टेण्डर आव्हान गर्नु पर्नेमा सो नगरी मिति २०५२।७।१२देखि २०५३ साल जेष्ठ महिनासम्म धान्नका लागि कोटेशन गर्दा प्रस्तावित मूल्य भन्दा दोव्बर बढीमा खरीद गरी रु. १,१५,०५,२९६।- सप्लायर्स र आफू महाप्रबन्धकलाई गैरकानूनी फाईदा र कारखानालाई जानी जानी नोक्सान पुऱ्याएको तथ्य सप्रमाण पुष्टि भएको छ । टेण्डरतर्फको PRICE VALIDITY DATE व्यतीत भइसकेपछि म्याद बढाउन अनुरोध गर्ने क्रममा टेलिफोन, टेलेक्स एवं फ्याक्स गरेर व्यवस्थापनले प्रयासरत रहेको देखाउने चेष्टा गरी संचालक समितिलाई भ्रममा पाने खोजिएको मात्र हो । तोकिएको अवधि व्यतित भइसकेपछि संचालक समितिले चाहेर पनि केही गर्न सक्ने अवस्था थिएन ।

(ङ) अदालतले के प्रतिवादी गैरकानूनी लाभ पुऱ्याउने दुराशयले कारखानाको सेवामा प्रवेश गरेका थिए त ? भन्ने अनौठो प्रश्न गरेको छ । प्रश्न प्रतिवादी सोही उद्देश्यले प्रवेश गरे गरेनन् भन्ने नभई उनको कारणले अदालतले नै उनी लगायत अरु पनि दोषी भएको र निज मात्र संलग्न नभएको भनी फैसलामा बोलेको छ । मुद्दामा नउठेका काल्पनिक प्रश्न खडा गरेर निर्णयका लागि आधार बनाउन खोजिएबाट पनि उक्त फैसला बस्तुनिष्ठ नभई आत्मनिष्ठ छ ।

३.२.९ जि. धादिङ नौबिसे-६ घर भई नापी शाखाका तत्कालीन नापी निरीक्षक बसन्तकुमार कुंवर समेत विपक्षीहरु भएको मुद्दा पुनरावेदन अदालत पाटनमा दायर भएकोमा माननीय न्यायाधीशहरु रामकुमारप्रसाद साह र बोधरीराज पाण्डेको इजलासबाट आरोपित कसूरबाट सबै प्रतिवादीहरुले सफाई पाउने गरी फैसला हुंदा मूलतः निम्न आधार उल्लेख गरेका देखिन्छ :

(क) प्रतिवादी बसन्त कुंवरले आफ्नो प्रतिवादको क्रममा अमीन उत्तम श्रेष्ठलाई फील्ड चेक गरी फरक नपर्ने गरी बाटो खुलाई पेश गर्नु भन्ने आदेश भए अनुरुप जग्गा लिने दिने दुबै पक्षले उक्त कित्तामा घर छैन भनेकाले विश्वासमा सही गरेको भनेका र उत्तम श्रेष्ठले पनि सोही अनुरुप प्रतिवाद गरेका ।

(ख) उक्त कित्ताहरुमा पक्की घर र कच्ची मोटर बाटो देखिएको हुंदा लिने दिनेले झूठा विवरण लेखाएकाले नियमानुसार राजस्व असूल गरी पाउन अनुरोध गर्दै मिति २०५३।११।३ मा प्रतिवेदन दिएकाले बदनीयत देखिएन ।

(ग) रजिष्ट्रेशन पास दस्तुर कम तिरेको भए तापनि भ्र.नि. ऐन २०१७ को दफा ८ को कुन कार्य गरेको भन्ने अभियोग पत्रमा नखुलेको थप राजस्व बुझाउन पत्राचार भइरहेको र हक हस्तान्तरण कार्य सम्पन्न भइनसकेको ।

(घ) प्रतिवादी रवी के.सी. रामचन्द्र भण्डारी, दिलीप प्याकुरेल उपर भष्टाचार निवारण ऐन २०१७ को दफा १६क अनुसार मूल अभियुक्तहरुको कसूर प्रमाणित नभएकाले सजाय गर्न मिलेन ।

(ङ) लापरवाहीपूर्ण कार्यलाई खराब मनसाय र बदनीयतको अभावमा भ्रष्टाचारको संज्ञा दिन नमिल्ने ।

उपरोक्त आधारहरुबाट कसूर कायम नगरी सफाई दिइएको फैसला मूलतः निम्न कारणहरुबाट त्रुटीपूर्ण छ :

(क) मालपोत कार्यालय, कलङ्कीबाट सुकलक्ष्मी लामा र बकसपत्र गरिलिने श्रद्धा के.सी. भई लिखत पारित गर्दा घर भएकोमा घर नलेखी कच्ची मोटर बाटोलाई गोरेटो बाटो जनाई प्रतिवादी नापी निरीक्षक बसन्त कुंवर समेतले श्री ५ को सरकारलाई रु. ३,६९,७७३।२० राजस्व हानि गराएको तथ्यलाई उक्त फैसलामा अन्यथा भन्न नसकेको ।

(ख) प्रतिवादी बसन्त कुंवर र उत्तम श्रेष्ठ नापी सम्बन्धी जिम्मेवार र अख्तियारप्राप्त राष्ट्रसेवक कर्मचारी हुन् । यिनले पेश गरेको गलत प्रतिवेदनको कारणबाटै बक्सपत्र लिखत पारित गर्ने काममा राजस्व हानि भएकोले प्रतिवादी बसन्त कुंवरले पछि कुनै प्रतिवेदन दिंदैमा कसूरबाट उन्मुक्ति पाउन सक्ने अवस्था हुंदैन । प्रतिवादी बसन्त कुंवरले आफ्नो जवाफदेही अनुरुपको काम नगरी अपराध हुन गएको तथ्यलाई निजले अदालतसमक्ष गरेको बयानमा स्वीकार गरी सकेका छन् ।

(ग) प्रतिवादी सुकलक्ष्मी लामाको नाउंको उक्त जग्गामा पक्की घर रहे भएकोलाई होइन छैन भनी बदनीयतपूर्ण तवरले जग्गा दिने कार्य भएको कुरा बसन्त कुंवर र उत्तम श्रेष्ठको प्रतिवेदनले पुष्टि भएको छ । उक्त जग्गा प्रति रोपनी ७ लाख २५ हजार पर्ने हो भन्ने मूल्यांकनबाट देखिएको हुंदा उक्त सरकारी रकम राजस्व स्वरुप प्राप्त हुनुपर्ने अवस्थालाई फैसलाको आत्मगत व्याख्याले अन्यथा गराउन मिल्दैन ।

(घ) जग्गा दिने व्यक्ति प्रतिवादी सुकलक्ष्मी लामाको भनाईले पनि जग्गा लिने श्रद्धा के.सी. को लोग्ने रवी के.सी. ले बदनीयतपूर्वक गैरकानूनी फाइदाका लागि उक्त कार्य गरे गराएको भन्ने मौकाको बयानबाटै देखिएको छ । उक्त जग्गामा बनेको घरको मूल्यांकन रु. १६,७१,३३६।- भएको देखिंदा सोको हालैको बकसपत्र बापत लाग्ने दस्तुर (तीन पुस्ता बाहिरको २०%) रु. ३,३४,२७३।२० भन्ने मालपोत कार्यालयको मिति २०५४।८।२० को पत्रको स्पष्टोक्ति र नपुग राजस्व उठाउने भन्ने औपचारिकता सम्मको कार्य प्रतिवादीहरुको निर्दोषिताको प्रमाण बन्न सक्दैन । यी सबै प्रतिवादीहरुको संयुक्त मिलोमतोबाट नै सरकारलाई नोक्सानी गराउने काम भएको देखिएकोमा भ्रष्टाचार निवारण ऐन को दफा ८ को कुन कार्य कसूर गऱ्यो भन्ने नखुलेको भन्नु फैसलाको गल्ती पक्ष हो ।

३.२.१७ नेपाल कमर्स क्याम्पस, मीन भवनका क्याम्पस प्रमुख माधवप्रसाद न्यौपाने समेतलाई भ्र.नि. ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी दफा २९ बमोजिम बिगो समेत असूल गरी पाउन मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएकोमा माननीय न्यायाधीशहरु खिलराज रेग्मी र भूपध्वज अधिकारीको इजलासबाट अभियोग दावीको कसूरबाट ती प्रतिवादीहरुले सफाई पाउने ठहराई फैसला हुंदा लिइएका निर्णयाधारहरु निम्नानुसार छन् :

(क) अभियोगपत्रमा निर्माण कार्य नै नगरी वा तोकिएको मापदण्ड विपरीत गरेको भन्ने उल्लेख छैन । अघिल्लो बोलपत्रहरु रद्द भएको स्थितिमा सोही प्रसंग पछिल्लो बोलपत्रको सन्दर्भमा उठाउनु अप्रासङ्गिक हुने ।

(ख) भवन निर्माणको प्रारम्भदेखि कार्य सम्पन्न भए सम्मका कुरालाई त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट अनुमोदन र समर्थन भएकै देखियो ।

(ग) टेण्डरबाट लाभ प्राप्त गर्ने भनिएको समानान्तर निर्माण सेवा समेत उपर दावी नलिएको हुंदा अभियोग अस्पष्ट र अपूर्ण देखिएको ।

उपरोक्त फैसला निम्न लिखित आधार प्रमाणहरुबाट त्रुटीपूर्ण छ :

(क) मीनभवन क्याम्पसको कोठा निर्माण कार्यका लागि पहिलो पटक सूचना प्रकाशित गरिएकोमा १५ वटा फर्मको टेण्डर पर्न आई सो मध्ये ४ वटाको मात्र मूल्यांकन गरी बांकी ११ वटा फर्मको बारेमा केही नबोली सांग्रिला कन्स्ट्रक्सनले ३५ लाख १८ हजारको रकम खुलाई इष्टिमेट रकम भन्दा ३७.८२ प्रतिशत लागत कम गरी कबोल गरेकोमा प्राविधिकको राय मुताबिक सो दरमा काम गर्न नसक्ने भनी रद्द गरिएको छ । तर तत्काल प्रचलित सरकारी दरको हाराहारीमा सो कबोल रकम रहेको देखिन्छ । ती ४ वटा फर्म अयोग्य घोषित भइसकेपछि बांकी ११ वटा फर्मले काम गर्न सक्ने नसक्नेबारे कुनै मूल्यांकन नै नगरी हचुवा तवरले पुनः टेण्डर गरी पहिलो पटक न्यून रकम कबोल गर्ने समानान्तर निर्माण सेवा (करीव ४६ लाखमा काम गर्न सक्ने उल्लेख गरी इष्टिमेट भन्दा १८.९२ प्रतिशत रकम कायम गरी सो अंकमा पनि १९ प्रतिशत घटेर काम गर्न मञ्जूर गरेको) ले दोश्रो बोलपत्रमा रु. ५५ लाख १८ हजार कबोल गरेको अंकलाई न्यूनतम भनी स्वीकार गरिएकोबाट रु. १० लाख ३० हजार प्रत्यक्षतः क्याम्पसलाई नोक्सान पर्न गएको र यसरी नोक्सान पार्ने बदनीयतले नै पहिलो टेण्डर रद्द गरिएको देखिन्छ । इन्जिनियरले डिजाईन गर्दा क्याम्पस जस्तो अत्यधिक आवत जावत हुने सार्वजनिक भवनमा पनि सामान्य घरमा जस्तो ४ लाइनको ८ वटा मात्र डण्डी राख्नु सुरक्षात्मक दृष्टिले पर्याप्त हुन सक्दैन, यसमा न्यूनतम डण्डी ०.८% हुनु पर्नेमा ०.७४% मात्र रहे भएको भन्ने प्राविधिक प्रतिवेदन मिसिल संलग्न देखिंदा निर्माण कार्य समेत तोकिएको मापदण्ड विपरीत हुन गएको स्पष्ट छ । सो कुरा मिसिल संलग्न रहेको प्रमाणलाई हेरी बोल्नु पर्नेमा सो गर्न सकेको देखिदैन ।

(ख) त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ७१ उपनियम २ खण्ड (ख) अनुसार संगठन वा निकाय प्रमुखले निर्माण सम्बन्धी बोलपत्रमा रु. २० लाखसम्म स्वीकृत गर्न पाउने देखिन्छ भने सो भन्दा अधिक रकमको हकमा कार्यकारी परिषदले गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ र त्रि.वि. विकेन्द्रीकरण नियम २०५५ को नियम ७ (६) (छ) बमोजिम मर्मत संभार कार्यका लागि क्याम्पस प्रमुखले रु. २५ लाख सम्मको बोलपत्रको कार्य गर्न पाउने देखिन्छ । साथै सवैभन्दा घटी दर भएको बोलपत्र भन्दा बढीवालाको बोलपत्र स्वीकृत गर्नुपर्दा संगठन वा निकायको हकमा रजिष्ट्रारको पूर्व स्वीकृति लिनु पर्नेछ भनी त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ५६ (२) (क) मा बाध्यात्मक व्यवस्था गरिएको देखिए पनि यो अनुरुप लिखित स्वीकृति लिई कार्य प्रारम्भ गरेको कहीकतै देखिंदैन ।

(ग) क्याम्पस प्रमुख लगायतका जिम्मेवार पदाधिकारीले समानान्तर निर्माण सेवाको टेण्डर स्वीकृत गर्ने गराउने कार्य गरेको र निजहरुको कारणले मात्र उक्त निर्माण कम्पनीले काम गर्ने अवसर प्राप्त गरेको देखिंदा उक्त कम्पनीलाई गैरकानूनी लाभ पुऱ्याउने बदनीयतले नेपाल कानूनको जानी जानी पालन नगरेको कार्यबाट भ्रष्टाचारजन्य कार्य हुन गई त्यस्ता काम गर्ने व्यक्तिलाई मात्र प्रतिवादी कायम गर्ने कार्य पूर्णतः कानून र व्यवहारसम्मत हुंदा हुँदै पनि अदालत स्वयंले फलानालाई प्रतिवादी नबनाएको भन्दै कसूर कायम नहुने भनी गरेको फैसला आत्मनिष्ठ छ ।

३.२.११. जि. झापा गाउं विकास समिति चारपाने वडा नं. १ घर भई तत्कालीन महिला विकास शाखा तेह्थुममा कार्यरत महिला विकास अधिकृत तारा थापा समेत प्रतिवादी भएको मुद्दामा पुनरावेदन अदालत, धनकुटाका माननीय न्यायाधीशहरु अबधेशकुमार यादव र आत्माराम भट्टराईको इजलासबाट प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको फैसलामा लिइएका आधारहरु निम्न छन् :

(क) पेश भएका बील भर्पाई र कार्यक्रममा भाग लिने मानिसले अन्यथा नभनेसम्म विधिवत् तयार भएका बील भर्पाई र कार्यक्रममा उपस्थितिको कागजलाई अन्यथा रहेछ भनी अदालतले अनुमान गर्नसक्ने अवस्था हुँदैन ।
(ख) प्रत्यर्थी प्रतिवादी विष्णुमाया सम्वाहाम्फेले जिल्ला प्रशासन कार्यालयमा कागज गर्दा अभियोग अनुसार कार्यक्रम नभएको व्यहोरा लेखाए पनि अदालतमा बयान गर्दा कार्यक्रम विधिवत भएर खर्च भएको हो भनी अभियोग कसूरमा इन्कार गरेको ।
(ग) पेश भएका बील भर्पाई हिसाव कितावको लेखा परीक्षण समेत भइसकेको र पेश भएका बील भर्पाई कार्यक्रममा उपस्थितिको कागजलाई अभियोजन पक्षले नक्कली र वनावटी भनी प्रमाणित गर्न नसकेसम्म ती कागजलाई सही नै रहेछ भन्ने सम्झनु पर्ने ।

उल्लिखित फैसला निम्न कारणले त्रुटिपूर्ण छ :

(क) प्रत्यर्थी प्रतिवादी विष्णुमाया सम्वाहाम्फेले मौकामा बयान गर्दा मलाई महिला विकास अधिकृत तारा थापाले ओख्रे गाउं विकास समितिमा परिचयात्मक कार्यक्रम संचालन गरेको कागजात मिलायर पेश गर भनेको हुंदा उल्लिखित मितिमा ओख्रे गाउं विकास समितिमा कार्यक्रम भएको कागजात तयार पारी हाकिम साहेवलाई दिएको हो, मैले व्यवहारमा कार्यक्रम गरेको होइन, हाकिम साहेवले मैले भनेको नमान्दा पछि तंलाई कुनै पनि काम दिन्न भन्ने दवाव दिएको हुंदा बाध्यतावश त्यसो गरेको हो भनी स्वाभाविक रुपमा साविती बयान गरेको र निजको बयानसंग मेल खाने गरी ओख्रे गाउं विकास समिति तेह्थमको च.नं. १२५ मिति २०५७।७।२९ को पत्रबाट ओख्रे गाउं विकास समितिमा सम्बन्धित ठाउं र सहभागीहरुसंग बुझ्दा त्यस्तो कार्यक्रम र गोष्ठी नभएको भन्ने किटान भएको व्यहोरा उल्लेख भएको ।
(ख) अदालतबाट साक्षीहरुको बकपत्र हुंदा तथाकथित परिचयात्मक कार्यक्रम भएको स्थान ओख्रे गाउं विकास समितिका अध्यक्षले आफूले च.नं. १२५ मिति २०५७।७।२९ को पत्रको व्यहोरा ठीक छ उक्त समयमा मेरो गाउं विकास समितिभित्र त्यस्तो गोष्ठी तालीमहरु भएन भनी किटानी गरी वकपत्र गरी दिएका छन् । आफ्नै गाउं विकास समिति भित्र कुनै गोष्ठी भएको भए सम्बन्धित गाउं विकास समिति अध्यक्षले थाहा जानकारी नपाउने भन्ने प्रश्न नै उठ्दैन । उक्त गाउं विकास समितिको सो पत्रलाई प्रत्यर्थी प्रतिवादीहरुले अन्यथा हो भनी भन्न सकेका छैनन् ।
(ग) पेश भएका बील भर्पाईको हिसाव कितावको लेखा परीक्षण समेत भइसकेको भन्ने अदालतको निर्णयको सम्बन्धमा जव महिला परिचयात्मक गोष्ठी नै नगरेको भन्ने स्पष्ट भएपछि सो गोष्ठीसंग सम्बन्धित गरिएका सवै कागजातहरु स्वतः वनावटी रहेछन् भन्ने कुरा स्पष्टै हुन आउछ । लेखा परीक्षणबाट कुनै पनि स्थानमा भएको कार्यक्रमको स्थलगत निरीक्षण गर्न सम्भव नहुने, संकलित बील भर्पाईका आधारमा मात्र हेरिने हुंदा कुन नक्कली बील भर्पाई हो भनी लेखा परीक्षणबाट छुट्टिन सक्दैन ।
(घ) ओख्रे गाउं विकास समितिमा महिला परिचयात्मक गोष्ठी भएको मिति प्रतिवादी तारा थापाले २०५७।३।२देखि थियो भनी अदालतमा गरेको बयानमा उल्लेख गरेको देखिन्छ भने प्रतिवादी विष्णुमाया सम्वाहाम्फेले सो गोष्ठी मिति २०५७।३।३ देखि संचालन गरेको हो भनी बयान गरेको पाइन्छ । गोष्ठी संचालन गरिएको शुरु मितिमा नै दुवै प्रतिवादीहरुको विरोधाभासपूर्ण भनाईले वास्तविक रुपमा त्यस्तो गोष्ठी संचालन नगरेको भन्ने स्पष्ट देखिन आउंछ ।
(ङ) यदि महिला परिचयात्मक गोष्ठी संचालन गरेको भए सो गोष्ठीमा सहभागी महिलाहरुलाई वितरण गरिएका सामाग्री खरीद गरिएका व्यापारीहरुबाट सो व्यहोरा पुष्टि गराउन सक्नु पर्ने थियो तर प्रत्यर्थी प्रतिवादीहरुले सो गर्न सकेको देखिदैन । ओख्रे गाउं विकास समितिका सहभागीको हस्ताक्षरका सहीका अक्षरहरु एक

अर्कोमा मिल्ने भिड्ने कुरा खुला आंखाले हेर्दा पनि देखिन्छ यसबाट कार्यक्रम नै नबनाई बनावटी सहभागीको नाम लेखी रकम बुझ्काएका तथाकथित भर्पाई खडा गरेको प्रष्ट देखिन्छ ।

३.२.१२ का.जि.काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने मोहनकृष्ण गुरुङ समेतका एकै मिलान र व्यहोराका विभिन्न ८ थान मुद्दामा प्रत्यर्थीहरु मोहनकृष्ण गुरुङ समेत उपर बिगोको ब्याज सहित असूल गरी बिगो बमोजिम जरिवाना समेत गरी पाउन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा छुट्टाछुट्टै मुद्दा दायर गरिएकोमा माननीय न्यायाधीशहरु मीनबहादुर रायमाझी र बिनोदप्रसाद ढुङ्गेलको इजलासबाट अभियोग दावीको कसूरबाट ती प्रतिवादीहरुले सफाई पाउने ठहराई एकै मिलानको फैसला हुंदा लिइएका निर्णयाधारहरु निम्नानुसार छन् :

(क) परियोजना तयार गरे बापत रिसवत लिएको र उद्योगको कीर्ते प्रमाणपत्र बनाएकोमा प्रतिवादी इन्कार रहेको ।
(ख) घूस दिने व्यक्तिको स्वीकारोक्ति रहेको भन्ने अनुसन्धानबाट नदेखिएको र सो प्रमाणित गर्ने वस्तुगत आधार नदेखिएको ।
(ग) ऋण प्रवाह गर्दा बैंकले धितो वापत जेथा (जग्गा) प्राप्त गरेको नै देखिएको ।

उपरोक्त फैसलाहरु निम्नलिखित आधार प्रमाणहरुबाट त्रुटिपूर्ण छन् :

(क) उक्त उद्योगलाई रु. ५५,०००।- (पचपन्न हजार रुपैया) रामबहादुर कंवर समेतको सिफारीशमा परी कर्जा प्रवाह गरेको हुं । सो उद्योगको परियोजना (स्कीम) आफू प्रबन्धक र शिवकुमार खत्री लेखापाल समेत भई तयार पारेको र उक्त परियोजना बनाए बापत रु. एक हजार सम्म दिने गर्दथे र सो रकम आफू र एकाउण्टेण्ट समेत भई लिने खाने गरेकोमा तत्कालीन प्रबन्धक मोहनकृष्ण गुरुङ ऐन मौकामा सावित रही अदालतमा बयान गर्दा समेत उक्त परियोजना बैंकबाट बनाउने कार्य भएकोमा सावित रहेको देखिंदा ऐन मौकामा व्यक्त बयानसंग सामिप्य रहेको देखिन्छ । तत्काल ग्राहकले फर्म दर्ताको फोटोकपी पेश गरेको आधारमा मात्रै पनि कर्जा दिने प्रचलन रहेको भन्ने व्यक्त गरेको देखिन्छ । तर त्यस्तो अवस्थामा पनि कर्जा दिन मिल्छ भनी निज प्रबन्धकले प्रमाण गुजार्न सकेको देखिंदैन । त्यस्तो फोटोकपी पेश गरेपछि कर्जा प्रवाह गर्नु अघि विभागमा सोध्ने प्रचलन थिएन भनी आफ्नो पदीय दायित्वबाट निज प्रबन्धक मुक्त हुन पाउने अवस्था छैन । जिम्मेवार पदमा आसीन व्यक्तिले प्रस्तुत गरेको फर्मको फोटोकपी व्यहोरा सच्याई पेश गर्न सक्ने संभावनालाई स्वीकार गरी सक्कल झिकाई भिडाई आफू यकीन भएर उक्त बैंक कर्जा प्रवाह गर्नु पर्नेमा बिभागमा त्यस्तो अवस्थामा सोध्ने प्रचलन थिएन भन्नु कानूनसम्मत हुन सक्दैन । यसको अतिरिक्त उक्त फर्म वा उद्योग दर्ता संचालन छ, छैन भनी फोटोकपी मात्र प्राप्त भएपछि आफू वा मातहतका कर्मचारीद्वारा उद्योग रहेको स्थलमा नै गई निरीक्षण गरी यकीन भएर मात्र कर्जा प्रवाह गर्नुपर्ने दायित्व उक्त प्रबन्धकको रहेको स्पष्ट छ । यसबाट पनि निज प्रबन्धकले कानूनी र व्यवहारसम्मत दुवै कार्य गर्न सकेको देखिंदैन । उद्योग दर्ता प्रमाण कागज रामबहादुर समेतले एउटा उद्योगको सक्कल दर्ता प्रमाणपत्रबाट फोटोकपी निकाली सो फोटोकपीमा भएको नामलाई सेतो मसी वा इरेजरले मेटाई सो ठाउंमा ऋणी हुने व्यक्तिको नाम, ठेगाना लेखाई सो बाट अर्को फोटोकपी निकाली पेश गर्ने गरेका हुन् भनी राजेन्द्रकुमार राजभण्डारीले व्यक्त गरेको ऐन मौकाको कागजबाट देखिन्छ । उल्लिखित उद्योग, उद्योग बिभागमा दर्ता नभई कीर्ते भएको तथ्य पनि स्पष्ट भएकोले उक्त उद्योगको स्कीम बनाउने कार्य, उद्योग छ छैन जांच नगरी गरेको कार्य र उद्योग दर्ता गर्ने कार्य लगायत कर्जा प्रवाह गर्ने कार्य सम्म गैरकानूनी कार्य गरेको स्पष्ट रुपमा पुष्टी भएकै देखिन्छ ।
(ख) उक्त उद्योगको परियोजना आफू प्रबन्धक लगायत लेखापाल शिवकुमार खत्रीले तयार पारी रु. एक हजार प्रति स्कीम दूबै जनाले बांडी लिने गरेको भनी प्रबन्धक मोहनकृष्ण गुरुङ र लेखापाल शिवकुमार खत्रीले ऐन मौकामा एकै मिलानको भनाई व्यक्त गरेको देखिन्छ । साथै त्यस्तो परियोजना बैंक भन्दा बाहिरबाट तयार गरी ल्याउने गरेको नभई सोही बैंकबाट तयार हुने गरेको भन्ने प्रबन्धकको अदालतमा समेत व्यक्त बयान देखिंदा उपरोक्त कथन र कार्य आपसमा मिल्न आएको देखिन्छ । घूस दिने लिने कार्य प्रायः मौखिक रुपमा नै सीमित रहने परिस्थितिमा तत्काल घूस लिने व्यक्तिले ऐन मौकामा कागज गर्दा स्वीकार गरेको देखिंदा उक्त स्वीकारोक्ति नै आफैमा पर्याप्त देखिन्छ ।
(ग) ऋण प्रवाह गैरकानूनी ढंगले गरेको अवस्थामा जेथा लिंदैमा सम्बन्धित व्यक्तिले श्रृजित कानूनी परिणामबाट छूट पाउन सक्ने अवस्था रहंदैन । प्रारम्भमा नै गरिएको दोषयुक्त कार्यको परिणाम असल हुन सक्ने अवस्था रहंदैन ।

३.२.१३ जि. भक्तपुर, बागेश्वरी गाउं विकास समिति वडा नं. ४ घर भई टी.सी.एन. हेटौडामा तेश्रो तहमा कार्यरत गोवर्धन के.सी समेत ३८ जना उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा दफा १६क को कसूर गरेको अभियोगमा पुनरावेदन अदालत, हेटौडामा उजूरी प्रतिवेदन पेश गरिएकोमा माननीय मुख्य न्यायाधीश परमानन्द झा तथा माननीय न्यायाधीश हरिबहादुर बस्नेतको इजलासबाट वादी पक्षलाई केही सफल गराई भएको फैसलामा माग दावी

बमोजिम प्रतिवादीहरु कीर्तिजंग कार्की, गोवर्धन के.सी. तथा बुद्धप्रसाद शर्मालाई कसूरदार ठहऱ्याई सजाय समेत गरिएकोमा प्रतिवादीहरु गोवर्धन के.सी. तथा बुद्धप्रसाद शर्माका हकमा फैसला गरिंदा दावी बमोजिम कसूर कायम भै सजाय समेत भएको तर निजहरुबाट बिगो भराउने सम्बन्धमा केही नबोली फैसला भएको हुंदा यी प्रतिवादीका सम्बन्धमा निजहरुबाट बिगो भराई पाउने हदसम्म र प्रतिवादीहरु द्वारिकानाथ ढकाल समेत पैतीस जनालाई सफाई दिएकोतर्फ पुनरावेदन जिकीर लिइएको ।

प्रस्तुत मुद्दामा वादी पक्षको दावी नपुग्ने गरी फैसला हुंदा पुनरावेदन अदालतबाट लिइएका आधारहरु निम्न छन् :-

(क) अन्य प्रतिवादीहरुको संलग्नता प्रमाणित हुन नसकेको,
(ख) मतियारको कसूर पनि समर्थित नभएको,
(ग) तथ्ययुक्त र शंकारहित प्रमाणको अभाव रहेको ।

उल्लिखित फैसलाका आधारहरु निम्न आधार प्रमाणबाट त्रुटीपूर्ण छन् :-

(क) अदालतले प्रतिवादी द्वारिकानाथ ढकालको गेट पासमा सही गर्ने र बीलमा सही गर्ने काम मेरो हो, मैले गेटपास पहिले नै सही गरेर छाड्ने गरेको छु भनी गरेको बयान तथा निज सेल्स शाखामा बिलिङ इन्चार्ज भई आफूले सुरक्षित राख्नुपर्ने बील तथा गेट पासका प्याडहरु सुरक्षित नराखी आम्दानी खर्चको समेत अभिलेख नराखेको, नभरिएका खाली गेट पासमा समेत सही गरी छोडिदिएको देखिएबाट निजले लापरवाहीपूर्वक काम गरेको तथ्यलाई फैसला गर्दा विचार पुऱ्याउन सकेको देखिंदैन । यसै गरी सेल्स शाखाबाट चिरान भई आएका काठहरु नाप्न लगाई अर्डर साइज मिलेको छ, छैन हेर्ने काम मेरो हो भनी बयान गर्ने प्रतिवादी शरदकुमार भण्डारीले कूपन अनुसार काठहरु नाप गर्दा सम्बन्धित व्यक्तिले नै कूपन लिई आएका बखत काठहरु नाप गरी गराई मेजरमेन्ट सिट भरी व्यवस्थितरीकाबाट बिलिङ बुझाउनु पर्नेमा सो नगरी लापरवाहीपूर्वक काम गरेको तथ्यतर्फ फैसला हुंदा अदालतको ध्यान पुग्न सकेको छैन । यसबाहेक आफूले कूपन काटेकोमा साबित भएको प्रतिवादी सुरेशबहादुर जोशीले मैनेजरको तोक लागेको निवेदनको आधारमा कूपनहरु बनाई सही गरी सम्बन्धित व्यक्तिहरुलाई बुझाई श्रेस्ता खडा गर्नु पर्नेमा सो नगरी जसलाई पायो उसलाई कूपन दिएकोबाट निजले लापरवाहीपूर्ण कार्य गरेको पुष्टि भएको तथ्यतर्फ मुद्दा फैसला गरिंदा दृष्टि पुग्न सकेको देखिएन । यी तीनै जना प्रतिवादीहरुले गरेको कामबाट टी.सी.एनलाई गैरकानूनी हानि भएको कुरा स्पष्ट देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादी बुद्धप्रसाद शर्मा र गोवर्धन के.सी. संगको भ्रष्टाचारमा यी तीनै जना प्रतिवादीले उल्लिखित आधारमा आफ्नो कर्तव्य पालनमा लापरवाही गरी मिलोमतो गरेको स्पष्ट छ ।

(ख) प्रतिवादी गोवर्धन के.सी. र बुद्धप्रसाद शर्माले नक्कली गेटपास बनाई काठ निकासी गरेको भन्ने तथ्य रेखा विशेषज्ञको प्रतिवेदनबाट समेत पुष्टि भएको छ । यी प्रतिवादीहरुले कसूर गरेको ठहऱ्याई निजहरुलाई जरिवाना सजाय हुने गरी फैसला पनि भएको छ । तर प्रस्तुत मुद्दामा हिनामिना भएको बिगो रु. १,५६,३५९।४४ यिनै दुई जना प्रतिवादीहरुबाट भराई पाउन लिइएको दावीका सम्बन्धमा फैसलामा केही पनि बोलिएको छैन ।

(ग) प्रतिवादीहरु मध्येका केदारबहादुर बुढाथोकी समेतका ३२ जनाले T.C.N. बाट सहूलियत दरमा काठ पाउनका लागि लिएका कूपनहरुबाट आफैले नियमितरीकाले काठ लैजानु पर्नेमा त्यसो नगरेको कुरालाई निजहरुले बयानमा स्वीकार गरेका छन् । यस बाहेक आफ्नो नाममा लिएका कूपनहरु गोवर्धन के.सी. र बुद्धप्रसाद शर्मालाई दिएको भन्ने पनि निजहरुको भनाइ छ । यसबाट यी प्रतिवादीहरुले बुद्धप्रसाद शर्मा लगायतलाई अवैध रुपमा काठ निकासी गर्न सहयोग पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ क को कसूर गरेको स्पष्ट नै छ । यस स्थितिमा केदारबहादुर बुढाथोकी समेत ३२ जना प्रतिवादीहरुलाई स्पष्ट आधार र कारण नखुलाई कसूर समर्थित नभएको मात्र भनी सफाई दिइएको ।

३.२.१४. जिल्ला प्रशासन कार्यालय बैतडीका मुखिया गजेन्द्रबहादुर चन्द समेत विरुद्ध दायर गरिएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत महेन्द्रनगरका माननीय न्यायाधीशद्वय विश्वनाथ जोशी तथा रामचन्द्र गुप्ताको संयुक्त इजलासबाट प्रतिवादीहरुले सफाई पाउने ठहऱ्याई भएको फैसलामा लिइएका आधारहरु निम्न छन् :-

(क) प्रतिवादी गजेन्द्रबहादुर चन्दको जिम्मामा कति थान प्रयोग नभएका राहदानी बुझाएको थियो, अभियोग दावीमा उल्लेख भएको नम्बरको राहदानी कुन मितिमा कसको पालामा हराएको थियो सो सम्बन्धमा ठोस सबूद प्रमाण दिन नसकेको,

(ख) प्रतिवादीहरुले अदालतमा बयान गर्दा कसूर गरेको होइन भनी इन्कारी बयान गरेको,

उपरोक्त फैसला निम्न कारणबाट त्रुटिपूर्ण छन् :-

(क) जिल्ला प्रशासन कार्यालय बैतडीमा रहेका २० थान राहदानी फेला नपरेको सम्बन्धमा अनुसन्धान हुंदा उक्त कार्यालयमा गृह मन्त्रालयबाट प्राप्त २५० थान राहदानी मध्ये २० थान पासपोर्ट बुक फेला नपरेको र उक्त कार्यालयको जिन्सी फांट मुखिया गजेन्द्रबहादुर चन्दको जिम्मा रहेको तथ्य स्पष्ट भएको र उक्त कार्यालयमा प्राप्त पासपोर्टहरु स्टोरमा रहने गरेको, आर्थिक वर्ष २०५१।५२देखि नै प्रतिवादी मु. गजेन्द्रबहादुर चन्द उक्त कार्यालयको जिन्सी फांट जिम्मा लिई बसेको र उक्त फांटमा निज प्रतिवादीहरु बाहेक अन्य कोही पनि नतोकिएको कुरा प्रतिवादी गजेन्द्र स्वयम्ले नै अदालतमा बयान गर्दा खुलाएको छ । प्रमाण ऐन, २०३१ को दफा ३० मा भएको प्रमाणको भार सम्बन्धी व्यवस्थाले आफ्नो जिम्मा रहेका राहदानी मध्ये २० थान किन फेला पर्न सकेन सो प्रमाणित गर्ने भार प्रतिवादी गजेन्द्रबहादुर चन्दमा रहेको पनि स्पष्ट छ ।

(ख) यस मुद्दाको निवेदक ना.सु. मानसिंह ठगुन्नाको बकपत्रबाट कार्यालयबाट जारी गरिने राहदानी सिलसिला नम्बर अनुसार जारी गरिँदै आएकोमा त्यस्तो सिलसिलावार क्रममा नरहेको देखेपछि जिन्सी फांटवालासंग मौखिक जानकारी लिई सोही आधारमा निवेदन दिएको भन्ने कुरा खुलेको छ । जिन्सी फांटको जिम्मा लिने प्रतिवादी गजेन्द्रबहादुर चन्दले अनुसन्धानका समयमा आफूले उक्त बीस थान राहदानी वापत प्रतिवादी महेश थापाले रु. ७०,०००।- आफूलाई दिएको भनी खुलाएकोमा अदालतमा बयान गर्दा माथि खुलाइएको जिम्मेवारीको कुरालाई स्वीकार गर्दै आफूले अभियोग बमोजिमको कसूर नगरेकोसम्म जिकिर लिएको छ । निजले अदालतमा बयान गर्दा आफ्नो जिम्मेवारीमा रहेका राहदानी फेला नपरेपछि कार्यालय प्रमुखलाई रीतपूर्वकको जानकारी गराएको भन्ने सम्मको जिकिर पनि लिन सकेको छैन । यसरी प्रतिवादीले आफ्नो जिम्मवारीमा रहेको वस्तु फेला नपर्नुको उचित र तर्कसंगत कारण तथा सोको लागि निजले कुनै प्रयास गरेको भन्ने सम्म जिकिर लिन नसकी कोरा इन्कारी भएको तथ्यलाई नै प्रतिवादीलाई सफाई दिने आधार स्वीकार गरेको अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा ९ र २७ विपरीत छ ।

३.२.१५. जि.नुवाकोट बिदूर न.पा. वडा नं. १० घर भै हाल नेपाल विद्युत प्राधिकरण पोखरामा कार्यरत इ. बिक्रम कुमार अमात्य समेत विपक्षी भएको प्रस्तुत मुद्दा पुनरावेदन अदालत पोखरामा दायर भएकोमा माननीय न्यायाधीशहरु ताहिर अली अन्सारी र गोपाल पराजुलीको संयुक्त इजलासबाट प्रतिवादीमध्येका बयानबहादुर के.सी. र हरिप्रसाद सेढाई उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) दफा २९ समेतको मागदावी ठहर भई अन्य प्रतिवादीहरु बिक्रम कुमार अमात्य, बद्री फूयाल, बिष्णुहरि पराजुली, गोबिन्द गिरी, भोजराज पाण्डेलाई आरोपित कसूरबाट सफाई पाउने गरी भएको फैसलामा निम्न आधारहरु उल्लेख भएको देखिन्छ :-

(क) प्रतिवादी भोजराज पाण्डेको नेपाल विद्युत प्राधिकरण, पोखराको स्टोरबाट तार लैजाने काममा संलग्नता नदेखिएको र प्रतिवादी हरी सेढाईले निजलाई करारमा काम लगाएको देखिने ।

(ख) बिक्रम कुमार अमात्य, बद्री फूयाल, बिष्णुहरी पराजुली र गोबिन्द गिरिको उक्त प्राधिकरणको स्टोरमा रहेको तार हिनामिना कार्यमा संलग्नता सहमति रहेको प्रमाणित हुन नसकेको, प्राधिकरणको कर्मचारी भएका नाताले मात्र कसूरदार मान्न सकिएन ।

उल्लिखित फैसला मूलतः निम्न कारणहरुबाट त्रुटीपूर्ण छ :-

(क) पोखरास्थित तालबाराही क्षेत्रको तार (एरियल केबूल) लाइन संभार गर्ने क्रममा कार्यालय प्रमुखको आदेशानुसार तालबाराही चोक (होटल स्नोलैण्ड)देखि बाराही मन्दिर सम्मको २ वटा विद्युत पोल सडक विभागको माग बमोजिम सार्ने क्रममा तार झिकेर ल्याई स्टोरमा सु.भा. गोबिन्द गिरीले दिएको भन्ने कुरा निजकै बयानबाट खुलेको र निजले अदालतमा बयान गर्दा पेश गरेको मेमोबाट मिति २०५३।१०।१२ भन्दा केही दिन अगाडि उक्त एरियल केबुल झिकेको पनि देखिन्छ । त्यस समयमा प्राधिकरणको लाइन मर्मत सम्भार शाखामा प्रतिबादी बद्रीप्रसाद फूयाल कार्यरत रहेको र लाईन मर्मत सम्भार रेखदेख गर्ने जिम्मेवारी इन्जिनियर तहमा कार्यरत प्रतिवादी बद्रीप्रसाद फूयालको कार्य क्षेत्रको भएकोले निजलाई प्रस्तुत काम कार्यबाहीको वारेमा जानकारी रहेको प्रष्ट हुन्छ ।

(ख) प्रतिवादी भोजराज पाण्डेले विद्युतका कर्मचारी हरिप्रसाद सेढाईसंग सम्झौता अनुरुप विद्युत लाइन जडान गर्ने काम गरेको कुरा अदालतको बयानमा स्वीकार गरेको र हरि सेढाइले ल्याएको तार फिटिङ्ग गर्ने काम गरेको छु भनी भोज राजले भनेका छन् । जानिफकार प्राविधिक कर्मचारीले उक्त तार व्यक्तिको प्रयोगका लागि उपलब्ध हुदैन भन्ने जान्दा जान्दै उक्त तारको प्रयोग गरेर विद्युत जडान गरेबाट संयुक्त मिलोमतोमा उक्त कार्य घटित भएको देखिन्छ । कसूर ठहर हुने हरिप्रसाद सेढाईको बयान पोलले पनि भोजराज पाण्डेलाई यस कार्यमा छूट दिन मिल्ने होइन ।

(ग) इ. बद्री फूयालले बयानका क्रममा प्राधिकरणको आन्तरिक छानवीन प्रतिवेदन प्रस्तुत गर्ने क्रममा उक्त तार एरियल केवूल नै हो भन्ने यकीन गरेका छन्, जसबाट पनि सो तार व्यक्तिलाई दिन नसकिने प्रकृतिको हो भन्ने थाहा हुंदा हुदै त्यसतर्फ पूर्णतः लापरवाही गरेको पुष्टी हुन्छ भने अर्कातर्फ सहकर्मी प्रतिवादी इन्जिनियर विक्रम कुमार अमात्य, जसको नयांलाईन जडान गर्ने कार्य क्षेत्र हेरेको छ, निजले होटलमा तार जडान गराउने हरि सेढाई, तार झिकी ल्याउने वा मर्मत संभार हेर्ने बद्री फुयाल र गोबिन्द गिरिको कार्य के हो भन्ने जान्दछ । निजबाट अन्तिम निरीक्षण भएपछि मात्र तार जडान (विद्युत प्रसारण) भएको छ । यस अबस्थामा फिनलैण्ड सरकारबाट प्राप्त तार व्यक्तिको प्रयोगमा ल्याउन संभव थिएन भन्ने कुरा नजानेको वा थाहा नपाएको भन्न कदापि मिल्दैन । निज बिक्रम अमात्यले होटल फेवा प्रिन्समा नयां ्लाइन जडानको अन्तिम कार्य प्राधिकरणका तर्फबाट हेरेको हूं भनी अदालतको बयानमा समेत स्वीकार गरेकै छन् ।

३.२.१६ जि. सर्लाही गाउं विकास समिति बल्ला वडा नं. १ बस्ने फिरेन्द्र मिश्र समेत प्रतिवादी भएको मुद्दामा पुनरावेदन अदालत राजविराज, सप्तरीका माननीय न्यायाधीशहरु ओमप्रसाद सुवेदी तथा लक्ष्मणमणी रिसालको संयुक्त इजलासबाट सिरहा जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी भएको फैसलामा निम्नलिखित आधार ग्रहण गरिएका छन् :-

(क) प्रतिवादीहरु फिरेन्द्र मिश्र समेत ७ जनाको हकमा केवल आपराधिक दायित्वबाट बच्न अन्यत्र रहेको प्रमाणसम्म बनाएकोमा उक्त प्रमाणलाई अदालतले ग्रहण नगरेकोले कैद सजाय चर्को पर्ने,
(ख) प्रतिवादीहरु रामानन्दन साह समेत ७ जनाको हकमा आफूलाई फाइदा हुने कुनै काम नगरेको तथा बदनीयत तत्वको अभाव देखिएको,
(ग) प्रतिवादी राजेन्द्र यादवले आफू भन्दा माथिल्लो तहको अधिकारीको आदेश बमोजिमको कामसम्म गरेको ।

उक्त फैसला निम्न लिखित तथ्य र प्रमाणहरुका आधारमा त्रुटीपूर्ण छ :-

(क) रघुवीर यादवको जोहरीले श्री ५ को सरकार वादी तथा रामलखन यादव समेत प्रतिवादी भई चलेको कर्तव्य ज्यान मुद्दामा आफू उपर लागेको आपराधिक दायित्वबाट बच्ने उद्देश्यले प्रतिवादीहरु रामलखन यादव, कारी यादव, रामदेव यादव, राजलाल यादव, राजाराम यादव, रामसेवक यादव समेत ६ जनाले प्रतिवादी राजेन्द्र यादव (अस्पतालको मुखिया) को सहयोगमा अस्पतालको नि. सिनियर मेडिकल अधिकृत पदमा तत्काल कार्यरत प्रतिवादी फिरेन्द्र मिश्रबाट, प्रतिवादीहरु जदुनाथ यादव, महावीर यादव, श्री मण्डल, समेत ३ जनाले हेल्थपोष्ट इन्चार्ज रामानन्दन साहबाट तथा प्रतिवादीहरु राजे यादव, राजकुमार यादव समेत २ जनाले हेल्थपोष्ट इन्चार्ज बिष्णुदेवप्रसाद यादवबाट वारदातका समयमा उपचारार्थ भर्ना भएको प्रमाणपत्र लिएको कार्य गैरकानूनी रहेको हुंदा त्यस्तो प्रमाणपत्र दिने, लिने तथा दिलाउने १५ जना उपर दायर भएको प्रस्तुत मुद्दामा मूल मुद्दा (कर्तव्य ज्यान) का प्रतिवादीहरु दोषी ठहर भई मिति २०४६।३।२६ मा फैसला भइसकेको र भ्रष्टाचारजन्य कसूरमा एउटै मिसिल प्रमाणका केही प्रतिवादीहरुलाई ठहर गरी अन्य प्रतिवादीको हकमा सोही प्रमाणलाई अन्यथा मानी सफाई दिएको फैसला कानूनी त्रुटिपूर्ण छ ।
(ख) पुनरावेदन अदालतबाट प्रतिवादीहरु रामलखन यादव समेत ६ जनाका हकमा फैसला हुंदा कसूर कायम गरेको जिल्ला अदालतको फैसलालाई सदर गरी सजाय गर्दा जिल्ला अदालतले तजविजी कैद गरेकोलाई चर्को पर्ने भनी जरिवाना गर्दा शुरु अदालतले कसूरदार कायम गरेको हदसम्म उक्त फैसलालाई सदर गर्ने तर जिल्ला अदालतले गरेको सजायलाई कम गर्ने अधिकार पुनरावेदन सुन्ने अदालतलाई भएको कानूनतः देखिदैन । कसूरदार ठहराई सजाय कम गर्न सक्ने अधिकार मुलुकी ऐन अ.वं. १८८ नं. ले गरेको व्यवस्था अनुसार शुरु तहको अदालतले प्रस्तावको रुपमा गर्ने तथा अन्तिम निकासा अन्तिम निर्णय दिनेले गर्नु पर्ने गरी भइरहेको छ । यस बाहेक न्याय प्रशासन ऐन, २०४८ को दफा १४ ले पुनरावेदन सुन्ने अदालतलाई दिएको अधिकारहरु हेर्दा प्रस्तुत मुद्दामा प्रयोग गरेको जस्तो गर्न पाउने पनि देखिदैन ।
(ग) प्रतिवादीहरु रामलखन यादवसमेतको अदालतको बयानसमेत अन्य मिसिल संलग्न प्रमाणबाट कसूर प्रमाणित भई जिल्ला अदालतबाट कसूरदार कायम भएका प्रतिवादी फिरेन्द्र मिश्रको जिल्ला अदालतको फैसला उपर पुनरावेदन परेको छैन । निज उपर वादी पक्षबाट परेको पुनरावेदनको सम्बन्धमा अदालतबाट जारी भएको म्यादमा निज उपस्थित भएको पनि देखिदैन । पुनरावेदन अदालतबाट फैसला हुंदा पनि निजलाई कसूरदार ठहराइएको छ । यस अबस्थामा पनि अन्य पुनरावेदन गरेका प्रतिवादीहरु सरह निजलाई समेत जिल्ला अदालतबाट गरिएको कैद सजाय कम गरी जरिवानाको सजाय मात्र गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटीपूर्ण छ ।
(घ) प्रतिवादीहरु रामानन्दन साहले प्रतिवादीहरु जदुनाथ यादव, महावीर यादव, श्री मण्डललाई र प्रतिवादी विष्णुदेवप्रसाद यादवले प्रतिवादीहरु राजलाल यादव तथा राजकुमार यादवलाई आ-आफ्नो हेल्थपोष्टमा भर्ना भई उपचार गराएको

भनी प्रमाणपत्र दिएको तथ्यलाई उक्त प्रमाणपत्र दिने लिने दुवै पक्षले अदालतमा समेत स्वीकार गरेका छन् । निजहरुले गरेको कार्यले मान्यता पाएमा उल्लिखित कर्तव्य ज्यान मुद्दाका यी प्रतिवादीहरुलाई गैरकानूनी लाभ पुग्ने निश्चित हुंदा ज्यान मुद्दाका प्रतिवादीहरुलाई गैरकानूनी लाभ पुऱ्याउने उद्देश्यबाटै प्रतिवादीहरु रामानन्दन साह तथा बिष्णुदेवप्रसाद यादवले आ-आफ्नो अधिकारको दुरुपयोग गरेका छन् । यस स्थितिमा निजहरुको कार्य त्यसको परिणामबाटै बदनीयतपूर्ण देखिएको र यी प्रतिवादीहरु उपर त्यसै अनुरुप सजाय मागदावी भई जिल्ला अदालतबाट कसूर कायम भई सजाय समेत भएकोमा यी प्रतिवादीहरुको कसूरलाई आत्मनिष्ठ तवरले व्याख्या गरी निजहरुको कार्यमा बदनीयत तत्वको अभाव रहेको भनी निजहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ ।

(ङ) प्रतिवादी फिरेन्द्र मिश्रको बयानबाट निजले उपचार गरेको प्रमाणपत्र दिएका प्रतिवादीहरुलाई प्रतिवादी राजेन्द्र यादवले आफ्नो मान्छे भनी ल्याएको र प्रमाण बनाई दिए वापत प्राप्त भएको रकम राजेन्द्र यादवले पनि लिएको भन्ने खुल्दछ । समग्र मिसिलबाट प्रतिवादी राजेन्द्र यादवले आफूभन्दा माथिल्लो तहको अधिकारीको आदेश बमोजिम काम गरेको मात्र नभई उक्त कसूरमा निज सक्रिय रुपमा संलग्न रहेको देखिन्छ । यस स्थितिमा प्रतिवादी राजेन्द्र यादवलाई निम्नस्तरको कर्मचारीको हैसियतमा सफाई दिने गरी भएको जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटीपूर्ण छ ।

३.२.१७ जिल्ला सर्लाही मधुवन गोठ गाउं विकास समिति वार्ड नं. ३ घर भई ऐ ऐ गाउं विकास समिति का तत्कालीन अध्यक्ष शिवशंकरप्रसाद कल्वार समेत प्रतिवादीहरु भएको मुद्दा पुनरावेदन अदालत, जनकपुरमा पेश भएकोमा माननीय मुख्य न्यायाधीश बद्री कुमार बस्नेत र माननीय न्यायाधीश अलि अकवर मिकरानीको इजलासबाट प्रतिवादीहरुले सफाइ पाउने गरी फैसला गर्दा निम्न निर्णयाधार लिइएको छ :-

(क) प्रतिवादी शिवशंकरले रु. ५,०००।- साइकल खरीद गर्न पेश्की लिएकोमा सो रकम हिनामिना गरेको भन्ने दावीमा उक्त रकम साइकल पसललाई बुझाई सकेको र साइकल लिन बांकी रहेको भनी यस अदालतमा बयान गरेको देखिंदा सो रकम प्रतिवादीहरुले हिनामिना गरेको भन्न मिल्ने देखिएन ।

(ख) विभिन्न वडाहरुमा सडक ग्राभेल गर्ने कार्यमा लगत इष्टिमेट भन्दा रु. २०,६२८।५१ बढी रु.३,९५,०००।- पेश्की लिई हिनामिना गरेको तर्फ गाउं विकास समितिको निर्णय बमोजिम उपभोक्ता समितिबाट समर्थन गराउनुका साथै पेश्की रकम गाउं विकास समितिको मिति २०५६।९।२८ को पत्रबाट फछ्यौंट भई सकेको ।

(ग) मिसिल संलग्न डोर हाजीरी फारामबाट बिभिन्न व्यक्तिहरुलाई काममा लगाई निजहरुको पारिश्रमिक समेत सोही बमोजिम भुक्तानी दिई गाउं विकास समिति को निर्णय बमोजिम नै उक्त कार्य गरे गराएको र पेश्की फछ्यौंट गराएको निस्सा समेत दिएको ।

(घ) जिन्सी अभिलेख राख्ने दायित्व सचिवको रहनेमा सो दायित्व गाउं विकास समिति अध्यक्षमा हुने होइन । रु. ३५,०००।- को फर्निचर खरीद भएको हो होइन भन्ने सम्बन्धमा यस अदालतबाट जिन्सी अभिलेखको आधारमा सो को यथार्थता परीक्षण गर्न सकिने अवस्था नभएको र मिति २०५६।३।२४ मा मिसिल संलग्न पत्रबाट उक्त पेश्की गाउं विकास समितिले फछ्यौंट गरेको देखिएको ।

(ङ) मानवीय कोष अन्तर्गतको रु. १२,५००।- को राम बालक नास्ता पसलको नाममा चेक तयार गरी प्रतिवादी शिव शंकरले बुझी खाई मासेको भन्ने दावी सम्बन्धमा नास्ता पसलको बील भर्पाई पेश भई रहेको देखिएको ।

(च) जेष्ठ नागरिक र विधवा भत्ता वितरण गर्न रु. १८,०००।- र कपडा वितरण गर्न रु. ७,०००।- पेश्की लिई खाई मासेको दावी तर्फ हेर्दा प्रतिवादी शिव शंकरले आफ्नो जिम्मामा उक्त पेश्की रकम रहे भएको स्वीकार गरेको देखियो । तापनि गाउं विकास समिति जस्ता संस्थाले आर्थिक प्रशासनिक कार्यविधि अन्तर्गत पेश्की लिनु र दिनु विधिसम्मत प्रकृया हो यसलाई बदनीयत र अनियमित भन्न मिल्ने होइन ।

(छ) भ्र.नि.,ऐन २०१७ को दफा १३ बमोजिम कसूर कायम हुनको लागि त्यस्तो सार्वजनिक सम्पत्ति लापरवाही बदनीयत वा जालसाजी गरी हिनामिना हानि नोक्सानी वा दुरुपयोग गरे गराएको वा मासेको वा निजी प्रयोगमा लगाएको वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेको हुनुपर्ने कानूनी व्यवस्था उक्त ऐनमा रहेकोमा सो बमोजिम कार्य यी प्रतिवादीहरुबाट भएको वस्तुनिष्ठ ठोस सबूद प्रमाण वादी पक्षले गुजार्न सकेको मिसिलबाट नदेखिएको ।

उक्त फैसला निम्न कारणले कानूनी त्रृटिपूर्ण छ :-

(क) प्रतिवादी शिव शंकर कलवारले साइकल खरीद गर्न भनी ठाडो आदेशबाट मिति २०५४।११।१८ मा रु. ५,०००।- पेश्की लिएको, लेखा परीक्षण प्रतिबेदनमा समेत उक्त पेश्की रु. ५,०००।- बाट साइकल खरीद भएको नदेखिएको, गो.भौ.नं. १० मिति २०५४।११।१८ मा चेक नं. ७७१४१३ बाट रु. ५,०००।- निज अध्यक्षले नै बुझेको सम्पूर्ण

श्रेस्ताबाट देखिंदा देखिदै निजले अदालतमा गरेको इन्कारीलाई मात्र आधार मानी उक्त रकम हिनामीना नगरेको भनी ठहर गर्नु नितान्त आत्मगत कुरा हो ।

(ख) सडक मर्मतको लागि प्रतिबादी गाउं बिकास समिति अध्यक्ष शिव शंकर आफैले ३ पटक गरी रु. ४९,०००।- बिना लगत इष्टिमेट सडक मर्मत गर्न भनी पेश्की लिई आर्थिक वर्ष २०५६।५७ मा पेश्की फछ्यौंट नगरेको तथ्य पनि सो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनले समेत स्पष्ट रुपमा देखाई रहेको अवस्था छ भने प्रस्तुत मुद्दाको ठहर खण्डमा गाउं विकास समितिको मिति २०५६।९।२८ को पत्रबाट फछ्यौंट भईसकेको भन्ने आधारमा कानून सम्मत भएको भनिएको छ । तर आधिकारिक लेखा परीक्षण प्रतिवेदनलाई अन्यथा भन्न मिल्दैन । त्यस्तै लागत इष्टिमेट भन्दा बढी रु. २०,६२८।५१ बढी खर्च लेखेकोमा पनि उपभोक्ता समितिबाट कार्य गराएको भनिएको छ, जब कि एउटा मितिमा १ भन्दा बढी वडामा काम गर्ने जेलाल महतो र बलदेव महतोलाई बुझ्दा डोर हाजिरी बमोजिम उनीहरुले सडक मर्मतको काम नगरेको, रकम समेत नबुझेको भनी अनुसन्धानको बखत र अदालतमा समेत बकपत्र गरेको तथ्यले प्रतिवादीको इन्कारी तथा अदालतको अनुमान खण्डित भएको छ । प्रमाणका रुपमा बुझिएका मानिसको बकपत्रले कसूर स्थापित गराएको अवस्थालाई फैसला क्रममा अन्यथा व्याख्या गर्न मिल्दैन ।

(ग) जिन्सी अभिलेख राख्ने दायित्व गाउं विकास समिति सचिवको भए तापनि गाउं विकास समितिको सम्पूर्ण रेखदेख, सम्पत्ति सुरक्षा गर्ने जिम्मेवारी गाउं विकास समिति अध्यक्षको हुन्छ । यस्तो अवस्थामा प्रतिवादी आफैले फर्निचर खरीद गर्न रु. ३५,०००।- रकम लिई फछ्यौंट गरेको भने तापनि गाउं विकास समितिमा बील बमोजिमको फर्निचर दाखिला नभएको र जिन्सीमा आम्दानी नबांधेको तथ्य आ.ले.प. प्रतिवेदनले समेत औल्याएको र फर्निचर खरीद नगरी काल्पनिक कोटेशन खडा गरेको तथ्य कोटेशनमा नाम भएका रीता ठाकुरलाई बुझ्दा आफूले सो गाउं विकास समितिलाई फर्निचर सप्लाई नगरेको भनी भनेकोबाट स्पष्ट हुन्छ ।

(घ) रामबालकलाई नास्ता वापतको रकम बुझाउन भनी रु. १२,५००।- रकम प्रतिवादी स्वयंले बुझेर हचुवा तवरबाट बील पेश गरेको देखाई खर्च समर्थित गराएको, कपडा वितरण गर्न रु. ७,०००।- र विधवा र जेष्ठ नागरिक भत्ताको रु. १८,०००।- समेत आफैले पेश्की निकाली तदनुसार कार्य नगरी बदनीयतपूर्ण कार्यबाही भएको कुराले आर्थिक नियमको सीमा नाघेको पुष्टि हुन्छ । विधवा र जेष्ठ नागरिक भत्ता जस्ता विषयमा समेत आफै रकम झिकी लिनु प्रतिवादीको निर्लज्ज कार्य हो, सो कार्य आर्थिक अनियमितता मात्र भन्न मिल्दैन ।

३.२.१८ जिल्ला ललितपुर, ललितपुर उप-महानगरपालिका वडा नं. ८ कुटी सौगल बस्ने डिभिजन सडक कार्यालय मीनभवन अन्तर्गतको साईट कार्यालय सानो गौचरका तत्कालीन खरीदार हरिप्रसाद झासमेत विपक्षीहरु भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीशहरु दामोदरप्रसाद प्रजापति र राजेन्द्रराज पन्तको संयुक्त इजलासबाट प्रस्तुत मुद्दा खारेज हुने ठहर्‍याई फैसला गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ मा बिभागीय प्रमुख वा सो भन्दा माथिल्लो ओहोदामा बहाल रहेका पदाधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान र तहकिकात गर्ने व्यवस्था भएकोमा प्रस्तुत मुद्दाका प्रतिवादी अधिकृत स्तरका नभई निम्न स्तरका कर्मचारी भएकोले ऐनको परिधि बाहिरका कर्मचारीउपर अनुसन्धान कारवाही गरी मुद्दा चलाएको भन्ने आधार लिइएको ।

निम्न आधारहरुमा उक्त फैसला त्रुटिपूर्ण छ :-

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को खण्ड (घ) मा "सार्वजनिक पदधारण गरेको व्यक्ति" भन्नाले संविधान वा अन्य प्रचलित कानून वा सम्बन्धित निकायको निर्णय वा आदेश बमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने वा कुनै दायित्व वा कर्तव्यको पालन गर्नु पर्ने पदमा रहेको दफा ४ को उपदफा (१) मा उल्लिखित व्यक्ति सम्झनु पर्छ भन्ने व्यवस्था भएकोमा अधिवक्ता बालकृष्ण न्यौपाने बिरुद्ध यस आयोग समेत भएको रिट (नि.नं. ६२०५ ने.का.प. २०५३ अंक ६, पृष्ठ ४५० मा प्रकाशित) मा सम्मानित सर्वोच्च अदालतको विशेष इजलासबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) ऐन, २०४८ को दफा २ द्वारा गरिएको संशोधन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ संग बाझिएकोले धारा १ को उपधारा (१) बमोजिम अमान्य र बदर हुने भई उक्त ऐनको दफा २ को खण्ड (घ) को संशोधन पूर्वको स्थितिमा संशोधन नभए सरह पूर्ववत कायम रहने ठहर भएको । यसैगरी सार्वजनिक पद धारण गरेको व्यक्तिहरु मध्ये ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) देखि (घ) सम्मका उल्लिखित व्यक्तिहरुको सम्बन्धमा मात्र यस उपदफामा व्यवस्था गरिएकोले यस उपदफाले सार्वजनिक पद धारण गरेको संविधानमा नै छुट्टै व्यवस्था भएका व्यक्तिहरु बाहेक अरु जुनसुकै व्यक्तिका सम्बन्धमा अख्तियार दुरुपयोगको विषयमा अनुसन्धान र तहकिकात गर्न पाउने संविधानको धारा ९८ द्वारा व्यवस्थित आयोगको अधिकारलाई नियन्त्रित वा संकुचित गर्न नसक्ने भन्ने र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ४ को उपदफा (२) खारेज भई दफा ४ को उपदफा (१) मा उल्लिखित "मध्ये" भन्ने शब्दमा कुनै सार्थकता नरही मूल ऐनको दफा २ को खण्ड (घ) को परिभाषा कायम रहन आएपछि जुनसुकै

सार्वजनिक पद धारण गर्ने व्यक्ति पनि आयोगको क्षेत्राधिकार भित्र पर्न आउने भई "अनुचित कार्य" तथा भ्रष्टाचार विषयमा अनुसन्धान तहकिकात गर्ने सम्बन्धमा आयोगको अधिकार कायमै रहने भन्ने समेत व्याख्या भई सिद्धान्त प्रतिपादन भएको र विपक्षीहरु सार्वजनिक पदधारण गर्ने राष्ट्रसेवक कर्मचारी भएकोले निजहरुउपर आयोगले भ्रष्टाचारजन्य कसूरमा अनुसन्धान तहकिकात गर्न सक्ने प्रष्ट छ ।

(ख) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९६ को उपधारा (२) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबै अड्डा अदालतहरुले मान्नु पर्ने बाध्यात्मक व्यवस्था भएकोमा त्यसतर्फ ध्यानै नदिई मुद्दाको तथ्यभित्र प्रवेशै नगरी खारेज हुने ठहऱ्याएको फैसलामा गंभीर कानूनी त्रुटी छ ।

३.२.१९ काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने आमोदकुमार रिमाल समेत विपक्षीहरु भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीशद्वय रामजीप्रसाद त्रिपाठी र विनोदकुमार ढुंगेलको इजलासबाट प्रतिवादीहरुलाई निम्न लिखित आधारहरु लिई सफाई दिइएको :-

(क) प्रतिवादी मध्येका आमोदकुमार रिमालले कसूरमा इन्कार रही बेरुजु कायम भइसकेकोले लेखा परीक्षण ऐन, अनुसार हुनुपर्छ भनी अदालतमा बयान गरेको ।

(ख) लेखा परीक्षणबाट बेरुजु देखाएको रकमका सम्बन्धमा लेखा परीक्षण ऐन, २०४८ सरकारी रकम असूल फछ्यौंट ऐन, २०२५ र सरकारी रकम असूल फछ्यौंट नियमहरु, २०२७ समेत अनुसार सम्बन्धित कर्मचारीबाट असूल उपरतर्फ कार्यवाही गर्न मिल्ने देखिएको ।

उक्त निर्णय निम्न आधार प्रमाणबाट त्रुटिपूर्ण छ :-

(क) प्रतिवादी मध्येका आमोदकुमार रिमालले अदालतमा इन्कारी बयान गरेको भन्ने सम्बन्धमा निजले मौकामा गरेको बयानमा राजेश्वरी स्वस्तिका ट्रेडर्सका प्रोप्राइटर अनील पौडेल आफ्नो साला भएको र सो ट्रेडर्स आफैले खोल्न लगाई नेपाल ग्रिण्डलेज बैंकमा खाता समेत खोल्न लगाएको तथा चेक नं. ५०८१८९२ को रकम रु. २,४५,८६५।२३ र नं. ५०८१८९४ को रकम रु. १९,९६,५००।- ग्रिण्डलेज बैंकमा रहेको उक्त राजेश्वरी स्वस्तिका टेडर्सको खातामा जम्मा गरी भुक्तानी लिएको तर गोश्वारा भौचरमा राजस्व खातामा जम्मा भनी लेखेको हो । चेकमा र भौचरमा केन्द्र (एयर ट्रान्सपोर्ट सपोर्ट सेन्टर) का प्रमुखलाई सही गराउन लैजांदा चेकको अधकट्टी र चेकमा "राजस्व खाता" लेखी सोही अनुसार भौचरमा समेत उल्लेख गरी पेश गरेको र पछि भुक्तानीको लागि पठाइने उक्त चेकमा उल्लिखित "राजस्व" लाई राजेश्वरी र "खाता" लाई स्वस्तिका बनाई "ट्रेडर्स" शब्द थपी उक्त चेकको रकम जम्मा गर्न ग्रिण्डलेज बैंकमा पठाई श्रेस्ता मिलाउन पियनलाई भौचर भर्न लगाई रकम नेपाल राष्ट्र बैंकमा जम्मा भएको भन्ने देखाउन आफैले रातो अक्षरले लेखी भौचर संलग्न राखी अन्य भौचरहरु च्याति दिएको, गो.भौ.नं. ७३ बोर्ड मिटिंग खर्चको लागि रु. १२५०।- को उठाइएकोमा सदर भई सकेपछि सोको अगाडि ८ (आठ) थपी ८१,२५०।- बनाई आफैले राष्ट्रिय बाणिज्य बैंक, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल शाखाबाट भुक्तानी लिएको भन्ने समेत व्यहोराको मौकाको बयान व्यहोरालाई खण्डन गर्न सकेको छैन । निजका साला अनील पौडेलको नाममा फर्म खोल्न लगाई सो फर्मको नाउंमा नेपाल ग्रिण्डलेज बैंकमा खाता खोल्न लगाई सो खाताको खाली चेकबूकमा सालाको सही गराई राखेको व्यहोरा अनील पौडेलले समेत बयानमा स्वीकारेका छन् । यसबाट निज प्रतिवादीले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नियोजित रुपमा केन्द्रको श्रेस्तामा राजस्व खातामा जम्मा गरेको भन्ने देखाउन बैंकको दोश्रो प्रति र पांचौ प्रति भौचर कीर्ते खडा गरी श्रेस्तामा राखी सो रकम राजस्व खातामा जम्मा नगरी आफ्ना सालाको ट्रेडर्सको खातामा जम्मा गरी आफूले पहिले नै सही गराई रहेको चेक मार्फत उक्त रकम झिकी आफ्नो र श्रीमतीको खातामा जम्मा गरेको यस्तो भ्रष्टाचारपूर्ण आपराधिक कार्यलाई बेरुजुको संज्ञा दिई रकम असूल उपर हुनसक्ने भनी प्रतिवादीलाई फाइदा र श्री ५ को सरकारलाई नोक्सान भएको प्रष्ट रुपमा देखिएको प्रस्तुत मुद्दामा लेखा परीक्षण प्रतिवेदनलाई प्रतिवादीलाई सफाई दिने आधारको रुपमा व्याख्या गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को प्रस्तावनामा सर्वसाधारण जनताका सदाचार, सुविधा र नैतिकता कायम राख्न भ्रष्टाचार पूर्ण रुपले निवारण गर्न वान्छनीय भएको कुरा उल्लेख भएको र सोही ऐनको दफा ३५ मा प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएकोमा सोही बमोजिम र अरुमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुने छ भनी प्रष्ट उल्लेख भएकाले भ्रष्टाचारको कसूरमा फैसलामा उल्लेख भए बमोजिम लेखा परीक्षण ऐन, २०४८ नभई भ्र.नि. ऐन, २०१७ नै आकर्षित हुने प्रष्ट छ ।

(ख) गो.भा.नं. ७३ मा रु. ८०,०००।- Flight crew Expenditure भनी देखाएको सम्बन्धमा उक्त गो.भा.मा रु. ८०,०००।- Flight crew expenditure भनी पछि मात्र थपिएको र Air transport Support केन्द्रको मिति २०५२।१२।४ को पत्रमा allowance chart sheet मा पाउने रकम भरी सम्बन्धित कर्मचारीको नाममा चेक बनाई चेक बुझेको भरपाई गराई भुक्तानी दिनु पर्ने र सो sheet लेखा प्रमुख र कार्यालय प्रमुखबाट प्रमाणित हुनु पर्नेमा क्रु रिपोटिङ फर्म भरेको, निजहरुले रकम बुझेको र निजहरुको नाममा चेक काटिएको समेत नदेखिएको, allowance chart sheet कार्यालय प्रमुखबाट प्रमाणित गरिएको नभई लेखा अधिकृतको मात्र सही भएको देखिएको र सो खर्च पाउने भनिएका क्याप्टेन, चिफ पाइलट, को-पाइलटहरुले अर्कै गो.भा.बाट आफूले पाउने रकम भुक्तानी लिएको र उडानै नभएको अवधिको समेत खर्च लेखेको तथा गो.भा.नं. १०६ मा लेखेको खर्च रु. १०,०००।- समेत गो.भा.नं. ७३ मा खर्च लेखेको जस्तै प्रकृतिको फर्जी भएको एवं गो.भा.नं. १२९ बाट कोष संचालक समितिको स्वीकृति अनुमोदन बिना खर्च लेखी फर्जी काम गरेको देखिन आएको छ ।

३.३ शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगरिएका मुद्दा सम्बन्धी निर्णय:

३.३.१ विशेष प्रहरी विभागको पत्रले वादी श्री ५ को सरकार प्रतिवादी यमनाथ सापकोटा समेत भएको भ्रष्टाचार मुद्दामा कास्की जिल्ला अदालत, पोखराबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसलामा प्र. यमनाथ सापकोटालाई टी.सि.एन.बाट त्यस बेलाको वास्तविक मूल्य लिई दाउरा उपलब्ध गराएको र सोको रकम राजस्वमा दाखिला भइसकेको छ भनी टी.सि.एन.को कर्मचारीले बकपत्र गरेको देखिएको र प्र. यमनाथले उक्त कारागारमा मिति २०५०।११।१२ को निवेदनसाथ दाउरा बुझी लिन अनुरोध गरेकोमा कैदीहरुले दाउरा आवश्यक नपर्ने भनी लेखी दिएको हुंदा अब बुझी लिन उपयुक्त नहुने भन्ने व्यहोराको पत्र विशेष प्रहरीमा पठाएबाट उक्त दाउरा बुझाउने प्रयास गरेको रहेछ भन्ने देखिएको र उक्त दाउरा अन्यत्र बिक्री गरी गैरकानूनी फाइदा लिएको भनी भन्न सकेको नदेखिएको हुंदा प्रस्तुत मुद्दामा पुनरावेदन नगरिएको ।

३.३.२ आर्थिक वर्ष २०५५।५६ मा तेह्रथुमको जलजले गाउं विकास समितिमा उन्नत भैंसी पालन सम्बन्धी कार्यक्रम संचालन भएकोमा स्थानीय गाउं घरमा भैंसी खरीद गरी उक्त भैंसीहरु सुनसरीबाट खरीद गरेको देखाई ढुवानी वापत भनी रु. २७,५००।- हिनामीना गरेको भन्ने सम्बन्धी भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, धनकुटाबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसलाका सम्बन्धमा भैंसीहरु स्थानीय गाउं घरमा किनेको भन्ने विवादमा अनुसन्धानका समयमा प्रतिवेदन दिने ना.सु. रामप्रसाद ढुंगानाले अदालतमा बकपत्र गर्दा कृषकहरुको भनाइको आधारमा प्रतिवेदन दिएको भन्ने भनाई रहेको र भैंसीहरु सुनसरीबाट ढुवानी भएको कुरालाई अनुसन्धानका समयमा इन्कार गर्ने जि भी ढुवानी सेवाका दिलबहादुर राईले अदालतमा बकपत्र गर्दा आफ्नो ढुवानी सेवाबाट ढुवानी भएको रहेछ भनी सुनसरीबाट ढुवानी भएको कुरा सकार गरेको देखिन्छ । भैसीहरु बुझेको भर्पाई गर्ने कृषकहरुको भैंसी स्थानीय गाउंघरमा किनेको भन्ने मौखिक भनाईलाई पुष्टि गर्न निजहरु अदालतमा बकपत्र गर्न आएको पनि देखिएन । भैंसीहरु सुनसरीमा खरीद गरेको र ढुबानी गरेको बील भर्पाइ तथा कार्यालयमा बुझाएको तथा कृषकहरुलाई कार्यालयबाटै भर्पाई गराई भैंसी बुझाई पेश्की फछ्यौंट गरेको पनि अभिलेखबाट देखिंदा पुनरावेदन अदालत, धनकुटाले गरेको फैसला उपर पुनरावेदन नगरिएको ।

३.३.३ श्री ५ को सरकार, विशेष प्रहरी विभाग वादी एवं एकप्रसाद थपलिया प्रतिवादी भएको नाम ढांटी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादीलाई सफाई दिई भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सम्बन्धमा प्रतिवादी एकप्रसाद थपलियाले मोहनप्रसाद थपलियाको नामबाट २०१७ सालमा सेवा प्रवेश गरी २०४९ सालमा निबृत्त भएकोमा निजले अर्को कुनै मोहनप्रसादको शैक्षिक योग्यता लगायत अन्य कुनै प्रमाणपत्रको प्रयोग गरेको भन्ने प्रमाणित हुन आएको देखिएन । निजले २०३६ सालमा मोहनप्रसादको नामबाट लिएको नागरिकता बदर गर्ने श्री ५ को सरकारको निर्णय पुनरावेदन अदालत, पाटनको मिति २०५८।५।२५ को फैसलाबाट बदर भएको समेत स्थितिमा उक्त फैसला उपर मुद्दा नदोहऱ्याइएको ।

३.३.४ जिल्ला प्रशासन कार्यालय, कास्कीको प्रतिवेदनले श्री ५ को सरकार वादी तथा नेपाल विद्युत प्राधिकरण, पोखरा शाखाका प्रबन्धक राम एकवाल मण्डल समेत ५ जना प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पोखराबाट सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला सम्बन्धमा प्रतिवादीलाई सफाई दिंदा आधार बनाइएको नेपाल विद्युत प्राधिकरण, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवलका स.नि. अर्जुनकुमार चौहानको संयोजकत्वमा गठित छानवीन समितिले टेक्टर मर्मतको कार्यमा अनियमितता नभएको भनी दिएको प्रतिवेदनलाई चुनौति दिने तथा उक्त टेक्टर मर्मतपछि लगभग तीन महिना सम्म चलेको भनी अदालतमा पेश गरिएको लगबूकलाई अन्यथा भन्न सकिने प्रमाण

अनुसन्धानका क्रममा संकलित भएको नदेखिनुका साथै उक्त टेक्टर मर्मत नै नगरी कीर्ते बील खडा गरी रकम हिनामिना गरिएको भन्ने दावी पुष्टि हुने आधार मिसिलमा विद्यमान नहुँदा पुनरावेदन नगरिएको ।

३.३.५ विशेष प्रहरी विभागको अनुसन्धानले वादी श्री ५ को सरकार, बलराम तण्डुकार समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनबाट सबै प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको फैसलाका सम्बन्धमा आर्थिक वर्ष २०४९।५० मा शाही नेपाल वायु सेवा निगममा १९६ थान कम्बल खरीद गर्दा रु. ४८२०।- बढी मूल्य देखाई रकम भुक्तान गरेको विवादमा उक्त कम्बल खरीद कार्य निगमको आर्थिक विनियमावली २०४६ विपरीत गरिएको नदेखिएको, अनुसन्धानका समयमा विशेष प्रहरी विभागबाट खरीद गरेको कम्बल र निगममा खरीद भएको कम्बल एकै गुणस्तरका भई समान मूल्यका हुन् भन्ने प्रमाणित गर्ने आधार मिसिल संलग्न नदेखिएको हुंदा पुनरावेदन नगरिएको ।

३.३.६ श्री ५ को सरकार वादी तथा भुवनप्रसाद वाग्ले समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दाको प्रतिवादीहरु मध्ये भुवनप्रसाद वाग्ले र सोमबहादुर लालचनको हकमा उजूरी प्रतिवेदन माग अनुसार दशी जफत भई क्रमशः दुई वर्ष र एक वर्ष कैद सजाय भएकोले निजहरुको हकमा केही गर्नु नपर्ने, प्रतिवादी प्र.ना.उ. बिजयेश्वर घिमिरेलाई सफाई दिएको सम्बन्धमा हेर्दा निजलाई भुवनप्रसाद वाग्लेले अनुसन्धानका समयमा बयान गर्दा वारदातको दिनभन्दा ७।८ दिन पहिले अपराध गर्ने सम्बन्धमा भएको सल्लाहमा निज पनि संलग्न थिए भनी पोल गरेको सम्म देखियो, वारदातका समयमा बिजयेश्वर वारदात स्थल (त्रि.वि.विमानस्थल) मा थिएनन् भनी निज भुवनप्रसादले नै बयानमा खुलाएको तथा भुवनप्रसादले अनुसन्धानका समयमा गरेको पोललाई समर्थन गर्ने प्रमाण प्र. बिजयेश्वर घिमिरेका विरुद्धमा संकलित हुन सकेको मिसिलबाट नदेखिएको हुंदा पुनरावेदन नगरिएको ।

३.३.७ श्री ५ को सरकार वादी, जिल्ला वन निरीक्षक काशीकान्त मिश्र समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, धनकुटाबाट प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने गरी भएको फैसला सम्बन्धमा जिल्ला वन कार्यालय, तेह्रथुमको संक्रान्ति इलाका वन कार्यालय अन्तर्गत वन विकास कार्यक्रमका लागि आर्थिक वर्ष २०४०।४१ मा स.व.स. शौकत अन्सारीले लिएको पेश्की रकममध्ये बील भर्पाइ पेश गरी फछ्यौंट गरेको रु. २३,१४०।५० यथार्थ खर्च रु. ७,३६३।५० भन्दा रु. १५,७७७।- बढी खर्च भएको देखाई भुक्तानी लिने दिने काम गरेको भन्ने सम्बन्धमा हेर्दा वन विकासको काम भएको भन्ने मिसिल संलग्न जांचपास फारामले देखाएको, उक्त काम वापत भुक्तानी दिंदा कम दिई बढीको बील बनाएको भनी अनुसन्धानका समयमा कागज गर्ने व्यक्तिहरुको भनाइको पुष्टि अदालतसमक्ष हुन नसकेको हुँदा पुनरावेदन नगरिएको ।

३.३.८ जुम्ला जिल्ला स्थित फरनडोला सिंचाई कुलो निर्माण आयोजनामा भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी कालीबहादुर खत्री समेतलाई पुनरावेदन अदालत, जुम्लाबाट सफाई दिने गरी भएको फैसलाउपर पुनरावेदन गर्ने म्याद नै समाप्त भईसकेको व्यहोरा पुनरावेदन सरकारी वकील कार्यालय, जुम्ला समेतको पत्रबाट देखिंदा त्यसमा केही गर्न सक्ने अवस्था भएन । परन्तु यस किसिमको बिलम्ब गर्ने कार्यको पुनरावृत्ति हुन नदिन सम्बन्धित निकायलाई लेखिएको ।

३.३.९ श्री ५ को सरकार वादी र कूलप्रसाद ढकाल समेत प्रतिवादी भएको (राष्ट्रिय बाणिज्य बैंक, उदयपुर शाखा जलजले काउण्टरको) रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलाका सम्बन्धमा प्रतिवादीहरु मैनेजर कूलप्रसाद ढकाल, गार्ड बमबहादुर सुनुवार तथा दिलप्रसाद दाहाल, अर्जुन दाहाल, सुव्वे भन्ने बिमल खत्री समेतलाई अभियोग दावी बमोजिम कसूरदार ठहराई जनही दुईवर्ष कैद गर्ने तथा बिगो प्रतिवादीहरु दिलप्रसाद दहाल, अर्जुन दहाल, सुव्वे भन्ने बिमल खत्रीबाट भराई निजहरु तीनजनालाई बिगो बमोजिम जरिवाना गर्ने समेत फैसला भएको छ । यी पांचजना प्रतिवादीहरुका हकमा दावी बमोजिम सजाय भएबाट केही गर्नु पर्ने देखिएन । प्रतिवादी क्यासियर लक्ष्मेश्वर मण्डललाई सफाई दिने गरी फैसला भएतर्फ बिचार गर्दा निज वारदात समयमा आफ्नो घरमा रहेको देखिएको, प्र. मैनेजर कूलप्रसाद ढकाल समेतले अनुसन्धानका समयमा बयान गर्दा समेत यस वारदातमा क्यासियर समेत संलग्न रहेको भनी भन्न नसकेको, यो प्रतिवादीले अनुसन्धानका समयमा गरेको बयानमा समेत आफू कसूरमा संलग्न रहेकोमा इन्कार रहेको तथा यो प्रतिवादीले आफू जिम्मा रहने बैंकको सेफको समेत सांचो पहिले पहिले जस्तै वारदातको दिनमा पनि आफू बस्ने कोठामा छाडी उक्त कोठाको सांचो बैंक मैनेजरलाई नै दिएको भन्ने भनाई र उक्त व्यवहार निजको पदीय आचरण अनुकूल नदेखिए पनि वारदातमा यो प्रतिवादीसमेत संलग्न रहेको भन्ने पुष्टि हुने अवस्था नदेखिंदा निजको हकमा पुनरावेदन नगरिएको ।

३.३.१० वादी श्री ५ को सरकार, विशेष प्रहरी विभाग प्रतिवादी इश्वरीप्रसाद भण्डारी समेत भएको कीर्ते बील, भर्पाई, पेरोल, भौचर पेश गरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादीहरुलाई शुरु जिल्ला अदालतबाट कसूर

ठहर भएकोमा पुनरावेदन गर्ने प्रतिवादीहरुमध्ये इश्वरप्रसाद भण्डारीले सफाई पाउने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला सम्बन्धमा सफाई दिएका प्रतिवादी इश्वरीप्रसाद भण्डारीको हकमा बिचार गर्दा निजले हस्ताक्षर गरी पेश गरेको भनिएको बील भर्पाईमा परेको सहीछाप परीक्षण गर्ने र २ जना विशेषज्ञले अनुसन्धानको समयमा दिएको राय बाझिएको, निजको मौकाको बयानलाई पुष्टि गर्ने अन्य ठोस आधार देखिन नआएकोले निजको हकमा पुनरावेदन नगरिएको ।

३.३.११ वादी श्री ५ को सरकार प्रतिवादी नन्दकिशोर यादव समेत भएको कृषि विकास बैंक, शाखा कार्यालय, ढल्केवार धनुषाको रकम हिनामिना सम्बन्धी भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, जनकपुरको फैसलाले प्र. मध्येका बिमलप्रसाद साह र बिनोदकुमार साहलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(२), ८, र १३ बमोजिम कसूरमा ऐ बमोजिम कैद बर्ष २ र बिगो रु. ९,३०,०००।- जरिवाना गरी ऐ ऐनको दफा २९ (१) बमोजिम बिगो भराई दिने ठहर गरी अन्य प्र. हरु नन्दकिशोर यादव, रामलखनदास, शंभुप्रसाद पौडेल, लक्ष्मण महतो र गोपालबहादुर पाण्डे समेतलाई आरोपित कसूरबाट सफाई दिए तर्फ यसमा कृ.बि. बैंकमा रहेका चेकबूकहरु बाहिर लगी हस्ताक्षर कीर्ते गरी रकम झिकी खाइ रु. ९,३०,०००।- रकम भ्रष्टाचार गरेको कसूर अपराध सम्बन्धमा उक्त बैंकका का.स. बिमलप्रसाद साहका जिम्मा रहने चेकबूकहरु निजसंगको मिलोमतोबाट प्र. बिनोदकुमार साहको संलग्नता रही उक्त चेकहरु झिकी लगी त्यसमा परेको हस्ताक्षरहरु बिनोदकुमारको हस्ताक्षरसंग मिले भिडेको विशेषज्ञको राय समेतको तथ्यगत अवस्थाबाट निजहरु उपरको आरोप प्रमाणित भएको फैसलाले ठहर गरेको अवस्था भएको र प्र. मध्येका नन्दकिशोर यादव र रामलखनदासको हकमा चेकबूक यी व्यक्तिको जिम्मा नरहने, कृत्रिम चेकमा परेका सहीहरु निजहरु संग नमिलेको तथा कसूरमा संलग्नता देखिने तथ्य प्रमाणको अभाव रहेको र प्र. शंभु पौडेल, लक्ष्मण महतो, गोपालबहादुर पाण्डेले दस्तखत नमूना कार्डमा रहेको खाता संचालकको सहीसंग चेकमा परेको सही भिडाउंदा उस्तै उस्तै सही देखेपछि कृषि विकास बैंकको छाप समेत भएको चेक कीर्ते गरी ल्यायो होला भनी शंका गर्ने अवस्था नरही अन्य प्रतिवादीहरुसंग मिलोमतो संलग्नता रहेको भन्ने भरपर्दो प्रमाणको अभाव समेतका आधार उल्लेख भई सफाइ दिइएको हुंदा उल्लिखित अन्य प्र. हरुलाई सफाई दिएको हदसम्ममा पुनरावेदन गर्न नपरेको ।

३.३.१२ वादी श्री ५ को सरकार प्रतिवादी रबीन्द्रप्रसाद चौरसिया समेत भएको भ्रष्टाचार मुद्दामा संखुवासभा जिल्ला स्थित मादी राम्बेनी सिंचाइ आयोजना अन्तर्गत कूलो निर्माण कार्य गर्दा भ्रष्टाचार भएको कसूर स्थापित हुन नसकी अभियोगबाट सफाइ दिइएको पुनरावेदन अदालत, धनकुटाको फैसला उपर पुनरावेदन गर्नु नपर्ने पुनरावेदन सरकारी वकील कार्यालय, धनकुटाको सहन्यायाधिवक्ताको राय उपयुक्त नै देखिएको ।

३.३.१३ विशेष प्रहरी विभागको प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी ऋषिराम पौडेल भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीलाई सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०५८।१०।३ को फैसलाका सम्बन्धमा यसमा आवास, भवन तथा भौतिक परियोजना विभागका स.ले.पा. ऋषिराम पौडेलले महालेखा परीक्षक विभागबाट लेखा परीक्षण हुंदा कायम हुन आएको बेरुजु रकम रु ४४,८६८।३१ निजउपर भ्रष्टाचार मुद्दा दायर हुनु अगावै बेरुजु खातामा जम्मा गरी बेरुजु फछ्यौट भइसकेको देखिंदा उक्त फैसला उपर पुनरावेदन नगरिएको ।

भाग ४. प्रेषित सुझाव तथा ध्यानाकर्षणको विवरण

४.१ ध्यानाकर्षण गर्न लेखिएको :

४.१.१ अर्थ मन्त्रालय र अन्तर्गत :

४.१.१.१ श्री ५ को सरकारको स्वामित्वमा रहेको उद्योगहरुको निजीकरणको उद्देश्य त्यस्ता उद्योगहरु श्री ५ को सरकारले संचालन गर्नु भन्दा निजी स्तरमा उपयुक्त र सक्षम रुपले संचालन हुन सक्ने हुंदा सो अनुरुप संचालन गराउनु हो । त्यसै हुनाले त्यस्तो उद्योगमा रहेको श्री ५ को सरकारको हित र दायित्व पनि निजी उद्यमीहरुलाई हस्तान्तरण गर्ने नीति बनाएको देखिन्छ । निजीकरण ऐनको प्रस्तावनामा "नेपाल अधिराज्य भित्र सरकारी लगानीबाट सञ्चालित उद्योग, व्यवसायहरुको दक्षतामा बृद्धि गरी उत्पादकत्व बढाउन, प्रतिष्ठानहरुबाट श्री ५ को सरकारलाई परेको वित्तीय तथा

प्रशासनिक भार कम गर्न, प्रतिष्ठानहरुको सञ्चालनमा निजी क्षेत्रको सहभागितामा व्यापक वृद्धि गरी समग्र रुपमा देशको आर्थिक विकास गर्न राष्ट्रिय हितको दृष्टिकोणबाट प्रतिष्ठानहरुलाई निजीकरण गरी व्यवस्थित गर्न वाञ्छनीय भएकोले" भनी उल्लिखित छ । यस पृष्ठभूमिमा उद्योगको निजीकरण भनेको त्यो उद्योग निजी उद्यमीहरुले बन्द गरी त्यसको जायजेथा अन्य उद्देश्यका लागि बिक्री गरोस् भन्ने होइन किनकि त्यस्तो उद्योगबाट धेरै जनता प्रत्यक्ष परोक्ष रुपले लाभान्वित भइरहेका हुन्छन् । हरिसिद्धी ईटा टायल कारखाना पनि त्यसै किसिमको उद्देश्य लिएर निजीकरण गरिएको भए तापनि यस उद्योगले चर्ची आएको र उद्योगलाई आवश्यक भएको ठानी लिइएको जग्गा सम्बन्धित उद्योगसित प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै कामका लागि बिक्री गर्न लागिएको सन्दर्भमा निजीकरण गर्दाको अवस्थामा निजी उद्योमीसित अर्थ मन्त्रालय आफैले गरेको सम्झौताका शर्तहरु सम्बन्धमा मन्त्रालय आफै स्पष्ट नभएको तथ्य उक्त सम्झौतामा उल्लिखित सम्पत्ति मध्ये जग्गाको बेचविखन मिति २०५६।१२।१८ मा फुकुवा गर्नु र पुनः मिति २०५८।१।१४ मा रोक्का राख्ने कार्य गर्नुबाट स्पष्ट हुन आयो । निजीकरण सम्बन्धी सम्झौता अन्तर्गतका शर्तको पालना भए नभएको अनुगमन गर्नु पर्ने कानूनी कर्तव्य भएको निकाय नै यसरी भ्रममा परेको देखिएको परिप्रेक्षमा श्री ५ को सरकारले तत्कालीन अवस्थामा ईंटा टायल कारखानाको स्थापना गर्ने जस्तो सार्वजनिक कामका लागि भनी प्राप्त गरेको सर्वसाधारणको उक्त जग्गा भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को देहाय खण्ड (घ) बमोजिम हदबन्दी भन्दा बढी जग्गा कारखानाको प्रयोगमा रहेसम्म मात्र प्रयोग गर्न पाउने अन्यथा भूमि सम्बन्धी ऐन बमोजिम हुन जानेतर्फ समेत अर्थ मन्त्रालयलाई सचेत गरी लेखिएको ।

४.१.१.२. राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय नेपालगंजबाट गणेश मोडर्न दाल मिललाई प्रवाह भएको कर्जा धेरै लामो समयदेखि असूल उपर हुन नसकी बांकी रहेको देखिएको सम्बन्धमा मातहत शाखा कार्यालयहरुले कर्जा दिने, असूली गर्ने, धितो मूल्यांकन लिलामी सकार गर्ने आदि विभिन्न काम कार्यबाही समयमै र बैंकको प्रचलित कानून अनुरुप नै भए गरेका छन् छैनन् भनी सुपरीवेक्षण गर्नेतर्फ बैंकको केन्द्रीय व्यवस्थापन अत्यन्तै फितलो रहेको देखियो । अतः कर्जाको सांवा व्याज कानून अनुसार असूल उपर गरी बैंकको आर्थिक हित संरक्षण गर्ने गराउनेतर्फ सजग रहन बैंकको अध्यक्षको ध्यानाकर्षण गराइएको ।

४.१.१.३ भन्सार विभाग अन्तर्गत आसिकुडा (ASYCUDA) आयोजना संचालन भएका विभिन्न कार्यालयमा काज खटाइएको अबधिभन्दा गैरकानूनी रुपले बढी अबधिसम्म कर्मचारी कार्यरत रहेको भन्ने सम्बन्धमा छानवीन हुंदा अर्थ मन्त्रालय अन्तर्गतको सुनसरी भन्सार कार्यालयमा कार्यरत भन्सार अधिकृत योगेन्द्र शर्मा ओझालाई आसिकुडा प्रणालीको Retail Run र Live Run सम्बन्धी कार्यको लागि सामान्य प्रशासन मन्त्रालयको सहमती वेगर भैरहवा भन्सार कार्यालयमा पटक पटक गरी नि.से.नि. २०४९ विपरीत काजमा राखिएको सम्बन्धमा अर्थ मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

४.१.१.४ कृषि विकास बैंक, लगनखेलबाट कृषि उद्यम गर्न रु. १० लाख ऋण लिई जग्गा खरीद बिक्री र ३६ प्रतिशत व्याज खाने प्रयोजनमा लगाएको भन्ने सम्बन्धमा छानवीन हुंदा कृषि विकास बैंक अन्तर्गतको बैकिङ कार्यालय लगनखेलबाट ऋणी विनयकृष्ण खड्कालाई प्रवाह भएको कर्जा रु. ८,५०,०००।- र सोमा लागेको व्याज समेत गरी मिति २०५८।१०। मा धितो लिलाम हुंदा सबभन्दा बढी डाक बढाबढ गर्ने माधव कार्कीको नाममा डाक बढाबढ सदर भई ऋणीको नामको ओ.डि कर्जा रु. २६,८३,९८४।- असूल गरी घर जग्गा दाखिल खारेज नामसारी समेत भइसकेको तर यसभन्दा अगाडि निज ऋणीबाट २०५२।६।२३ सम्म मात्र सांवा व्याज तिरेको देखिएको तथा त्यस उप्रान्त निजलाई २०५५।१।२२ र २०५६।२।११ मा मात्र पत्र लेखिएको देखिएबाट सम्बन्धित कार्यालय आफ्नो बक्यौता असूल गर्न निष्कृय रहेको देखिंदा आयन्दा आफ्ना बक्यौताहरु समयमा नै असूल उपर गर्न जे जो गर्नु पर्ने हो, सो कार्य गर्न कृषि विकास बैंक, जनशक्ति व्यवस्थापन विभाग, मुख्य कार्यालयको ध्यानाकर्षण गराइएको ।

४.१.२ गृह मन्त्रालय र अन्तर्गत :

जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा राहदानी एवं नागरिकता वितरणमा रकम लिनु खानु गरी काम कार्यबाही भइरहेको भन्ने सम्बन्धमा छानवीन हुंदा मिति २०५८।६।२२ देखि २०५८।८।२९ सम्म २ महिना ७ दिनमा राष्ट्रिय योजना आयोगको सचिवालयमा कार्यरत शाखा अधिकृत तेजनारायण पंजियारले १२३ जना व्यक्तिहरुलाई नेपालको नागरिकता दिन सिफारीश गरेको र उक्त सिफारीशको संख्यालाई ध्यानमा राख्दा यसलाई स्वभाविक भन्न पनि नसकिने अवस्था रहे भएको देखिंदा यस विषयमा आवश्यक सजगता अपनाउन राष्ट्रिय योजना आयोगलाई ध्यानाकर्षण गराइएको ।

४.१.३ जलश्रोत मन्त्रालय र अन्तर्गत :

४.१.३.१ माननीय जलश्रोत मन्त्री विजयकुमार गच्छेदारले नेपाल विद्युत प्राधिकरणको पटक पटक गरी ९ वटा गाडीहरु आफ्नो निजी सचिवालयमा झिकाई अनधिकृत व्यक्तिहरुलाई प्रयोग गर्न दिएको, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकले मन्त्री ओमकारप्रसाद श्रेष्ठलाई रु. ३५ लाखमा पजेरो कार खरीद गरी दिएको, पूर्वमन्त्री गोविन्दराज जोशीले सुन्सरी मोरङ्ग सिचाई आयोजनाको सरकारी नंवर प्लेट लैण्डकुसरलाई प्राइभेटमा परिवर्तन गराई ३ वर्षदेखि व्यक्तिगत रुपमा प्रयोग गरेको र भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेको निजी सचिव गजेन्द्र वाग्लेले सडक विभागबाट गाडी र एन. सी. सी. एन. बाट इन्धन झिकाई प्रयोग गरेको भन्ने समेत विविध उजूरी निवेदनहरुका सम्बन्धमा छानवीन गर्दा निम्न बमोजिम हुन सम्माननीय प्रधान मन्त्रीलाई लेखिएको :

- मा. जलश्रोतमन्त्री विजयकुमार गच्छेदारले विद्युत प्राधिकरणबाट ९ वटा सवारी साधन झिकाई प्रयोग गरेको कार्य मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ को विपरीत भएको,
- तत्कालीन मा. जलश्रोत राज्यमन्त्री बेनुपराज प्रसाईको निजी सचिवालयमा झिकाईएको नेपाल विद्युत प्राधिकरणको ग.१ ञ.४० गाडी त्यहांबाट निवर्तमान सांसद मा. अर्जुनप्रसाद जोशीलाई प्रयोग गर्न दिइएको भनी लिखित जानकारी प्राप्त हुन आएको सम्बन्धमा एउटा प्रयोजनको लागि मन्त्रीको निजी सचिवालयमा झिकाइएको गाडी निजी प्रयोगको लागि दिइने कार्य अनियमित र अनैतिक भएको,
- मा. जलश्रोत मन्त्री विजयकुमार गच्छेदारको आदेशले उहांको निजि सचिवालयमा झिकाइएको ग. १ ञ. २३ पजेरो गाडी उहांले निवर्तमान सांसद मा. मंगलसिह थारुलाई प्रयोग गर्न दिएकोमा मिति २०५८।९।८ मा अनामनगरको एउटा रेष्टुरां अगाडि केही अज्ञात व्यक्तिहरुले उक्त गाडीको सिसा तोडफोड गरी क्षति पुऱ्याएको,
- नेपाल नागरिक उड्डयन प्राधिकरणले तत्कालीन नागरिक उड्डयन मन्त्री मा. ओमकार श्रेष्ठ प्राधिकरणको अध्यक्ष रहेको हैसियतले उहांको प्रयोगको लागि २२ लाख ९९ हजारको गाडी खरीद गरिदिएको कार्य नीतिगत रुपमा मेल खाएको देखिदैन । सवै मन्त्रीहरु कुनै न कुनै समितिको अध्यक्ष हुने नै भएकोले सम्बन्धित प्राधिकरण वा संस्थानको अध्यक्षको प्रयोगको लागि भनी छुट्टै गाडी खरीद गर्ने कार्यले राजस्वको दुरुपयोग भएको देखिएको,
- पूर्व जलश्रोत मन्त्री मा. गोविन्दराज जोशी आफू मन्त्री छंदा मौखिक आदेशले सुन्सरी मोरंग सिचाई आयोजनाबाट को अ. झ. २३६ गाडी झिकाई मन्त्री पदबाट बाहिरिए पछि पनि ३ वर्षसम्म उक्त गाडीलाई व्यक्तिगत प्रयोग गरी रहेको अवस्थामा आयोगबाट लेखापढी भएपछि मात्र गाडी फिर्ता भएको,
- मा. भौतिक योजना तथा निर्माण मन्त्री चिरन्जीवी वाग्लेको निजी सचिव गजेन्द्र वाग्लेले वा.३ च ६७२ को सडक विभागको गाडी र एन.सी.सी.एन.बाट इन्धन झिकाई प्रयोग गरेको कार्य नियमसंगत नभएको ।

अतः मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ मा सम्माननीय प्रधान मन्त्री, माननीय उपप्रधान मन्त्री, माननीय मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरुका प्रयोगको लागि दिइने गाडी र इन्धनको कोटा आदि उल्लेख भए गरेकोमा सो बमोजिम परिपालन भएको नदेखिएको हुंदा सो ऐनको परिपालन हुनुपर्ने र उक्त व्यवस्था अपर्याप्त भए सोमा संशोधन गर्न सकिने नै भएको सन्दर्भमा कानूनको वर्तमान उल्लंघनलाई "अनुचित कार्य"को रुपमा यस आयोगले ग्रहण गर्नु पर्ने हुन आउंछ ।

सम्माननीय प्रधानमन्त्री, माननीय उप प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरुको निजी सचिवालयमा प्रयोग गरिने सवारी साधन र इन्धन सम्बन्धमा पनि प्रष्ट मितव्ययी, पारदर्शी र खास मापदण्डमा आधारित व्यवस्था गर्नु पर्नेतर्फ पनि ध्यानाकर्षण गराईएको छ ।

४.१.३.२ रुपन्देही जिल्लाको मर्चवार क्षेत्र डुवान हुने गरी भारत सरकारद्वारा खूर्दलोटन रसियावल बांध निर्माण भएको भन्ने विषयमा छानवीन हुंदा उक्त बांध नेपाली क्षेत्र डुवान हुने गरी निर्माण भइसके पश्चात् जनचासोको कारणले मात्र रोकिन गएको व्यहोरा सार्वजनिक भइसकेको र यसरी नेपाली भूभाग डुवान हुन्जेलसम्म यस विषयमा निरन्तर अनुगमन गर्ने, सम्बन्धित समितिमा पठाउने, त्यसको सुपरीवेक्षण गर्ने जस्ता कार्यहरुको जिम्मेवारी पाएको सिंचाई विभागले समयमै कार्यबाही नगरी कर्तव्य पालन नगरेको कारणले यो समस्या सिर्जना भएको देखिंदा यसतर्फ भविष्यमा सजग रहन सिंचाई विभागका महानिर्देशकलाई ध्यानाकर्षण गराईएको ।

४.१.४ भौतिक तथा योजना मन्त्रालय र अन्तर्गत :

४.१.४.१ काठमाडौं जिल्ला डांछी खानेपानी योजना सम्पन्न भई गठित उपभोक्ता समितिले व्यापक आर्थिक हिनामिना गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा खानेपानी तथा ढल निकास विभागको निम्न विषयमा ध्यानाकर्षण गराईएको :-

(क) प्राविधिक दृष्टिकोणबाट खानेपानी संचालनमा कुनै कठिनाई एवं त्रुटि हालसम्म भएको नदेखिए तापनि उपभोक्ता समितिले उचित नियन्त्रण तथा रेखदेख पुऱ्याउन नसकेको हुंदा वितरण लाइनको बीच बीचमा पाइप काटी व्यक्तिगत धारा लिने प्रचलन बढ्दै गएको पाइएको र नियमित तवरले जडित निजी धाराहरुबाट पनि महसूल नबुझाउने प्रवृत्ति बढ्दै गएकोले उपभोक्ता समिति सक्रिय भई पानी संचालनमा नियन्त्रण तथा रेखदेख गरिएमा पानी संचालनमा केही कठिनाई नहुने साथै महसूल संकलनमा समेत वृद्धि हुने ।

(ख) उपभोक्ता समितिलाई अद्यावधिक गरी जलश्रोत समितिमा पंजीकृत गर्नु पर्ने ।

(ग) बागमती नदी दिनदिनै प्रदूषित हुदै गएको सन्दर्भमा प्रस्तावित पानी प्रशोधन प्रणाली यथाशक्य छिटो जडान हुन सकेमा पानीको गुणस्तरमा उल्लेखनीय सुधार हुने ।

४.१.४.२ काठमाडौं डिभिजन सडक कार्यालय मीनभवनका डि.ई. इन्दु शर्मा ढकाल समेतले आर्थिक वर्ष २०५६।५७ को विनियोजित बजेट मध्ये रु. ८ करोडको कार्य श्री ५ को सरकारको स्वीकृति बिना अनावश्यक रुपमा ५०।५० हजारको टुक्रा गरी प्रतिस्पर्धा नगराई ठेकेदारहरुलाई सिधै काम दिएको, डिभिजन सडक कार्यालय, हाता भित्रै काम नगराईकन नै ५ लाखको गमला राखिएको र बगैंचा बनाएको भनी बील बनाएर खाएको भन्ने सम्बन्धमा छानवीन हुंदा उक्त कार्यालयबाट आर्थिक वर्ष २०५६।५७ मा धेरै जसो सडक निर्माण कार्यहरु टुक्रा टुक्रा गरेर कोटेशन र वार्ताद्वारा गराएको देखिन आएको, साथै टेण्डरबाट गराउनु पर्ने कार्य अत्यावश्यक कारण वा परिस्थिति भित्र परेको भनी बिना औचित्य र कारण विभागीय सैद्धान्तिक स्वीकृति नलिई कार्य गरेको सम्बन्धमा नियमानुकूल कार्य गरेको भन्न नसकिने हुंदा त्यस्तो कार्यलाई निरुत्साहित पार्न भौतिक योजना तथा निर्माण मन्त्रान्यको ध्यानाकर्षण गराईएको ।

४.१.४.३ सडक विभागबाट आर्थिक वर्ष २०५८।५९ को बजेट अन्तर्गत पीचको काम भएको चावहील गणेशस्थान गंगाहिटी सडक, गणेशस्थान चौर हुदै रिंगरोड जोडिने सडक, मित्रपार्क दूर संचार कार्यालय पश्चिमतर्फको सडकमा पीच गर्नाका साथै पीचको बीच बीचमा खाल्डो परेको, पीच पानीले बगाएको, साईड ड्रेन नवनाई पीच गरिएको, बिना टेण्डर काम भएको भन्ने समेत विषयमा छानवीन हुंदा २५५ मि. लामो चारुमती-चावहिल सडक निर्माण कार्यलाई २१ खण्डमा टुक्रा गरी ल.ई. तयार गरी ५० हजार भित्र पर्ने गरी सिधै वार्ताद्वारा ओम निर्माण सेवालाई ल.ई. कै हाराहारीमा निर्माण गर्न दिएबाट टेण्डर प्रकृयाबाट गराईएको कार्यभन्दा ४५ प्र.श. ले बढी खर्च लागन गएको देखिएकोले आयन्दा टुक्रा गर्ने कार्यलाई निरुत्साहित गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई ध्यानाकर्षण गराइएको ।

४.१.५ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

४.१.५.१ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक तीर्थमान मास्के समेतको मिलेमतोमा शाही चितवन राष्ट्रिय निकुन्ज क्षेत्रमा गैडाहरु मारी गैडाको खाग वेपत्ता पारेको र मरेको गैंडाको सरजमीन समेत नगरेको भन्ने सम्बन्धमा छानवीन हुंदा गैडाको खाग तथा खुरहरु जस्ता महत्वपूर्ण अंगहरु चोरी गर्ने उद्देश्यले गैडाहरु मार्ने गरेको अभिलेखबाट समेत देखिएकोले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभागलाई गैडाको अबैध चोरी निकासी नियन्त्रण गर्न आवश्यक सतर्कता अपनाउन ध्यानाकर्षण गरिएको ।

४.१.५.२ जिल्ला वन कार्यालय इलाम अन्तर्गतका विभिन्न रेन्जरहरुको मिलेमतोमा सुख्खा काठको नाममा हरियो, कांचो रुख समेत काटी काठ तस्करी भएको भन्ने सम्बन्धमा छानवीन हुंदा जिल्ला वन कार्यालयहरुको व्यवस्थापन अन्तर्गत रहेका विभिन्न सामुदायिक वनहरुको कार्य योजना विपरीत अबैध रुपमा रुख कटान हुने, त्यस्तो कार्यलाई सम्बन्धित वन कार्यालय तथा पदाधिकारीहरुबाट पर्याप्त सावधानी नअपनाउने र घटना घटी सकेपछि विभिन्न बहाना गरी जिम्मेवारीबाट पन्छने गरी आएको देखिंदा सो विषयमा सावधान एवं सचेत रहन वन तथा भू-संरक्षण मन्त्रालय मार्फत विभाग र कार्यालयहरुलाई ध्यानाकर्षण गराईएको ।

४.१.५.३ जिल्ला वन कार्यालय, वाराले काठ दाउरा लिलाम गर्दा अनियमितता गरेको भन्ने विषयमा छानवीन गर्न उजूरी वन विभागमा २०५७।५।२० मा पठाएको तर १८ महिना पछि (२०५८।११।२०) मा विभागले उजूरी तथ्यहीन भनी आयोगलाई जानकारी गराएको सम्बन्धमा आयोगबाट मागिएको सहयोगलाई जिम्मेवारीपूर्वक ग्रहण गरी माग भएको विषयमा सत्य तथ्य छानवीन गरिदिन र त्यसको प्रतिवेदन यथासम्भव चांडो पठाई दिने गर्न वन तथा भू-संरक्षण मन्त्रालय मार्फत सम्बन्धित विभाग तथा कार्यालयहरुलाई जानकारी दिन ध्यानाकर्षण गराईएको ।

४.१.६ शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गत :

शिक्षा तथा खेलकूद मन्त्रालयले श्री ५ को सरकारका बहालवाला ३५ जना कर्मचारीहरुलाई अध्ययन काजको व्यवस्था गरी एम.एस,एम. फिल र पी.एच.डी. जस्ता विषयमा अध्ययन गर्न पठाएको, जस अनुसार ४ वर्षको अवधिमा मनोयन भएकाहरुले ८ पटक डेनमार्क ओहोर दोहोर गर्नु पर्ने, निजहरुले नेपाल भित्र गर्नु पर्ने अध्ययनको हकमा कार्यालय समयदेखि बाहेकको समयमा गर्ने भनिए तापनि कार्यालय समयभित्रै कक्षा लिन जाने गरेको, मनोनयन भएकाहरुमध्ये केही नि.से.नि. विपरीत ४५ वर्ष भन्दा माथिका भएको, श्री ५ को सरकारबाट मनोनयन भई अध्ययन गर्न जांदा गर्नु पर्ने कबूलियतनामा समेत नगरी शिक्षा मन्त्रालयमा ऐन, नियम विपरीत काम कार्यबाही भएको सम्बन्धमा सम्पूर्ण त्रुटीहरु औल्याई त्यस्ता त्रुटीहरु पुनः दोहोरिन नदिन शिक्षा तथा खेलकूद मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

४.१.७ श्रम तथा यातायात मन्त्रालय र अन्तर्गत :

मिटरवाला ट्याक्सी दर्तामा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा राज्यमन्त्री स्तरको मिति २०५७।२।१३ को निर्णय पछि पुनः २०५७।२।२४ मा प्रधानमन्त्री एवं विभागीय मन्त्रीबाट समेत निर्णय संशोधन भएको देखिंदा ट्याक्सी दर्तामा श्री ५ को सरकारको ठोस नीति नभएको र उपल्लो तहबाट अलग अलग समयमा अलग अलग किसिमको आदेश निर्णय भई गाडी दर्तामा एकरुपता नभएको देखिएको तर्फ श्रम तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराई समुचित व्यवस्था मिलाउन लेखिएको ।

४.१.८ सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

४.१.८.१. श्री ५ को सरकारका कतिपय मन्त्रालय तथा विभागहरुबाट निजामती कर्मचारीहरुको सरुवा गर्दा निजामती सेवा नियमावली, २०५० को परिच्छेद - ६ को नियम ३६ विपरीत विभिन्न निहुंमा जथाभावी सरुवा गर्ने गरेको भन्ने सम्बन्धमा निजामती कर्मचारीहरुको सरुवा गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ३६ मा उल्लिखित सरुवाका आधारहरुलाई उल्लंघन गरी सरुवा नगर्न, विशेष परिस्थिति परि सरुवा गर्नु परे सो को कारण खुलाई नियमको अधीनमा रही सरुवा गर्ने व्यवस्था मिलाउन र साथै सो बमोजिम नगरी नियमको उल्लंघन गरिएकोमा त्यस्तो कार्यबाट अख्तियारको दुरुपयोग हुन जाने भएकोले त्यस्ता कार्यको सम्बन्धमा यस आयोगबाट कार्यबाही चलाईने कुरा मन्त्रिपरिषद् सचिवालय लगायत सबै मन्त्रालयहरुलाई जानकारी दिइएको ।

४.१.८.२ सामान्य प्रशासन मन्त्रालयका मन्त्री, सचिव समेतले घूस रिसवत लिई लोकसेवा आयोगको परामर्श नै नलिई सामान्य प्रशासन समूहका उप सचिव सुरेन्द्रनाथ अर्याल समेतका ११ जना कर्मचारीहरुलाई राजस्व समूहमा समूहीकृत गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उजूरकर्ताले गरी दिएको कागज तथा संकलित अन्य सबूद प्रमाणका आधारमा घूस रिसवत लिई दिई उपसचिव सुरेन्द्रनाथ अर्याल समेतका ११ जनालाई राजस्व समूहमा समुहिकृत गरिएको भन्ने देखिएन । तर श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५४।६।१७ को निर्णय बमोजिम माथि उल्लिखित कर्मचारीहरुलाई राजस्व समूहमा समूहीकृत गर्न सामान्य प्रशासन मन्त्रालयले मिति २०५४।६।२१ मा लोकसेवा आयोगसंग परामर्श माग गरेको र सो सिलसिलामा आयोगले मिति २०५४।११।१९ को पत्रबाट सर्वोच्च अदालतबाट परमादेश जारी भएको हकमा केही बोलिरहन नपर्ने भन्दै "सेवा समूह परिवर्तन गर्नेहरुको हकमा आयोगबाट निर्धारित कार्यविधि अनुसार रीत पुऱ्याई प्रस्ताव आएका बखत नै विचार गरिने छ" भनी जवाफ दिएकोमा निर्धारित कार्यविधिको रीत पूरा गर्नपट्टी लाग्नुको सट्टा सामान्य प्रशासन मन्त्रालयले मन्त्रिपरिषद्को २०५४।६।१७ को निर्णय अनुसार पुनः निर्णय गर्न मिल्ने नमिल्ने विषयमा कानून तथा न्याय मन्त्रालयसंग मिति २०५४।११।२६ मा राय परामर्श माग गरेकोमा कानून तथा न्याय मन्त्रालयले गहिराईसम्म पुगेर समस्या पहिचान नै नगरी गोलमटोल भाषामा श्री ५ को सरकारले आवश्यक निर्णय गर्न नमिल्ने देखिदैन भनी जवाफ दिएको र सो आधारमा मन्त्री परिषद्मा प्रस्ताव गई मिति २०५५।३।१५ मा मन्त्रीपरिषद्बाट उल्लिखित कर्मचारीहरुलाई राजस्व समूहमा समूहीकृत गर्ने गरी निर्णय भएको देखिंदा सामान्य प्रशासन मन्त्रालय समेतले अवलम्बन गरेको यो प्रकृयालाई स्वस्थ तथा कानूनको मर्म अनुरुपको अभ्यास भन्न सकिने अवस्था नभएको र राजस्व समूहमा समूहीकृत गरिएको उल्लिखित कार्यलाई दृष्टान्तको रुपमा अघि सार्दै लोकसेवा आयोगको ४९ औं वार्षिक प्रतिवेदनको पृष्ठ २७ मा "सेवा, समूह परिवर्तन सम्बन्धी विषयमा यस आयोगको परामर्श लिने संवैधानिक व्यवस्था छ । सो बमोजिम सेवा, समूह परिवर्तनका लागि आयोगको परामर्श माग हुंदा परामर्शको गलत व्याख्या गरी परामर्शको आशय विपरीत सेवा, समूह परिवर्तन गर्ने काम भइरहेकोले यस सम्बन्धमा आयोगको परामर्श लिने काम औपचारिक मात्र भएको छ । नेपाल प्रशासन सेवा राजस्व समूहमा विभिन्न श्रेणीका ११ जना कर्मचारीको सेवा परिवर्तन सम्बन्धी

कार्यलाई उदाहरणका रुपमा लिन सकिन्छ" भनी उल्लेख गरेको समेत देखिंदा भविष्यमा यस किसिमबाट तोकिएको कार्यविधिको रीत नपुऱ्याई सेवा समूह परिवर्तन नहोस् भन्नका लागि श्री ५ को सरकारका मुख्य सचिव, सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई यसतर्फ ध्यानाकर्षण गराईएको ।

४.१.९ सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

४.१.९.१ नेपाल दूर सञ्चार संस्थान अन्तर्गत क्षेत्रीय निर्देशनालयहरुले सामान खरीद गर्दा नियमानुसार टेण्डर नगरी एकै महिनामा ३ पटकसम्म कोटेशनबाट खरीद गरेको देखिंदा बोलपत्रको प्रावधान विरुद्ध हुन गएकोतर्फ ध्यानाकर्षणको लागि उक्त संस्थानका महाप्रवन्धकलाई लेखिएको ।

४.१.९.२ सूचना तथा संचार मन्त्रालयबाट जर्मन नागरिक CHRISTIAN STEFFENलाई Ku-band मा SNG Transmission Test गर्ने अनुमति दिंदा नियम विपरीत दस्तुर छूट दिने निर्णय गरी श्री ५ को सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जर्मनीको Wahlberg and Selin Westdeustcher Rund Funk को President CHRISTIAN STEFFEN को नेतृत्वमा आएको टोलीलाई Ku-band मा SNG Transmission Test गर्ने कार्यका लागि अनुमति प्रदान गर्ने सन्दर्भमा सूचना तथा संचार मन्त्रालयबाट मिति २०५४।४।१२ मा भएको निर्णय स्पष्ट कानूनी आधार बिना गरेको देखिएको, रेडियो सन्चार जस्तो संवेदनशील विषयमा एक जना विदेशीले निवेदन गरेकै भरमा निजको सो सम्बन्धी कार्यको अनुभव एवं दक्षता जस्ता आधारभूत कुराहरुतर्फ कुनै विचार नपुऱ्याई निर्णय गरेको देखिएको, उक्त प्रकारको परीक्षण (test) गर्ने सम्बन्धमा मन्त्रालयको कुनै नीति वा कार्यक्रम पनि नरहेको र सो सम्बन्धमा निवेदकको निवेदन पर्नु पूर्व उक्त संस्थासंग त्यसरी संयुक्त रुपमा कार्य गर्ने भनी कुनै निर्णय वा काम कार्यबाही समेत नभएको अवस्थामा मन्त्रालयलाई पनि संलग्न गराउने गरी निर्णय गरिएको, श्री ५ को सरकारलाई उक्त टेष्ट कार्यको रिपोर्ट आवश्यक थियो भने निर्णयानुसार टेष्ट कार्यान्वयनको रेखदेख र निगरानी गरी प्रतिवेदन पेश गर्न गठन गरिएको टोलीले ४ वर्षसम्म प्रतिवेदन पेश नगर्दा पनि मन्त्रालय स्वयं पनि मौन रहेको देखिएबाट सो कार्यका लागि मन्त्रालयलाई संलग्न गराईनुको औचित्य वस्तुगत रुपमा पुष्टि भएको नदेखिनुका अतिरिक्त टेष्ट कार्य भए नभएकै विषयमा पनि सन्देह देखिएकोले अब उप्रान्त यस प्रकारका काम कार्यबाही हुन नदिनेतर्फ सजगता राख्न श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालयलाई ध्यानाकर्षणका लागि लेखिएको ।

४.१.१० संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

शाही नेपाल वायुसेवा निगमले आफना विदेश स्थित कार्यालयहरुमा २०५७ सालमा गरेको कर्मचारीहरुको सरुवामा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निगमका तत्कालीन पदाधिकारीहरु हरिभक्त श्रेष्ठ, राम राज उपाध्याय र उपेन्द्रप्रसाद उपाध्यायलाई शा.ने.वा.नि. र लाउडा एयरबीच विमान भाडामा लिनु दिनु गर्दा भ्रष्टाचार भयो भन्ने अर्कै उजूरी विषयमा विपक्षी बनाई पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरी निजहरु हाल निलम्बनमा रहेको हुंदा निजहरुको सम्बन्धमा अदालतबाट सो मुद्दाको टुंगो लागेपछि कार्यबाही गरिने तथा विदेश स्थित कार्यालयमा कर्मचारीहरुलाई सरुवा गर्ने प्रयोजनको लागि गठित आउट स्टेशन पोष्टिङ्ग कमिटीमा सदस्य भई काम गरेका निगमका कर्मचारी प्रशासन विभागका तत्कालीन का.मु. निर्देशक कृष्णबहादुर पौड्यालले का.स.मु. फाराम नभरी आफनो दायित्व पूरा नगर्ने कर्मचारीलाई ९९.९९ अंक दिने निर्णय गर्दा समयमै फाराम भरी बुझाई आफनो दायित्व पूरा गर्ने कर्मचारीलाई मर्का पर्न सक्ने संभावनातर्फ ध्यान नदिई निर्णय गरेको देखिएकोले अब आइन्दा सजग रहन निजलाई ध्यानाकर्षण गराउन निगमको कार्यकारी अध्यक्षलाई लेखिएको ।

निगमको विदेश स्थित कार्यालयको लागि भइरहेको दरवन्दीमा कुनै अध्ययन मूल्यांकन नगरी २९ वटा नयां दरवन्दी थप गरी कर्मचारीहरुलाई विदेश खटाएको देखिएकोले अब उप्रान्त यसरी धेरै संख्यामा दरवन्दी थप गरी कर्मचारीहरुलाई विदेश खटाउंदा त्यसबाट निगमले व्यहोर्नु पर्ने खर्च र निगमले पाउने प्रतिफल, ख्याती, बजार प्रवर्द्धन आदिको बारेमा अध्ययन मूल्यांकन गरेर मात्र कार्य गर्ने गराउनेतर्फ निगमको सञ्चालक समितिको ध्यानाकर्षण गराई सो को जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई दिइएको ।

४.१.११ स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

४.१.११.१. स्वास्थ्य सेवा ऐन, नियमले तोकेको योग्यता नपुगेका व्यक्तिहरुलाई स्वास्थ्य सेवा विभागका विभिन्न महाशाखाको प्रमुख बनाइ अनियमितता गरेको भन्ने सम्बन्धमा स्वास्थ्य मन्त्रालयको च.नं. ७९६ मिति २०५८।५।६ को पत्र

बमोजिम नै पनि तोकिएको योग्यता नभएका व्यक्तिलाई महाशाखा प्रमुख पदमा पदस्थापन गरेको खुल्न आएबाट स्वास्थ्य सेवा ऐन, नियमावली बमोजिम सच्याउन पर्ने कुरामा सच्याउनेतर्फ स्वास्थ्य मन्त्रालयलाई ध्यानाकर्षण गराइएको ।

उल्लिखित विषयको अनुसन्धानमा आयोगबाट पटक पटक जानकारी माग गरी स्वास्थ्य मन्त्रालयका सचिवलाई मिति २०५८।४।१७, च.नं. ६१ को पत्रबाट दश दिन भित्र जवाफ प्राप्त नभएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम जवाफ नपठाउने उपर समेत कार्यबाहीका लागि पेश हुने कुरा उल्लेख गरी जानकारी मागिएको र सोही विषयमा मिति २०५८।५।२० र २०५८।९।१७ मा ताकेता गरी सोही ऐनको दफा १९(५) बमोजिम कार्यबाही गरिने व्यहोरा स्मरण गराउनका साथै बारम्बार टेलिफोनबाट ताकेता गरी मन्त्रालयका सह-सचिवलाई समेत यस आयोगमा झिकाई जवाफ नआएको कारणले अनुसन्धानमा बाधा पुगेको कुरा अवगत गराउंदा पनि आयोगले सोधेको जवाफ दिन स्वास्थ्य मन्त्रालयका सचिवबाट अकारण र अनावश्यक विलम्ब गरेको देखिंदा सोतर्फ सतर्कता अपनाउन ध्यानाकर्षण गराई सो को जानकारी माननीय स्वास्थ्य मन्त्री र मन्त्रिपरिषद् सचिवालय समेतलाई दिइएको ।

४.१.११.२. शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रले मिति २०५७।६।३० मा गरेको विज्ञापन बमोजिमका विभिन्न पद पूर्ति गर्ने सिलसिलामा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जतिसक्दो चाडो स्थायी जनशक्ति व्यवस्था गर्न परीक्षा सञ्चालन एवं नतीजा प्रकाशनमा शीघ्रताका साथै गोपनीयता र निष्पक्षता कायम गर्ने उद्देश्यले नै के कुन व्यक्तिलाई प्रश्नपत्र निर्माण गर्न एवं परीक्षण गर्न दिने भन्ने लिखित रुपमा निर्णयमा किटान नगरिएको तर सबै परीक्षकहरु एकै ठाउंमा बसी उत्तर पुस्तिका परीक्षण गरे गराएको खुल्न आएको र कसैलाई उतीर्ण वा अनुत्तिर्ण गराउने वदनीयत राखी प्रश्न पत्र निर्माण एवं उत्तर पुस्तिका परीक्षण गरेको कतैबाट देखिन नआएको हुंदा सम्पूर्ण परीक्षा प्रणाली नै त्रुटिपूर्ण भन्ने अवस्था रहेन । तथापि परीक्षा सञ्चालन निर्देशिका, २०५७ ले तोकेको केही प्रक्रियाहरुसम्म नपुऱ्याएतर्फ पदपूर्ति समितिका पदाधिकारीहरुलाई ध्यानाकर्षण गराई आयोगलाई जानकारी दिन स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

४.१.११.३ नेपाल मेडिकल काउन्सिलका रजिष्टार डा. अलिनकुमार मिश्रले एउटै कार्यालय समयमा दुइतिर नोकरी गरी दोहोरो सुविधा समेत लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वीर अस्पतालको स्थायी पदमा रही पूर्णकालिक कर्मचारीको हैसियतमा लिभर यूनिट प्रमुखको काम गर्ने व्यक्तिलाई मेडिकल काउन्सिलको रजिष्ट्रार पदमा मनोनयन गर्नुको साथै उल्लिखित स्थान बाहेक माननीय मन्त्रीहरुको आवासको On call ड्यूटीमा समेत रही काम गर्न तोकिएको देखिन्छ । निज डा. मिश्रको मनोनयन हुन भन्दा पहिले नै काम काज गरिआएका व्यक्तिलाई उक्त रजिष्ट्रार पदमा कामको बोझ बढेको भनी भत्ता बढाएको पनि पाइएको छ । मेडिकल काउन्सिल ऐन अन्तर्गत काम, कर्तव्य र अधिकार भएको रजिष्ट्रारको काम र उत्तरदायित्वलाई हेर्दा पनि यसरी तीन चार ठाउंमा काम गर्ने व्यक्तिले त्यस्तो उत्तरदायित्व र काम प्रभावकारी रुपले गर्न सक्ने देखिदैन । देशमा चिकित्साको क्षेत्रमा उत्पादन भइरहेको र विदेशबाट अध्ययन गरिआउने जनशक्तिको बृद्धि भइरहेको सन्दर्भमा उक्त काउन्सिलको रजिष्ट्रारको काम बढ्न जानु स्वाभाविकै हो र सोही कुराहरुलाई स्वीकार गरेर एकातिर भत्ता आदि सुविधा बढाइएको छ भने अर्कोतिर तीनतिरको कामको दायित्व निर्वाह गर्नुपर्ने गरी निज डा. मिश्रलाई यस पदमा काम लगाएको देखिएकोले यो काम नै स्वयंमा विरोधाभासपूर्ण देखिन्छ । यस सम्बन्धमा भए गरेका यी काम कार्यबाहीहरु हेर्दा एकै व्यक्तिलाई विशेष सहूलियत प्रदान गरी मेडिकल काउन्सिल जस्तो महत्वपूर्ण संस्थाको हितलाई वेवास्ता गरेको देखिन आएकोले यस्तो व्यवस्थामा सुधार हुन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

४.१.११.४ कान्ति बाल अस्पतालमा सपिङ्ग कम्प्लेक्स र क्यान्टिन संचालन गर्ने सम्बन्धमा आव्हान गरिएको बोलपत्र बमोजिम परेका टेण्डर रद्द गरी आपसी सहमतिबाट अनियमित रुपमा क्यान्टिन संचालन गर्न दिएको भन्ने सम्बन्धमा छानवीन हुंदा सम्झौताका शर्त अनुसार सम्झौता गर्ने पक्षले केही समयसम्म सम्झौताका शर्त अनुसार काम गरी बीचैमा सम्झौता पूरा नगरी कार्य नगरेको अवस्थामा सो कामको लागि आर्थिक ऐन नियम अनुसार पुनः बोलपत्र वा शीलबन्दी दरभाउ पत्र (जो गर्न पर्ने हो) गर्न पर्नेमा दोश्रो कम कबोल गर्नेलाई कार्य गर्न दिएको खुल्न आएकोले तत्सम्बन्धमा त्यस अस्पतालको ध्यानाकर्षण गराई अब उल्लिखित कार्यमा समेत नियमपूर्वक प्रतिस्पर्धा गराउन लेखिएको ।

४.२ सुझाव पठाइएको :

४.२.१ अर्थ मन्त्रालय र अन्तर्गत :

अर्थ मन्त्रालयका उप-सचिव भरत सुवेदीले सामान्य प्रशासन मन्त्रालय बढुवा शाखा तथा अर्थमन्त्रालयको प्रशासन शाखामा रहेको का.स.मू. च्याती नयां का.स.मू. खडा गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा निज भरतराज सुवेदीको आर्थिक वर्ष २०४९।०५० को कार्यसम्पादन मूल्यांकनको अंक लोक सेवा आयोगको बढुवा सूचना नं. १२।०५१ र सूचना नं. २७।०५३।०५४ को त्यस मन्त्रालयमा छुट्टा छुट्टै Tabulation भएको देखिएकोले आयन्दा एक पटक Tabulation तालीकामा राखी बढुवा समितिले सही गरी प्रमाणित गरिसकेपछि तत्पश्चात सो अंक चाहिने भएमा त्यसै तालिकालाई आधार मान्ने नीति लिने व्यवस्था हुन सामान्य प्रशासन मन्त्रालयलाई लेखिएको ।

४.२.२ कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :

कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा संचालित कृषि अनुसन्धान तथा प्रसार आयोजनामा समावेश भएका विभिन्न अध्ययन तथा तालीम कार्यक्रममा मनोनयन गर्दा अनियमितता भएको, कार्यक्रमलाई ज्यादै खर्चालु बनाएको, विषयगत सान्दर्भिकतालाई नहेरी मनोनयन गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा श्री ५ को सरकारले विभिन्न दातृ राष्ट्र र अन्तरराष्ट्रिय संस्थाहरुसित विभिन्न विकास कार्यका लागि ऋण र अनुदान लिइरहेको परिप्रेक्ष्यमा मानव संशाधन विकासको लागि भनी कुनै खास परियोजना अन्तर्गत कार्यक्रम बनाई त्यस्तो कार्यक्रम अन्तर्गत सरकारी कर्मचारीलाई शैक्षिक उपाधि (academic degree जस्तै M.Sc., Ph.D.) पाउने गरी लामो अबधि (१ -२ वर्षदेखि ३-४ वर्षसम्म) का लागि शिक्षण संस्थाहरुमा अतिरिक्त शुल्क (Capitation fee) र छात्रवृत्ति (Stipend) समेत दिई पठाउन अन्तरराष्ट्रिय संस्थासित ऋण लिने गरिएको पाइएको छ । विभिन्न खालका शैक्षिक संस्थाहरु हाल देशमा नै विद्यमान रहेका र निजी तवरमा सरकारी कर्मचारी लगायत सर्वसाधारणले संसारका विभिन्न विश्वविद्यालयहरुमा उच्च अध्ययनको लागि प्रयास गरी अध्ययन गर्न जानेहरुको संख्या प्रशस्त मात्रामा रहेको र यो बढी रहेको पनि देखिन्छ । श्री ५ को सरकारले त्यस्ताको लागि विदेशी मुद्राको सटही सुविधा दिइराखेकै पनि छ । विश्वव्यापीकरणको परिप्रेक्ष्यमा नेपालले उदार आर्थिक नीति अबलम्बन गरेको र सरकारी खर्च र काम कार्यबाहीको पुनरावलोकन गरी सकेसम्म छरितो किसिमले सरकारी यन्त्रको संचालन गर्ने र सरकारी क्षेत्रमा रहेका विभिन्न काम कारवाईहरु नीजि क्षेत्रबाट संचालन गर्ने गराउने नीति लिएको छ । विभिन्न आवश्यक सेवा र परामर्श चाहिएको बखत नीजि क्षेत्रबाट लिने गरी आएकै पनि छ । हाल वैदेशिक ऋणको भार देशलाई प्रशस्त मात्रामा बढ्दै गइरहेको सन्दर्भमा क्रमशः यो भारलाई कम गर्दै लैजानु पनि परेको छ । साथै सरकारी दायित्वमा अध्ययन गर्न पठाइएका कर्मचारीहरुबाट देशलाई प्राप्त योगदानको मूल्यांकन भई त्यसको उपादेयता समेत स्थापित गराउन सकिएको छैन । यी सबै कुराहरुको परिप्रेक्षमा आवश्यक कारवाईका लागि देहाय बमोजिमको सुझाव अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखालाई दिई र सोको जानकारी सबै मन्त्रालयहरुलाई दिन समेतका लागि मन्त्रिपरिषद् सचिवालयमा लेखिएको :

<u>सुझावहरु</u> :

- नयां परियोजनाहरु तर्जुमा गर्दा ऋण रकमबाट शैक्षिक उपाधी (academic degree, diploma, Ph.D.) को लागि अध्ययन गराउने व्यवस्था नराख्ने ।
- त्यस्तो शैक्षिक अध्ययन (degree, diploma, Ph.D.) गराउने प्रावधान रहेका चालु परियोजनाका हकमा पनि पुनर्मूल्यांकन (Review) गरी हटाउन सक्नेमा हटाउने र हटाउन नसकिनेमा त्यस्तो अध्ययनको व्यवस्था नेपालमा संचालित शिक्षण संस्थाहरुमा गराउने ।

४.२.३ गृह मन्त्रालय र अन्तर्गत :

४.२.३.१. श्री ५ को सरकार, गृह मन्त्रालयबाट प्रतिबर्ष बितरण गरिने आर्थिक सहायता, चन्दा, पुरस्कार शीर्षकमा दुरुपयोग नहोस् भन्नाका लागि निर्धारित मापदण्ड बनाएर मात्र यस्तो आर्थिक सहायता, चन्दा, पुरस्कारको रकम वितरण गर्न गृह मन्त्रालय र मन्त्रिपरिषद् सचिवालयको ध्यानाकर्षण गर्ने भनी यस आयोगबाट मिति २०५५।१०।१७ मा निर्णय भई गएको र सोही निर्णय यस आयोगको २०५५।०५६ को वार्षिक प्रतिवेदनमा उल्लेख भई संसदमा पेश पनि भइसकेको साथै नेपाल अधिराज्यका महालेखा परीक्षकको सैतीसौं वार्षिक प्रतिवेदन, २०५७ मा पनि श्री ५ को सरकारका बिभिन्न मन्त्रालयहरु (अर्थ, पररष्ट्र र गृह) तथा मन्त्रिपरिषद् समेतबाट आर्थिक सहायता, चन्दा, पुरस्कार

हचुवा किसिमले बितरण गरेको भन्ने उल्लेख गरेको पाइयो । यस्तो प्रकृयाबाट आर्थिक अनुशासनहीनता बृद्धि हुदै जाने संभावना भएको र त्यस्तो कार्यबाट अख्तियारको दुरुपयोग हुन जाने भएकोले ऐन, नियमको आधार, निर्धारित मापदण्ड र निर्दिष्ट प्रकृया तथा सम्बन्धित निकायबाट बजेट संचालन गर्ने पारदर्शी ब्यबस्था गरेर मात्र आर्थिक सहायता तथा चन्दा पुरस्कार बितरण गर्न श्री ५ को सरकार, मन्त्रिपरिषद्लाई पुनः लेखी अर्थ मन्त्रालयलाई जानकारी समेत दिइएको ।

४.२.३.२. भारत बिहार राज्य बीरपुरका रामकिशन मित्तलले २०४५।१।२० मा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट नं. १७८३ को नागरिकता प्रमाणपत्र लिई २०४६ सालमा सप्तरीको भगबतपुरबाट धरान न.पा. १ सुनसरीमा बसाई सरेको देखाई आफ्नो छोराहरुको नागरिकता लिन जिल्ला प्रशासन कार्यालय सुनसरीमा आबेदन पेश गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा गृह मन्त्रालय अन्तर्गत नागरिकताको बिषयमा केन्द्रित रहेका उजूरी निवेदनहरु उपर कारवाई गर्दै जांदा नागरिकता लिन चाहने व्यक्तिले नागरिकता लिंदाका बखत भरेको अनुसूची फारामहरु सहितका कागजातहरु अनुसन्धानको सिलसिलामा पठाई दिन जिल्ला प्रशासन कार्यालयहरुलाई लेखी पठाउंदा त्यस्ता अनुसूची फारामहरु फेला नपरेको, खोजतलास भइरहेको, पानीले भिजेको, धमिराले खाएको र अनुसूची लगायतका अन्य काम नलाग्ने कागजातहरु धुल्याइएको भनी जवाफ पठाउने गरेको पाइन्छ । नागरिकता गलत किसिमले वितरण भएकोमा कार्यबाहीमा परिने सम्भावित खतराबाट बच्ने अभिप्रायले सो सम्बन्धी श्रेस्ता गायब गरिएको हो कि भन्न पनि सकिने अबस्था एकातिर देखिन्छ भने आयोगबाट माग गरिएका विवरण कागजात प्राप्त नहुँदा आयोगको अनुसन्धानको काममा बाधा पर्न जाने र विवादको निक्यौंलमा पुग्न नसक्ने अबस्था अर्कोतिर बिद्यमान रहेको देखिन्छ ।

कतिपय अवस्थामा माग गरिएका विवरण बमोजिमका कागजातहरु नै धुल्याइएको भनी जवाफ प्राप्त हुने गरेको छ । त्यस सम्बन्धमा कानूनी व्यवस्था हेर्दा सरकारी कागजात धुल्याउने नियमहरु २०२७ को नियम ४ ले "धुल्याउने आदेश भएका कागजातहरु धुल्याउनु अगावै सम्बन्धित सरकारी कार्यालयले श्री ५ को सरकारबाट निर्धारित गरिएको ढांचामा धुल्याइने कागजातको विषय र छोटकरी व्यहोरा लेखी कार्यालय प्रमुखको दस्तखत गराई अभिलेख राख्नु पर्नेछ" भनी उल्लेख गरेको छ भने सोही नियमावलीको अनुसूची ६ को क्रमसंख्या १५ मा नागरिकता र नागरिकहरुको मुद्दा सम्बन्धी विषयमा विदेशी राष्ट्रसंग भएको लेखापढीको कागजातलाई कहिल्यै नधुल्याउने कागजातभित्र राखेको देखिन्छ ।

त्यसै गरी मुलुकी ऐन, अदालती बन्दोवस्तको २३ नं. ले अड्डामा रहेको कागजात मिसिलहरु कसैले हराउन, नास्न वा चोर्न हुदैन । कार्यबाही गर्नु पर्ने चल्ती मिसिल र प्रमाण मिसिल हराउने नास्नेलाई र बेचल्ती कागज वा फैसला मिसिल सक्कल हराउने नास्नेलाई मिसिलै हराएमा पचास रुपैया, प्रमाण लाग्ने कागज हराएमा पच्चीस रुपैया र अरु सानातिना कागज हराएमा पांच रुपैया जरिवाना हुनेछ । कानून बमोजिम रीत पुगेको प्रमाण लाग्न सक्ने नक्कल नभएको चल्ती सक्कल कागजात मिसिल हराउनेलाई मिसिलै हराएमा एक सय रुपैया, प्रमाण लाग्ने कागज हराएमा पचास रुपैया र अरु सानातिना कागज हराएमा दश रुपैया जरिवाना हुनेछ । कैफियत गरी गरेको रहेछ भने चल्ती बेचल्ती जस्तो किसिमको कागज मिसिल हराए नासेको भए पनि सो गर्ने गराउनेलाई हराएकोबाट श्री ५ को सरकारको वा दुनियाको बिगो नोक्सान भएको रहेछ भने सो नोक्सानी बिगो उपर गरी लिई वा भराई बिगो बमोजिम जरिवाना गरी सो जरिवाना वापतमा कैद र बिगो नोक्सान नभएको र बिगो नोक्सान नहुने रहेछ भने एकवर्ष कैद हुनेछ । चोरी गरेको रहेछ भने माथि लेखिएका सजायमा थप दुइसय रुपैया जरिवाना समेत हुनेछ भनी दायित्वको सिर्जना गरेको देखिन्छ । यी दायित्वहरु बाहेक पनि गलत मनसायले कागजातहरु धुल्याउने लगायतका कार्यहरु गरी प्रमाण नष्ट गर्ने काम गरेकोमा अन्य सम्बन्धित ऐन कानून आकृष्ट हुने कुरा त छदैछ ।

प्रस्तुत निवेदनसित सम्बन्धित कागजातको हकमा पनि कागजात धुल्याएको भनी जवाफ प्राप्त भएको र कुनै विवरण पनि उपलब्ध नगराइएकोले त्यस्तो काम कसबाट भएको हो सो बुझी दोषी उपर आवश्यक कार्यबाही गर्न तथा अब आइन्दा उपयुक्त कानूनको पालन गर्न गराउन र नागरिकतासित सम्बन्धित प्रमाण सम्बन्धी कागजातहरुका हकमा त्यसका विवरणहरु प्रष्ट खुल्ने गरी अभिलेख बनाई सुरक्षित रुपमा राख्न लगाउन गृह मन्त्रालयलाई लेखिएको ।

४.२.३.३ प्रहरी नायब महानिरीक्षक लगायत विभिन्न पदमा बढुवा गर्दा अनियमितता भएको भन्ने विषयमा छानवीन हुंदा यसै बिषयमा अदालतमा उजूरी परी कार्यबाही चलिरहेकोले आयोगबाट केही गर्नु परेन । तर प्राप्त कागजातको अध्ययन र गृह मन्त्रालयका सचिव एवं प्रहरी महानिरीक्षकसित छलफल समेत गर्दा प्रहरी फोर्समा बढुवा जस्तो संबेदनशील व्यवस्थालाई लागू गर्दा एकातिर जेष्ठतालाई ख्याल गर्नु पर्ने हुन्छ भने अझ त्यो भन्दा पनि बढी कार्य क्षमतालाई नै आधार बनाउनु पर्ने स्थिति हुन्छ । धेरै जस्तो कार्य सम्पादन मूल्यांकन गर्दा कम अंक दिने कुरामा कारण उल्लेख गर्ने नगरेको पाइयो । त्यस्तो कर्मचारीको असक्षमता बारेमा कुनै अभिलेख नराखी त्यस्तो कर्मचारीको असक्षमता सहदै जाने र बढुवा गर्दाको अबस्थामा असक्षम भएको महसूस गरेर बढुवा नगर्ने गरेको देखिन आयो । यस्तो परिप्रेक्षमा कार्य क्षमताको मूल्यांकनलाई व्यवहारिक रुपमा बढी वस्तुगत बनाउंन तथा प्रहरीको बढुवाका आधारहरु जस्तो मूलभूत विषयलाई सम्बन्धित नियमावलीभन्दा ऐनद्वारा नै व्यवस्थित गर्ने कुरामा आवश्यक अध्ययनको आधारमा ६ महिनाभित्र सम्बन्धित ऐनमा संशोधनको प्रस्ताव गरी त्यसको जानकारी आयोगलाई गराउन गृह मन्त्रालयलाई लेखिएको ।

४.२.३.४ प्रहरी सेवामा प्रहरी भर्ना, नियुक्ति गर्दा अनियमितता हुने गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा प्रहरी सेवामा नियुक्ति, बढुवा, पुनरबहाली, तालीम, उमेरको सुविधा समेतका विषयमा पारदर्शी प्रतिस्पर्धामूलक व्यवस्था मिलाई अख्तियारको दुरुपयोग हुन नदिनेतर्फ कानूनको आवश्यक परिमार्जन गर्न गृह मन्त्रालयमा सुझाव पठाइएको ।

४.२.४ जलस्रोत मन्त्रालय र अन्तर्गत :

४.२.४.१ नेपाल विद्युत प्राधिकरणले सिभील इञ्जिनीयर पद संख्या ९ (नौ) को आवश्यकता देखाई अस्थायी पद पूर्तिका लागि दरखास्त आह्वान गरेकोमा बिना सूचना ३० जनाको दरबन्दी कायम गरी अनियमित रुपमा नतीजा प्रकाशन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल विद्युत प्राधिकरणले सिभिल इञ्जिनीयर पद संख्या ९, मेकानिकल इञ्जिनीयर पद संख्या २ र इलेक्ट्रीकल इञ्जिनीयर पद संख्या २१ को आवश्यकता देखाई बिज्ञापन गरी दरखास्त दिने म्याद समाप्त भएपछि सिभिल इञ्जिनीयर पद संख्या २१ थप गरी जम्मा संख्या ३०, मेकानिकल इञ्जिनीयर पद संख्या ३ थप गरी जम्मा संख्या ५ र इलेक्ट्रीकल इञ्जिनीयर पद संख्या २५ थप गरी जम्मा संख्या ४६ पुऱ्याई थप पद संख्या बापत कुनै बिज्ञापन नगरी सुरुकै बिज्ञापन अनुसार प्राप्त दरखास्तवालाहरु मध्येबाट पद पूर्ति गरी नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०५० को विनियम २२ को विपरीत हुने गरी त्रुटीपूर्ण कार्य भए गरेको देखिन आएकोले आयन्दा बिज्ञापन गरे भन्दा बढी पदमा सिफारीश एवं नियुक्ती नगर्न र पद थप हुन आएमा बढीभन्दा बढी प्रतिस्पर्धा हुने गरी पुनः बिज्ञापन गरेर मात्र पदपूर्ति सम्बन्धी कार्य गर्न नेपाल विद्युत प्राधिकरणलाई सुझाव दिई सोको जानकारी जलस्रोत मन्त्रालयलाई दिइएको ।

४.२.४.२ नेपाल विद्युत प्राधिकरणद्वारा कर्मचारी शर्त विनियमावली विपरीत मदन तिम्सिना (सातौं तह) लाई Kathmandu University को ME Course मा अध्ययन गर्न मनोनयन गरी अध्ययन बिदा स्वीकृत गरिएको भन्ने सम्बन्धमा छानवीन हुंदा कार्यकारी निर्देशकले प्रचलित कानून बमोजिम मिल्ने हो हाइन भन्ने समेतका कुरातर्फ विचार नगरी सबै सुविधा पाउने गरी अध्ययन गर्न पठाएको देखिंदा आइन्दा विनियमावली तथा प्राधिकरणले निर्धारण गरेको प्रकृया अनुरुप नै मात्र यस्तो अध्ययनमा पठाउनेतर्फ सतर्कता अपनाउन लेखिएको ।

४.२.५ परराष्ट्र मन्त्रालय र अन्तर्गत :

राहदानी ऐन, २०२४ र राहदानी नियमहरु, २०२७ विपरीत हुने गरी बिभिन्न व्यक्तिहरुलाई टिप्पणी निर्णयको आडमा कूटनैतिक राहदानी उपलब्ध गराउने गरी आएको र यसरी उपलब्ध कूटनैतिक राहदानीको प्रयोग ऐन नियमको प्रावधान विपरीत निजी कामको सिलसिलामा समेत हुने गरेको र बिभिन्न व्यक्तिहरुलाई उपलब्ध गराईएको राहदानी फिर्ता नहुने समेत गरेको पाइएकोले सार्वजनिक सूचना समेत प्रकाशित गरी त्यस्ता राहदानीहरु खिची ३ महिना भित्र आयोगलाई जानकारी गराउन, राहदानी ऐन, २०२४ र राहदानी नियमहरु २०२७ ले तोके बाहेकका कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमको निर्णयको आडमा कूटनैतिक राहदानी जारी नगर्न तथा कानून बमोजिम जारी गरिएका कूटनैतिक राहदानीको प्रयोग सरकारी कामको सिलसिलामा मात्र हुन सक्ने गरी अविलम्ब आवश्यक व्यवस्था मिलाउन र भविष्यमा कसैलाई कानून विपरीत कूटनैतिक राहदानी उपलब्ध गराएमा वा त्यसको प्रयोग सरकारी कामको सिलसिलामा बाहेक अरु सिलसिलामा हुन सक्ने गरी कुनै किसिमको सिफारीश गरेको पाइएमा राहदानी जारी गर्ने वा भिसा समेतका लागि सिफारीश गर्ने सम्बन्धित कर्मचारी समेत उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन बमोजिम कार्यबाही हुने व्यहोरा समेत परराष्ट्र मन्त्रालयमा लेखिएको ।

४.२.६ भूमिसुधार मन्त्रालय र अन्तर्गत :

गुठी संस्थान कर्मचारी सेवा, शर्त, सुविधा सम्बन्धी विनियम, २०५१ को दफा ७(१) अनुसार सहायक प्रथम श्रेणीको पदपूर्ति गर्न मूल्यांकन बढुवाबाट ५० प्रतिशत र आन्तरिक प्रतियोगिताबाट ५० प्रतिशत पूर्ति गर्ने, खुल्ला प्रतियोगिताबाट पूर्ति गर्ने व्यवस्था नभएको र गुठी संस्थानको मिति २०५८।१०।११।५ को पत्रसाथ प्राप्त उक्त पत्रको सि.नं. २ मा उल्लिखित समूह कायम गरिएको सूचनाको फोटोकपी अनुसार लेखा समूहको सहायक द्वितीय श्रेणीमा ४ जना कार्यरत रहेको देखिएको निजहरु मूल्यांकन बढुवाद्वारा बढुवा हुन पाउने नपाउने र आन्तरिक प्रतियोगितामा सम्मिलित हुन पाउने नपाउने के हो ? निजहरु मूल्यांकन बढुवा हुन सक्ने भए बढुवा गर्नु पर्ने र मूल्यांकन बढुवा गर्न सेवा अवधि नपुगेको भए आन्तरिक बढुवाको परीक्षा लिई सफल भएमा बढुवा नियुक्त गर्नु पर्ने र असफल भएमा मात्र सोही व्यहोरा समेत

उल्लेख गरी रिक्त पद पूर्ति गर्न निर्णय गर्नु पर्नेमा सो केही उल्लेख नगरी खुल्ला प्रतियोगिताबाट पद पूर्ति गर्न विज्ञापन गरेको अनियमित देखिएकोले सो अनियमित कार्य गरेकोमा प्रशासक श्यामराज ढुंगेललाई बिभागीय कार्यबाही गर्नु पर्ने देखिएकोमा निज हाल प्रशासक पदमा नरहेकाले बिभागीय कार्यबाही गर्नु पर्ने नदेखिंदा अब आइन्दा त्यस्तो खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न नमिल्ने पदहरुमा संस्थानमा कार्यरत कर्मचारीहरुबाट पदपूर्ति हुन नसक्ने भएमा सो प्रष्ट खुलाई निर्णय गरी बिभागीय मन्त्रालयबाट स्वीकृत लिएर मात्र पदपूर्ति गर्ने व्यवस्था गर्न गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखिएको ।

४.२.७ भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :

४.२.७.१ काठमाडौं उपत्यका नगर विकास योजनामा कार्यरत का.मु. सदस्य सचिव र नगर नियोजकले एग्रिमेण्ट हुनुभन्दा अगाडि नै रकम झिकी मनखुसी गरेको, टेण्डर प्रकाशन हुनु अगावै दाप्चा निर्माण सेवालाई ठेक्काको काम स्वीकृत गरी मिलोमतो गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा छानवीन हुंदा सैबु आवास तथा सेवा विकास आयोजनाका ठेकेदार वि.के.के. निर्माण सेवा, का.जि. बिष्णु गा.बि.स.-२ ले योजना अधूरो छाडेकोले अरु ठेकेदारबाट काम गराउंदा निजले कबोल गरे भन्दा बढी रकम लागेकोले निजबाट बांकी रकम असूल गर्न काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई लेखिएको ।

४.२.७.२ डिभिजन सडक कार्यालय नं. २ मीनभवनको ठे.नं. ६।०५८-५९र ७।०५८-५९ अन्तिम दर्ता गर्ने मिति २०५८।७।३ भित्र त्यस कार्यालयबाट बिक्री भएका सम्पूर्ण बोलपत्रहरुमध्ये सीमित बोलपत्रहरु मात्र ठेकेदारहरुको मिलोमतोबाट दर्ता भई अन्य बोलपत्रहरु सीमित ठेकेदारहरुले दर्ता गर्नबाट बञ्चित गरेको भन्ने उजूरीका सम्बन्धमा छानवीन हुंदा उजूरीमा उल्लिखित प्याकेजहरुमा देखिएका कमीकमजोरीहरु फेरि दोहोरिन नदिने र बढी भन्दा बढी स्वच्छ प्रतिस्पर्धा गराई काम गराउने वातावरण श्रृजना गरी सो विवादका विषयहरुलाई मुचुल्कामा अक्षरशः लिपिबद्ध गरी काम गर्न गराउन निम्न सुझाव सडक बिभागलाई पठाइएको :

- आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६६.६ अनुसार टेण्डर सूचनामा उल्लिखित कुनै पनि कार्यालयहरुबाट बोलपत्र खरीद गर्न सकिने र कुनै पनि कार्यालयमा दर्ता गर्न सकिने व्यहोरा उल्लेख गर्नुपर्ने ।
- बोलपत्र, बील अफ क्वान्टिटीज, बैक ग्यारेण्टी आदि कागजातहरुमा कुनै संशोधन वा कैफियत भएमा रीतपूर्वकको मुचुल्कामा अक्षरशः स्पष्ट हुनु पर्ने ।

४.२.७.३ डिभिजन सडक कार्यालय कटुन्जे, भक्तपुरबाट विभिन्न निर्माण कार्यहरु गराउन राष्ट्रिय दैनिक पत्रिका राजधानीमा प्रथम पटक मिति २०५८।८।३ मा बोलपत्र सूचना प्रकाशित भए अनुसार मिति २०५८।८।१९ दिनको १२ बजे भित्र बोलपत्रहरु दर्ता गराउन जाँदा केही फर्महरु दर्ता गरी अन्य फर्महरु निर्माण व्यवसायी संघमा पठाइएको र सो संघबाट ७ दिन पछि मात्र फिर्ता पाउने जवाफ दिएकाले स्वस्थ प्रतिस्पर्धा हुन नपाई सीमित निर्माण व्यवसायी संघहरु र अफिसका कर्मचारीहरुको मिलोमतो देखिएको भन्ने सम्बन्धमा छानवीन हुंदा उक्त ठेक्का पट्टाहरु बन्दोवस्त गर्ने प्रकृयामा त्रुटि र हेलचक्राईहरु देखिएकोले अब उप्रान्त यस्ता गल्तीहरु पुनः नदोहोरिने गरी पारदर्शी एवं बढी स्वस्थ प्रतिस्पर्धा हुने वातावरण सिर्जना गरी काम गर्न गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निम्न सुझाव पठाइएको :

- आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ६६.६ अनुसार टेण्डर सूचनामा उल्लिखित कुनै पनि कार्यालयहरुबाट बोलपत्र खरीद गर्न सकिने र कुनै पनि कार्यालयमा दर्ता गर्न सकिने व्यहोरा उल्लेख गर्नु पर्ने ।
- बोलपत्र, बील अफ क्वान्टिटीज, बैक ग्यारेण्टी आदि कागजातहरुमा कुनै संशोधन वा कैफियत भएमा रीतपूर्वकको मुचुल्कामा अक्षरशः स्पष्ट हुनु पर्ने ।

४.२.७.४ नेपाल खानेपानी संस्थानमा कार्यरत तत्कालीन इन्जिनीयर रामेश्वर रिजालले बिना अनुमति ललितपुर जिल्ला धापाखेल गाउं विकास समिति स्थित कान्तिपुर ईन्जिनीयरींग कलेजमा प्रिन्सीपलको हैसियतले अनियमित रुपबाट काम गरी दोहोरो सुविधा समेत लिएको भन्ने सम्बन्धमा छानवीन हुंदा संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियम बमोजिम अनिवार्य रुपमा अन्यत्र काम गर्दा स्वीकृति लिनु पर्नेमा नलिएको र निज संस्थानको सेवाबाट २०५८।४।८ देखि राजीनामा दिई निवृत्त भइसकेको तर संस्थानले यस सम्बन्धमा ध्यान पुऱ्याएको नदेखिएकोले आयन्दा आफ्नो अन्तर्गतका कर्मचारीले अन्यत्र काम गरे नगरेको, स्वीकृति लिए नलिएको सम्बन्धमा अनुगमन गरी सोको अद्यावधिक रेकर्ड राख्न निर्देशन दिइएको ।

४.२.८ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत :

समाज कल्याण परिषद् भृकुटी मण्डप सञ्चालन कार्यालयको आर्थिक कारोवार सम्बन्धी लेखा परीक्षण प्रतिवेदनमा देखाइएका विभिन्न अनियमितता एवं बेरुजुका सम्बन्धमा परिषद्ले लेखी पठाएका पत्र बमोजिमका सुधारका काम कार्यबाहीहरु यथार्थमा भए गरेका छन्, छैनन् ? सोबारे अध्ययन हुंदा लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याइएका विभिन्न अनियमितता पुनः दोहोरिन नदिन रसीद नियन्त्रण खाता राख्ने व्यवस्था लगायतका विभिन्न सुधार गरेको खुल्न आए तापनि बेरुजु रकम असूल नियमित एवं फछ्यौंट भएको पुष्टि हुन नआएकोले लेखापरीक्षण प्रतिवेदन बमोजिम बेरुजु रहेको रकम नियमित गर्न मिल्ने हकमा नियमित गरी, असूल गर्नु पर्ने रकमको हकमा शीघ्र असूल एवं फछ्यौंट गरी गराई आयोगलाई जानकारी गराउन समाज कल्याण परिषद्लाई लेखिएको र तदनुरुप भए नभएको नियमित सुपरिवेक्षण एवं अनुगमनको व्यवस्था मिलाउन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेतलाई लेखिएको ।

४.२.९ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. भरतपुर शाखा, चितवनका कर्मचारीको मिलोमतोमा राम्रा खालका काठ सर्वसाधारण जनतालाई बिक्री नगरी लिलाम बढाबढको कथित सूचना मात्र जारी गर्दै काठ लिलाम बढाबढमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा काठ लिलाम प्रक्रियामा अनियमितता भएको नदेखिंदा कोही कसैउपर केही गरी रहन परेन । तर दि टिम्बर कर्पोरेशन अफ नेपाल लि., केन्द्रीय कार्यालयबाट गोलिया काठ लिलाम गरिने सम्बन्धी सूचना हेर्दा शीलवन्दी बोलपत्र पेश गरी बिक्री गरिने हो वा लिलाम बढाबढबाट बिक्री गरिने हो भन्ने कुरा स्पष्ट नहुंदा यस्तो द्विविधात्मक अबस्था नहुने गरी स्पष्ट सूचना प्रकाशित गर्ने व्यवस्था गर्न टिम्बर कर्पोरेशन केन्द्रीय कार्यालयमा लेखिएको ।

४.२.१० शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

४.२.१०.१ जिल्ला शिक्षा कार्यालय, दार्चुलाका निमित्त जि.शि.अ. मानसिंह धामीले शिक्षा मन्त्रालयबाट शिक्षकहरुको सरुवा बढुवा र नयाँ नियुक्ति नगर्नु भन्ने निर्देशनको उल्लंघन गरी अधिकार बेगर नै नयाँ नियुक्ति र सरुवा गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान हुँदा यसमा शिक्षकहरुलाई बिना कारण र बिना आधार जिल्ला शिक्षा कार्यालयमा काजमा राख्ने तथा काजमा राखे पनि हाजीरी नगराउने प्रवृत्ति देखिंदा काजमा नराखी नहुने अबस्था बाहेक शिक्षकहरु जिल्ला शिक्षा कार्यालय वा अन्यत्र काजमा नराख्ने व्यवस्था हुन शिक्षा तथा खेलकूद मन्त्रालयमा सुझाव पठाइएको ।

४.२.१०.२ निजी तथा आवासिय विद्यालयहरुले गैरकानूनी रुपमा शुल्क लिने गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा विद्यमान ऐन नियमको परिपालना गर्ने गराउनेतर्फ शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गतका निकायहरुको भूमिका प्रभावकारी रहे भएको नदेखिंदा त्यसतर्फ मन्त्रालयको ध्यानाकर्षण गराई निम्न बमोजिम गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा सुझाव पठाइएको :

- कतिपय निजी तथा आवासीय विद्यालयले अनुमति नपाएका कक्षाहरु संचालन गरेको विषयमा र जिल्ला शिक्षा समितिको स्वीकृति लिएर मात्र शुल्क वृद्धि गर्नु पर्नेमा त्यस किसिमको स्वीकृति बिना नै शुल्क उठाउने गरेको परिप्रेक्ष्यमा भविष्यमा त्यस्तो हुन नदिनका लागि सम्बन्धित ऐन, नियममा आवश्यक सुधार गरी अनुगमनको प्रभावकारी व्यवस्था मिलाउन ।
- विद्यालय संचालनको लागि स्वीकृति प्राप्त गर्दाका शर्त वन्देज उल्लंघन गरेमा अबस्था हेरी जरिवाना गर्नेदेखि लिएर विद्यालय संचालनका लागि प्रदान गरिएको स्वीकृति रद्द गर्ने सम्मको सजाय हुने गरी कानूनमा व्यवस्था मिलाउन र सो प्रयोजनका लागि नियमित रुपमा एवं प्रभावकारी अनुगमनको व्यवस्था मिलाउन ।
- शुल्क निर्धारण गर्ने प्रयोजनका लागि निश्चित मापदण्ड तयार गरी सोका आधारमा शुल्क लिने व्यवस्था मिलाउन ।
- बिद्यालय संचालनका लागि स्वीकृति प्रदान गर्दा वातावरणीय दृष्टिले सुरक्षित स्थानमा मात्र बिद्यालय संचालन गर्न दिने तथा बिद्यालय संचालन गर्दा आसपासका अन्य व्यक्ति वा निकायलाई असुविधा नपुगोस् भन्नेतर्फ कानूनमा नै व्यवस्था मिलाई, सोको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन ।

४.२.१०.३ उच्च माध्यमिक शिक्षा परिषदमा अनियमित रुपमा करारमा कर्मचारी नियुक्त गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो परिषदका प्रशासन निर्देशनालयका निर्देशक नारायणप्रसाद कोइराला र परिषद्बीच २०५५।८।२२ मा भएको करार यस आयोगको मिति २०५८।१०।१८ को निर्णयानुसार समाप्त गर्न लेखिएकोमा सो विषयलाई नारायणप्रसाद कोइरालाले समेत स्वीकार गरिसकेको देखिंदा प्रस्तुत विषयमा कार्यबाही अगाडि बढाउनु पर्ने अवस्था देखिदैन । तर, परिषद्को कार्य सम्पादनको लागि आवश्यकतानुसार बिशेषज्ञहरुलाई कुनै निश्चित अवधिसम्मका लागि करार सेवामा लिन सक्ने गरी उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा शर्त सम्बन्धी बिनियमहरु, २०३५ को दफा ९८ मा व्यवस्था भएकोमा कस्तो मान्छे "विशेषज्ञ" हुने भन्ने मापदण्ड नै नवनाई, कार्यालयका नियमित कामका लागि पनि जो कसैलाई हचुवा किसिमबाट "विशेषज्ञ" को रुपमा नियुक्त गरिएको, परिषदकै स्थायी पदमा कार्यरत कर्मचारीलाई औचित्य, आवश्यकता एवं कुनै विशेष योग्यता बिना नै आफ्नै कार्यालयमा सोभन्दा माथिल्लो पदमा करारमा नियुक्त गर्ने गरिएको तथा परिषदमा स्वीकृत दरवन्दीको पदपूर्ति गर्नेतर्फ नलागी तिनै पदहरुमा "विशेषज्ञ" भनी सामान्य कार्य–प्रकृतिका मानिसलाई नियुक्त गरेको देखिएको हुंदा यस किसिमको कामकार्यबाही भविष्यमा हुन नदिनेतर्फ आवश्यक व्यवस्था मिलाउन शिक्षा तथा खेलकूद मन्त्रालय र उच्च माध्यमिक शिक्षा परिषदमा लेखिएको ।

४.२.१०.४ जनक शिक्षा सामाग्री केन्द्र लि.बाट २०५४ सालमा भएको कर्मचारी बढुवा सम्बन्धमा अनियमितता भएको भन्ने सम्बन्धमा सर्वोच्च अदालतमा समेत रिट निवेदन परी २०५७।८।२१ को निर्णयबाट बढुवा गर्ने समयमा मात्रै कार्य सम्पादन मूल्यांकन फाराम भराइने र मूल्यांकन गर्ने गराउने प्रचलनबाट निष्पक्षतामा प्रश्न उठ्न सक्ने सम्भावना रहने हुंदा त्यस्तो संभावना नरहोस् भन्नाका लागि केन्द्रको कर्मचारी सेवा शर्त नियमावली २०५२ को नियम ६.८ र सो अनुसूचीमा उल्लिखित निर्देशिकालाई अनिवार्य रुपमा पालना गर्न गराउनेतर्फ क्रियाशील रहन केन्द्रलाई निर्देशन जारी भएको देखिएकोले हुंदा अब उप्रान्त तोकिएको वर्षको तोकिएको समय भित्रै सो फाराम भरी भराई मूल्यांकन गरी राख्न निर्देशन दिइएको ।

४.२.१०.५ त्रिभुवन विश्वविद्यालय अन्तर्गत आंगिक क्याम्पसमा कार्यरत शिक्षक/कर्मचारीहरुले अन्य निजी क्याम्पस तथा उच्च मा.वि. मा त्रिभुवन विश्वविद्यालय ऐन नियम विपरीत बिना अनुमति पारिश्रमिक लिई आफ्नलाई तोकिएको क्याम्पसको शिफ्टको पठन पाठनमा ध्यान नदिई दोहोरो शिक्षण पेशा गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा त्रिभुवन विश्वविद्यालयले विभिन्न क्याम्पसहरुमा अनुगमन गरी प्रतिवेदन पेश गर्न गठन गरेको समितिले ३१ आषाढ २०५८ मा दिएको प्रतिवेदन अनुसार त्रिभुवन विश्वविद्यालयमा काम गर्ने शिक्षक र कर्मचारीले अन्य ठाउंमा काम गर्न पाउने नपाउने शर्त सहितको नियम बनाई आयोगलाई ३ तीन महिना भित्र जानकारी दिन र सो नियम कडाईका साथ पालन गर्न गराउन त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र संस्कृत विश्वविद्यालयलाई लेखिएको ।

४.२.१०.६ त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर क्याम्पसको जग्गाको २०५४ सालको उज्जनी धान बिक्री गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गर्न त्रिभुवन विश्वविद्यालयलाई लेखिएको :-

- धानको भण्डारण र सुरक्षाको उपयुक्त व्यवस्था नभएको कारणले १२० क्वीन्टल १८ के.जी. जर्ति जानुलाई औचित्यपूर्ण मान्न नसकिने । स्टोरले त्यस्तो अबस्था रहेको अबस्थामा धानलाई समयमा बिक्री वितरण नगरी अनावश्यक रुपमा लामो समयसम्म राख्नु पर्ने कुनै औचित्य नभएको साथै त्यस सम्बन्धमा महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण हुंदा बेरुजु औल्याइएको अबस्थामा कतिसम्मको जर्ति, सुखनलाई औचित्यपूर्ण मान्ने हो आवश्यक र निश्चित मापदण्ड तय गरी कार्यान्वयन गराउन र लापरवाही वा बदनीयतपूर्वक त्यस्को अबस्था सिर्जना भएको भए सम्बन्धित पदाधिकारी उपर आवश्यक कार्यबाही गर्न र आयन्दा त्यस्तो नोक्सानीलाई रोक्नेतर्फ निर्देशन दिइएको ।
- भेहिकल कन्ट्रोलरको काम लगाए वापत सह प्रा. शान्तमान शाक्य र सह प्रा. जगतलाल यादवलाई थप अतिरिक्त भत्ता क्रमशः रु. ११,७५०।- र १४,९००।- खुवाएकोमा मिति २०५८।४।१७ को पत्रानुसार दोहोरो भत्ता खाने गरी काममा लगाउन नमिल्ने निर्देशन दिएको अबस्थामा उक्त रकम तुरुन्त असूल गरी क्याम्पसको कोषमा जम्मा गर्ने ।
- क्याम्पसको आन्तरिक श्रोतबाट प्राप्त गर्ने आम्दानीलाई विशेष कोष अन्तर्गत छुट्टै खातामा राखेको सम्बन्धमा त्यसरी दुई फरक फरक खाता संचालन गर्दा क्याम्पसको कोषको एकमुष्ट केन्द्रीय लगत एवं पारदर्शिता समेत नदेखिने हुँदा एकै खाता अन्तर्गत कोषको संचालन गर्ने व्यवस्था गर्ने ।

४.२.१०.७ त्रिभुवन विश्वविद्यालय अन्तर्गत भएका विभिन्न निर्माण सम्बन्धी कार्यमा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा निम्नानुसार हुन लेखिएको :-

- त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसको पर्खाल निर्माण सम्बन्धमा किर्तीपुर न.पा. र त्रिभुवन विश्वविद्यालयबीच नक्सा पास सम्बन्धी विवाद भएकोमा सो विवाद समाधान गरी नियमानुसार निर्माण कार्य गर्ने गराउने ।
- Zoology विभागको भवनको छत चुहिएको सम्बन्धमा संरचनागत त्रुटिको प्रारुपण गर्दा दूरदर्शिताको अभावको कारणबाट यस्तो हुन गएको देखिएकोले अब नचुहिने गरी सम्बन्धित ठेकेदारबाट आवश्यक कार्य गराउने ।
- आयन्दा संरचनात्मक र निर्माण सम्बन्धी त्रुटिहरु हुन गर्न नपाउने आवश्यक व्यवस्था गर्न त्रिभुवन विश्वविद्यालयले विशेष ध्यान पुऱ्याउने ।

४.२.१०.८ शिक्षा तथा खेलकूद मन्त्रालयबाट डेनिडाको सहयोगमा M.Ed./M.Phil. अध्ययनको लागि माग गरेको निवेदन सम्बन्धमा उम्मेदवार छनौट गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा यस्तो किसिमको अध्ययनको लागि सूचना प्रकाशन गर्दा सूचनामा सीमित कुरा मात्र उल्लेख हुंदा उम्मेदवारलाई सम्पूर्ण कुराको जानकारी नहुने हुंदा अब आयन्दा त्यस्ता कार्यक्रमहरुमा सहभागी गर्दा छनौटका लागि अबलम्वन गरिने सबै आधारहरु सोही सूचनामा नै प्रकाशित गरी तोकिएका शर्तहरु कडाईका साथ लागू गरी छनौट गर्ने र छनौटमा वस्तुगत आधारको समेत व्यवस्था गर्न सो मन्त्रालयलाई लेखिएको ।

४.२.१०.९ उच्च माध्यमिक शिक्षा परिषद्ले २०५७ सालको परीक्षाको लागि चाहिने उत्तरपुस्तिका छपाई र ढुवानीमा मात्र ४ करोड रुपैया भन्दा बढी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा आयन्दा समयमै टेण्डर आव्हान गरी प्रतिस्पर्धा गराई कम से कम मूल्यमा छपाईको काम तथा तोकिएको समयभित्रै उत्तरपुस्तिका र परीक्षा सामाग्री परीक्षा केन्द्रसम्म पुऱ्याउन ढुवानीको काम समेत प्रतिस्पर्धाको माध्यमबाटै गराउन त्यस परिषद्लाई निर्देशन दिइएको ।

४.२.१०.१० उच्च माध्यमिक शिक्षा परिषद्का निर्देशक नारायण कोइराला समेतले "निशान" भन्ने गार्ड सप्लाई गर्ने कम्पनीसंग मिलेर ६ जना गार्ड राखी कैलाश राई भन्ने समेत १५ जना नक्कली गार्डका नाममा पैसा झिकी प्रति महिना करीव ५० हजार रुपैया भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा आर्थिक नियन्त्रण र प्रकृया अबलम्वन गर्न निम्न अनुसारको निर्देशन त्यस परिषद्मा पठाइएको :-

- सुरक्षा गार्ड नियुक्ती गर्दा सूचना निकाली सम्बन्धित सेक्युरिटी कम्पनीबाट प्रतिस्पर्धाको आधारमा भूतपूर्व प्रहरी वा सेनाबाट निवृत्त भएकालाई लिने तथा आन्तरिक रुपमा परिषद्को नियन्त्रणमा रहने तथा परिचय पत्र दिने व्यवस्था मिलाउने ।
- आयन्दा आर्थिक सहायताको रकम उच्च मा.वि. को सम्बन्धन प्राप्त विद्यालयलाई दिने अनुदान बाहेक अन्य कुनै पनि व्यक्ति संस्थालाई कति पनि आर्थिक सहयोग उपलब्ध नगराई आर्थिक प्रशासन सुदृढ गर्ने व्यवस्था गर्ने ।
- परिषद्को उपाध्यक्ष वा सदस्य सचिवको आदेश बाहेक अन्य पदाधिकारीले आर्थिक सहयोगको आदेश नदिने र यो अधिकार प्रत्यायोजन समेत नगर्ने व्यवस्था गर्ने ।
- माग र आदेश वेगर बढी रकम भुक्तानी गरेको रु. १५,०००/- सम्बन्धित कर्मचारीबाट पत्र प्राप्त भएको ७ दिन भित्र असूल गरी परिषद्को बैंक खातामा दाखिला गर्ने ।
- विदेशी दातृ संस्थाको प्रतिनिधिको भेटघाट तथा मिटिङ्ग गोष्ठीको चियापानमा खर्च भनी २।३ महिनामै रु. १,०१,१८०/- खर्च गरेकोमा औपचारिक कार्यक्रम बाहेक तथा ओभरटायम दिएको अवस्थामा कर्मचारीको नाउंमा चिया खाजा समेत खर्च आयन्दा नगर्ने गरी आर्थिक अनुशासन कायम गर्ने ।
- १ महिना भित्र उपरोक्त निर्देशन कार्यान्वयन गरी सोको जानकारी आयोगमा र माननीय शिक्षा तथा खेलकूद मन्त्रीलाई समेत दिने ।

४.२.१०.११ श्री ५ को सरकारलाई Japanese Grant Fund अन्तर्गत आधारभूत प्राथमिक शिक्षा कार्यक्रम संचालन गर्न विश्व बैंक मार्फत श्री ५ को सरकारलाई प्राप्त भएको रकममा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा यसमा श्री ५ को सरकारले सम्झौता गर्दा आफ्नो हितलाई नेपालको कानूनी स्थितिलाई ध्यानमा नराखी विदेशी दातृ संस्थाले राखेको शर्तलाई आँखा चिम्ली सम्झौता गर्ने गरेको देखिन्छ । दूरगामी दृष्टिकोण राख्दा यसले प्रत्यक्ष रुपमा श्री ५ को सरकार तथा सम्बन्धित उपभोक्ताकालाई केही फाईदा पुगेको जस्तो लादैन । अतः राष्ट्रिय हित र दृष्टिकोण राखी श्री ५ को सरकारकै कानून, निर्णय तथा कार्यक्रमलाई आफैले संचालन गर्न र लक्षित समूहलाई प्रत्यक्ष फाईदा पुऱ्याउन एवं आफ्नै निर्णयमा प्रदत्त सहयोगको रकम खर्च गर्ने नीति अपनाएमा बढी प्रभावकारी हुनेतर्फ मन्त्रिपरिषद सचिवालय समेतलाई सुझाव पठाइएको ।

४.२.१०.१२ त्रिभुवन विश्वविद्यालयका विभिन्न तहका संकायमा प्राध्यापकहरुको बढुवामा अनियमितता भयो भनी बढुवा उपर पुनरावेदन परेकोमा पुनरावेदन आयोगले टुंगो नलगाउँदै नियम विपरीत त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले नियुक्ति दिएको भन्ने सम्बन्धमा छानवीन हुंदा पुनरावेदन परेको वा त्यहाँबाट भएको निर्णय भएको अबधि हेर्दा ढीलो निर्णय भएको देखिंदा आयन्दा पुनरावेदन उजूरीको निर्णय गर्न ढीला नगर्न र त्रिभुवन विश्वविद्यालयले यस सम्बन्धमा भइरहेका ऐन नियमको कडाईका साथ पालना गर्नका लागि समेत त्रिभुवन विश्वविद्यालयलाई सुझाव पठाइएको ।

४.२.१०.१३ आर्थिक वर्ष २०५७।५८ मा 'केही अमर मानिस', 'मेरो सेरोफेरो' तथा 'बाइस पाटन त्रिपन्न ताल' नामक पुस्तकहरु छपाई गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा उक्त कार्यक्रम विश्व बैंकको सम्झौतामा उल्लेख भए अनुसार कोटेशनबाट गराएको देखिएको हुंदा विदेशी दातृ संस्थासंग सम्झौता गर्दा नेपालको कानूनलाई समेत दृष्टिगत गरी संझौता गर्ने परीपाटी मिलाउन सुझाव पठाइएको ।

४.२.१०.१४ नेपाल ल क्याम्पसको निर्माणाधीन भवन तथा फर्निचर खरीद लगायतका कामहरुमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा त्यस क्याम्पसमा निम्नानुसारको सुझाव पठाइएको :

- खरीद भएका स्टिल फर्निचरहरुको तोकिएको मापदण्ड अनुसारको व्यवस्था गर्ने,
- नमूना इजलासमा प्रयुक्त फलेकहरुलाई ठेकेदारबाट पुनः राम्रोसग मिल्ने गरी राख्न लगाउने,
- क्याम्पसका जिन्सी मालसामानहरुको राम्रोसँग अभिलेख राखी आवश्यक संरक्षणको प्रवन्ध गर्ने,
- भवन निर्माण कार्यमा प्रयोग भएको मसलाको गुणस्तर तोकिएको मापदण्ड अनुसारको छ, छैन परीक्षण गराई सो अनुरुपको नपाईएमा ठेकेदारबाट पुनः त्यसको गुणस्तर कायम गराउने तर्फ कार्यबाही गर्ने,
- निर्माण कार्यसंग सम्वन्धित कार्यहरुको समग्र रुपमा परामर्शदाताबाट पुनः परीक्षण गराउने, त्यस कार्यका लागि सुपरिवेक्षण वापत निजलाई पारिश्रमिक नदिने र समग्र निर्माण कार्यको तोकिएको मापदण्ड अनुरुप गुणस्तर कायम गराउने ।

४.२.१०.१५ महेन्द्र संस्कृत विश्वविद्यालयले श्री ५ को सरकारले दिएको निर्देशन विपरीत आफ्ना नातेदारलाई अनियमित तरीकाबाट करारमा नियुक्ती गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा हाल उपकूलपतिले अनियमित रुपले भर्ना नगरी पहिले नै करारमा रहेकालाई करार अबधि समाप्त भएपछि अत्यावश्यक बाहेक करार अबधि नवीकरण नगरी हटाउँदै जाने नीति लिएको देखिंदा अबदेखि करार सम्पन्न भएपछि अबधि थप नगर्न त्यस विश्वविद्यालयमा सुझाव पठाइएको ।

४.२.१०.१६ बुढानीलकण्ठ स्कूलको कक्षा ४ को छात्रवृत्तिको लागि विद्यार्थी छनौट सम्बन्धमा अनियमितता भएको भन्ने सम्बन्धमा छानवीन हुंदा आगामी शैक्षिक सत्रदेखि छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा सम्पत्ति सम्बन्धी आधारमा वास्तविक रुपमा सम्पत्तिको विवरण उल्लेख गरी क्षेत्रगत तथा अन्य प्राथमिकता आधारको पनि वास्तविकता बुझी छनौट प्रकृयालाई अझ कडाईका साथ पालना गर्न गराउन शिक्षा तथा खेलकूल मन्त्रालयलाई लेखिएको ।

४.२.१०.१७ उच्च माध्यमिक शिक्षा परिषदद्वारा सम्बन्धन भई अनुमति प्राप्त नेशनल भ्यू कलेज, नयां वानेश्वरको विद्यालय व्यवस्थापन समिति सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गर्न शिक्षा तथा खेलदकूल मन्त्रालयलाई लेखिएको :

- उच्च माध्यमिक शिक्षा नियमावलीमा व्यवस्था भए अनुसारको विद्यालय व्यवस्थापन समिति गठन तथा सदस्य सिफारीश गर्ने प्रकृयागत व्यवस्था पूरा नगरी विवाद नआउने किसिमले छानवीन नै नगरी जि.शि.अ. तथा क्षे.शि.नि.ले विद्यालयको सिफारीशलाई नै जस्ताको तस्तै अनुमोदन गरी मनोनयन गरेको सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिई व्यवस्थित गर्ने गराउने ।
- विद्यालयको हिसाव, सम्पत्ति वा संचालन सम्बन्धी व्यवस्था वर्तमान कानून अनुसार भए नभएको सम्बन्धमा बराबर अनुगमन गरी व्यवस्थित गर्नु गराउन पर्ने दायित्व उच्च माध्यमिक शिक्षा परिषद्को भएको देखिँदा पठनपाठन तथा शैक्षिक गतिविधिमा बाधा नआउने किसिमले अनुगमन कार्य गर्न तथा आर्थिक अनियमितता भए नभएको सम्बन्धमा शिक्षा तथा खेलकूद मन्त्रालयले निर्देशन दिई कार्यान्वयन गर्ने गराउने ।

४.२.१०.१८ महेन्द्र संस्कृत विश्वविद्यालयबाट मटिहानिस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठको रिक्त प्राचार्य पदमा अनियमित नियुक्ति गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा आयन्दा प्राचार्य नियुक्ति गर्दा महेन्द्र संस्कृत विश्वविद्यालयको नियमको परिच्छेद १२ मा भएको व्यवस्थालाई अक्षरशः पालना गर्न सुझाव पठाइएको ।

४.२.१०.१९ नेपाल कमर्स क्याम्पस, मीनभवनको स्वतन्त्र विद्यार्थी यूनियन कोषमा रहेको रकम हिनामिना सम्बन्धमा छानवीन हुँदा स्व.वि.यु. को रकम खर्च गर्नको लागि शीर्षक तथा सोको सीमा र परिधि तोकी निर्णय गरी लगत राख्न र खर्चको प्रमाणिकता पुष्टी गर्ने कागजात संलग्न गर्नु पर्ने गरी आन्तरिक व्यवस्था गरी खर्चलाई पारदर्शी र व्यवस्थित गर्न उक्त क्याम्पसलाई लेखिएको ।

४.२.१०.२० उच्च माध्यमिक शिक्षा परिषद्ले कार्यालय सामान खरीद गर्न फर्महरु सूचीकृत गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा छानवीन हुँदा निम्न अनुसारको निर्देशन कार्यान्वयन गर्न त्यस परिषद्मा लेखिएको :-

- फर्म सूचीकृत गर्दा आर्थिक प्रशासन सम्बन्धी नियम अनुसार गरी वर्ष भरिलाई चाहिने सामानहरुको अग्रिम अनुमान गरी तोकिएको कार्यक्रम र बजेटलाई दृष्टिगत गरी शील्ड टेण्डरबाटै खरीद गर्ने व्यवस्था मिलाउने ।
- प्रश्नपत्रहरुको गोप्यता र तयारीको व्यवस्था अनुसार अझ बढी योग्यता र सुरक्षा अपनाई प्रश्नपत्र बाहिरिन नपाउने गरी सुदृढ र सक्षम व्यवस्थाको प्रकृया अपनाउने ।
- परीक्षाको पर्यवेक्षक भई खटिनेमा नियमको व्यवस्थालाई पूर्ण पालना गरी बढी भन्दा बढी उच्च माध्यमिक शिक्षालयका शिक्षकलाई प्राथमिकता दिने र नियममा तोकिएको भन्दा बाहिरका अन्य कुनै व्यक्ति वा पदाधिकारीलाई पर्यवेक्षक नबनाउने ।
- उच्च माध्यमिक शिक्षाको कर्मचारी सेवा शर्त सम्बन्धी नियम अनुसार निर्देशनालयको निर्देशक पदपूर्ति गर्नेतर्फ कार्यबाही चलाउने ।
- नयाँ विद्यालयलाई सम्बन्धन तथा स्वीकृती प्रदान गर्ने सम्बन्धमा विनियममा व्यवस्था भए अनुसारको प्रकृया अबलम्वन गरी अनुगमन व्यवस्थालाई सुदृढ गरी सम्बन्धन सम्बन्धी कार्य गर्ने ।

४.२.११. सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :

नेपाल टेलिभिजनबाट प्रसारण हुदै आएका "सुदर्शन" र "नेपालको सेरोफेरो" नामक कार्यक्रम आवश्यक स्टुडियो एवं प्राविधिक उपकरणहरु र सो उपकरणहरु संचालन गर्ने जनशक्ति नेपाल टेलिभिजनले नै उपलव्ध गराएको, यी दुवै कार्यक्रमको समयावधि क्रमश २५-२७ र ३० मिनेट रहेको देखिएको, "सुदर्शन" कार्यक्रमलाई प्रति श्रृखला रु. २५,०००/- र "नेपालको सेरोफेरो" लाई प्रति श्रृंखला रु. ४,०००/- नेपाल टेलिभिजनले उपलव्ध गराएको देखिंदा भविष्यमा सम्झौता गर्नु अघि खर्च समेतको मूल्यांकन गरेर मात्र सम्झौता गर्न र हचुवाको भरमा सम्झौता नगर्न नेपाल टेलिभिजनलाई लेखिएको ।

४.२.१२. स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

४.२.१२.१. जिल्ला विकास समिति, मोरङ्गले आर्थिक वर्ष २०५७।५८ को ढुंगा, गिटी, वालुवा समेतको ठेक्का लगाउंदा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जिल्ला विकास समिति मोरङ्गले ढुंगा, गिटी, मिक्स गिटी, वालुवा तथा वलौटे माटो बिक्री तथा निकासीको लागि २ पटकसम्म सूचना प्रकाशित गर्दा बोलपत्र बिक्री नभई तेश्रो पटक १५ दिने सूचना मिति २०५८।३।२० मा प्रकाशित गर्दा बोलपत्र परेकोमा खोला निकासी र जिल्ला निकासी ठेकेदारसंग कबूलियत स्थायी र अस्थायी भए तापनि उक्त कबूलियतको कारणबाट जिल्ला विकास समितिलाई हानि नोक्सानी नपरेको जिल्ला विकास समितिको हितमा नै भएको देखियो । जिल्ला विकास समिति, मोरङ्गको मिति २०५८।४।२८ को बैठकले ठेकेदारलाई पर्न गएको पीरमर्का समेतलाई दृष्टिगत गरी केही ठेक रकम मिनाहा गरेको भए तापनि यसरी ठेक अंक मिनाहा दिन पाउने कानूनी प्रावधान नरहेको, कुनै कारण परिस्थिति परी ठेक अंक मिनाहा गर्नु पर्ने अवस्था सिर्जना भएमा सो सम्बन्धमा भएको सम्झौता वा कबूलियतनामाका शर्तमा नै पारदर्शी रुपले सो सम्वन्धी प्रकृया बारेको प्रावधान राखी उक्त प्रावधान अनुसार मात्र मिनाहा दिने प्रकृया मिलाउन एवं कुनै जिल्ला विकास समितिले भ्याटमा दर्ता भएको व्यक्तिसंग ठेक्काको कारोवार गरेको र कुनैले नगरेकोमा जिल्ला विकास समितिहरु नै भ्याट सम्बन्धी विषयमा अन्यौलमा रहेको देखिंदा सवै जिल्ला विकास समितिमा भ्याट लाग्ने कारोवार सम्बन्धी ठेक्कामा एकरुपता मिलाउने व्यवस्था गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

४.२.१२.२. जिल्ला विकास समिति सुनसरी अन्तर्गत रहेको स्थानीय ट्रष्ट कोष कार्यक्रममा पदपूर्ति गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा स्थानीय ट्रष्ट कोषले सहायक टोली नेता, वचत तथा शाखा परिचालक र सामाजिक परिचालक पदको लिखित परीक्षा लिएको, उक्त परीक्षाको केही उत्तर पुस्तिकाहरुमा अनियमित तरीकाले प्राप्ताङ्क

सच्याइएको समेतको अनियमितता देखिएकोले उक्त परीक्षा रद्द गरी पुनः संचालन गर्न जिल्ला विकास समिति, स्थानीय ट्रष्ट कोष, सुनसरीलाई लेखिएको ।

४.२.१२.३ जिल्ला विकास समिति, काठमाडौंले तीनथाना-मच्छेगाउं सडक निर्माण कार्यको ३ पटकसम्म शीलबन्दी दरभाउ पत्र माग गरी सबभन्दा घटी कबोल गर्ने ठेकेदार सम्झौता गर्न नआएपछि दोश्रो घटी कबोल गर्ने ठेकेदारलाई सम्झौताको लागि बोलाउनु पर्नेमा कबोल रकममा ठेक्का स्वीकार नगर्ने ठेकेदारको कबोल रकमको तुलनामा धेरै अन्तर देखियो भनी जिल्ला विकास समितिको बैठकले दोश्रो घटीवाला ठेकेदारको बोलपत्र अस्वीकृत गरेको निर्णय अव्यवहारिक, अवाञ्छनीय र गैरकानूनी समेत देखिएकोले सो निर्णय संशोधनको लागि जिल्ला विकास समिति कार्यालय, काठमाडौंलाई सुझाव पठाएको ।

४.२.१२.४ जिल्ला विकास समिति कार्यालय, मोरंगको बोर्ड बैठकले कुनै पनि ठेक्का अंक एकमुष्ठ बुझाउनेलाई १०% मिनाहा दिने भन्ने निर्णय गरेकोमा त्यसरी छूट दिने कानूनी अधिकार जिल्ला विकास समितिलाई नभएकोले उक्त छूट १०% रकम सम्पूर्ण ठेकेदारहरुबाट असूल उपर गर्न जिल्ला विकास समिति कार्यालयलाई लेखिएको ।

४.२.१२.५ नवौं जिल्ला परिषद् नवलपरासीको निर्णय नं. १९ द्वारा जिल्लामा उत्पादित बियरमा प्रति बोतल रु. -।५० स्थानीय विकास शुल्क लगाउने गरी भएको निर्णय कानूनसम्मत नभएको र जिल्ला विकास समितिले सेवा शुल्क मात्र लगाउन सक्ने प्रावधान प्रचलित स्थानीय स्वायत्त शासन ऐन नियममा भएकोले परिषद्को उक्त निर्णयको आधारमा जिल्ला विकास समिति, नवलपरासीको मिति २०५८।३।२० को निर्णय नं. २ बदर गरी अब आइन्दा यस्तो कर नलगाउन समेत जिल्ला विकास समिति, मोरंगलाई सुझाव पठाएको ।

४.२.१३. सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

श्रम कार्यालयका शा.अ. कृष्णप्रसाद भट्टराईले नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूह रा.प. द्वितीय उप सचिव पदमा बढुवा फाराम भरे तापनि बढुवा समितिले एक वर्षको मात्र कार्य सम्पादन मूल्यांकन फाराम पाइएको भनी बढुवा सिफारीश नगरेकोमा कार्य सम्पादन मूल्यांकन जस्तो अत्यन्त महत्वपूर्ण अभिलेख निश्चित कर्मचारीको जिम्मा रहने गरी तोक्ने आदि आवश्यक तथा उपयुक्त व्यवस्था गर्न मनासिव हुने हुंदा मन्त्रिपरिषद्मा सुझाव पठाएको ।

४.२.१४ स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालले आर्थिक वर्ष २०५६।०५७ का लागि आवश्यक Regent Kits खरीदका लागि टेण्डर आह्वान गर्दा अनियमितता गर्नुका साथै सामान सप्लाई गर्दा स्पेसिफिकेशन अनुरुप सामान सप्लाई नगरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा विद्यमान त्रिभुवन विश्वविद्यालय, आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० मा गरिएको बोलपत्र सम्बन्धी व्यवस्था सामान्य रुपको मात्र भएको तथा शिक्षण अस्पताल विशेष प्रकृतिको संस्था भएकोले उक्त नियममा गरिएको व्यवस्थाले अन्य संस्थाको सरह सबै कुरा समेट्न नसक्ने अवस्था हुंदा उक्त संस्थाका लागि सो सम्बन्धमा आवश्यक पर्ने छुट्टै विनियम बनाउन त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्लाई लेखी अनुसन्धानका आधारमा शिक्षण अस्पतालबाट गरिएको काम कार्यबाही व्यवस्थित नदेखिएको हुंदा त्यसका लागि प्रत्येक आर्थिक वर्षको टेण्डर सम्बन्धमा यथासमय निर्णय गर्ने, स्वीकृत गराउने र टेण्डर सम्झौता गर्ने तथा Procurement तथा Store शाखाको काम कार्यबाहीलाई व्यवस्थित गरी समयमा सामानको आपूर्ति हुन सक्ने अवस्था सिर्जना गर्ने एवं नियमानुसारको प्रकृया पुऱ्याई सामान आपूर्ति गर्ने व्यवस्था गर्न त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा लेखिएको ।

भाग ५. विविध

५.१ विस्तृत अनुसन्धान तहकिकातपश्चात् तामेलीमा राखिएका उजूरी विवरण

५.१.१ अर्थ मन्त्रालय र अन्तर्गत :

५.१.१.१. राजस्व चुहावट सम्बन्धी संसदीय संयुक्त समितिको प्रतिवेदन, २०५६ मा उल्लिखित विषयहरुमध्ये त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०५५।३।१५ को प्रज्ञापन पत्र नं. ८८९५ बाट Installation भनी computer parts (CD) जांचपास गरिएको र त्यस्तो सामानको भन्सार मूल्यांकन रु. ११- कायम गरी राजस्व चुहावट गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा विदुर कार्की भन्ने व्यक्तिले झिटीगुण्टा भारी आदेश अन्तर्गत ७०,००० पिस (compact Disc - computer मा प्रयोग हुने) आयात गरेको र तत्कालीन समयमा प्रचलित नियम अनुसार झिटीगुण्टा भारी आदेश, २०५४ मा तोकिएको परिमाण भन्दा बढी सामान आयात गरेमा समदरमा भंसार महसूल लगाउने प्रावधान भए अनुसार उक्त सामानमा पनि समदरमा ३५% महसूल लगाई त्यसमा १००% थप गरी राजस्व असूलउपर गरेको देखिन आयो। साथै, राजस्व चुहावट छानवीन सम्बन्धी संसदीय संयुक्त समितिको प्रतिवेदन, २०५६ लाई कार्यान्वयन गर्ने क्रममा गठित कार्यदलले उक्त सामान भंसारबाट जांचपास गर्दा रु. ९,७७,५५०।- राजस्व छूट हुन गएको भन्ने सिफारीश दिएको तथ्यलाई समेत आधार लिई सम्बन्धित आयातकर्ताबाट उक्त रकम छूट राजस्वको रुपमा सम्बन्धित भंसार कार्यालयले असूलउपर गरेको तथ्य पनि देखिन आएकोले यस सम्बन्धमा कुनै अनियमितता वा भ्रष्टाचार गरेको नदेखिएको।

५.१.१.२. कृषि विकास बैंकको का.मु. नियन्त्रक योगेश्वर पन्त समेतले सामान खरीद गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यस सम्बन्धमा कृषि विकास बैंकबाट छानवीन भई संलग्न दोषीउपर विभागीय कार्यबाही गरी सकेको भन्ने महाप्रवन्धक माधवप्रसाद उपाध्यायबाट मिति २०५७।११।१८मा जानकारी प्राप्त हुन आएकोले आयोगबाट केही गर्न नपरेको।

५.१.१.३. नेपाल बैंक अफ सिलोनले मिति २०५७।८।१ मा खरीद गरेको घरहरुको सम्बन्धमा अनुसन्धान हुंदा नेपाल बैंक अफ सिलोन लि. को संस्थापन अबस्था र शेयर बांडफांड बिवरण हेर्दा निजी बैंक देखिएकोले यसमा केही गर्नु नपरेको।

५.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :

५.१.२.१. हेटौंडा सिमेण्ट उद्योग लि.मा. १०,००० मे. टन कोइला खरीद गर्न सूचना नं. २१।०५६।५७बाट माग गरिएका बोलपत्रहरु रद्द गर्दा उद्योगलाई रु. ३१,१८,२००।- नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सूचना नं. २१।०५६।५७बाट पर्न आएका प्रस्तावहरुमध्ये सबै भन्दा कम मूल्य प्रति मे.टन रु. ३९९१।- को प्रस्तावसाथ संलग्न बैंक ग्यारेण्टी पत्र बोलपत्रको शर्त बमोजिम नभएको र प्रति मे.टन रु. ४२६४।७० दरको दोस्रो प्रस्ताव पहिलो भन्दा रु. २७०।७० ले बढी मूल्यको भएका कारण संचालक समितिले संपूर्ण बोलपत्र नै रद्द गरेको। दोस्रो पटक बोलपत्र माग गर्दा अझ बढी मूल्यका प्रस्तावहरु परेकोले सो पनि रद्द गरी पुनः तेस्रो पटक सूचना नं. ३९।०५६।५७बाट बोलपत्र माग गर्दा सबै भन्दा कम मूल्य भ्याट बाहेक प्रति मे.टन. रु. ३,९६९।- को प्रस्ताव परेकोमा उद्योगले बोलपत्रदाताहरु संग वार्ता छलफल गराई सो मूल्यमा रु. ११।- कम गराई हुने रु. ३,९५८।- र सो मा भ्याट ३९५।८० समेत गरी जम्मा रु. ४३५३।८० का दरले १०,००० मे.टन. कोइलाको रु. ४,३५,३८,०००।- मा खरीद गरेको देखियो। यसरी कम मूल्यमा कोइला प्राप्त होस् भन्ने मनसायले पटक पटक बोलपत्र माग गरी, प्राप्त बोलपत्रदाताहरु संग पनि वार्ता गराई मूल्यमा केही कम गराई तेस्रो पटकको बोलपत्रबाट कोइला खरीद भएको देखिंदा यसमा निर्णयकर्ताहरुले व्यक्तिगत फाइदा लिई भ्रष्टाचार गरेको कारणले नै कोइलाको बढी मूल्य तिर्नु परेको भनी प्रमाणित गर्ने कुनै ठोस आधार नदेखिएको र पहिलो बोलपत्र रद्द गरे वापत उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०५७।५।८ को निर्णयबाट संचालक समिति र महाप्रवन्धकलाई सचेत समेत गराई सकेको हुंदा यसमा अनुसन्धान अगाडि बढाउन पर्ने नदेखिएको।

५.१.२.२. नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक युवराज शर्मा समेतले भारतमा पेट्रोलियम पदार्थको मूल्य बढेको र नेपालमा मूल्य कम रहेको २१ दिनको अबधिमा अत्यधिक पेट्रोलियम पदार्थ बिक्री गरी भारतमा अपचलन गराई करोडौं रुपैया आर्जन गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा भारतमा पेट्रोलियम पदार्थको मूल्य बढेको र नेपालमा मूल्य कम रहेको २१ दिनको अबधिमा मट्टितेल र पेट्रोलको दैनिक बिक्री न्यून देखिएको डिजलको मात्र केही प्रतिशत बिक्री बढी देखिएको र सो सम्बन्धमा बुझ्दा पनि दशैं विदा र खेतीपातीको सिजन परेकोले पम्पीङ्ग सेट, ट्रेक्टर बढी

चलेको कारण डिजलको खपत बढी भएको भन्ने आरोपित व्यक्तिहरुको भनाई युक्तिसंगत नै देखिएकोले आरोप पुष्टि हुन नआएको । यस्तै, तत्कालीन आपूर्ति मन्त्री र सचिवले पेट्रोलियम पदार्थको मूल्य बृद्धि गरी अनुचित लाभ उठाएको भन्ने सम्बन्धमा अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बृद्धि भएको कारणले नेपाल आयल निगमले पेट्रोलियम पदार्थको बिक्री वितरण मूल्य पुनरावलोकन गर्न पेश गरेको प्रस्तावमा मन्त्रिपरिषद्बाट मूल्य बृद्धि गर्ने निर्णय गरिएकोले आरोप बमोजिम व्यापारीहरुबाट अनुचित लाभ उठाई मूल्य बृद्धि गरेको पुष्टि हुन आएन । यसका साथै युवराज शर्मा समेतले प्राइभेट एयर लायन्सलाई हवाई इन्धन उधारो बिक्री गरी अनुचित लाभ लिएको भन्ने सम्बन्धमा नेपाल आयल निगमबाट प्राप्त तथ्यांक हेर्दा त्यस्तो उधारो बिक्री व्यापारिक निकायबाट हुनु स्वाभाविक नै देखिएकोले उजूरी निवेदनका आरोपहरु तथ्यहीन र निराधार देखिएको ।

५.१.२.३ हिमाल सिमेण्ट कम्पनी लिमिटेडबाट फिल्टर व्याग खरीद बापत सप्लायरले सामान चलान गरिसकेको जानकारीको आधारमा नेपाल बैंक लि., चोभारबाट स्टेट बैंक अफ इण्डिया, कोलकता मार्फत सप्लायर Filt-o-Fab & Company ले पाउने गरी भा.रु. ७३,५३६।- को ड्राफ्ट पठाएकोमा सो सामान पठाएको भनिएको ट्रक हराई कम्पनीमा सो सामान प्राप्त हुन नसकेको भए तापनि हालसम्म सप्लायरले सो ड्राफ्टको भुक्तानी भने नपाएको र भुक्तानी रोक्का राखिएको समेत देखिंदा भ्रष्टाचारतर्फ कार्यबाही गर्न मिल्ने अबस्था नभएको तर लापरवाहीपूर्वक काम कार्यबाही गरे बापत संचालक समितिको सात शय छब्बीसौं (७२६) बैठकले सम्वन्धित पदाधिकारी तथा कर्मचारीहरुउपर कार्यबाही गर्ने निर्णय गरेकै देखिंदा अन्य केही गरिरहनु नपरेको ।

५.१.३ कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :

५.१.३.१. नेपालको प्रचलित नियम बिपरीत नेपाल कृषि अनुसन्धान परिषदको बरिष्ठ वैज्ञानिक अधिकृत (एस - ३) का नवीनकुमार राजभण्डारीले पूर्ण समयको लागि सुनसरी मोरङ सिंचाई योजनाको परामर्शदातृ NEDECO मा कृषि विज्ञ पदमा काम गरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निज नवीन कुमार राजभण्डारीले मिति २०५५।११।१देखि २०५६।६।१३ सम्म असाधारण (वेतलबी) विदा स्वीकृत गराई NEDECO मा काम गरेको भए तापनि दोहोरो तलब भत्ता लिएको नदेखिएको र मिति २०५६।६।१४देखि २०५७।३।२५ सम्मको निजको सेवा अवधी घटाई निवृत्तभरण लगायत अन्य पाउने सुविधा कटौती गरी मिति २०५७।९।१देखि लागू हुने गरी नेपाल कृषि अनुसन्धान परिषद्को सेवाबाट राजीनामा स्वीकृत भईसकेको देखिंदा केही गर्नु नपरेको ।

५.१.३.२ दुग्ध विकास संस्थानले आर्थिक वर्ष २०५६।५७ मा ३६७ मे.टन पोलिथिन फिल्म (दूध भर्ने प्लाष्टिकको पोका) टेण्डरबाट खरीद गर्ने क्रममा परेका टेण्डरहरु रद्द गरी ६० मे.टन फिल्म कोटेशनबाट खरीद गर्दा पहिले आफूलाई प्राप्त मिति २०५६।४।३१ को पत्रबाट माग गरिएको कोटेशनको मूल्यभन्दा बढी मूल्यमा खरीद गरी संस्थानलाई व्ययभार बढाएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा संस्थानको मिति २०५६।४।३१ को पत्रानुसार प्राप्त कोटेशनहरु बजेट तयार गर्ने क्रममा बजार मूल्यको जानकारी प्राप्त गर्ने उद्देश्यले प्राप्त गरी सोही अनुसार बजेट तयार भएको भन्ने देखिएको र यो ३६७ मे.टन फिल्म खरीद गर्न आह्वान गरिएको टेण्डरहरु प्राविधिक रुपमा अनुपयुक्त भई मिति २०५६।६।१२ को संचालक समितिको निर्णयले ती सबै टेण्डरहरु रद्द गरी संस्थानमा उक्त फिल्मको मौज्दात ४५ दिनको लागि मात्र पुग्ने हुंदा तत्कालको आवश्यकता पूर्तिको लागि तिनै टेण्डरदाताहरुबाट कोटेशन प्राप्त गरी ६० मे.टन फिल्म खरीद गर्ने भन्ने निर्णय भएको र तद्नुसार २०५६।६।१९ को पत्रबाट माग गरिएका कोटेशनहरु मध्येबाट घटाघट गराउंदा सबैभन्दा कम दरको कायम हुन आएको कोटेशनदातासंग वार्ताद्वारा गत आर्थिक वर्ष मा संस्थानले खरीद गरेको मूल्य (प्रति के.जी. रु. १३९।- र मूल्य अभिबृद्धि कर) मा नै खरीद गरेको देखिएकोले व्ययभार बढाएको भन्ने देखिन नआएको ।

५.१.४ गृह मन्त्रालय र अन्तर्गत :

५.१.४.१ राष्ट्रिय अनुसन्धान विभागबाट नेपाल प्रहरी र विशेष प्रहरी विभागमा विभिन्न दर्जाका १५० जना कर्मचारीहरु स्थानान्तरण गरेको भन्ने विषयमा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन अबस्थामा रहेको देखिंदा हाललाई तामेलीमा राखिएको ।

५.१.४.२ प्रहरी निरीक्षक मायाकुमार साहले खजुरा खुर्द गाउं विकास समिति वडा नं. ५ बस्ने श्रीमती शान्ती कुर्मी र छोरी फुलन कुर्मीनीलाई रेखदेख गर्ने भनी उनीहरुको नामको जग्गा आफ्नो श्रीमती विजया साहको नाउंमा रजिष्ट्रेशन पास गराई लिएको भन्ने सन्दर्भमा इन्दरपुर गाउं विकास समिति स्थित जग्गाहरुको मायाकुमार साहबाट फुलन कुर्मीनीको नाममा दाखिल खारेज गर्न अधिकृत वारेसनामा समेत लिई फुकुवा माग गर्न आएकोमा मिति २०५८।३।२६ को आयोगको

निर्णयानुसार फुकुवा गइसकेको र वनकटवा गाउं विकास समिति स्थित जग्गाहरुको पनि अधिकृत वारेसनामा सहित फुकुवा माग गर्न आएमा फुकुवा गर्ने गरी उजूरी तामेलीमा राखिएको ।

५.१.५ जलश्रोत मन्त्रालय र अन्तर्गत :

५.१.५.१ जिल्ला सिचाई कार्यालय, दोलखाले नौसय बेसी सिचाई योजना मेलुङ्कको नहर तथा स्ट्रक्चर निर्माण कार्य गर्न आव्हान गरेको टेण्डर स्वीकृतिमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा Bidding documents को clause १५.१ बमोजिम Bids दाखिला गर्नु पर्ने अन्तिम मितिले ९० दिनसम्म valid रहनु पर्ने र clause १६.२ बमोजिम Bid security बोलपत्रको validity भन्दा २८ दिन बढी अवधिसम्मको हुनु पर्ने स्पष्ट व्यवस्था देखिंदा जम्मा ११८ दिनको validity भएको Bid security मान्य हुने नै देखिन्छ । यस सम्बन्धमा कार्यालय प्रमुखले गरेको निर्णय कार्यान्वयन (स्वीकृत टेण्डरदातासंग सम्झौता) भई नसकेको हुंदा श्री ५ को सरकारलाई कुनै हानि नोक्सानी पुऱ्याएको नदेखिएको ।

५.१.५.२. नेपाल बिद्युत प्राधिकरणले हेल्दुङ्ग र गमगाड साना जल बिद्युत आयोजना निर्माणको लागि बोलपत्र आह्वान र घटाघट समेत गर्दा ग्लोबल कन्ष्ट्रक्सन प्रा.लि.ले शर्त सहितको बोलपत्र पेश गरेको र आर.आर.पि.ले ईलेक्ट्रो-मेकानिकल खण्डमा मूल्य अभिबृद्धि कर उल्लेख नगरेकोमा बोलपत्र खोली सके पछि कुनै शर्तलाई स्वीकृति दिने र कुनै थप शर्तलाई समाबेश गर्ने समेत गरी नेपाल बिद्युत प्राधिकरणलाई हानि नोक्सानी र सम्बन्धित अन्य व्यक्तिलाई गैरकानुनी लाभ उठाउने बदनीयत राखी चाईना जियो योङ्ग शेर्पा प्रा.लि. जे.भी.को बोलपत्र स्वीकृत नगरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा दुवै आयोजनाहरुमा सबै भन्दा कम अंक कबोल गर्नेहरुकै बोलपत्र स्वीकृत गरेको र निबेदकको जिकिर अनुसार प्राधिकरणलाई थप आर्थिक भार पार्ने बदनीयत लिएको नदेखिएको ।

५.१.६ भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :

५.१.६.१. नापी विभागका नापी अधिकृत हजारी यादवलाई नेदरल्याण्ड सरकारबाट सन् २००१।०२ को Geo-Informatics Management कोर्सको छात्रवृत्तिमा बदनीयतपूर्वक मनोनयन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा उक्त छात्रवृत्तिमा मनोनयन गर्दा निवृत्तिभरण प्रयोजनार्थ जोडिएको सेवा अवधिलाई मान्यता दिई जेष्ठताको मुल्याङ्कन गरी मनोनयन गरेको देखियो । तर दातृराष्ट्रले अन्तरराष्ट्रिय प्रतिस्पर्धाका आधारमा छनौट गर्ने यस छात्रवृत्तिमा निज हजारी यादवको Confirmation नै प्राप्त नभई अध्ययनार्थ नगएको भनी लेखिआएको हुंदा यसमा आयोगबाट केही गरिरहनु नपरेको ।

५.१.६.२. तत्कालीन भूमीसुधार अधिकारी विष्णुप्रसाद खत्रीले जग्गाका दलालहरुसंग मिली बबर शम्सेरको महाराजगञ्ज गोश्वारा तहवीलको हदवन्दीको कार्यबाही हुन नै बांकी रहेकोमा छोरा मृगेन्द्र शम्सेरका श्रीमती, छोराहरु ५ भाई समेतको जग्गा हदवन्दी छलेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा मृगेन्द्र शम्सेर राणा र निजका परिवारका सदस्यका नाउंमा के कति जग्गा छ सोको सम्पूर्ण विवरण तयार गरी निज र निजको परिवारले कानून बमोजिम राख्न पाउने भन्दा बढी जग्गा लुकाएको वा विवरण पेश नगरेको स्थिति देखिन्छ देखिंदैन अर्थात् भूमि सम्बन्धी ऐन, २०२१ को दफा १८ बमोजिमको स्थिति र अबस्था देखिन्छ, देखिंदैन सो यकीन गरी सो स्थिति देखिए जग्गा जफत गर्नेतर्फ प्रचलित कानून बमोजिम जो जे गर्नुपर्ने हो ४ महिना भित्र गरी गराई सोको विवरण सहितको जानकारी यस आयोगमा पेश गर्न प्राप्त प्रमाण फाइल साथै राखी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिवलाई लेखिएको ।

५.१.६.३ देवशरण साह समेतको उजूरीले वादी श्री ५ को सरकार, प्रतिवादी नापी कार्यालय जलेश्वर महोत्तरीका टोली प्रमुख रामएकवाल साह भएको मुद्दामा निजामती सेवा ऐन, २०४८ को दफा ५८ को खण्ड (ख) (९) बमोजिम भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाईएको भन्ने नापी विभागको पत्रबाट देखिंदा निज प्रतिवादीलाई "अनुचित कार्य" गरेकोतर्फ विभागीय सजाय भइसकेको हुंदा यसमा अरु केही गरिरहन नपरेको ।

५.१.६.४ नवलपरासी जिल्लाको ११२० विगाहा जग्गा महाप्रिया देवी गुठी रैतान नम्वरीमा दर्ता गरेको, काठमाडौं गोठाटारको श्री ५ को सरकारको नाममा दर्ता भई पशुपति क्षेत्र विकास कोषको नाममा दर्ता भएको कि.नं. ८४ को २०३ रोपनी, काठमाडौं जोरपाटी ५ (ख) ७३, ७७ गोठाटार ३ (क) १५०, १५१, १५३ ललितपुर २ (च) कि.नं. २५४, ३१०,३११, ३१३ समेतको जग्गा आय र कर अदालतको नक्कली फैसलाबाट दर्ता गरेको, दर्ता गराउने कार्यबाही भइरहेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा यसमा, आय र कर अदालतको फैसलाको आधारमा विभिन्न जिल्लाका विभिन्न कित्ता जग्गाहरु गुठी जग्गा ठहरिएको भनिएको र सोका आधारमा विभिन्न गुठी जग्गाहरुको मोही कायम गरिएकोमा ती

फैसलाहरुको सक्कल प्राप्त नभएको अवस्था समेतका कारणले कीर्तेतर्फ कार्यबाही चलाउन सम्वन्धित प्रहरी कार्यालयहरुमा लेखिगएको, सार्वजनिक पद धारण गर्ने व्यक्तिले भ्रष्टाचार गरेको प्रमाणको अभावमा सोतर्फ केही गर्नु परेन । जुन फैसलाको आधारमा जग्गा दर्ता गर्न लागिएको छ, ती फैसलाहरुको सक्कलको अभावमा त्यस्ता फैसलाहरुको आधारमा गुठी वा गुठीको मोहीको रुपमा व्यक्तिका नाममा जग्गा दर्ता नगर्नू नगराउनू भनी सम्वन्धित मालपोत कार्यालयहरुमा लेखिएको ।

५.१.७. भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :

५.१.७.१. ग्रामीण आवास कम्पनीले मन्दरा पाण्डेलाई नवलपरासी, भानुनगर भुताहाको प्लट नं. ९२बाट २ कठ्ठा घडेरी र १६बाट १-८-० खेतीको जग्गा उपलब्ध गराएकोमा निजको मृत्युपश्चात् निजका पति बिष्णुप्रसाद पाण्डेको नाउंमा नामसारी भएको थियो । बिष्णुप्रसाद पाण्डेको पनि मृत्यु भएको र निजको अपुताली परेको समेत हुंदा निजले देखाएका हकदारहरु सबैको नाउंमा रहने गरी निजका नाउंको सो जग्गा नामसारीको निर्णय गर्नु पर्नेमा सो नगरी देखाइएका नजिकका हकदार मध्येको उमानाथ पाण्डेको नाममा मात्र नामसारी गर्ने निर्णय गरी कम्पनीको योजना कार्यालय, माकरले अरु हकदारहरु दपोट गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा कम्पनीको योजना कार्यालयले उजुरवालाहरुलाई समेत देखाई नामसारीको निर्णय गर्न निकासार्थ कम्पनीको केन्द्रीय कार्यालयमा पठाएकोमा उमानाथ पाण्डेको नाममा नामसारी गर्ने निर्णयार्थ निकासा दिएकोले सोही बमोजिम नामसारीको निर्णयसम्म भएको तर निजका नाउंमा दर्ता भई नसकेको समेत हुंदा यसमा अख्तियारको दुरुपयोग गरेको भन्ने नदेखिंदा आयोगले कार्यबाही गरिरहनु पर्ने विषय नभएकोले देवानी हक दावीका कुरामा प्रचलित कानून बमोजिम गर्न निवेदकहरुलाई जानकारी दिइएको ।

५.१.७.२ जिल्ला खानेपानी कार्यालय, सिन्धुलीका प्रमुखले जिल्लाको विकास निर्माण कार्यमा जिल्ला विकास समितिसंग समन्वय नराखी भ्रष्टाचारपूर्ण कार्यहरु गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा उजूरीको आरोपहरुको पुष्टि हुन नआएको र भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्राप्त हुन आएको छानवीन प्रतिवेदनमा औंल्याइएका सुधारात्मक विषयहरुमा आवश्यक कार्यबाही गरी यथाशीघ्र आयोगलाई जानकारी गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखिएको ।

५.१.८ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :

५.१.८.१. साविक ६ सय मे.टन खोटो संकलन गर्ने अनुमति पाईरहेको खनाल रोजिन एण्ड टर्पेन्टाईन प्रा.लि.लाई ९ सय मे.टन थप गरी १५ सय मे.टन खोटो संकलन गर्न अनुमति प्रदान गर्दा तत्कालीन मा. वन तथा भू-संरक्षण मन्त्री गोपालमान श्रेष्ठले रु. २ लाख घूस खाएको भनी सोही मन्त्रालयका तत्कालीन मा. राज्यमन्त्री सुरेन्द्र हमालले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको विषयमा आयोगबाट अनुसन्धान हुंदा सवै उद्योगहरुलाई समान मापदण्ड लागू हुने र प्रचलित ऐन नियमको परिधिमा रही कुनै प्राकृतिक एकाधिकार (Natural Monopoly) नरहने गरी रीतपूर्वकको EIA स्वीकृत गराउनु पर्ने गरी क्षमता अभिवृद्धिमा हाम्रो कुनै आपत्ति नरहने भनी श्री ५ को सरकार (मा.मन्त्रीस्तर) को मिति २०५८।११।९ मा निर्णय भएको पाइयो । उक्त निर्णयले क्षमता वृद्धिको लागि लगानी गर्ने वातावरणसम्म तयार गरेको हो त्यसपछि कानून बमोजिमको करारनामा पूर्व पुऱ्याउनु पर्ने सम्पूर्ण प्रकृया पूरा गरिनेछ भनी मन्त्रालयबाट स्पष्ट समेत गरी सकेको देखिंदा यस विषयमा आयोगबाट थप केही गरी रहन नपरेको ।

५.१.८.२ सप्लायर्स कस्तुरी इन्टरनेशनलबाट प्राप्त अर्थो फोस्फोरीक एसिडको प्रयोगले स्तरहीन रोजीन उत्पादन भएको र उक्त एसिडले मेसिन औजारलाई समेत क्षति पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उक्त कम्पनीले सप्लाई गरेको अर्थो फोस्फोरीक एसिड प्रयोग हुनु अगाडिको अर्थात् आर्थिक वर्ष २०५४।५५ को आखिरी ६ महिनाको रोजिनको गुणस्तर र कस्तुरी इन्टरनेशनलले सप्लाई गरेको अर्थो फोस्फोरीक एसिड प्रयोग गर्दाको अर्थात् आर्थिक वर्ष २०५५।५६ को शुरुको ६ महिनाको रोजीनको गुणस्तरको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०५४।५५ को आखिरी ६ महिनाको रोजीनको गुणस्तर भन्दा आर्थिक वर्ष २०५५।५६ को शुरुको ६ महिनामा सवभन्दा उत्तम ग्रेड WG ग्रेडको रोजीन तुलनात्मक रुपमा वढी उत्पादन भएको देखिन आएकोले कस्तुरी इन्टर नेशनलले सप्लाई गरेको अर्थो फोस्फोरीक एसीड प्रयोग गर्दा रोजीनको गुणस्तरमा ह्रास आएको कुरा देखिन आएन । त्यस्तै, कस्तुरी इन्टरनेशनलबाट प्राप्त अर्थोफोस्फोरीक एसीड प्रयोग गर्दा रोजीन उत्पादन गरिने मेसिन औजारलाई कुनै क्षति नपुगेको र हालसम्म सोही मेसिन औजार सुचारु रुपले प्रयोग हुंदै आईरहेको भनी नेपाल रोजीन एण्ड टरपेन्टाईन लिमिटेड अत्तरीया धनगढीबाट लिखित जानकारी प्राप्त हुन आएकोले कस्तुरी इन्टरनेशनलले सप्लाई गरेको अर्थोफोस्फोरीक एसीड प्रयोग हुंदा रोजीन उत्पादन गर्ने मेसिन औजारलाई क्षति पुगेको भन्ने कुराको पनि पुष्टी हुन नआएको ।

५.१.८.३ मोरंग जिल्लाका विभिन्न ठांउमा ढलेपढेका काठ भनी व्यापक रुपमा सग्ला रुखहरु कटान गरिएको भन्ने समेत विषयमा अनुसन्धान हुंदा यसै लगाउको अर्को उजूरीउपर अनुसन्धानको सिलसिलामा निर्णय गरी सकिएको र लडापडा रुखहरु भनी व्यापक रुपमा सग्ला रुखहरु कटान गरिएको तथा वन राज्यमन्त्री, सचिव र महानिर्देशक समेतले तोक आदेशद्वारा गैरकानूनी रुपमा काठ उपलब्ध गराएको भन्ने उजूरी समेतको व्यहोरा मिसिल संलग्न कागजात प्रमाणबाट समर्थित हुन नआएको ।

५.१.९ शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :

५.१.९.१. राष्ट्रिय खेलकूद परिषद्बाट भएको निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा दशरथ रंगशाला, लैनचौर कभर्ड हल र त्रिपुरेश्वर कभर्ड हल मर्मत सुधार लगायतका निर्माण कार्यहरुमा उक्त परिषदका सदस्य सचिवको श्रीमतीको नाममा ठेक्कापट्टाका कार्यहरु भएको भन्ने आरोप समर्थित नभएको र निर्माण कार्यको भुक्तानी दिदा परिणाम र गुणस्तर जांची मात्र भुक्तानी भएको देखिएको ।

५.१.९.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट मिति २०५६।५।२७ गतेदेखि संचालित सि.एम.ए. लगायतका वार्षिक परीक्षामा लिखित परीक्षा शुरु हुनु अगावै परीक्षा महाशाखामा निर्देशकले रकम लिनु खानु गरी प्रश्नपत्र खुला गर्ने, पुनर्योगमा र प्रमाणपत्र वितरणमा समेत अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उपरोक्त उजूरीमा उल्लेख भए बमोजिम भ्रष्टाचारजन्य कार्य भएको प्रमाणित हुने अवस्था नदेखिएको ।

५.१.९.३ साफ खेलकूदको नेपाल टेलिभिजनबाट प्रसारण गरिएको विज्ञापन वापतको रकम हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

- आठौं साफ खेलकूदका वखत नेपाल टेलिभिजनबाट खेलकूद प्रतियोगिता हाइलाइट गर्दा प्रसारित विज्ञापन वापतको रकम भाष्कर राजकर्णिकार समेतको मिलेमतोमा लिए खाएको भन्ने आयोगसमक्ष पर्न आएको उजूरी सम्बन्धमा प्राप्त कागजात तथा सम्वन्धित बयान समेतलाई अध्ययन गर्दा साफ सचिवालयद्वारा प्रायोजित समय भित्र प्रसारण गरिएको विज्ञापनहरुको विज्ञापन शुल्क वापत उठाउनु पर्ने मोटामोटी रकम (स्वास्थ्य मन्त्रालयबाट प्राप्त हुनुपर्ने रकम बाहेक) रु. १० लाख ३५ हजार बांकी रहेको देखिन आउंछ । सो मोटामोटी रकमलाई पुनरावलोकन गरी जम्मा उठाउनु पर्ने रकम यकीन गरी उक्त कार्यका लागि नियुक्त कन्सल्टेण्ट समेतलाई संलग्न गराई ३ महिनाभित्र उठाई यस आयोगलाई जानकारी गराउन शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी श्री ५ को सरकार (मन्त्रिपरिषद्)को मिति २०५६।६।२६ को आठौं दक्षिण एशियाली खेलकूद कार्यका लागि गठन भएका विभिन्न समिति, उप समितिहरु विघटन गर्ने विषयको निर्णयको बुंदा (ग) वमोजिम भए नभएको सम्बन्धमा अनुगमन गर्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।
- आठौं साफ खेलकूदका वखत मित्र राष्ट्र चीन सरकारबाट श्री ५ को सरकारलाई अनुदान स्वरुप प्राप्त खेलकूद सामग्री स्टोर मौज्दात हुंदाहुंदै सोही खेलकूद सामग्रीहरु साझाबाट खरीद गरिएको भन्ने सम्बन्धमा अहिलेसम्म गरिएको अनुसन्धान तहकिकातबाट स्टोर मौज्दात हुंदाहुंदै सोही खेलकूद सामग्रीहरु साझाबाट खरीद गरिएको हो भन्ने खुल्न नआएबाट खुल्न आएका वखत अख्तियार दुरुपयोग भएको देखिन आएमा अनुसन्धान गर्ने गरी हाललाई तामेलीमा राखिएको ।

५.१.९.४ नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका तत्कालीन राष्ट्रिय सचिव चन्द्रदेवलाल कौशिकले आफ्नो कार्यकालमा "अनुचित कार्य" तथा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

- नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका तत्कालीन राष्ट्रिय सचिव चन्द्रदेवलाल कौशिकले आफ्नो नौ वर्षको कार्यकालमा विभिन्न मितिमा लिएको भ्रमण पेश्की रु. २,०३,३४१।३३ फछ्यौंट गर्न बांकी रहेको र निजले आयोगसमक्ष दिएको बयानमा पनि आफ्नो नाममा केही रकम पेश्की रहेको स्वीकार गरेबाट यस कुराको पुष्टि हुन आएको छ । अतः निज चन्द्रदेवलाल कौशिकका नाममा रहेको पेश्की रकम तदारुकतासाथ फछ्यौंट गर्न गराउन सोही कार्यालयलाई लेखिएको ।
- चन्द्रदेवलाल कौशिकको समयमा निज समेतको संलग्नतामा नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको लागि सामान खरीद गर्दा तथा विभिन्न निर्माण कार्य गराउंदा कानून बमोजिम ठेक्का कर वापतको रकम कट्टा नगरेको भनी रजिष्टर्ड अडिटरले औल्याएका विषयमा कानून बमोजिम त्यस्तो रकम असूल गर्न गराउन लेखिएको ।

५.१.९.५ सिन्धुपाल्चोक जिल्ला फुल्पिङ्कट्टी गाउं विकास समितिका अध्यक्षले भोटेकोशी पावर कं. प्रा.लि.बाट झिर्पु माध्यमिक विद्यालयको अस्थायी टहरो बनाउन प्राप्त रकम दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा भोटेकोशी पावर कं.प्रा.लि. ले आफ्नो क्षेत्रमा परेको विद्यालयलाई सार्नु पर्ने अवस्थाबाट तत्कालको पठन पाठनको लागि अस्थायी टहरो बनाउन कम्पनी आफैले ठेक्कापट्टा दिई काम गरे गराएकोमा उक्त कम्पनीबाट गरेको काममा श्री ५ को सरकारको हानि नोक्सानी भएको नहुंदा केही गरिरहन नपरेको ।

५.१.१० श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अनतर्गत :

दाङ्ग जिल्ला निवासी राजेन्द्रप्रसाद चौधरीले दोहोरो तलब भत्ता खाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मिति २०५५।१०।१देखि दुई वर्षको लागि अध्ययन विदा स्वीकृत गराई त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस कीर्तिपुरमा एम.एड. अध्ययन गर्दा गर्दैको अवस्थामा श्री ५ को सरकार (मं.प.) को मिति २०५६।५।२२ को निर्णयानुसार मिति २०५६।५।२८देखि नेपाल यातायात संस्थानको महाप्रवन्धकमा नियुक्ति पाई कार्यरत रहेको अवधि र दोहोरो तलब वुझे नवुझेको सम्बन्धमा छानवीन गर्दा वाल जनता उच्च माध्यमिक विद्यालय वनगाउं, देउखुरीबाट प्राप्त तलबी भर्पाई बमोजिम निजले २०५६ आषाढ मसान्त सम्मको तलब वुझेको, तत्पश्चात् २०५६ श्रावणदेखि हालसम्म तलब भत्ता नवुझेको, केवल संचयकोष कटाएको र नेपाल यातायात संस्थानबाट तलब वुझेको संचयकोष नकटाएको देखिंदा दोहोरा तलब भत्ता वुझेको/खाएको भन्न सकिने अवस्था नदेखिएको ।

५.१.११ सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :

५.१.११.१. २०५८ वैशाख ७ गतेको निर्णयले श्री ५ को सरकारले १७ जना रा.प. प्रथम श्रेणीका विभिन्न व्यक्तिहरुलाई रा.प. विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्दा कार्य सम्पादनको मूल्यांकनमा धांधली भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सोही विषयमा सर्वोच्च अदालतमा रिट निवेदन परी सम्मानित अदालतबाट उक्त रिट निवेदन खारेज गरिसकेकोले उक्त उजूरीहरु उपर केही गर्न नपरेको ।

५.१.११.२ अर्थ मन्त्रालयमा कार्यरत उपसचिव तुलसीप्रसाद न्यौपानेले जन्म मिति सच्याई बढी अवधिसम्म नोकरी गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निजामती कर्मचारीको उमेर र जन्ममिति कायम गर्ने सम्बन्धमा आयोगको मिति २०५८।२।४ को बैठकबाट निर्णय भए अनुसार नोकरी प्रवेश गर्दा शुरुमा भरी पेश गरेको सिटरोलमा लेखिएको जन्म मितिलाई नै कायम गर्ने निर्णय गरी सो को जानकारी निजामती किताव खानालाई समेत पठाइएको ।

५.१.१२ सूचना तथा सञ्चार मन्त्राालय र अन्तर्गत :

५.१.१२.१. गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष माथवरसिंह वस्नेतले अधिकारको दुरुपयोग गरी नियम विपरीत बोलपत्र आव्हान नगरी ठाडो तोकादेशबाट न्यूजप्रिण्ट खरीद तथा ढुवानी गरी गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा भण्डार शाखाको मिति २०५६।५।१८ को पत्रानुसार न्यूजप्रिण्ट रोल कागजले अनुमानित ३ महिना पुग्ने तथा संचालक समितिको मिति २०५६।५।३ को निर्णयानुसार टेण्डरद्वारा खरीद गर्ने कागज आई पुग्न चार-पांच महिना लाग्ने हुंदा तत्कालको समस्या हल गर्न "स्टप ग्याप एरेञ्जमेण्ट" (Stop Gap Arrangement) को लागि २०० मे.टन स्वदेशी तथा विदेशी सप्लायर्ससंग खरीद गर्ने प्रकृया अगाडि बढाउने भनी संचालक समितिबाट मिति २०५६।५।२४ मा निर्णय भएको र विदेशी सप्लायर्स स्टेभेन्स पेपर एण्ड बोर्ड वि.भि नेदरल्याण्ड, स्वदेशी सप्लायर्स भृकुटी पल्प एण्ड पेपर नेपाल लि. र एभरेष्ट पेपर मिल्स (प्रा.) लि. संग प्रोफर्मा इन्भ्वाइस माग गर्दा विदेशी सप्लायर्सको कागज कम बोल रकम भएको गुणस्तर राम्रो भएकोले हालको आकार प्रकारमा साइज परिवर्तन गरी अन्तर्राष्ट्रिय साइजमा मिल्दो जुल्दो पार्न पेपर साइज ३२ इञ्च चौडाई भएको मात्र गरेको र संस्थानले कलंकीस्थित जग्गामा नयां प्रेस भवन निर्माण गर्न र नयां फोर हाइकलर मेशीन जडान गर्न केही समय लाग्ने परिप्रेक्षमा हाल खरीद गर्न लागेको २०० मे टन न्यूजप्रिण्ट कागजले नपुग हुने र फेरि दोहोरो खरीद प्रकृया शुरु गर्नु पर्दा लामो समय लाग्ने भएकोले १०० मे. टन कागज थप गरी जम्मा ३०० मे. टन कागज स्टेभेन्स पेपर एण्ड बोर्ड वि.भि, नेदरल्याण्डसंग खरीद गर्ने निर्णय संचालक समितिबाट मिति २०५६।६।४ मा भएको देखिंदा एवं प्राप्त कागजात, पदाधिकारीहरुको बयान र गोखापत्र संस्थान, आर्थिक नियमावली, २०४३ को विनियम ५.३ ले आवश्यक परेमा विदेशबाट मालसामान कोटेशनबाट खरीद गर्न सक्ने प्रावधान रहे भएको सन्दर्भमा टेण्डर छलेको भन्न सकिने अवस्था विद्यमान नदेखिएको ।

५.१.१२.२ गोरखापत्र संस्थानले सो संस्थानलाई आवश्यक पर्ने ६०० मे.टन. न्यूज प्रिन्ट कागज खरीद गर्दा महंगो दरमा कबोल गर्ने टेण्डरदातासंग खरीद गरेको भन्ने विषयमा अनुसन्धान हुंदा ६०० मे.टन. कागज खरीद गर्ने निर्णय गर्नुपूर्व संस्थानकै उत्पादन विभागले स्वदेशी उत्पादन कम्पनीहरु भृकुटी पल्प एण्ड पेपर नेपाल लि. र एभरेष्ट पेपर मिल्सबाट उपस्थित स्वदेशी कागज रोलको वीचमा झुराको टुक्रा आउने गरेको, कागजको रंगमा एकरुपता नभएको, हरेक रोलमा २ पटकदेखि ५ पटकसम्म चुंडिने समेतका कारण खोली प्रकाशन गर्न नसकिने भनी महाप्रवन्धकलाई विभिन्न मितिमा पत्राचार गरेको र संस्थानले पनि गुणस्तरका सम्बन्धमा स्वदेशी पेपर उत्पादक कम्पनीलाई कागज फिर्ता, सोधभर्ना र क्षतिपूर्ति सम्बन्धमा पटक पटक लेखापढी गरेको, जनक शिक्षा सामग्री केन्द्र, कान्तिपुर दैनिक एवं एभरेष्ट पेपर मिल्स र भृकुटी पल्प एण्ड पेपर नेपाल लि. का प्रतिनिधि संग छलफल हुंदा स्वदेशी उत्पादित कागजको तुलनामा विदेशी उत्पादित कागज गुणस्तरयुक्त रहेको भन्ने अभिव्यक्ति देखिंदा गोरखापत्र संस्थानको संचालक समितिले मिति २०५७।१२।२१ मा कागज खरीद गर्ने सम्बन्धमा गरेको निर्णय संस्थानलाई हानि नोक्सानी पार्ने मनसायबाट नभएको देखिंदा कोही कसै उपर कार्यबाही गर्नु नपरेको ।

५.१.१२.३ नेपाल दूर संचार प्राधिकरणले जि.एस्.एम. प्रविधिमा आधारित सेलुलर मोवाईल फोन संचालन गर्न खेतान समूहलाई दिने निर्णय गरी राष्ट्रलाई हानि नोक्सानी र खेतान समूह समेतलाई गैरकानूनी लाभ पुऱ्याउने उद्देश्यले काम कार्यबाही भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा दूर संचार ऐन, २०५३ तथा दूर संचार नियमावली, २०५४ वमोजिम काम कार्यबाही भएको र नेपाल दूर संचार संस्थानलाई दूर संचार सेवा संचालन गर्न अनुमति पत्र प्रदान गरिसकेको अवस्थामा दूर संचार ऐन, २०५३ को दफा २२ को उप-दफा (२) को प्रावधान बमोजिम ५ वर्षसम्म सोही दूर संचार सेवा संचालन गर्न अर्को अनुमति-पत्र दिन नमिल्नेमा दिईएको भन्ने सन्दर्भमा दूर संचार नीति २०५६ को दफा ५ को उप-दफा ५.१ (ख) वमोजिम मोवाईल टेलिफोन दूर संचार सेवाको हकमा GSM प्रविधि अपनाई सेवा संचालन गर्न बोलपत्र प्रकृयाद्वारा छनौट गरी अधिराज्यभरका लागि दुईवटा अनुमति प्रदान गरिनेछ भनी स्पष्ट उल्लेख भएको र सो कुरा Request for Proposal Document (RFPD) को part II को १.४ मा समेत उल्लेख भएको देखिंदा थप अनुसन्धान गर्न नपरेको ।

५.१.१३ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :

५.१.१३.१ शाही नेपाल वायुसेवा निगमको हङ्कङ्गस्थित सेल्स एजेन्ट मीरा ट्राभल्ससंग निगमले गरेको कारोवारमा निगमका कर्मचारी समेतको मिलेमतोमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुंदा मीरा ट्राभल्स Winding up भएको र निगमले बक्यौता रकम असूल उपर गर्न हङ्कङ्गको Official Receivers Court समक्ष मुद्दा दायर गरेको तथ्य देखिंदा कोही कसै उपर कार्यबाही गर्न नपरेको ।

५.१.१३.२ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा राडार जडान सम्बन्धी कार्यमा सम्झौता अनुसार स्पेयर पार्टस प्राप्त नगरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा संकलित तथ्यहरुबाट उजूरी व्यहोरा समर्थित हुन नआएकोले प्रस्तुत उजूरी उपरको कार्यबाही तामेलीमा राखिएको ।

५.१.१३.३ शाही नेपाल वायुसेवा निगमले तुर्किमिनिस्तान एयरलाइन्ससंग जहाज लिजमा लिंदा १० लाख अमेरिकी डलर वढी तिरी घोटाला गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा तुर्किमिनिस्तान एयरलाइन्ससंग भएको सम्झौता बमोजिम दिन पर्ने रकम मध्येकै दश लाख अमेरिकी डलर अग्रिम रुपमा दिएको देखिएको र त्यसरी भुक्तानी दिंदा प्रत्यक्षतः दश हजार डलर पोजिसनिङ्ग डिपोजीसनिङ्ग वापतको रकम शाही नेपाल वायु सेवा निगमले छूट पाएकोले शाही नेपाल वायुसेवा निगमलाई कुनै हानि नोक्सानी भएको नदेखिएको ।

५.१.१३.४ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको राष्ट्रिय टर्मिनलमा वाल्स किचन रेष्टुरां ठेक्कामा दिंदा टेण्डर नगरी प्रत्यक्ष सम्झौता गरेको, भाडा नबुझाएको, बिजुलीको रकम ठगेको र गुणस्तर कम गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा सोझै सम्झौता गरेको नभई टेण्डर आह्वान गरेको देखिएको, पहिलो पटक टेण्डर गर्दा प्रस्ताव नै पेश हुन नआएकोमा दोश्रो पटकमा एक जनाको मात्र प्रस्ताव परेकोमा कानून बमोजिम एक तह माथिबाट स्वीकृति लिएको समेत देखियो । साथै अन्तः शुल्क र राजस्व सम्बन्धमा सम्बन्धित निकायबाट असूल गर्दै गरिएको कागजात पेश भएको र धरौटी पनि बांकी रहेको भन्ने देखिएको, पछि २ वर्ष म्याद थप गरेतर्फ नागरिक उड्डयन प्राधिकरण केन्द्रीय कार्यालयबाट बदर भएकोमा अदालतका आदेशले कार्य सञ्चालन भएको तथा वाल्स किचनका बालमुकुन्द प्रजापति र प्राधिकरणबीच करार बमोजिम गरी पाउं भन्ने मुद्दा काठमाडौं जिल्ला अदालतमा परेको, सो अदालतको २०५८।५।८ को

च.नं. १६७१ को पत्र समेतबाट देखिएको स्थितिमा अख्तियार दुरुपयोग भएको भन्ने कुरा अनुसन्धानबाट पुष्टि हुन नआएको ।

५.१.१३.५ नेपालगञ्ज विमानस्थल आयोजनाका तत्कालीन का.मु. योजना प्रमुख बिनोदचन्द्र गिरीले ट्रान्समिटिंग स्टेशन अगाडि कम्पाउण्डवाल निर्माण गर्दा आर्थिक नियम विपरीत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा प्राविधिक निरीक्षण तथा मूल्यांकन भई रु. १३,६१३।२५ को काम कम भएको भन्ने जिल्ला शहरी विकास तथा भवन निर्माण शाखाको प्रतिवेदन रहेकोमा सोही कार्यालयको पछिल्लो पत्रबाट "उक्त मूल्यांकन गर्दा भत्किसकेको कामको परिमाण सो मूल्यांकनमा समावेश नभएको तर नापी किताव अनुसार वाल लगाएको जम्मा लम्वाई ७४.५० मीटर देखाएकोमा सो लम्वाई मिल्न आएको" भन्ने व्यहोरा उल्लेख हुन छूट भएको भनी लेखी आएको सन्दर्भमा न्यूनतम कबोलवालाकै कोटेशन स्वीकृत गरी नापी किताबमा लेखिए बमोजिमको निर्माण कार्यसमेत भएकै देखिंदा थप कार्यबाही गरिरहन नपरेको ।

५.१.१३.६ शाही नेपाल वायुसेवा निगमको हंगकंग-काठमाडौं-हंगकंग उडानको HK$ ३२५० को टिकटलाई HK$ २९५० मा बिक्री गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निमित्त स्टेशन म्यानेजर प्रकाशमान श्रेष्ठबाट कम मूल्यमा टिकट बिक्री गरे बापत निगमलाई हुन गएको हानि नोक्सानीको रकम असूल उपर गर्ने एवं निजलाई विभागीय कार्यबाही गर्ने गरी निगमको संचालक समितिबाट निर्णय भइसकेको देखिंदा निर्णयको कार्यान्वयन गरी सोको जानकारी आयोगलाई दिन भनी निगमलाई लेखिएको ।

५.१.१३.७ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुधार आयोजना अन्तर्गत प्याकेज नं. २ को ईष्ट साइड एयरपोर्ट साईट डेभलपमेन्टको ठेक्का व्यवस्थाको वारेमा अनुसन्धान हुंदा उक्त ठेक्का आर्थिक प्रशासन सम्बन्धी नियम अनुरुप नै वदर भएको हुंदा केही गर्नु पर्ने नदेखिएको ।

५.१.१३.८ शाही नेपाल वायुसेवा निगम र चाइना साउथ वेष्ट एयरलाइन्स बीच विमान भाडामा लिनु दिनु गर्दा अनियमितता एवं भ्रष्टाचार भएको भन्ने सम्बन्धमा जनआस्थामा प्रकाशित भएको China South West Airlines (CSWA) ले निगमका अध्यक्षलाई लेखेको भनिएको पत्र र निगममा प्राप्त भएका त्यसपछिका पत्रहरुको दस्तखतहरु मिल्छन् मिल्दैनन् एवं लेटर हेडहरु एकै हुन होइनन् भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाई प्राप्त परीक्षण प्रतिवेदन हेर्दा उक्त दस्तखतहरु नमिल्ने भन्ने प्रतिवेदन प्राप्त हुन आएको । General Administration of Civil Aviation of China को मिति 18 Oct. 2001 को पत्रबाट जनआस्थामा प्रकाशित भएको उक्त पत्र CSWA बाट नलेखिएको जानकारी पररराष्ट्र मन्त्रालय मार्फत् प्राप्त हुन आएको । जनआस्था पत्रिकामा प्रकाशित उक्त पत्रको सत्यता जांच्न पत्रिकालाई प्राप्त भएको सक्कल प्रति पठाई दिन अनुरोध गरिएकोमा उक्त कागजात सुरक्षित नराखिएकोले कार्यालयमा नभएको भन्ने मिति २०५८।११।६ को साप्ताहिक जनआस्थाको पत्रद्वारा जानकारी प्राप्त हुन आएको । जहाज भाडामा लिने प्रकृयाका सम्बन्धमा रीतपूर्वक बोलपत्र नमागिएको र विनियममा जहाज भाडामा लिने सम्बन्धी स्पष्ट व्यवस्था नभएको भनी पारदर्शिता नअपनाईकनै अनियमित रुपमा जहाज भाडामा लिएको देखिएको सम्बन्धमा त्यस विषय यस आयोगबाट मिति २०५६।५।२५ मा समयमै रीतपूर्वकको बोलपत्र माग गर्ने तथा पारदर्शिता अपनाउने भन्ने निर्देशन भईसकेको एवं जहाज भाडामा लिने सम्बन्धमा निश्चित कार्यविधि तय गर्ने र Negotiation बाट विमान भाडामा लिने परिपाटीको अन्त्य गर्नु भनी मिति २०५६।११।१८ मा यस आयोगबाट निर्देशनहरु भईसकेकोले यस सम्बन्धमा पुनः बोलिरहनु परेन । अतः उपर्युक्त कारण एवं यस सम्बन्धमा आयोगबाट यस अघि भइसकेको निर्देशनहरु समेतको सन्दर्भमा विचार गर्दा उक्त विमान भाडामा लिने दिने सम्बन्धमा प्राप्त प्रमाणहरुबाट भ्रष्टाचार भएको देखिन नआएको । यसका साथै 23rd Nov. 2001 मा General Administration of Civil Aviation of China ले शाही नेपाली दूतावासलाई लेखेको पत्रको छाया कपी पररराष्ट्र मन्त्रालयको मिति २०५८।१०।४ को पत्रद्वारा यस आयोगमा प्राप्त हुन आएको, सो पत्रद्वारा माग गरिए अनुसारको पत्रको सक्कल प्रति सम्बन्धित पत्रिकासंग नभएको भन्ने जानकारी प्राप्त भएको हुंदा सोही व्यहोरा General Administration of Civil Aviation of China लाई जानकारी गराउन पररराष्ट्र मन्त्रालयलाई लेखिएको ।

५.१.१४. स्थानीय विकास मन्त्रालय र अन्तर्गत :

५.१.१४.१. जिल्ला बिकास समिति, धनुषाले कर उठाउने ठेक्का लगाएकोमा समयभित्र ठेकेदारले जिल्ला विकास समितिलाई बुझाउनु पर्ने रकम नबुझाएकोले जिल्ला विकास समितिका उप सभापति चन्द्रदेव राउत र स्थानीय विकास अधिकारी उमेश चन्द्रलालले धनुषा जिल्ला अदालतमा ठे. रमेशकुमार साहको बिरुद्धमा दुई वटा मुद्दा दर्ता गराएकोमा

उक्त मुद्दामा जिल्ला विकास समितिको दावी खारेज हुने फैसला भएकोमा सो फैसलाउपर पुनरावेदन गर्ने म्याद जिल्ला विकास समितिको नाउंमा जारी हुंदा मुद्दा गर्न अख्तियारवाला उपसभापति चन्द्रदेव राउतले स्थानीय विकास अधिकारीको नामको म्याद समेत आफैंले बुझी सो म्याद जिल्ला विकास समितिमा दर्ता नगराई ठेकदारसंग मिलोमतो गरी जिल्ला विकास समितिको हानि नोक्सानी गरेको भन्ने सम्बन्धमा जिल्ला विकास समिति सचिवबाट प्रमाणित भई आएको जिल्ला विकास समितिको मिति २०५८।५।३ को बैठकको निर्णय उतार हेर्दा पुनरावेदन नगर्ने निर्णय जिल्ला विकास समितिबाट भएको देखिंदा व्यक्ति विशेषले भ्रष्टाचार गरी पुनरावेदन नगर्न म्याद गायव गरेको भन्ने कुरा स्थापित हुन सक्ने अवस्था नदेखिएको ।

५.१.१४.२ जिल्ला विकास समिति काठमाडौंले खुल्ला टेण्डर नगरी जिल्ला भित्रको बालुवा खानी रसीद प्रक्रियाद्वारा बिक्री गरी करोडौं अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा बालुवा बिक्री गर्ने सम्बन्धमा जिल्ला विकास समिति काठमाडौंले प्रथम पटक १५ दिन दोश्रो पटक ७ दिनको सूचना प्रकाशित गरी दोश्रो पटक पर्न आएको २ वटा क्षेत्रको टेण्डर स्वीकृत गरी बांकी क्षेत्रको बालुवा रसीद प्रथाद्वारा बिक्री गर्ने गरी गरेको निर्णय एवं अपनाएको टेण्डर प्रकृया स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ अनुरुप नै देखिएको ।

५.१.१४.३ इलाम नगरपालिकाका मेयरले नगर विकास कोष, नयां बानेश्वरबाट प्राप्त अनुदान रकमबाट शौचालयहरु समेत निर्माण गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नगरपालिकाका मेयरले नगर विकास कोषबाट प्राप्त रकमबाट नगरपालिका क्षेत्रमा निर्माण गरिएका निजी तथा सार्वजनिक शौचालयहरु समेत बनाउंदा प्रकृया अनुसार गरेको नदेखिए तापनि निर्माण कार्यको गुणस्तरमा कुनै शंका गरिरहनु पर्ने आधार नहुनुको साथै अख्तियार दुरुपयोग गरेको नदेखिएको ।

५.१.१४.४ भगवतीप्रसाद चौधरीको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी लहान नगरपालिकाका नगर प्रमुख मुनी साह समेत भएको भ्रष्टाचार मुद्दामा जिल्ला प्रशासन कार्यालय, सिरहाबाट अनुसन्धान हुंदा लहान नगरपालिकाको केही वडाहरुमा नयां पिच सडक निर्माण र पुरानो सडक मर्मत सुधार गर्न आर्थिक वर्ष २०५६।०५७ मा सम्पन्न गर्ने लक्ष्य राखी रु. १९,०६,३८८।९४ इष्टीमेट बमोजिम अमानतबाट काम गराउन सोही नगरपालिकाका ई. बैधनाथप्रसाद साहलाई जिम्मा दिने भनी मिति २०५६।८।१५ मा स्वीकृत भई कार्यादेश मिति २०५६।१०।१४ मा भएको र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ मिति २०५६।९।१५देखि लागू भएको स्थिति भएको । इ. बैद्यनाथप्रसाद साहले रु. ७ लाख पेश्की लिई रु. १५,२९,७४०।१३ खर्च देखाई बील भर्पाई साथ भुक्तानीका लागि माग गरेको देखिन्छ । पेश गरेका कागज प्रमाणहरुको मूल्याङ्कन भई पेश्की फछ्यौंट गर्ने प्रकृया बांकी नै रहेको स्थितिमा बदनीयत राखी बढी रकम भुक्तानी लिन दिन लागेको भनी अनुमान गर्न मिल्ने देखिदैन । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली लागू हुनु अगावै उक्त निर्माण कार्य गराउने सम्बन्धमा निर्णय भइसकेको हुँदा पछि आएको नियम बमोजिम कार्यबाही भएको उक्त कार्य कानूनतः मिल्ने देखिदैन । साथै बिटुमिन खरीद गर्दा कुनै पनि निकायबाट निश्चित रकमभित्र रही खरीद गर्नुपर्ने भनी किटानीसाथ लेखी दिएको नदेखिंदा त्यस उपर केही गरिरहनु नपरेको ।

५.१.१४.५ चागैन महतो कोइरीको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी जि. महोत्तरी, भङ्गाहा गाउं विकास समितिका अध्यक्ष अरुणाकुमार सिंह समेत भएको गाउं विकास समिति भवन निर्माणको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट अनुसन्धान हुँदा भवन रु. ३,९६,०००।- मा निर्माण भएको भन्ने कागजातबाट देखिन आएको सम्बन्धमा सोको मूल्यांकन गर्न खटिएका प्राविधिकको मूल्यांकन बमोजिम रु. ३,९३,८२२।७२ को रकम खर्च भई सम्पन्न भएको देखिंदा यसमा थप कार्यबाही गर्न नपरेको ।

५.१.१४.६ साविक बीरगञ्ज नगरपालिका हालको बीरगञ्ज उपमहानगरपालिकाले २०५४।४।१ देखि चुंगीकर तथा सवारी कर आफैले उठाउने कार्य गरी सो कार्यको लागि नगरपालिकाको मिति २०५४।५।१ मा बसेको बोर्ड बैठकको निर्णयबाट ना.सु.देखि पियनसम्म गरी जम्मा १०४ को दरबन्दी स्वीकृत गरी कार्य गर्दै आएकोमा मिति २०५४।८।४ मा स्वीकृत दरबन्दी भन्दा बढी २९ जना र मिति २०५४।८।९ मा ७ जना एवं मिति २०५४।८।१८ मा २ जना समेत जम्मा ३८ जनालाई स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारीहरुको आवश्यकता परेको भनी नगरपालिका ऐन, २०४८ का दफा १५ (१) (ख) अनुसार आवश्यक पर्ने पद सिर्जना गरी नगरपालिकाको बोर्ड बैठकबाट थप दरबन्दी स्वीकृत गराई नगरपालिका कार्य व्यवस्था नियमावली, २०४९ अनुसार नियुक्ति गर्नुपर्नेमा सो नगरी उक्त ऐन र नियम विपरीत नियुक्ति गरेको र त्यसरी अनियमितरीकाले नियुक्ति गरेकोमा स्वीकृति तथा समर्थनको लागि नगरपालिकाको बोर्डमा पेश गरी समर्थन गराएको समेत देखिएन । तसर्थ उक्त स्वीकृत दरवन्दी भन्दा बढी नियुक्ति गरेका कर्मचारीहरुको नियुक्ति स्वीकृत र समर्थन गराउन नगरपालिका बोर्डमा पेश गरी स्वीकृत समर्थन गराउने कार्य २ महिना भित्र पूरा गरी यस आयोगलाई र

स्थानीय विकास मन्त्रालयलाई जानकारी दिने भनी बीरगञ्ज उपनगरपालिकालाई लेखी दुई महिनाभित्र स्वीकृत र समर्थन गरेको जानकारी प्राप्त नभएमा अनियमित नियुक्ति गरिएका ३८ जना कर्मचारीहरुले बीरगञ्ज उपमहानगरपालिकाबाट बुझिलिएको तलब भत्ता समेतको रकम नियुक्ति गर्ने २०५४।८।४ को टिप्पणी अनुसार दिनेशप्रसाद समेतका २९ जनाको टिप्पणी सदर गर्ने बिमलप्रसाद श्रीवास्तव र २०५४।८।९ मा मुखिया जमलेश गुप्ता समेत ७ जना र २०५४।८।१८ मा मुखिया राजेशकुमार रौनियार समेत २ जना गरी जम्मा नौ जनाको टिप्पणी सदर गर्ने उपमेयर कृष्णमुरारी रौनियारबाट असूल गर्नेतर्फ अविलम्ब कार्यबाही गरी असूल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

५.१.१४.७ भरतपुर नगरपालिकामा आर्थिक वर्ष २०५५।५६ र २०५६।५७ मा बढी मूल्यमा बिटुमिन खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा भरतपुर नगरपालिकामा आर्थिक वर्ष २०५५।५६ र २०५६।५७ मा बिटुमिन खरीद गर्दा तथा युगवाणी साप्ताहिकमा प्रकाशित समाचार अनुसार भ्रष्टाचार ढाकछोप गर्न भनी अनियमित तरीकाले जिल्ला प्रशासन कार्यालय चितौनको गाडी मर्मत गरी दिई भ्रष्टाचार गरेको भन्ने आरोप पुष्टि हुने आधार नदेखिएको ।

५.१.१५ स्वास्थ्य मन्त्रालय र अन्तर्गत :

५.१.१५.१. स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी महाशाखा प्रमुखले सप्लायर्ससंग मिली अनियमित तरीकाबाट औषधी खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा फन्गीजोन इन्जेक्शन १५०० भाइल कोटेशनबाट अख्तियारी भित्रको रु. १,००,०००।– को सीमाभित्र पटक पटक गरी ३४ पटकसम्म सामान्य कोटेशनबाट खरीद गरेको तथा माननीय मन्त्रीको आदेशबाट सोझै औषधी खरीद गरी व्यक्तिलाई दिने गरेको तथा कोटेशन पनि रीतपूर्वकको नभएको देखिन आएको र यस कार्यमा लेखा प्रमुखले समेत ध्यान दिई रोक्नु पर्नेमा आर्थिक प्रशासन सम्बन्धी नियमको बेवास्ता गरेको देखिन आई निजले गरेको अनियमितता उल्लेख गरी निर्देशक डा. महेन्द्रबहादुर बिष्ट र लेखा प्रमुख पद्मराज भट्टसंग माग गरेको स्पष्टीकरण पेश हुंदा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०५६ को नियम ५९ (ग) अनुसार साझा स्वास्थ्य सेवालाई श्री ५ को सरकारको ५० प्रतिशतभन्दा बढी शेयर भएको मान्ने गरी अर्थ मन्त्रालयबाट स्वीकृति भएको देखिएको र शाही औषधी लि. पनि श्री ५ को सरकारको स्वामित्वमा रहेको हुंदा ती संस्थाबाट सोझै खरीद गरेका औषधीको सम्बन्धमा शील्ड कोटेशन नलिएको कारणले अनियमितता भयो भन्न नमिलेको । इपिडिमियोलोजी औलो तथा कालाजार एवं प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रमतर्फ साझा स्वास्थ्य सेवा र शाही औषधी लि.बाट १४ पटकमा सोझै खरीद गरेको रु. ८४,३९,८६१।६९ र शाही औषधी लिमिटेडको एजेन्ट मार्फत् सोको उत्पादन सोझै खरीद गरेको ६ पटक मा रु. ११,६६,५५९।९९ तथा ३४ पटक गरी अन्य बिक्रेताबाट साधारण कोटेशनबाट रु. ४४,७७,५८७।६० को औषधी खरीद गरेको देखिएकोमा ३ वटै कार्यक्रमको लागि तोकिएको जम्मा बजेट रु. ९,२३,२०,०००।– मध्ये जम्मा रु. १,४०,८४,००९।२८ को औषधी खरीद गरेकोमा सोमध्ये साधारण कोटेशनबाट पटक पटक गरी ४४,७७,५८७।६० अर्थात् कार्यक्रमको बजेटको करीव ५ प्रतिशत मात्र सामान्य कोटेशनबाट खरीद गरिएको व्यहोरा स्पष्टीकरणबाट पनि समर्थित हुन आएको । औलो,कालाजार, सर्पदंशको औषधी जस्ता औषधीहरु तत्कालै खरीद गर्नु पर्ने स्थिति सिर्जना हुन सक्ने प्रकृतिको भएको र माननीय मन्त्रीको आदेशबाट सोझै भुक्तानी दिने गरी व्यक्तिलाई औषधी उपलब्ध गराएको हकमा समेत आर्थिक वर्ष २०५८।५९ देखि यस्तो प्रकारले सामान्य कोटेशनबाट खरीद गर्ने कार्य तथा मन्त्रीको आदेशबाट व्यक्तिलाई औषधी दिने गरेको कार्य रोकिएको र आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०५६ को व्यवस्थालाई अक्षरशः पालना गर्ने गराउने प्रतिबद्धता समेत स्पष्टीकरणमा व्यक्त गरेकाले सो प्रतिबद्धता बमोजिम गर्न गराउन स्वास्थ्य सेवा विभागका महानिर्देशक, सम्बन्धित महाशाखाका निर्देशक लेखा प्रमुख तथा सम्बन्धित लेखा अधिकृत समेतलाई निर्देशन दिइएको ।

५.१.१५.२ नारायणी उप-क्षेत्रीय अस्पताल विकास समितिले आर्थिक वर्ष २०५७।५८ को लागि बिरामीहरुलाई दिइने रासनको ठेक्का स्वीकृत गर्दा आफैले स्वीकारेको बजार मूल्य हरियो तरकारी प्रति के.जी. रु. १९।१३ र पाउरोटी प्रति पाउण्ड रु. १७।५० भन्दा कैयौं गुणा बढी मूल्यको हरियो तरकारी प्रति के.जी. रु. १४७।– र पाउरोटी प्रति पाउण्ड रु. ९९।– को दरभाउपत्र स्वीकृत गरी अनियमितता एवं भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नारायणी उप-क्षेत्रीय अस्पतालका बिरामीहरुलाई खाना आपूर्ति गर्ने बारेको आर्थिक वर्ष २०५७।५८ को ठेक्काको सम्बन्धमा रासन ठेक्का व्यवस्था समितिले ठेक्का स्वीकृत गर्दा प्रकाशित सूचना अनुसार पर्न आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये प्रचलित कानून बमोजिम सबै भन्दा कम अंक कबोल गर्ने ठेकेदारको दरभाउपत्र स्वीकृत गरेको हुंदा यसमा भ्रष्टाचारजन्य काम गरेको नदेखिएको ।

५.१.१५.३ राजस्व चुहावट सम्बन्धी संसदीय संयुक्त समितिको प्रतिवेदन, २०५६ मा उल्लिखित विषयहरुमध्ये वर्ल्ड मार्केटिङ्ग लि. ले इन्भ्वाइस नं HKG ४५५०।९८ मिति ३०-०६-१९९८ मा आयात गरेको Chemical Powder शंकास्पद लागी तत्काल भन्सार जांचपास नगर्न आदेश दिंदा दिदै जांचपास गरिएकोले उक्त Chemical Powder जांचपास गरेको कार्य र उक्त Powder नै शंकास्पद रहेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा वर्ल्ड मार्केटिङ्ग कम्पनीले इन्भ्वाइस नम्बर HKG ४५५०।९६बाट आयात गरेको Chemical powder (white) त्रिभुवन विमानस्थलको गोदाम नं. २ मा दाखिला भएको र उक्त धूलो उपर शंका लागी तत्काल शाही औषधी अनुसन्धानशाला र शाही नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानसमक्ष वैज्ञानिक परीक्षणको लागि नमूना पठाइएको र उक्त दुबै निकायको परीक्षण पश्चात् HKG ४५५०।९६को इन्भ्वाइसबाट आयात भएको धूलो ANEURANE HYDROCHLORIDE भएको र सो वस्तु (धूलो) vitamin B1 का गुणहरुसंग मिल्ने देखिएकोले उक्त Powder ANEURANE HYDROCHLORIDE भएको तथ्य पुष्टि हुन आएकै देखियो । साथै उक्त ANEURANE HYDROCHLORIEDE आयात गरे बापत नियमानुसार लाग्ने भन्सार महसूल, आयकर, बिक्रीकर, साफगेम कर समेत असूल उपर गरेको तथ्य अनुसन्धानबाट पुष्टि हुन आयो । त्यसैगरी उक्त सामान आयात गर्न नियमानुसार प्रतितपत्र खोलीएको र प्र.प.नं. १४८ मा Certificate of origin, certificate of analysis, airway bill आदि आवश्यक कागजातहरु समेत संलग्न रहेको र शाही औषधी अनुसन्धानशाला र नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको परीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र नं. १४८ मिति २०५५।७।३० को प्रज्ञापनपत्रबाट उक्त सामान जांचपास गरिएको तथ्य समेत अनुसन्धानबाट देखिन आयो । तसर्थ उक्त धूलो आयात तथा जांचपास गर्ने तथा महसुल असूल उपर गर्ने सम्बन्धी सबै प्रकृयाहरु नियम अनुसार नै भएको देखिएको ।

५.१.१५.४ त्रिपुरेश्वरस्थित केन्द्रीय पशु स्वास्थ्य कार्यालय निर्माणका लागि मिति २०२४।४।१६ र २०३१।३।९ मा विभिन्न कित्ताका जग्गा अधिग्रहणका लागि श्री ५ को सरकारले जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जग्गावाला लाई क्षतीपूर्ति लिन आउन सूचित गरिएकोमा सरोकारवाला पक्षले उसै बखत कानूनतः क्षतीपूर्ति लिईसकेको हुनुपर्छ, लिन नसकेको भए निजले पाउने रकम कानूनतः राजस्वमा दाखिल भई निजले दावी गर्न जग्गा प्राप्ति ऐन, २०१८ को दफा १३ (६) अनुसार नसक्ने स्वतः सिद्ध छ । हाल आएर जग्गा प्राप्ति ऐन, २०१८ खारेज भई जग्गा प्राप्ति ऐन २०३४ लागू भइसकेको अवस्थामा ३२ वर्षको लामो अवधिपछि क्षतिपूर्ति माग गर्ने कुनीयतले साविक बमोजिमको आफ्नो दर्ता जोडी आफ्ना नाममा दर्ता नामसारी दाखिल खारेज आदि गर्ने प्रयोजनले मालपोत कार्यालय काठमाडौंमा निवेदन दिई कार्यबाहीमा तारेखमा रहेको पनि देखिन आयो । यस्तो अवस्थामा २०२४ सालदेखि नै अधिग्रहण भई भवन आदि निर्माण भई २०४४।०४५ सालमा सर्वे नापी हुंदा केन्द्रीय पशु स्वास्थ्य कार्यालयको नाउंमा कि.नं. २४ (जुन नगर १ (च) को कि.नं. २२५, ११७, ११८, ११९, १२८ मा पर्ने) कि.नं. २६ मा जुननगर १ (च) को कि.नं. १२१, १२० र १२३ मा पर्ने) कि.नं. २९ मा (जुन नगर १ (च) को कि.नं. १७१ मा पर्ने) मा नापी भइसकेको कुरा फिल्डबूक उतारबाट देखिन्छ । केन्द्रीय पशु स्वास्थ्य कार्यालयले अधिग्रहणबाट प्राप्त गरेको जमीनमा २०२४ सालदेखि हालसम्म आफ्नो स्वामित्वमा लिई भोगचलन गरेको अवस्थामा उल्लिखित व्यक्तिको कुनै दावी नरहेको हुंदा केन्द्रीय पशु स्वास्थ्य कार्यालयको नाउंमा कानूनतः दर्ता गरी आयोगलाई ३ महिना भित्र जानकारी गराउन केन्द्रीय पशु स्वास्थ्य कार्यालयलाई लेखी कानून बमोजिम दर्ता गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय काठमाडौंलाई जग्गा प्राप्ति ऐन, २०१८ को फोटोकपी समेत संलग्न गरी लेखिएको ।

५.१.१५.५ नेपाल परिवार नियोजन संघद्वारा दातृ संस्थाबाट प्राप्त अनुदान रकम दुरुपयोग भई भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा शुरुमा ६ तल्लाको भवन निर्माण कार्य शुरु गरिएकोमा वित्तीय अभावका कारण २ तल्ला मात्र बनाई काम टुंग्याउन पर्ने बाध्यताले समयमा Roof treatment हुन नसकेको र पछि मर्मतको रुपमा Roof treatment गर्दा चुहुन बन्द भएकोले यो काम कसैको गलफतबाट भएको भन्ने देखिन नआएको ।

५.२ अन्य निर्णयहरु

५.२.१ यूनियन को-अपरेटिभ बैंकिंग सहकारी संस्थाले नयां बानेश्वरमा मुख्य कार्यालय खोली ऋण तथा बचत कार्यक्रम संचालन गरी बचतकर्ताको बचत फिर्ता गर्न नसकी ठगी गरेको भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौंमा दर्ता भएको जाहेरी दरखास्त उपर मुलुकी ऐन ठगी महलको ८ नं. बमोजिम जाहेरी दर्ता भएको मितिले एक बर्ष भित्रमा सम्बन्धित निकायसमक्ष मुद्दा दायर गर्नु पर्नेमा सो भए गरेको नदेखिएकोले यसमा मुलुकी ऐनको ठगीको ८ नम्बरको हदम्याद गुजारी मुद्दा दायर नगर्ने जिम्मेवार प्रहरी कर्मचारीमाथि कानून बमाजिम कार्यबाही गरी सो को जानकारी आयोगलाई दिन प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालयलाई लेखिएको ।

५.२.२ जिल्ला शिक्षा कार्यालय, दार्चुलाका निमित्त जिल्ला शिक्षा अधिकारी दुर्गाप्रसाद जैसवारले शिक्षा नियमावली विरुद्ध अख्तियारी तथा मन्त्रालयको निर्देशन विपरीत शिक्षक नियुक्ति तथा सरुवा गरी आफूलाई समेत गैरकानूनी लाभ पुऱ्याएको भन्ने सम्बन्धमा आरोपित निमित्त जिल्ला शिक्षा अधिकारी दुर्गाप्रसाद जैसवारले शिक्षक नियुक्ति सम्बन्धी कुरा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको भए तापनि (शिक्षा नियमावली, २०५४ को नियम १५ को उपनियम १(छ)) विद्यालयहरुमा शिक्षक रिक्त भएको कारणले विद्यालयको पठनपाठनमा बाधा पुग्न गएको कारणबाट मन्त्रालयको निर्देशन आउनुअघि नै जि.शि. समितिको अध्यक्ष उजुरवालाको मौखिक निर्देशनमा अस्थायी नियुक्ति गरेको र केही शिक्षक सरुवा गरेको कुरालाई स्वीकार गरेको तथ्य बन्द सवालको बयानबाट पुष्टि भएको र जि.शि.समितिको निर्णयबाट निजले अस्थायी नियुक्ति गरेको समर्थन भएको नदेखिएको तथा तालुक मन्त्रालयको निर्देशन कार्यालयमा नभेटिनुले जि.शि.अ.ले नै उक्त निर्देशन स्वयं राखेको भन्ने पुष्ट्याई हुने हुँदा हालसम्मको कार्यबाही र अनुसन्धानको आधारमा तालुक मन्त्रालयको निर्देशन विपरीत तथा विद्यालय व्यवस्थापन समितिको अधिकार क्षेत्र भित्र प्रवेश गरी अनाधिकार कामकाज गर्ने निज निमित्त जि.शि.अ. दुर्गाप्रसाद जैसवारलाई आवश्यक कार्यबाही गर्न सम्बन्धित शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखिएको ।

५.२.३ का.मु. भूमिसुधार अधिकारी महेन्द्रनारायण रजक उपर विभागीय कार्यबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिवलाई लेखी पठाएकोमा उक्त मन्त्रालयबाट निज रजकले गरेको निर्णय कानूनतः त्रुटिपूर्ण नभएकोले पुनरावेदनको जिकिर पुग्न सक्दैन भनी पुनरावेदन अदालत हेटौडाबाट फैसला गरेको समेत आधारबाट निज उपर विभागीय कार्यबाही गर्न उपयुक्त र न्यायसंगत नहुने भनी लेखी आएको सम्बन्धमा निज महेन्द्र नारायण रजकको मिति २०५५।१।१० को निर्णय आदेश कानूनतः त्रुटिपूर्ण भयो भन्न नमिल्ने भनी पुनरावेदन अदालत, हेटौडाबाट फैसला भएकोले केही गर्न नपरेको ।

५.२.४ शाही नेपाल वायुसेवा निगमको मिति २०५८।३।६ प.सं. पिडि २१ ।४१९० को पत्रद्वारा दर्जा खुलाउनेबारे निर्देशन माग भएको बिषयमा यस आयोगको मिति २०५८।२।१८ प. सं. ४ प ।०५७।५८ च.नं. ४२४ को पत्रसाथ यस आयोगको मिति २०५८।२।१० को बैठकको निर्णय कार्यान्वयन गर्न शाही नेपाल वायुसेवा निगमलाई लेखी पठाउंदा का.मु. उप निर्देशक ज्ञानुलोचन सापकोटालाई का.मु. निर्देशक, आन्तरिक लेखा परीक्षण विभाग र का.मु. निर्देशक गणेश ठाकुर, ग्राउण्ड सपोर्ट विभागलाई का.मु. निर्देशक, फ्लाईट सपोर्ट विभाग भनी लेखी गएको हुंदा निर्णय कार्यान्वयन गर्ने कठिनाई भएको भनी आयोगलाइ जानकारी गराएको देखियो । यस आयोगबाट निजहरुलाई अनुसन्धानको सिलसिलामा बुझ्ने सन्दर्भमा ज्ञानु लोचन सापकोटालाई कर्मचारी व्यवस्था विभागको नि. निर्देशकको हैसियतमा र गणेश ठाकुरलाई ग्राउण्ड सपोर्ट विभागको का.मु. निर्देशकको हैसियतमा बुझिएको हुंदा सोही अनुसार दर्जा र बिभाग कायम गरी निर्णय कार्यान्वयन गर्नु भनी निर्देशन दिइएको ।

५.२.५ प्राथमिक स्वास्थ केन्द्र, पशुपतिनगर, इलामका सिनियर अक्जुलरी हेल्थ बर्करले बिभिन्न अनियमित कार्य गरे भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय इलामबाट यस आयोगमा पत्रसाथ प्राप्त फाईल उपर छलफल हुँदा आयोगबाट प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन हुन नसक्ने हुँदा यसमा प्रमुख जिल्ला अधिकारी आफैले प्रत्यायोजित अधिकार अनुसार कार्य गर्न प्रमुख जिल्ला अधिकारी, इलामलाई लेखिएको ।

५.२.६ नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा सल्यानका अध्यक्ष प्रकाश श्रेष्ठले आर्थिक बर्ष २०५४।५५मा एम्बुलेन्स खरीद गर्न बिभिन्न व्यक्ति एवं निकायबाट प्राप्त रकम व्यक्तिगत रुपमा प्रयोग गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा एम्बुलेन्स खरीद गर्न उजूरी बमोजिमको रकम संकलन नभई जम्मा रु. २,८३,८२४।८९ संकलन भएको देखिएको, रु दुई लाख एम्बुलेन्स किन्न धरौटी राखेको रिसिप्ट पेश भएको र बांकी रुपैया उक्त शाखाको नेपाल बैंक लिमिटेडको ब.हि.नं. ४६३२ मा जम्मा रहेको देखिएको भनी जिल्ला प्रशासन कार्यालय, सल्यान र पुनरावेदन सरकारी वकील कार्यालय दाङ्गले प्रतिवादी उपर मुद्दा नचलाउने गरी गरेको निर्णय मिलेकै देखिंदा केही गरिरहनु नपरेको ।

५.२.७ वादी श्री ५ को सरकार प्रतिवादी सहजराम बर्मा भएको भ्रष्टाचार मुद्दामा मोही नामसारी गरे बापत रु. एक हजार लिएको भन्ने सम्बन्धमा मोहियानी हकको प्रमाणपत्र दिने प्र. सहजराम बर्माको तोकिएको फांटबाट कार्य भएको नभई छिनुवा फांटबाट गरिएको र उक्त दिन शुक्रवार परी ३ बजे छुट्टी हुनेमा ४.३० बजेको वारदात भएको देखिन आएको र कार्यालय समयपछि बांकी कार्य गर्दा भीडभाडमा वारदातको मुचुल्का उठेको देखिंदा विश्वसनीय तथ्यगत प्रमाणको अभावमा निज प्रतिवादीउपर जिल्ला प्रशासन कार्यालय, बांके र पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्जले मुद्दा नचलाउने प्रस्ताव पेश गरेको अन्यथा लिनु पर्ने अवस्था नदेखिएको ।

५.२.८ बर्दिया मैसापुर रेन्जपोष्टका रेञ्जर जयप्रकाश गुप्ताले जंगलबाट सडेगलेका दाउरा ल्याउंदा स्थानीय व्यक्तिहरुबाट रुपैयां लिए खाएको भन्ने सम्बन्धमा नन्दे रावत समेतका व्यक्तिहरुलाई जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट बुझिंदा आफूहरुले विशेष प्रहरी बिभागमा उजूरी दिएको कुरा इन्कार गरेको पाइएको, अभियुक्त रेञ्जरले रुपैयां लिए खाएमा इन्कार रही बयान गरेको देखिएको, निजले रुपैयां लिए खाएको भन्ने उजूरी भएकोमा उक्त कुरा प्रमाणित गर्ने तथ्ययुक्त आधार समेत अनुसन्धानबाट प्राप्त भएको नदेखिएको हुंदा पुनरावेदन सरकारी वकीलको मुद्दा नचलाउने राय मनासिब देखिएको ।

५.२.९ नेपाल कृषि अनुसन्धान परिषद्ले विज्ञापन प्रकाशन गरी लिएको विभिन्न तहको परीक्षाको नतीजा प्रकाशित गर्दा अनियमितता गरेकोले विभागीय कार्यबाहीका लागि यस आयोगबाट लेखी गएका पदपूर्ति समितिका सदस्यहरु समेतलाई विभागीय कार्यबाही अगाडि बढाउन आयोगको निर्णयको विस्तृत अनुसन्धान प्रतिवेदन आवश्यक भएकोले उपलब्ध गराई दिन भनी माग भएको पत्रको सम्बन्धमा विभागीय कार्यबाहीको लागि निर्णयाधार सहित आयोगको निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम तहां पठाई सकिएको हुंदा सोही अनुसार कार्यबाही गर्न नेपाल कृषि अनुसन्धान परिषद्लाई लेखिएको ।

५.२.१० शाही नेपाल वायुसेवा निगमको विमान भाडाको निर्णयका सम्बन्धमा अर्थ मन्त्रालयका सह-सचिव नारायणप्रसाद सिलवाललाई विभागीय कार्यबाही गर्न लेखेकोमा निजबाट पेश भएको स्पष्टीकरणमा निजले सो समयमा आफू डेनमार्कको अध्ययन भ्रमणमा रहेको र अर्को बैठकमा आफू पदबाट हटिसकेको साथै यस आयोगले पुनरावेदन अदालत, पाटनमा सो विषयमा तत्कालीन महाप्रबन्धक विरुद्ध अभियोगसहित मुद्दा दायर गरेको अदालतसमक्ष बिचारधीन विषयसंग सम्बन्धित विषयमा विभागीय कार्यबाही गर्दा न्यायिक विचाराधीन (sub judice) विषयमा पछि मुद्दाको निर्णय अन्यथा भएमा समस्या पर्न जान सक्ने भनी उल्लेख गरेकोमा त्यसपछि पुनरावेदन अदालत, पाटनबाट निगमका महाप्रबन्धक विरुद्धको मुद्दाउपर भएको फैसलामा निजले आरोपित कसूरबाट सफाई पाउने ठहर गरी मिति २०५८।६।५ मा फैसला भएको भनी निज सह-सचिवले पुनः निवेदन दिई आफूले पनि सफाई पाउनु पर्ने जिकीर लिएकोले सो सम्बन्धमा निजलाई विभागीय कार्यवाही गर्न द्विविधा पर्न गएको भनी अर्थ मन्त्रालयबाट प्राप्त पत्रका सम्बन्धमा भ्रष्टाचारको अभियोगमा मुद्दा दायर भएका महाप्रबन्धकले सफाई पाएको विषयसंग "अनुचित कार्य" ठहर भई विभागीय कार्यबाही गर्ने निर्णय भएका निज सह-सचिव नारायणप्रसाद सिलवालले सफाई पाएको ठहर्न नसक्ने हुँदा आयोगको पूर्व निर्णयानुसार यथाशीघ्र आवश्यक कार्यबाही गरी आयोगलाई जानकारी दिन अर्थ मन्त्रालयलाई लेखिएको ।

५.२.११ घरेलु तथा साना उद्योग विकास समिति, सल्यानको भवन निर्माण सम्बन्धमा कार्यालय प्रमुख मेघराज सुवेदी समेतले भ्रष्टाचार गरेको भन्ने मुद्दामा सबूद प्रमाणको अभावमा मुद्दा तामेलीमा राख्ने गरी प्रमुख जिल्ला अधिकारीले प्रस्तुत गरेको रायलाई सहन्यायाधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय, तुलसीपुरले सदर गरी प्रतिवादीहरु उपर मुद्दा नचलाउने रायसाथ प्राप्त मिसिल सम्बन्धमा उक्त भवन निर्माण गर्दा लगत इष्टिमेट अनुसार भएको भनी प्राविधिकले स्थलगत नापजांच गरी प्रतिवेदन दिएको देखिएको तथा उक्त भवन निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने तथ्य प्रमाणित हुन सकेको नदेखिएको हुंदा प्रस्तुत मुद्दा नचलाई तामेलीमा राख्ने गरी सहन्यायाधिवक्ताबाट प्रस्तुत राय मनासिब देखिएको ।

५.२.१२ जिल्ला विकास समितिको कार्यालय, बर्दियाका इ. थलवीर के.सी.ले आर्थिक वर्ष २०५३।५४ मा गरेका कामहरुको सन्दर्भमा दोन्द्रा नाला निर्माणमा घूस लिएको भन्ने विषय बाहेक उजूरीका अन्य विषयमा अनुसन्धानका समयमा जिल्ला विकास समितिको कार्यालयले लेखेको मिति २०५५।४।७ तथा २०५५।६।८ का पत्रहरुबाट उक्त उजूरीहरु पुष्टि भएको नदेखिएको तथा दोन्द्रा नाला निर्माण उपभोक्ता समितिका अध्यक्ष लक्ष्मणबहादुर रावतको बयानबाट निज इन्जिनियरले घूस खाएको नदेखिएको समेतबाट इ. थलवीर के.सी. उपर परेका उजूरीहरु प्रमाणित हुन सकेको नदेखिंदा निज उपर मुद्दा नचलाउने गरी सहन्यायाधिवक्ताबाट प्रेषित राय मनासिब देखिएको ।

५.२.१३ वादी श्री ५ को सरकार प्रतिवादी रोहितप्रसाद खतिवडा समेत भएको भ्रष्टाचार मुद्दामा जि. ओखलढुंगा, बालकन्या प्राथमिक विद्यालय, भदौरेमा विभिन्न निर्माण र मर्मत कार्यका लागि जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रु. १,४६,०००।- मध्ये रु. ४०,०००।- हिनामिना भएको भन्ने सम्बन्धमा उक्त विद्यालयका प्रधान अध्यापक रोहितप्रसाद खतिवडा तथा जिल्ला शिक्षा कार्यालयका प्राविधिकद्वय शम्भुप्रसाद साह र मनोजकुमार मण्डलले एक अर्कालाई जिम्मेवारी दिंदै पोल गरेको पाइएको भए पनि मिति २०५८।५।१० मा उक्त रकम विद्यालयको खातामा जम्मा

भइसकेको देखिएको र भुक्तानी दिन समेत बांकी देखिंदा यस विवादमा प्रतिवादीहरु उपर मुद्दा चलाउन उचित नदेखिएको भन्ने प्रमुख जिल्ला अधिकारीको राय समर्थन गरेको सह न्यायाधिवक्ताको राय मनासिव देखिएको ।

५.२.१४ श्री ५ को सरकार वादी तथा लाप्साङ शेर्पा प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा ओखलढुंगा जिल्ला, पात्ले गाउं विकास समिति, वडा नं. ३ मा सञ्चालित लटेवारी खानेपानी योजनाको काम सम्पन्न गर्न उपभोक्ता समितिका अध्यक्ष लाप्साङ शेर्पाले गाउं विकास समितिबाट रु. ८०,०००।– पेश्की लिई योजनाको काम सम्पन्न नगरी पेश्की फरफारक पनि नगरेको देखियो । मिसिल संलग्न प्राविधिकहरुको प्रतिवेदनबाट उक्त योजनाको काम भएको तर पूर्ण रुपमा सम्पन्न भने नभएको देखिन्छ । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट मुद्दा चलाउने गरी प्रेषित रायसंग सहन्यायाधिवक्ताले असहमती जनाएर निर्णय गरेकोमा उक्त खानेपानी योजनाको काम पूरा नभई अधूरो देखिएकोमा उक्त अपूरो कामका सम्बन्धमा उपभोक्ता समितिको अध्यक्षलाई मुद्दा चलाउनु भन्दा योजना सम्पन्न गर्न लगाउनु औचित्यको दृष्टिकोणले उपयुक्त देखिंदा उक्त योजनाको काम पूरा गर्न लगाई निजको पेश्की फछ्यौंट गर्नेतर्फ कार्यबाही गरी योजना सम्पन्न भएको जानकारी यस आयोगलाई समेत गराउन प्रमुख जिल्ला अधिकारीलाई लेखिएको ।

५.२.१५ मोरङ जिल्ला, कदमाहा गाउं विकास समितिका अध्यक्ष शिवनारायण चौधरीले गाउं विकास समितिबाट पेश्की रकममा र फर्निचर खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा शिवनारायण चौधरीले पेश्की लिएको रकम मध्ये रु. १७,९८१।९० फछ्यौंट गर्न बांकी देखिएकोमा सोही गाउं विकास समितिको मिति २०५७।५।२६ को पत्रबाट निजले रु. १८,०००।– भत्ता वापत गाउं विकास समितिबाट पाउन बांकी पनि देखिएको र निज हालसम्म अध्यक्ष पदमै रहेको देखिएको, फर्निचर खरीद गर्दा निजले रु. ४,१५०।– बढीको बील बनाएको भनेकोमा फर्निचर उद्योगको नि. प्रा. सूर्यप्रसाद पोखरेलले उक्त फर्निचर बिक्री गर्दा कुनै कमिशन नदिएको भनी गरेको बयान मिसिलमा देखिएकोबाट निज प्रतिवादी शिवनारायण चौधरी उपर मुद्दा नचलाउने गरी सह–न्यायाधिवक्ताबाट व्यक्त राय मनासिव देखिएको ।

५.२.१६ जिल्ला भूमिसुधार कार्यालय काभ्रेका ना.सु. भरतप्रसाद गेलालले विभिन्न व्यक्तिहरुसंग घूस लिएको भन्ने सम्बन्धमा २०५६ आश्विनदेखि माघ सम्ममा तीन विभिन्न मितिमा घूस लिएको भन्ने उजूरी २०५७।१।२० मा दर्ता भएको र उजूरीकर्ताहरुको मौखिक भनाईलाई प्रमाणित गर्ने अन्य सबूद अनुसन्धानबाट प्राप्त हुन आएको देखिएन । यसकारण यस उजूरीका सम्बन्धमा मुद्दा नचलाउने गरी प्रमुख जिल्ला अधिकारीबाट प्रेषित रायलाई समर्थन गरेको सह–न्यायाधिवक्ताको राय मनासिव देखिएको ।

५.२.१७ नेपाल विद्युत प्राधिकरणबाट प्रचलित नियम कानून विपरीत अनुचित निर्णय गरी कर्मचारीको वृत्ति विकासमा बाधा पारेको भन्ने सम्बन्धमा मिति २०५५।२।२६ मा यस आयोगबाट देहाय अनुसारको निर्णय भएको थियो :

- विज्ञापन नं. २६।०५१।५२ सहायक लेखा अधिकृत पदको सूचना तथा नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली २०५० को विनियम १९.१ (ख) बमोजिम लेखा समूहमा पदाधिकार नभएको कारणले मात्र दरखास्त अस्वीकृत गर्नु पर्ने कुनै नियमसम्मत आधार नभएको हुँदा विनियम बमोजिमको सेवा अवधि तथा शैक्षिक योग्यता पुग्ने सबै दरखास्तवालाहरुको दरखास्त समेत स्वीकृत गरी पुनः लिखित परीक्षा लिनको लागि आवश्यक कार्यबाही गरी सोको जानकारी यस आयोगमा पठाउन नेपाल विद्युत प्राधिकरण बढुवा सिफारीश समितिलाई लेख्ने,
- सो विनियम बमोजिमको योग्यता पुगेर पनि सेवा समूह नमिलेको कारण देखाई दरखास्त अस्वीकृत गरिएको कार्य त्रुटिपूर्ण हुंदा हुँदै मिति २०५४।४।१३ मा बढुवा सिफारीश समितिले "जे जस्तो अवस्थामा स्थगित रहेको थियो त्यसमा कुनै परिवर्तन नहुने गरी कार्यबाही अगाडि बढाउने तथा पूर्व स्वीकृत दरखास्तहरु यथावत कायम राखी ३० दिनको सूचना दिई परीक्षा सम्बन्धी कार्यक्रम प्रकाशित गर्ने भनी नियम विपरीत निर्णय गरेको हुंदा सो बढुवा समितिका सबै पदाधिकारीहरुलाई विभागीय कार्यबाही गरी सोको जानकारी ३ (तीन) महिना भित्र यस आयोगमा पठाउन नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई लेख्ने,
- यसप्रकार तत्कालीन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुरले हाल पनि विभागीय कार्यबाही गर्नु पर्ने कार्य गरेको र यस अगाडि पनि निजलाई सचेत गराउनु पर्नेमा निजले अबकाश पाई सकेको कारणले मात्र केही गरिरहनु नपरेको व्यहोरा यस आयोगको चतुर्थ वार्षिक प्रतिवेदन २०५०।५१ को पृष्ठ ४८ मा पनि उल्लेख भएकोले यसरी पटक पटक अनियमित कार्यमा संलग्न देखिन आएका निज कीर्तिचन्द ठाकुरको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयमा लेख्ने ।

आयोगको उल्लिखित पूर्व निर्णय कार्यान्वयन गर्न मिति २०५५।२।३१ मा मन्त्रिपरिषद् सचिवालय र नेपाल विद्युत प्राधिकरणलाई पत्र पठाएकोमा विभागीय कार्यबाही गर्नु पर्ने कर्मचारीको सूचीबाट बढुवा समितिका सदस्य देवराज रेग्मीको नाम हटाई दिन जलस्रोत मन्त्रालयको प.सं. क.प्र. ०५७।५८ च.नं. १२२८ मिति २०५८।२।३१ को पत्रबाट अनुरोध भई आएकोमा यस आयोगको पूर्व निर्णय कार्यान्वयन हुनु पर्ने व्यहोरा लेखी पठाउने भनी निर्णय भएकोले सो निर्णय

कार्यान्वयन गरी गराई यस आयोगलाई जानकारी गराउनु भनी मिति २०५८।४।१७ मा जलस्रोत सचिवलाई यस आयोगबाट पत्र लेखिएकोमा "ने.बि.प्रा. बढुवा सिफारीश समितिमा यस मन्त्रालयको प्रतिनिधिको रुपमा तोकिएका सह सचिव देवराज रेग्मीलाई विभागीय कार्यबाही गर्नु नपर्ने भनी पत्रसंख्या च.नं. १२२८ मिति २०५८।२।३१ को पत्रबाट त्यहां अनुरोध भई सकेको साथै नेपाल विद्युत प्राधिकरणको संचालक समितिको ३४८ औं बैठकबाट पनि सर्वोच्च अदालतका दुवै रिटहरुको फैसला (रिट नं. २२३१ र २८००) ले निर्देशन गरे बमोजिम बढुवा सिफारीश समितिले गरेको निर्णयमा विभागीय कार्यबाही गर्नु पर्ने अबस्था नरहेकोले प्राधिकरणबाट भएको बिज्ञापन नं. २६।०५१।५२ सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०५५।२।२६ को बैठकको निर्णय अनुसार विभागीय कार्यबाही गर्न नपर्ने जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जलस्रोत मन्त्रालय र सम्बन्धित पक्षलाई समेत दिने निर्णय गरेको" भनी कसैलाई पनि विभागीय कार्यबाही गर्नु नपर्ने भन्ने व्यहोराको जलस्रोत मन्त्रालयको प.सं. क.प्र. (१ घ ११) ०५८।५९ च.नं. २४६ मिति २०५८।५।२९ को पत्र प्राप्त भएको सम्बन्धमा निम्नानुसार गरिएको :

यस आयोगबाट २०५५।२।२६ मा विभागीय कारवाई गर्न भनी लेखी पठाएको कर्मचारीहरुमध्येका सहसचिव देवराज रेग्मीलाई कुनै विभागीय कारवाई नगरी अन्य व्यक्तिको हकमा गरिएको सर्वोच्च अदालतको २०५६।५।३२ को फैसला उल्लेख गर्दै निज देवराज रेग्मीको नाम कारवाई गर्नु पर्नेको सूचीबाट हटाई दिने भनी लेखी आएकोमा एकातिर समयभित्र विभागीय कारवाई पनि नगर्ने र अर्कोतिर अर्कै व्यक्तिको सन्दर्भमा भएको सर्वोच्च अदालतको फैसलालाई आधार बनाई सफाई दिने काम गरिएको देखिएको र सो मन्त्रालयको मिति २०५८।५।२९ को पत्रमा उल्लिखित रिट उपरको सर्वोच्च अदालतबाट भएको फैसलाले निज सह सचिव देवराज रेग्मीलाई विभागीय कारवाई गर्न कुनै रोक लगाएको नभएबाट आयोगको पूर्व निर्णय अनुसार निजलाई विभागीय कारवाई गरी जानकारी दिन माननीय जलस्रोत मन्त्रीलाई लेखी विभागीय कारवाई नगरिएमा सोही व्यहोरा आयोगको वार्षिक प्रतिवेदनमा समावेश भई जाने व्यहोरा समेत उल्लेख गरिएको ।

५.२.१८ सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी दीनबन्धु झा समेत उपरको मुद्दामा सर्लाहीका प्रमुख जिल्ला अधिकारीबाट प्रतिवादीहरु तीनै जनाउपर भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत मुद्दा चलाउने गरी राय व्यक्त भएकोमा पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरका सहन्यायाधिवक्ताबाट प्रतिवादीहरुको कसूरको मात्रा समेतलाई विचार गर्दा तीनै जना प्रतिवादीहरुलाई विभागीय सजायका लागि लेखी पठाउने राय व्यक्त भई आएको सम्बन्धमा यसमा सहन्यायाधिवक्ताको राय सदर गरी सो बमोजिमको काम सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारी सर्लाहीमा सम्पूर्ण कागजात सहितको मिसिल पठाइएको ।

५.२.१९ इलाका प्रहरी कार्यालय, बुटवलको पत्रले श्री ५ को सरकार वादी र शेषराज वास्तोला प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा प्रमुख जिल्ला अधिकारीबाट मुद्दा चलाउने राय साथ प्राप्त मिसिलमा मुद्दा नचलाउने राय व्यक्त गरी सहन्यायाधिवक्ताबाट भएको निर्णय सम्बन्धमा यी प्रतिवादीबाट भएको कसूर भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कसूर नदेखिएको हुंदा अन्य प्रचलित नेपाल कानून बमोजिमको आवश्यक कार्यबाही गर्न प्राप्त सक्कल मिसिल जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा फिर्ता पठाउनुका साथै भ्रष्टाचार निवारण ऐन, २०१७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८बाट प्राप्त अधिकार प्रयोग गर्नु पूर्व सम्बन्धित कसूर यी ऐनहरु अन्तर्गतको हो वा अन्य प्रचलित नेपाल कानून अन्तर्गतको हो यकीन गरेर मात्र भ्रष्टाचारमा कार्यबाही उठान गर्नेतर्फ आइन्दा विचार पुऱ्याउन भनी प्रमुख जिल्ला अधिकारी, रुपन्देहीको ध्यानाकर्षण गराईएको ।

५.२.२० विशेष प्रहरी विभागको जाहेरीले श्री ५ को सरकार वादी र प्रतिवादी जीवन थापा भएको मुद्दामा निज प्रतिवादीले मौकामा बयान गर्दा आफू राज्यमन्त्रीको निजी सचिवमा कार्यरत रहंदा राज्यमन्त्रीले दिनु भएको खेस्रा कागजको व्यहोरा सारेको र उहांको सही भइसकेपछि मन्त्रीको निजी सचिवालयमा फाइल बुझाउन पठाएको प्रमाण बयानसाथ पेश गरेको, टिप्पणीको दोश्रो पानाको अन्तिम हरफमा थप गरेको भनिएको वाक्यांशबाट टिप्पणीको व्यहोराको अर्कै वा विपरीत अर्थ लाग्ने अबस्था देखिन नआएको र अनुसन्धानबाट निजले कुनै गैरकानूनी लाभ प्राप्त गरेको वा अरु कसैलाई हानि पुऱ्याएको अबस्था समेत देखिन नआएकोबाट पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताबाट मुद्दा नचलाउने भनी भएको निर्णय मनासिबै देखिएको ।

५.२.२१ वादी श्री ५ को सरकार प्रतिवादी कामता यादव समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी यादवले कूलबहादुर थापा क्षेत्रीसंग साविक जि. बर्दिया खैरापुर गाउं विकास समिति वडा नं. ९ कि.नं. २६७ को ५ कठ्ठा जग्गा खरीद गर्दा मालपोत कार्यालयबाट कायमी न्यूनतम मूल्य प्रतिकठ्ठा २०,०००।- भएकोमा रु. १५७५।- मात्र राजस्व बुझाई भ्रष्टाचार गरेको भन्ने उजूरी भएकोमा मालपोत कार्यालय बर्दियाको मिति २०५५।२।२५ को पत्रबाट तत्कालीन समयमा उक्त गाउं विकास समितिको जग्गा प्रति बिगाहा अव्वलको रु. ५५,०००।- पर्ने भनी उल्लेख भएको देखिंदा उक्त ५ कठ्ठा जग्गाको रु.

२२,५००।- मूल्य राखी सोको ७.५% का दरले राजस्व बुझे बुझाएको कार्यलाई अन्यथा भन्न सकिने अबस्था नहुंदा प्रतिवादीहरु कामता यादव र पूर्णप्रसाद ढकालउपर भ्रष्टाचारको कसूरमा मुद्दा नचलाउने भनी पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्जका सहन्यायाधिवक्ताले गरेको निर्णय मनासिवै देखिएको ।

५.२.२२ श्री ५ को सरकार वादी र अमिन तिलकबहादुर के.सी. समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु उपर मुद्दा नचलाउने राय व्यक्त भई पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्जको पत्रसाथ प्राप्त सक्कल मिसिलका सम्बन्धमा बरामद भएको रकम रु. २००।- नापी शाखा बांकेको अफिस कम्पाउण्ड भित्र बेबारिसी अवस्थामा फेला परेको देखिएको र उक्त बरामदी मुचुल्कामा उजूरवाला भीमबहादुर मल्लले पनि सोही व्यहोरा लेखाएको, प्रतिवादीहरु तिलकबहादुर के.सी र रज्जव अली बेहनाले बयान गर्दा आफूहरुले घूस मागे लिएको होइन भनेको तथा प्रतिवादीहरुले आरोपित कसूर गरेको हो भन्ने प्रमाण संकलन भएको मिसिलबाट नदेखिएकोले प्रतिवादीहरुउपर भ्रष्टाचारमा कार्यबाही नचलाउने गरी प्रमुख जिल्ला अधिकारी, बांकेबाट व्यक्त रायलाई समर्थन गरेको सहन्यायाधिवक्ता पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्ज, बांकेको राय मनासिव देखिएको ।

५.२.२३ वादी श्री ५ को सरकार प्रतिवादी लोकराज अबस्थी भएको भ्रष्टाचार मुद्दा जिल्ला प्रशासन कार्यालय कन्चनपुरले मिति २०५४।९।५ मा तामेलीमा राखी बरामद भएको रकम रु. ८०००।- यथावत् राख्ने आदेश गरेकोमा हाल बासुदेव जोशीले फिर्ता पाउनु पर्ने रु. ८०००।- फिर्ता पाउं भनी निवेदन दिएको हुंदा सो फिर्ता दिन मिल्ने नमिल्ने निर्देशन पाउं भनी लेखिआएको सम्बन्धमा यसमा मुद्दाको हदम्याद समाप्त भईसकेको समेत अबस्थामा प्रमुख जिल्ला अधिकारीद्वारा मिति २०५४।९।५ मा गरिएको आदेशलाई अन्यथा गर्नु नपरी बरामद भएको रकम फिर्ता दिनेतर्फ कानून बमोजिम कार्यबाही गर्न फायल फिर्ता पठाइएको ।

५.२.२४ श्री ५ को सरकार वादी प्रतिवादी अरुणप्रकाश सिंह राठौर भएको भ्रष्टाचार मुद्दाको अनुसन्धानबाट जि. बर्दिया पाताभार गाउं विकास समिति अन्तर्गतका विभिन्न विकास निर्माण कार्यमा भएका बील भर्पाई बमोजिमका खर्च रकमहरु गाउं विकास समिति र गाउं परिषद्बाट समर्थन भई भ्रष्टाचार भएको अबस्था नदेखिई मुद्दा नचलाउने भन्ने पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्जको निर्णय राय सम्बन्धमा गाउं विकास समिति अध्यक्ष अरुणप्रकाश सिंह राठौरले गाउं विकास समितिमा प्राप्त विभिन्न रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मिसिलमा यथेष्ठ प्रमाणको अभाव देखिंदा भ्रष्टाचारतर्फ मुद्दा नचलाउने भन्ने राय मनासिव देखिएको तर उक्त गाउं विकास समिति अन्तर्गत आर्थिक वर्ष २०५२।५३ देखिकै काम कारोवारमा अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट यसअघि भएका निर्देशनहरु समेतलाई ध्यानमा राखी गाउं विकास समितिमा संचालन हुने आयोजनाको जाँचपास र फरफारक यथासमय गर्ने गराउनेतर्फ सम्बन्धित जिल्ला विकास समितिले ध्यान पुऱ्याउन लेखी फाईल फिर्ता पठाइएको ।

५.२.२५ वादी श्री ५ को सरकार प्रतिवादी शशिनारायण दास समेत भएको अनियमित तरीकाले जग्गा दर्ता गराई रुपैया खाई भ्रष्टाचार गरेको भन्ने मुद्दाको अनुसन्धान सम्बन्धमा पुनरावेदन सरकारी वकील कार्यालय, राजबिराजका सह न्यायाधिवक्ताको हदम्यादका अभावमा मुद्दा चलाउन नसकिने भन्ने समेतको राय आयोगमा पेश हुंदा यस मुद्दामा अग्रीम कार्यबाही गर्नु पर्ने नदेखिएको ।

५.२.२६ वादी श्री ५ को सरकार प्रतिवादी वंशीधर गुप्ता भएको भ्रष्टाचार मुद्दामा जाहेरवाला तत्कालीन प्रमुख जिल्ला अधिकारी अब्दुल रईस खां दाङ्ग देउखुरी जिल्ला अदालतमा बकपत्र गर्न नगई अनुपस्थित रहेको समेत आधार लिई प्रतिवादीको पक्षमा फैसला भएको सन्दर्भमा स्वयं प्रमुख जिल्ला अधिकारीको जाहेरीमा दर्ता भएको भ्रष्टाचार मुद्दाको जाहेरवालालाई अन्य फौज्दारी मुद्दाको जाहेरवाला सरह व्यवहार गर्न नमिल्ने, बकपत्र गर्न अनुपस्थित रहेकै आधारमा मात्र अदालतले निर्णय दिन बाधा नपर्ने अबस्था समेत रहेको सन्दर्भमा र जिल्ला अदालतको निर्णय उपर पुनरावेदन अदालत दाङ्गमा पुनरावेदन दर्ता भई मुद्दा बिचाराधीन रहेको परिप्रेक्षमा प्रस्तुत मुद्दामा जाहेरवाला अनुपस्थित भएको सम्बन्धमा केही गर्न नपरेको ।

५.३ आवश्यक कार्यबाहीको लागि अन्य निकायमा पठाइएको उजूरी :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये अख्तियारवाला वा अन्य निकायबाट कार्यबाही हुन उपयुक्त हुने देखिएकोले त्यस्तो निकायहरुमा पठाइएको तथा आयोगबाट प्रत्यायोजित अधिकार अनुसार बिशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा सीधै पठाइएका निवेदनहरुको संख्या निम्न बमोजिम रहेको छ :

क्रम संख्या	निकायको नाम	प्रेषित उजूरी संख्या
१	अर्थ मन्त्रालय	३५
२	आयुर्वेद चिकित्सा परिषद्	१
३	आयुर्वेद विभाग	१
४	उच्च माध्यमिक शिक्षा परिषद्	१
५	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	३१
६	औषधी व्यवस्था विभाग	१
७	काठमाडौं महानगरपालिका	५
८	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	१
९	कृषि तथा सहकारी मन्त्रालय	१३
१०	कृषि विकास बैंक	७
११	गुठी संस्थान	१
१२	गृह मन्त्रालय	४६
१३	जलस्रोत मन्त्रालय	१
१४	जनसंख्या तथा वातावरण मन्त्रालय	१
१५	जिल्ला प्रशासन कार्यालयहरु	४१५
१६	जिल्ला प्रहरी कार्यालयहरु	७
१७	जिल्ला विकास समिति	१
१८	जिल्ला शिक्षा कार्यालयहरु	२
१९	जिल्ला हुलाक कार्यालय	१
२०	टिम्बर कर्पोरेशन अफ नेपाल	१
२१	नापी विभाग	५
२२	नेपाल आयल निगम	२
२३	नेपाल खानेपानी संस्थान	२
२४	नेपाल दूर सञ्चार संस्थान	४
२५	नेपाल नागरिक उड्डयन प्राधिकरण	१
२६	नेपाल बार एसोसियशन	१
२७	नेपाल बैंक लिमिटेड	४
२८	नेपाल राष्ट्र बैंक	७
२९	नेपाल विद्युत प्राधिकरण	१
३०	न्याय परिषद् सचिवालय	३
३१	न्याय सेवा आयोग	१
३२	परराष्ट्र मन्त्रालय	३
३३	परीक्षा नियन्त्रण कार्यालय	१
३४	पोखरा विश्वविद्यालय	१
३५	पूर्वाञ्चल विश्वविद्यालय	१
३६	प्रहरी प्रधान कार्यालय	२१
३७	प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्	१
३८	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	५३
३९	भौतिक योजना तथा निर्माण मन्त्रालय	१८
४०	मन्त्रिपरिषद् सचिवालय	१
४१	महान्यायाधिवक्ताको कार्यालय	३
४२	महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय	१
४३	महेन्द्र संस्कृत विश्वविद्यालय	१
४४	यातायात व्यवस्था विभाग	१
४५	रक्षा मन्त्रालय	७
४६	राष्ट्रिय वाणिज्य बैंक	२

४७	लोक सेवा आयोग	५
४८	वन तथा भू-संरक्षण मन्त्रालय	१७
४९	वन विभाग	१६
५०	वाग्मती एकीकृत जलाधार आयोजना	१
५१	विशेष प्रहरी विभाग [क]	१११
५२	शाही औषधी लिमिटेड	१
५३	शाही नेपाल वायुसेवा निगम	१
५४	शिक्षा तथा खेलकूद मन्त्रालय	१००
५५	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	१२
५६	समाज कल्याण परिषद्	५
५७	सम्पत्ति न्यायिक जांचबूझ आयोग	१
५८	सर्वोच्च अदालत	३
५९	संसद सचिवालय	१
६०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३
६१	सामान्य प्रशासन मन्त्रालय	७
६२	सिंचाई विभाग	१
६३	सूचना तथा सञ्चार मन्त्रालय	६
६४	स्थानीय विकास मन्त्रालय	३३
६५	स्वास्थ्य मन्त्रालय	२
६६	हुलाक सेवा विभाग	४
६७	क्षेत्रीय शिक्षा निर्देशनालयहरु	२
६८	त्रिभुवन विश्वविद्यालय	१६
	जम्मा	१०६६ (एक हजार छयसाठी)

५.४ विस्तृत अनुसन्धान तहकिकात जारी रहेका उजूरी

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लिखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने अबस्था भएकोले विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् ।[ठ]

५.४.१ अर्थ मन्त्रालय र अन्तर्गत :-

(१) विभिन्न बैंकहरुले प्रतीतपत्र खोल्दा अनियमित गरेको भन्ने विषयको प्रतीतपत्र जांचबूझ आयोगको प्रतिवेदन-२०५२ मा उल्लिखित भ्रष्टाचार सम्बन्धी विषय ।
(२) नेपाल बैंक लि. मुख्य शाखा कार्यालयका प्रवन्धकले धितो मूल्यांकन गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) सुनील मास्के समेतले भारतीय नोट रु. ५००/- को सूटकेस लुकाई छिपाई विदेश लगन लागेको भन्ने विषय ।
(४) राष्ट्रिय वाणिज्य बैंक, नाम्चेबजार शाखामा नियम विपरीत कर्जा लगानी गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(५) नेपाल बैंक लि.मा कर्जा प्रवाहमा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(६) राजस्व चुहावट सम्बन्धी संयुक्त छानवीन प्रतिवेदनका विषय ।
(७) नेपाल बैंक लि.मा ऋण प्रवाहमा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(८) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट जग्गा लिलाम गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

[क] भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि यो विभाग खारेज भइसकेको ।

[ठ] *(संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लिखित विषयगत संख्यामा अन्तर पर्न सक्छ)*

(९) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंमा प्रतीतपत्रको कारोबार गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

(१०) विराटनगर भन्सार कार्यालयले वातावरणमा प्रतिकूल प्रभाव पार्ने ग्यास आयात गर्न दिई भ्रष्टाचार गरेको भन्ने विषय ।

(११) राष्ट्रिय वाणिज्य बैंकबाट नेपाल प्रोफेसनल गार्मेन्टलाई ऋण प्रवाह गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

(१२) कृषि विकास बैंक, शाखा कार्यालय भक्तपुरबाट ऋण लगानी गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

(१३) नेपाल औद्योगिक विकास निगमबाट नक्कली धितोमा ऋण लगानी गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :-

(१) उदयपुर सिमेन्ट उद्योगमा विद्युतीय सामान खरीद गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) नेपाल आयल निगमका महाप्रवन्धकले विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(३) उदयपुर सिमेन्ट उद्योगले रिटेन्सन रकम फिर्ता गर्दा हर्जाना कट्टी नगरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(४) नेपाल आयल निगमले नियम विपरीत आयल स्टोर चलाउने अनुमती दिई भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.३ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अन्तर्गत :-

(१) सर्वोच्च अदालतका रेखा विशेषज्ञले अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.४ कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :-

(१) दुग्ध विकास संस्थानमा डीप फ्रीज खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।

५.४.५ गृह मन्त्रालय र अन्तर्गत :-

(१) जिल्ला प्रशासन कार्यालय, बांकेका तत्कालीन प्रमुख जिल्ला अधिकारीले धर्मपुत्र दिंदा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) भू.पू. प्रहरी महानिरीक्षकले इण्डियन आयलसंग सम्झौता गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

(३) मतदाता परिचय पत्र व्यवस्थापन कार्यालयमा बोलपत्र स्वीकृत गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.६ जलस्रोत मन्त्रालय र अन्तर्गत :-

(१) बक्राहा नदी नियन्त्रण आयोजनामा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) मोरङ्ग सिंचाई योजनामा स्थानीय व्यक्तिलाई काम लगाई डोर हाजिरीको रकम लिनुखानु गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(३) भुस्केज्यूला सिंचाई आयोजना, सल्यानमा लागत अनुमान नै स्वीकृत नगराई निर्माण कार्य गराएर भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.७ भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत :-

(१) बर्दिया जिल्लाका प्रमुख मालपोत अधिकृतले हदबन्दीको जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) गुठी संस्थानले कैलाश बद्रीनाथ सदावर्त गुठीलाई निजी गुठी भनी दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(३) सार्वजनिक जग्गा सुरक्षा समिति, रुपन्देहीले विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(४) प्रमुख नापी अधिकृत, पर्सालें विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(५) नापी विभागका कर्मचारीले कार्य सम्पादन मूल्यांकन फाराम सच्याई अनियमित कार्य गरेको भन्ने विषय ।

(६) नापी प्रमुख र वनका कर्मचारी मिलेर वनक्षेत्रको जग्गा व्यक्तिविशेषको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(७) मन्त्रालयका भूतपूर्व सचिव र नापी विभागका तत्कालीन महानिर्देशक मिलेर सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

(८) श्री ५ महाराजाधिराज सरकारको फर्मायशी विर्ता परित्याग हुनु अगावै जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.८ भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :-

(१) बैतडी-दार्चुला सडक योजनाको चमेलिया गाडको फलामे पुल निर्माणमा भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) एन.सी.सी.एन.का महाप्रवन्धकले विभिन्न पुल र राजमार्गहरुको निर्माण कार्यमा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.९ वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :-
(१) जिल्ला वन कार्यालय, बांकेका कर्मचारीले वन तस्करहरुसंग मिली भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) टिम्बर कर्पोरेशन अफ नेपालका महाप्रवन्धकले वीरगञ्जको काठ लिलाम गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) वन पैदावार विकास समितिले डावर नेपाल समेतलाई गैरकानूनी इजाजत दिई भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) वन मन्त्रालयमा बेतलबी विदामा बसेका कर्मचारीको विदा तलबीमा परिणत गरी भ्रष्टाचार भएको भन्ने विषय ।
(५) शाही शुक्लाफांटा वन्य जन्तु आरक्षमा जग्गा सट्टा भर्ना दिंदा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(६) मनुष्मारा सिंचाई योजनाको किनारामा रहेका सिसौका रुखहरु अनियमित तवरले कटान गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१० शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :-
(१) राष्ट्रिय खेलकूद परिषद्मा अनियमित तवरले कर्मचारी नियुक्ति गरी भ्रष्टाचार भएको भन्ने विषय ।
(२) उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्षले विभिन्न आर्थिक अनियमितता गरेको भन्ने विषय ।

५.४.११ सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :-
(१) सामान्य प्रशासन मन्त्रीले विशेष पद सिर्जना गरी अनियमित तवरले बढुवा गरेको भन्ने विषय ।

५.४.१२ सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :-
(१) गोरखापत्र संस्थानका कर्मचारीले नक्कली प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको भन्ने विषय ।
(२) चलचित्र विकास बोर्डमा विभिन्न चलचित्र भवनहरुको नवीकरण गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) सूचना तथा सञ्चार मन्त्रालयका सहसचिवले घूस माग गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१३ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :-
(१) होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्रमा विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) शाही नेपाल वायुसेवा निगमले ट्रान्सएभिया एयरलाइन्सबाट धरौटी फिर्ता नलिई भ्रष्टाचार भएको भन्ने विषय ।
(३) नेपाल नागरिक उड्डयन प्राधिकरणबाट विमानस्थल सुधार कार्यको ठेक्का स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषय ।
(४) त्रिभुवन विमानस्थल अन्तर्गतका पर्यटन यातायात चालक तथा व्यवसायीहरुले अनियमित कार्य गरेको विषय ।
(५) शाही नेपाल वायुसेवा निगममा कर्मचारी एवं सञ्चालक मिली फ्रान्स र बेलायतमा सेल्स एजेन्ट नियुक्त गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(६) शाही नेपाल वायुसेवा निगमका सञ्चालकले निगमलाई धराशायी पारेको भन्ने विषय ।

५.४.१४ स्थानीय विकास मन्त्रालय र अन्तर्गत :-
(१) जिल्ला विकास समिति, बाराका कर्मचारीले जाली प्रमाणपत्र पेश गरी नोकरी गरेको भन्ने विषय ।
(२) सार्वजनिक उद्यान तथा सभागृह विकास समितिबाट बालाजु बाइसधाराभित्र निर्माण सुधारको कार्य गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(३) जिल्ला विकास समिति, बारामा माछा पोखरी ठेक्कामा दिंदा भ्रष्टाचार भएको भन्ने विषय ।
(४) मध्यपुर ठिमी नगरपालिकामा विभिन्न विकास निर्माणको कार्यहरुमा भ्रष्टाचार भएको भन्ने विषय ।
(५) जिल्ला विकास समिति, रसुवामा अनियन्त्रित रकम पेश्की बांकी राखी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१५ स्वास्थ्य मन्त्रालय र अन्तर्गत :-

(१) खटिएको स्वास्थ्य केन्द्रमा नगई अध्यापन गराई स्वास्थ्य कर्मचारीहरुले भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका का.मु. क्षेत्रीय निर्देशकले नक्कली बील बनाई भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) वि.पी. कोइराला क्यान्सर अस्पताल, भरतपुरमा विभिन्न सामान खरीदमा भ्रष्टाचार भएको भन्ने विषय ।
(४) वीर अस्पतालबाट बायो-केम इम्यूनो सिष्टम प्रा.लि.बाट अटोमेटिक हेमाटोलोजी एनालाइजर मेशीन खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(५) वीर अस्पतालमा सी. टी. स्क्यान मेशीन खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(६) वीर अस्पतालमा एक्स-रे फिल्म खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(७) प्रसूति गृह विकास समितिमा विभिन्न अनियमित कार्यहरु भएको भन्ने विषय ।

५.५ कार्यान्वयन नगरिएका आयोगका निर्णयहरु :

यस आयोगको स्थापना कालदेखि हालसम्म आयोगले गरेको अख्तियार दुरुपयोग सम्बन्धी काम कार्यबाहीबाट देखिन आएको तथ्यको आधारमा विभिन्न निकायमा प्रेषित विभागीय कार्यबाहीको सिफारीश तथा सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीको सम्बन्धमा हालसम्म सम्बन्धित निकायहरुबाट कार्यबाही गरिएको जानकारी प्राप्त हुन नसकेको विवरण निम्नानुसार छ :-

५.५.१ अर्थ मन्त्रालय र अन्तर्गत :-

(१) राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालय व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीतपत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्तउपर विभागीय कार्यबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।
(२) शाही नेपाल वायुसेवा निगमको हंगकंग-काठमाडौं उडानबाट आउँदै नआएको व्यक्तिको नाममा सुनचांदी छूटाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।५को निर्णयानुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख द्वारिकाप्रसाद उपाध्याय, उपसचिव ईश्वरप्रसाद पोखरेल, शा.अ. टंककुमार साख तथा ना.सु. कूलराज ज्ञवालीउपर विभागीय कार्यबाही गर्न अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।
(३) निम्नकोटीको मदिरा उत्पादन एवं बिक्री वितरण गर्न टेण्डर आह्वान गरी ठेक्का दिएको तथा रेक्टिफाइड स्प्रीट उत्पादन एवं बिक्री वितरण समेत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।९।२२ को निर्णयानुसार तत्कालीन शाखा अधिकृत सनतकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त नभएको ।
(४) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंले केन्द्रीय कार्यालयको स्वीकृति बिना कोदन इन्टरप्राइजेज समेतलाई कर्जा प्रवाह गर्दा धितोको बढी मूल्यांकन गरेको, गोदाम नभेटिएको र सामान नपुग भएको कारणबाट बैंकलाई गैरकानूनी हानि र पार्टीलाई अनुचित लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।१३ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं शाखाका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एकाउण्टेण्ट नरेन्द्रबहादुर प्रधान, गोदाम इन्चार्ज पुरुषोत्तमबहादुर खत्री, पारसप्रकाश पाण्डे, कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले र एकाउन्टेण्ट रामप्रसाद भण्डारीउपर विभागीय कार्यबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, तत्कालीन एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान तथा कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले समेतलाई विभागीय कार्यबाही नै नगरी अनिवार्य अबकास हुने मौका दिइएको साथै अन्यको हकमा पनि विभागीय कार्यबाही गरेको जानकारी हालसम्म प्राप्त नभएको ।
(५) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कं.प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय काठमाडौंका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर विभागीय कार्यबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अबकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मितिदेखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर अर्कै उजूरीको सम्बन्धमा

भ्रष्टाचारमा मुद्दा परी स्वतः निलम्वनमा रहेको भन्ने ब्यहोराको पत्र आयोगलाई प्राप्त भएको । यसमा आयोगको पूर्व निर्णयानुसार विभागीय कार्यबाही गर्नेतर्फ हालसम्म पनि कुनै कार्यबाही चलाएको नदेखिएको ।

(६) दुग्ध विकास संस्थानले भारतको डेली फूडबाट आयात गरेको कम गुणस्तरको धूलो दूधको आयात प्रतीतपत्र स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।१० को निर्णयानुसार वीरगञ्ज भन्सार कार्यालयका तत्कालीन भन्सार अधिकृत सुरेशकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(७) मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए. नं. २१८ को उडानबाट आएकी उषा सुव्वा नामक यात्रुले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा ना.सु. नरेन्द्र बस्नेत, ना.सु (प्रा.) गोविन्दनाथ मिश्र, ख. मोहनकुमार पोखरेल, ख. अशोक सत्याललाई समेत विभागीय कार्यबाही गर्न अर्थ मन्त्रालयलाई लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(८) राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा उक्त कार्यालयका सह लेखा अधिकृत सूर्यनाथ न्यौपानेलाई विभागीय कार्यबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(९) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ललितपुर इमाडोल स्थित ६-२-०-० रोपनी जग्गा धितो लिई रु. १५ लाख हाईपोथिकेशन ऋण प्रवाह गरेकोमा सो धितो जग्गा अति थोरै मूल्य रु. २९,९५५।- मा लिलाम गरी बैंकका कर्मचारी समेतको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा राजेश्वर आचार्यलाई विभागीय कार्यबाही गर्न त्रिभुवन विश्वविद्यालयमा र गोदाम रक्षक केशवसिंह ठकुरी लगायतका पदाधिकारीहरुलाई विभागीय कार्यबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

५.५.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

(१) बांसवारी छाला जुत्ता कारखाना लि.को हाताभित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा यस आयोगबाट मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखी गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) चिया विकास निगम लि. को वर्ने चिया कमानको हरीयो चिया पत्ति बिक्री गर्दा र चिया प्याक गर्ने टीनको बट्टा खरीद गर्दा अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१२।२३ को निर्णयानुसार नेपाल चिया विकास निगमका कार्यकारी अध्यक्ष रामकुमार थापा, वर्ने चिया कमानका प्रवन्धक शिवप्रसाद आचार्य तथा वर्ने चिया कमान बिक्री महाशाखा प्रमुख बाबुराम पौडेललाई सचेत गराउन नेपाल चिया विकास निगमलाई लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(४) हेटौडा सिमेन्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माण अन्तर्गत सम्झौताभन्दा कम तौलको ग्याबियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौताकै दर रेटमा बील भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।३।४ को निर्णयानुसार हेटौडा सिमेन्ट उद्योग लि. का तत्कालीन नायव महाप्रवन्धक राधेश्यामप्रसाद चौरसिया र का.मु. नायव महाप्रवन्धक शिरोमणी ढकाललाई सचेत गर्न उद्योग मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त नभएको ।

(५) कोइला आयातको सम्झौता गर्दा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोन सुविधा, तथा औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।३।१३ को निर्णयानुसार नेपाल कोल लिमिटेडका तत्कालीन नायव महाप्रवन्धक बिष्णुराज अर्याललाई विभागीय कार्यबाही गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(६) नेपाल खाद्य संस्थानमा खाद्यान्न ढुवानी गर्दा टेण्डर रद्द नगरी नेगोसिएशन गरिएको भए कम्तिमा टेण्डर दरमा ढुवानी गराउन सकिनेमा टेण्डर रद्द गरेको कारणले सो अवस्था अन्त्य भई संस्थानलाई रु. ८०,६५,८८५।१८ बराबरको थप व्ययभार हुन गएको प्रष्ट देखिनका साथै नेकोन एयरले कबोल गरेको टेण्डर दरमा बीश प्रतिशत थप व्यय भार वहन गर्नु पर्ने गरी टेण्डर शर्त विपरीत निर्णय गरी संस्थानलाई रु. ५,९०,८३८।- थप व्यय भार पर्न गएको र आर्थिक वर्ष २०५३।५४ को लेखा परीक्षण प्रतिवेदनमा समेत यी दुवै कलम बेरुजु कायम भइरहेको देखिन आएकोले तत्कालीन सन्चालक समितिका सदस्यहरुमध्ये हाल श्री ५ को सरकारको सेवामा रहेका जगन्नाथ थपलिया (सहसचिव, कृषि मन्त्रालय) लाई विभागीय कार्यबाही गर्न लेखिएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

(७) उदयपुर सिमेन्ट उद्योगको आर्थिक प्रशासन नियमावली, २०४८ को आधार लिई महाप्रवन्धक तेजकान्त झाको मिति २०५७।३।१५ को निर्णयानुसार "अपवाद खरीद" भन्ने शीर्षक अन्तर्गत जथाभावी सामान खरीद गर्न स्वीकृति दिने र

टिप्पणी सदर गर्ने तत्कालीन नि. महाप्रवन्धक कृष्णकुमार नवपानीयालाई अब उप्रान्त त्यस्तो लापरवाही नगर्न सचेत गराउनका साथै टेण्डर छल्ने मनसायले "अपवाद खरीद" भन्ने शीर्षक अन्तर्गत जथाभावी सामान खरीद नगर्नु, नगराउनु भनी संचालक समिति, उदयपुर सिमेन्ट उद्योगलाई लेखिएकोमा हालसम्म सचेत गराएको जानकारी प्राप्त हुन नआएको ।

५.५.३ कृषि तथा सहकारी मन्त्रालय :-

(१) तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीले आफ्नो निवासको टेलिफोन खर्च नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।७।१७ को निर्णयानुसार कृषि अनुसन्धान परिषद्को तत्कालीन कार्यकारी निर्देशक उपेन्द्र मिश्र तथा कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाही समेतलाई सचेत गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) कृषि औजार कारखानाले आवश्यक पर्ने बियरिङ्ग खरीद गर्ने सम्बन्धमा टाम चाइनिज बियरिङ्ग पोल सप्लायर्ससंग भएको सम्झौता बमोजिम खरीद नगरी निजको धरौटी समेत फुकुवा गरी अन्यत्रबाट खरीद गरी अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।२ को निर्णयानुसार कृषि औजार कारखानाका तत्कालीन महाप्रवन्धक रमेश नेपाललाई सतर्क गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३) पशु सेवा विभागबाट तालीम संचालन गर्ने गराउने जिम्मेवारी प्राप्त क्षेत्रीय पशु तालीम केन्द्र विराटनगरका तत्कालीन तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवले आफू तालीम अधिकृत भएकै बेला गैर सरकारी तालीम संचालन गरी तालीममा सहभागी नै नभएकी जि. खोटाङ्ग खाल्टे गाउं विकास समिति वडा .नं. ७ वस्ने यशोदा के.सी.लाई तालीम प्राप्त गरेको भनी प्रमाण-पत्र दिने दिलाउने कार्य गरेको र उक्त प्रमाण-पत्रमा श्री ५ को सरकारको पूर्व स्वीकृति बिना श्री ५ को सरकारको निशान छाप, चिन्ह, तालीम भवन र सरकारी छाप समेत प्रयोग गरेको र छुट्टै कार्यालयको कार्य संचालन समेत आफू कार्यरत तालीम केन्द्रबाटै गर्ने गरेकोले निज डा. योगेन्द्रप्रसाद यादवलाई विभागीय कार्यबाही गरी निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को ३ बमोजिम ५ (पांच) वर्षसम्म बढुवा रोक्का गर्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त नभएको ।

५.५.४ गृह मन्त्रालय :-

(१) जिल्ला प्रशासन कार्यालय, सिरहाका का.मु. प्रमुख जिल्ला अधिकारीले रकम लिई नागरिकता तथा राहदानी वितरण गरेको भन्ने सन्दर्भमा आयोगको मिति २०५६।४।२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिरहाका तत्कालीन का.मु. प्रमुख जिल्ला अधिकारी शालिग्राम सापकोटालाई विभागीय कार्यबाही गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) गृह मन्त्रालयले ५० वटा गाडी खरीद गर्ने सम्बन्धमा टेण्डर आव्हान गर्दा घटी कबोल गर्ने टेण्डरदाताभन्दा २ लाख ३५ हजार बढी भएको कम्पनीलाई टेण्डर दिने निर्णय गरी कमिशन लिनु खानु गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।५।१६ को निर्णयानुसार गृह मन्त्रालयका तत्कालीन सचिव पदमप्रसाद पोखरेल तथा सह सचिव पुरुषोत्तम ढकाल समेतलाई सचेत गराउन गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३) पूर्वान्चल अनाथाश्रमका बालबालिकाहरु अनियमित तवरले विदेशीहरुलाई धर्मपुत्र/पुत्री दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।१०।१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडा तथा पूर्वान्चल अनाथाश्रम विराटनगरका प्रमुख सीता पोखरेलउपर विभागीय कारवाई गर्न गृह मन्त्रालय तथा समाज कल्याण मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(५) गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कार्यबाही गर्न लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त नभएको ।

(६) भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्ड वाल निर्माण गराउंदा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।१०।१८ को निर्णयानुसार जिल्ला कार्यालय, भोजपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारीद्वय नरेन्द्रराज पौडेल र वामनप्रसाद न्यौपाने तथा जिल्ला भवन कार्यालय, भोजपुरका का.मु. अ.ई. रत्नबहादुर

काफ्लेउपर विभागीय कार्यबाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

५.५.५ जलस्रोत मन्त्रालय :-

प्रचलित नियम कानून विपरीत अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।२६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुर, तत्कालीन निर्देशक प्रेमराज गौतम, बढुवा समिति सदस्य सुशीलकुमार शर्मा समेतलाई विभागीय कार्यबाही गर्न नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी आयोगमा प्राप्त नभएको ।

५.५.६ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

(१) घर नभएको जग्गालाई घर भएको भनी चपली गाउं विकास समिति वडा नं. ७ कि.नं. ७४ को ७ आना जग्गा मोहियानी खरीद बिक्री गर्ने गराउने गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।९।२१ को निर्णयानुसार भूमिसुधार कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. रामकृष्णराज तिमिल्सिना र शम्भुप्रसाद अर्याललाई विभागीय कार्यबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिगएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(२) नक्साल भगवती मन्दिर कम्पाउण्डसंग रहेको पूजाघर र असन अन्नपूर्ण गुठीको गोंगबु स्थित २ रोपनी जग्गा गुठी संस्थान ऐन विपरीत व्यक्तिको नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हिनामीना गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।३।३० को निर्णयानुसार गुठी संस्थानका सहायक प्रशासक गिरीधारी भट्टलाई विभागीय कार्यबाही गर्न गुठी संस्थानमा लेखी पठाएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(३) भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ३ दत्तात्रेय स्थित जंगम मठको पाटी कानून विपरीत कम रकम कबोल गर्ने व्यक्तिलाई भाडामा दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।६।२२ को निर्णयानुसार गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दीपकबहादुर पाण्डेलाई सचेत गराउन गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(४) भीमभक्तेश्वर गुठीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका अधिकृत ध्रुवप्रसाद बाग्ले र ना.सु. कोमलप्रसाद श्रेष्ठउपर विभागीय कार्यबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाहीको जानकारी प्राप्त नभएको ।

(५) गुठी तैनाथी जग्गामा मोही कायम गर्ने समेत विभिन्न अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन नवम तहका अधिकृत कृष्णमुरारी शर्माउपर सख्त विभागीय कार्यबाही गर्न लेखी गएकोमा निजले २०५५।८।४ मा अनिवार्य अवकास प्राप्त गरेको भन्ने गुठी संस्थानको २०५७।२।३ को पत्रबाट जानकारी प्राप्त हुन आएको । समयमै आयोगको निर्णय कार्यान्वयन नगरी उदासीन रहने जिम्मेवार पदाधिकारीहरुको नामावली तुरुन्त उपलब्ध गराउन गुठी संस्थानलाई लेखी गएकोमा जानकारी प्राप्त नभएको ।

(६) नुवाकोट जिल्ला मालपोत कार्यालय समेतले नुवाकोट जिल्ला चतुराले गाउं विकास समिति अन्तर्गतको परापूर्वकालदेखि सरकारी वन बुट्यान जनिएको जग्गा गीता फलोद्यानको नाउंमा दर्ता गराई सरकारी वन जंगल हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१।११ को निर्णयानुसार मालपोत कार्यालय, नुवाकोटका तत्कालीन मा.पो.अ. प्रेमबहादुर खापुङ्ग, खरीदार आनन्दमान श्रेष्ठ, जिल्ला वन कार्यालयका स.व.अ. अरुणकुमार श्रीवास्तव, वन नियन्त्रक माधवप्रसाद आचार्य, खरीदार रत्नबहादुर ओझा, वन सहायक रामचन्द्र साह समेतउपर विभागीय कार्यबाही गर्न मालपोत विभाग तथा वन विभाग समेतमा लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(७) जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५०।१०।२९ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मा.पो.अ. कलाधर देउजा, शान्तबहादुर श्रेष्ठउपर विभागीय कार्यबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा तोकिएको कामकाज गरेको हुंदा कार्यबाही गर्न नपर्ने भनी मालपोत विभागबाट लेखी आएको तर आयोगको निर्णयानुसारको कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(८) धनगढी न.पा.- ३ का वंशीधर शर्माको कि.नं. ७०४ को घर भएको जग्गालाई घर नभएको भनी झूठा फील्ड निरीक्षण प्रतिवेदन दिने नापी कार्यालय, कैलालीका अमीन गंगाप्रसाद मालीलाई विभागीय कार्यबाही गरी सोको जानकारी यस आयोगलाई दिन नापी विभागलाई लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(९) असन अन्नपूर्ण गुठीका गुठियार मचाभाइ महर्जनलाई प्राप्त मोहीको महलमा मचाभाइ महर्जन र जग्गा धनीमा असन अन्नपूर्ण गुठी भई कैफियतमा धितो वन्धक हक हस्तान्तरण गर्न नपाउने गरी काम चलाएसम्म भोग गर्न पाउने भनी जनिएकोमा सो जग्गा निज मचाभाइले आशालक्ष्मी समेतलाई मालपोत कार्यालयमा लिखत पारित गरी हक छाडी दिएको र यस प्रकारको गुठी तैनाथी जग्गा पारित गरी दिन नहुनेमा लिखत पारित गरेको देखिन आएकोले रोक्का तथा मोठ भिडाउने कर्मचारी र लिखत पारित गरिदिने अधिकृतले आफूलाई तोकिएको जिम्मेवारी वहन नगरेको हुंदा मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मालपोत अधिकृत हरिश्चन्द्र पोखरेल, खरीदारहरु वीरबहादुर खड्का र कृष्णप्रसाद चालिसेलाई विभागीय सजाय गरी जानकारी आयोगमा दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त नभएको ।

(१०) भूमिसुधार सचिव योद्धा शाहले पश्चिम नेपाल टोपोग्राफिकल नक्सा आयोजनालाई गैह्र कानूनी दबावमा मोवाइल टेलिफोन जडान गर्न लगाई आफैले सो फोन प्रयोग गरी महसूल समेत सोही कार्यालयवाट तिर्न लगाई "अनुचित कार्य" गरेकोले निज योद्धा शाहलाई विभागीय कारवाहीको लागि मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त नभएको ।

५.५.७ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा टेण्डर कोटेशनको ठेक्का नियम अनुसारको लागत इष्टमेट, कामको समय समयको मेजरमेन्ट समेत हुनु पर्नेमा नगरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई जि.पं.स. रसुवाका तत्कालीन का.मु. स्था.वि.अ. शिवप्रसाद श्रेष्ठ, अ.ई. किरणकुमार चित्रकार र ओ.सि. राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न लेखी पठाएकोमा स्थानीय विकास मन्त्रालयबाट मिति २०५०।४।३१ मा निजहरु तत्काल कार्यरत कार्यालयहरुमा कार्यबाहीको लागि लेखी गएकोमा शिवप्रसाद श्रेष्ठको हकमा महालेखा नियन्त्रक कार्यालयको मिति २०५६।११।१९ को पत्रबाट निजको मिति २०५०।११।१४ मा मृत्यु भई सकेको भन्ने व्यहोरा लेखी आएको र अन्यका हकमा निजहरु कार्यरत तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले कार्यबाही गरेको जानकारी हालसम्म पनि उपलव्ध नभएको ।

५.५.८ वन तथा भू-संरक्षण मन्त्रालय :-

(१) तत्कालीन बांके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्ष समेतले जग्गा वितरण गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४८।११।५ को निर्णयानुसार मालपोत कार्यालय बांकेका तत्कालीन मालपोत अधिकृत श्यामनन्द सुमन तथा भेरी अन्चल क्षेत्रीय बसोवास कार्यालय, बांकेका तत्कालीन ना.सु. खेमराज सुवेदीउपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा लेखी गएकोमा तत्कालीन वन तथा वातावरण मन्त्रालयले मिति २०४८।१२।२६ मा सचेत गराउने निर्णय गरेको तर सम्बन्धित कर्मचारीलाई सचेत गराईएको जानकारी प्राप्त नभएको ।

(२) नवलपरासी जिल्लाको दाउन्ने देवी गाउं विकास समिति वडा नं. २, ६, ७ को परसैनी वन एकाई अन्तर्गत पर्ने बरुवा जंगलमा आर्थिक वर्ष २०४२।४३ मा अवैधरीकाले जंगल फडानी गरी काठ चोरी निकासी गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको २०५५।८।१३ को निर्णयानुसार जिल्ला वन कार्यालयका का.मु. जिल्ला वन नियन्त्रक कन्हैयाराज श्रेष्ठ, इलाका वन सहायक रबीलाल भुषाल, इलाका वन सहायक नथुनी मण्डल, वनपाले देवशरण यादव समेतलाई विभागीय कारवाई गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखिएकोमा कन्हैयाराज श्रेष्ठलाई चेतावनी दिएको जानकारी प्राप्त भएको, अन्यको हकमा कुनै जानकारी प्राप्त भएको नदेखिएकोले आयोगको पूर्व निर्णयानुसारको कारवाई गर्न पुनः लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला वन कार्यालय, रसुवाका का.मु. जि.व.अ. ले वन विज्ञान अध्ययन संस्थान, पोखराबाट पासै नगरेको वि.एस. सी. फरेष्ट्री पास गरेको देखाएको भन्ने सम्बन्धमा रामयशप्रसाद साहलाई विभागीय कारवाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(४) जिल्ला वन कार्यालय, बर्दियाका जिल्ला वन अधिकृतले सरकारी वन जंगल क्षेत्रका रुखहरु ठेकेदारसंग मिलेमतो गरी अवैध रुपले कटान गरेको सम्बन्धमा तत्कालीन का.मु. जिल्ला वन अधिकृत लालनारायण सिंहलाई विभागीय कारवाई गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखिएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५.५.९ विज्ञान तथा प्रविधि मन्त्रालय :-

नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट)ले बिना नीति नियम इ-मेलको संचालन गरी विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी संस्थालाई हानि नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार रोनाष्टका तत्कालीन उपकूलपतिलाई सचेत गराउन रोनाष्टमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

५.५.१० शिक्षा तथा खेलकूद मन्त्रालय :-

(१) त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट संचालित बि.बि.एस. कार्यक्रमको कष्ट एण्ड मेनेजमेन्ट एकाउन्ट विषयको मिति २०५४।४।२७ को परीक्षाको प्रश्न पत्रको गोपनीयता भंग गरी परीक्षा अनियमित गराएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।११ को निर्णयानुसार पद्म कन्या क्याम्पसका सहायक प्रशासक नारायणप्रसाद पोखरेल र हेड असिष्टेण्ट रामहरि फुयालउपर विभागीय कार्यबाही गर्न तथा सचेत गराउन त्रिभुवन विश्वविद्यालय समेतमा लेखी गएकोमा हालसम्म पनि नारायणप्रसाद पोखरेल र रामहरी फुयालउपर कार्यबाहीको टुंगो लागेको जानकारी प्राप्त नभएको ।

(२) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्रोत केन्द्र सबलीकरणका लागि डानिडाबाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण तथा सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१०।१९ को निर्णयानुसार स्रोत केन्द्र विकास एकाईका एकाई प्रमुख शोभितराम बिष्टउपर विभागीय कार्यबाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा योजना क्षेत्रभित्र संचालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकताभन्दा बढी कार्यदिन देखाई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार लुम्बिनी विकास कोषको तत्कालीन संचालक समितिलाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(४) जिल्ला शिक्षक छनौट समिति, कैलालीले आर्थिक वर्ष २०५२।५३ मा ५१ जना प्रा.वि. शिक्षक पदको लागि विज्ञापन प्रकाशित गरी प्रतियोगितात्मक लिखित परीक्षा लिई सफल उम्मेदवारहरुको नामावली प्रकाशित गरी सकेकोमा अनियमित तवरबाट १४ परीक्षार्थीलाई पुनर्योगबाट सफल गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा प्रा.वि.शिक्षक छनौट समितिका पदाधिकारी प्र.अ. यादवप्रसाद जोशी, प्र.अ. खगेन्द्रदत्त चटौत र शिक्षक हेमराज ओझा तथा मा.वि. र नि.मा.वि. शिक्षक छनौट समितिका पदाधिकारी क्षे.शि.नि. नीलबहादुर के.सी., प्र.अ. राधेश्याम जोशी, शिक्षक लालबहादुर कठायत र प्र.अ. मुक्तिनाथ शर्मा समेतलाई विभागीय कारवाईका लागि र अस्थायी कार्यरत रहेका हाल अवकाश प्राप्त वि.नि. हिक्मतबहादुर शाहीको अभिलेख राख्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म पनि विभागीय कारवाईको जानकारी प्राप्त नभएको ।

(५) शिक्षा मन्त्रालयबाट शिक्षा नियमावलीमा भएको व्यवस्था विपरीत प्राथमिक विद्यालयहरुको लेखा परीक्षण कार्य शिक्षा मन्त्रालयबाट पारिश्रमिक भुक्तानी दिने गरी नाम मात्रको लेखा परीक्षण गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरद भट्टराईको अभिलेख राख्न र सह सचिव विश्वनाथ ढकाल र उपसचिव (लेखा) गोपिनाथ मैनालीलाई सचेत गराउन विभागीय मन्त्रीसमक्ष लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(६) शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयबाट २०५५ सालको एस्.एल.सी. परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमित गरेको सम्बन्धमा तत्कालीन परीक्षा नियन्त्रक हरिबोल खनाललाई परीक्षा संचालनमा आफ्नो कर्तव्य पालना नगरेकोले विभागीय कारवाई गर्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

(७) त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल कमर्स क्याम्पस, मीनभवनको हाताभित्र आर्थिक वर्ष २०५६।५७ मा भवन निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा निर्माण समितिका सदस्यद्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले मात्र निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि गैरकानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरुउपर विभागीय कार्यबाही गर्न त्रिभुवन विश्वविद्यालयका उपकूलपतिसमक्ष लेखिएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५.५.११ श्रम तथा यातायात व्यवस्था मन्त्रालय :

नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले फिलिपिन्स र वंगलादेशमा आफ्ना छोराछोरी अध्ययनरत रहेको अवस्थामा संस्थानबाट आफूलाई प्राप्त सुविधाको टेलिफोनबाट निजहरुलाई ट्रंककल गरी सोको भुक्तानी संस्थानबाट गराएको देखिएकोले सुविधाको दुरुपयोग गरी निजी प्रयोजनमा ट्रंककल गरेको रकम रु. ९४,५६०।- र सोको नियमानुसारको व्याज निज प्रकाशकुमार पौडेलबाट असूल गर्नू र प्रयोग भएको टेलिफोनबाट गरिएको ट्रंककल संस्थानको काममा प्रयोग गरेको भन्ने कुनै आधार प्रमाण नलिई प्रयोग गर्ने अधिकारीबाट प्रमाणित नगराई कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारीश गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कार्यबाही गर्न नेपाल यातायात संस्थानलाई लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

५.५.१२ सूचना तथा सञ्चार मन्त्रालय :

नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंबाट चन्दनप्रसाद पौड्यालको नामबाट OYT नम्वरहरु २५६७८८ र २५६७९० अनियमित तवरबाट जडान हुन गई ती नम्बरहरुबाट STD, ISD कल भई २०५४ साल श्रावण, भाद्र, आश्विन महिनामा सोबाट उठेको बीलको रकम र टेलिकम सर्भिस चार्ज १० प्रतिशत, मूल्य अभिवृद्धि कर १० प्रतिशत समेतको हिसाव गर्दा नेपाल दूर संचार संस्थानलाई रु. १,०३,०१,५५१।- वरावरको हानि नोक्सानी हुन गएको सम्बन्धमा काठमाडौं क्षेत्रीय निर्देशनालयको टेलिफोन डिभिजनका इन्जिनीयर भवीन्द्रलाल उपाध्यायले एरिया इन्जिनीयरको हैसियतमा काम गर्दा आउट साइट सुपरभाइजर गोपीनाथ अधिकारीले इष्टिमेट गरी ल्याएको नक्सा समेततर्फ विचार नपुऱ्याई दस्तखत गरेकोसम्म देखिएको र नेपाल दूर संचार संस्थान क्षेत्रीय कार्यालय, काठमाडौंका तत्कालीन एम.सी.सी. शाखाका प्रमुख, हाल नेपाल दूर संचार संस्थान क्षेत्रीय निर्देशनालय नेपालगञ्जका का.मु. क्षेत्रीय निर्देशक शिवभूषण लालले १७१ क्या.नं. बाट ल.ई. गर्न आदेश भएकोमा गोपिनाथ अधिकारीले नक्सा र क्याविनेट नम्वर सच्याई त्यसपछि १६५ क्याविनेट नं.बाट पेयर नं. उपलब्ध गराएको देखिंदा यी दुवै कर्मचारीलाई सचेत गराउन महाप्रवन्धक, नेपाल दूर संचार संस्थानलाई लेखिएकोमा हालसम्म कार्यबाहीको जानकारी प्राप्त हुन नआएको ।

५.५.१३ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

शाही नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सह सचिव हरिभक्त श्रेष्ठलाई विभागीय कार्यबाही गर्न क्रमशः अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएको र निगमका तत्कालीन अध्यक्ष अजितनारायणसिंह थापाको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

५.५.१४ स्थानीय विकास मन्त्रालय :-

(१) काठमाडौं महानगरपालिका प्रमुखले श्री ५ को सरकारको निर्देशन विपरीत चुंगीकर ठेक्कामा दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।४।११को निर्णयानुसार काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाइ सचेत गराउन का.म.पा.लाई लेखी गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) राप्ती एकीकृत ग्रामीण विकास परियोजनाको निर्माण सामग्री खरीद गर्दा टेण्डर प्रकृयाबाट खरीद गर्नु पर्नेमा बजारबाट सीधै खरीद गर्न पेश्की दिई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।२।१४ को निर्णयानुसार जिल्ला विकास समिति, रोल्पाका तत्कालीन स्थानीय विकास अधिकारी उमाकान्त अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुको सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०५०।५१ मा झोलुंगे पुलहरुको लागि ठेक्का स्वीकृत गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।३।२३ को निर्णयानुसार

जिल्ला विकास समिति, सोलुखुम्बुका तत्कालीन का.मु. स्था.वि.अ. यक्षबहादुर खत्रीउपर विभागीय कार्यबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कार्यबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

(४) सिरहा जिल्ला, सन्हैठा गाउं विकास समितिका अध्यक्षले गाउं विकास समितिलाई प्राप्त सरकारी अनुदान रकम बेहिसाब गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ (संशोधन सहित) को नियम २२ को प्रावधान विपरीत एकैपटक लगत इष्टमेट र मूल्यांकन गर्ने गराउने गाउं विकास समिति अध्यक्ष राजेश्वर यादव, ओ.सि. दु:खी हरिजन र स.ओ.सी. मोहितनारायण महतोलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि सचेत गराएको जानकारी प्राप्त नभएको ।

(५) सार्वजनिक उद्यान तथा सभागृह विकास समितिका पसल भाडा दिंदा, सामान खरीद आदि विभिन्न कार्यहरुमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा सदस्य सचिव पुष्पलाल श्रेष्ठ तथा लेखा अधिकृत सहदेव श्रेष्ठलाई बिभागीय कारवाई गरी सोको जानकारी यस आयोगमा पठाउन स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(६) जिल्ला विकास समितिको कार्यालय, बाँके अन्तर्गत बिनौना, बैजापुर र कन्चनपुर गाउं विकास समितिहरुमा आ.ब. २०५२।५३ देखि २०५४।५५ सम्म ठेकेदार र प्राविधिकले मिलेमतो गरी गुणस्तरहिन सामग्री प्रयोग गरी निर्माण गरेको पुल, कलभर्टहरु कामै नलाग्ने गरी भत्के बिग्रेको भन्ने सम्बन्धमा ओ.सि. धनबहादुर रोकाया र इन्जिनियर नारायणप्रसाद श्रेष्ठलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

५.५.१५ स्वास्थ्य मन्त्रालय :-

(१) स्वास्थ्य सेवा विभागले आर्थिक वर्ष २०५२।५३ मा औषधी उपकरण खरीदका लागि एपेक्स ईन्डिया एसोसिएटस् कम्पनीसंग संझौता गरी सामान सप्लाई गर्दा बिभागकोतर्फबाट अग्रिम भन्सार महसूल भुक्तानी गराई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।३।३२ को निर्णयानुसार जनस्वास्थ्य अधिकृत मित्रप्रसाद मास्के र हेल्थ असिस्टेण्ट अशोक श्रेष्ठलाई सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) सामान खरीद गर्दा सामान स्टोरमा दाखिला नगरी नक्कली बील बनाई भुक्तानी दिने गरेको, कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने स्टेशनरी सामान छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियम विपरीत खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार स्वास्थ सेवा विभागका तत्कालीन महानिर्देशक डा. के.बि. सिंह कार्की तथा लेखा अधिकृत रत्नबहादुर नेपाली समेतलाई बिभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(३) सुदूर पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दीपायलका का.मु. निर्देशक डा. शम्भुशरण तिवारीले कर्मचारी नियुक्ति, औषधी खरीद तथा ढुवानी, गाडी मर्मत गर्दा समेत अनियमित तथा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।३।१४ को निर्णयानुसार निजलाई बिभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(४) स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखा टेकूबाट बढी क्षमताको एक्स-रे मेशीन खरीद गर्न आदेश भएकोमा कम क्षमताको मेशीन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।५।२४ को निर्णयानुसार वीर अस्पतालका प्रमुख रेडियोलोजिष्ट डा. नेत्रबहादुर अमात्य, त्रि.वि. शिक्षण अस्पतालका तत्कालीन प्रमुख रेडियोलोजिष्ट डा. टेकबहादुर बुढाथोकी, वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ठ तथा स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतलाई बिभागीय कार्यबाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त नभएको ।

(५) जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहाका कार्यालय प्रमुखले अनियमित तवरबाट पियन पदपूर्ति गरी "अनुचित कार्य" गरेको भन्ने सम्बन्धमा डा. राजकुमार चौधरीलाई बिभागीय कारवाई गर्न लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(६) स्वास्थ्य सेवा विभाग अन्तर्गत सन् १९९७ का लागि भारतको मणिपाल कलेजमा ३ वर्षे व्याचलर इन अक्यूपेसनल थेरापी अध्ययनका लागि छात्रवृत्तिमा छनौट गर्ने क्रममा तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनालीको निजी सचिवालयमा कार्यरत अ.हे.ब. केदार बस्नेतलाई पठाउन पहिला गो.प.मा प्रकाशित २०५४।३।२८ गतेको सूचना अनुरुप योग्यता नपुग्ने हुंदा सो संशोधन गरी निज केदार बस्नेतको छनौट काइटेरीया पुग्ने गरी पुनः २०५४।५।१३ गते गो.प.मा संशोधित सूचना प्रकाशित गरेको र छनौट गर्दा तुलनात्मक मूल्यांकन तालिकामा समेत ज्येष्ठता, भौगोलिक क्षेत्रमा

काम गरेको अंक र शैक्षिक योग्यताको गणना गर्दा अनियमित कार्य गरी आफ्नो अधिकार बदनीयतकासाथ स्वेच्छाचारी रुपमा प्रयोग गर्नुका साथै पद अनुरुप कर्तव्य पालना गरेको नदेखिएकोले सो निर्णय गर्ने गराउने तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनाली, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. बद्रीलाल श्रेष्ठ, तत्कालीन स्वास्थ्य सचिव हाल सूचना तथा संचार सचिव श्रीराम पौडेललाई सचेत गराउन लेखिएकोमा हालसम्म सचेत गराएको जानकारी प्राप्त हुन नआएको ।

भाग ६. उपसंहार

कार्यगत समस्याको विवरण :

सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार वा "अनुचित कार्य" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने कार्य जटिल प्रकृतिको हुने भएकोले वस्तुनिष्ठ तथा प्रामाणिक आरोपको अभावमा आयोगको कार्य सम्पादन पनि सहज नहुने तथ्य स्पष्ट छ । यस प्रयोजनको निमित्त आयोगलाई कानूनी रुपमा सशक्त तथा भौतिक संसाधनबाट सुसम्पन्न समेत गरिनु अनिवार्य छ । यसै सन्दर्भमा आयोगले सामना गर्नु परेका मुख्य समस्याहरुको निराकरण निम्न कार्यबाट गर्न सकिन्छ :–

- पर्याप्त भौतिक सुविधा तथा पूर्वाधार उपलब्ध गराउने,
- बिश्लेषण प्रयोगशाला स्थापना,
- प्रादेशिक कार्यालयहरुको स्थापना तथा सौविधीकरण,
- क्षेत्राधिकार र जनशक्तिबीच सन्तुलन कायम गर्न आवश्यक कार्यहरु गर्ने,
- मानवीय संसाधनको शीप तथा वृत्ति विकासका अवसरको सिर्जना,
- आयोगको आफ्नै समूहीकृत जनशक्तिको व्यवस्था,
- आयोगको सुझाव र विभिन्न कारबाईको सिफारीशहरुको कार्यान्वयनमा सक्रीयता ल्याउने,
- आन्तरिक नियन्त्रणको उपायको रुपमा निर्वाचित पदाधिकारी, राजनैतिक नियुक्ति हुने पदमा बहाल हुने पदाधिकारी तथा अन्य कर्मचारी एवं राष्ट्र सेवकहरुले पालना गर्नु पर्ने विविध आचार संहिताको तर्जुमा र पालना गर्ने गराउने ।

अख्तियार दुरुपयोगमा सुधार गर्न आगामी दिनहरुमा आयोगले चाल्ने कदम/कार्यक्रमहरु :

अख्तियार दुरुपयोग विरुद्धको काम कार्यवाहीमा सक्रीयता ल्याउन र मुलुकमा व्याप्त भ्रष्टाचारको नियन्त्रण र निवारणको दिशामा नतीजामूलक उपलब्धी हासिल गर्न आगामी दिनहरुमा आयोग निम्न कार्यहरु गर्ने गराउनेतर्फ क्रियाशील रहने छ :

(क) आयोगको भौतिक सुविधा विस्तार तथा पूर्वाधार वृद्धिको लागि आवश्यक योजनाको तर्जुमा तथा कार्यान्वयन,
(ख) आयोगको जनशक्तिको दक्षता बढाउन आवश्यक योजनाको तर्जुमा तथा कार्यान्वयन,
(ग) आयोगको आफ्नै समूहीकृत जनशक्तिको व्यवस्था गर्न प्रयत्नशील रही आन्तरिक संगठनमा समयानुकूल परिमार्जन तथा संशोधन,
(घ) सुम्पिएको अधिकार बमोजिम प्रेषित उजूरी निवेदनहरुको अनुसन्धानमा प्रभावकारिता ल्याउन आवश्यक उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने गराउने,
(ङ) आयोगबाट प्रेषित विविध सुझाव तथा विभागीय वा अन्य कारवाईका सिफारीशहरुको सकृय कार्यान्वयनका निमित्त प्रभावकारी अनुगमनको व्यवस्था,
(च) आयोगका क्रियाकलापबारे सर्वसाधारणलाई सुसूचित गर्ने उद्देश्यले यसै आर्थिक वर्षदेखि ट्रान्सपेरेन्सी इन्टरनेशनलसंग सहकार्यको रुपमा प्रकाशन शुरु गरिएको आयोगको बुलेटिनको नियमित प्रकाशन ।

अन्तर्राष्ट्रिय सहयोग तथा सहभागिता :

भ्रष्टाचार बिरुद्धको विश्वव्यापी अभियानप्रति आफ्नो ऐक्यबद्धता र समर्थन जनाउने एवं परस्परमा अनुभवको आदान प्रदान गरी कार्यक्षमतामा सकारात्मक प्रभाव पार्ने उद्देश्यले आयोजना हुने गरेका अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा गोष्ठीहरुमा आयोगको निरन्तर सहभागिता रहँदै आएको छ । यसै क्रममा चेक गणतन्त्रको राजधानी शहर प्रागमा सम्पन्न भ्रष्टाचार बिरुद्धको दशौं अन्तर्राष्ट्रिय सम्मेलन तथा मित्रराष्ट्र चीनको राजधानी शहर बेइजिंगमा सम्पन्न Asian Ombudsman Association (AOA) को सातौं सम्मेलनमा यस आयोगको प्रतिनिधित्व सम्माननीय प्रमुख आयुक्तबाट भएको थियो । AOA को सम्मेलनमा "The Role of Ombudsman in Improving Public Administration : A Nepalese Perspective" विषयको कार्यपत्र पनि प्रस्तुत गरिएको थियो ।

एशियाली विकास बैंक र Organisation for Economic Cooperation and Development (OECD) को संयुक्त आयोजनामा शुरु गरिएको Anti-Corruption Initiative for Asia Pacific को गठनको सिलसिलामा सन् २००१ को अक्टोबर महिनामा आयोजित Consultative Meeting मा माननीय आयुक्त वासुदेव लामिछानेले भाग लिनु भएको थियो । सो initiative को Steering Committee मा श्री ५ को सरकारको निर्णयानुसार नेपाल अधिराज्यको प्रतिनिधित्व गर्न तोकिनु भएका सम्माननीय प्रमुख आयुक्तको सो Initiative (पहल) को तत्वावधानमा सन् २००१ को नोभेम्बरमा जापानको टोकियोमा आयोजित Third ADB-OECD Annual Conference on Combating Corruption in the Asia-Pacific Region तथा त्यसको Steering Committee का सदस्य राष्ट्रहरुको First Steering Group Meeting र सन् २००२ को मे महिनामा फिलिपिन्सको मनिलामा आयोजित Second Steering Group Meeting मा समेत सम्माननीय प्रमुख आयुक्तज्यूले भाग लिनु भएको थियो । सो बैठकले यसअघि स्वीकृत गरेको Anticorruption Action Plan for Asia and Pacific को सन्दर्भमा तयार पारिएको विभिन्न मुलुकहरुको कार्ययोजना तथा सो योजनाहरुको कार्यान्वयन विधिबारे छलफल गरी त्यसको अनुमोदन गरेको थियो । यसमा नेपालको तर्फबाट Anticorruption Priority Reforms Project नामक अमेरिकी डलर १,००,००० लागतको योजना प्रस्ताव गरिएको थियो ।

भ्रष्टाचार बिरुद्ध कार्यरत विदेशी संस्थाहरुको अध्ययन गरी आयोगको कार्यप्रणाली र जनशक्तिको शीप र दक्षतामा सुधार गर्न यस अवधिमा केही अध्ययन भ्रमणहरुको पनि आयोजना गरिएको थियो । माननीय आयुक्त माधवदत्त भट्टको नेतृत्वमा सात सदस्यीय टोलीले हंगकंगको Independent Commission Against Corruption र थाइलैण्डको भ्रष्टाचार बिरुद्धको राष्ट्रिय आयोगको अध्ययन भ्रमण तथा माननीय आयुक्त कृष्णबल्लभ शर्मा काफ्लेको नेतृत्वमा अर्को सात सदस्यीय टोलीले मलेसियाको Anti Corruption Agency र सिंगापुरको Corrupt Practice Investigation Bureau को अध्ययन भ्रमण गरेको थियो । माननीय आयुक्त इन्द्रबहादुर शेरचनको नेतृत्वमा तीन सदस्यीय टोलीले स्वीडेन सरकारको निमन्त्रणामा स्वीडेनको Ombudsman लगायतका संस्थाहरुको तथा माननीय आयुक्त कृष्णबल्लभ शर्मा काफ्लेको नेतृत्वमा आयोगको दुई सदस्यीय टोलीले नर्वे सरकारको निमन्त्रणामा त्यहांका सम्बद्ध संस्थाहरुको अध्ययन, अवलोकन गरेको थियो । यस अतिरिक्त आयोगका विभिन्न कर्मचारीहरुलाई बेलायत, ग्रीस र जापानका संस्थाहरुद्वारा प्रदत्त तालीमहरुमा सहभागी गराइएको थियो । यस्ता अन्तर्राष्ट्रिय सभा, सम्मेलन, अध्ययन भ्रमण तथा तालीमहरुमा हुने गरेका सहभागिताले अन्तर्राष्ट्रिय अनुभवलाई आफ्नो कार्य सम्पादनमा प्रयोग गर्ने अवसर प्राप्त हुने हुंदा यसबाट कार्यप्रणालीमा प्रभावकारिता आउने तथ्य निर्विवाद छ ।

अन्तर्राष्ट्रिय सहयोगकै सन्दर्भमा मित्रराष्ट्र डेन्मार्कको अन्तर्राष्ट्रिय विकास नियोग (DANIDA) बाट आयोगको सांगठनिक सुदृढीकरणको योजनामा प्राप्त भइरहेको निरन्तर सहयोग उल्लेखनीय रहेकोछ । हाल आयोगको सांगठनिक सुधार तथा विद्यमान जनशक्तिको स्तर वृद्धिको लागि विभिन्न तालीमहरु दिने कार्य यस योजना अन्तर्गत सम्पन्न भएको र भविष्यमा यसको दायरा अझ फराकिलो हुँदै आयोगको सांगठनिक सुधारका अन्य विविध पक्षहरुलाई पनि यस योजनाले समेट्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, आयोगको संवैधानिक दायित्व तथा कर्तव्यको निर्वाहको क्रममा कानून व्यवसायी, पत्रकार समुदाय, नागरिक समाजका विभिन्न संघ, संस्थाहरु र प्रबुद्ध व्यक्तिहरु समेतबाट प्राप्त सद्भाव तथा सहयोगप्रति आयोग कृतज्ञता ज्ञापन गर्दछ । साथै, भविष्यमा पनि सहयोग र सद्भावको निरन्तरताको अपेक्षा सहित आफ्नो संवैधानिक दायित्व र कर्तव्यको निर्वाहप्रति आयोग सदा सजग र प्रयत्नशील रहिरहने वचनबद्धता प्रकट गर्दछ । यस अवधिमा आयोगले प्राप्त गर्न सकेका उपलब्धिहरु हासिल गर्न यस आयोगका सचिव लगायतका राष्ट्रसेवक कर्मचारीहरुले देखाएको अथक परिश्रम र लगनशीलताको पनि यस घडिमा आयोग प्रशंसा गर्दछ ।

❁❁❁

अनुसूचीहरू

अनुसूची – १


श्री ५ महाराजाधिराज
संवैधानिक परिषद्
राष्ट्रिय/अन्तर्राष्ट्रिय नागरिक समाज, (ट्रान्सपरेन्सी इन्टरनेशनल आदि)
सम्माननीय प्रमुख आयुक्तज्यू तथा माननीय आयुक्तज्यूहरु (आयोग)
सचिव
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
मुद्दा महाशाखा
योजना महाशाखा
प्रशासन महाशाखा
प्रहरी महाशाखा
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
संसद
मन्त्रिपरिषद् सचिवालय
मन्त्रालयहरु
राष्ट्रिय सतर्कता केन्द्र
राजस्व अनुसन्धान विभाग
विभागहरु
पुनरावेदन सरकारी वकीलहरु
क्षेत्रीय प्रशासकहरु
प्रमुख जिल्ला अधिकारीहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठनात्मक तालिका



द्रष्टव्य :– यस तालिकामा ०५९ आषाढ मसान्तमा कार्यरत रहेकाहरु (काजमा समेत) को नाम मात्र समावेश गरि

आ.व. २०५८/५९ को बजेट व्यवस्था

वार्षिक विनियोजन			खर्च		बांकी			कैफियत
			निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारणः	रु.	१४,६३७,०००।००	१४,२४०,१५३।९८	१४,२४०,१५३।९८				
अर्थ बजेटः	रु.	३,०११,८२३।०८	३,०११,८२३।०८	३,०११,८२३।०८				
जम्माः	रु.	१७,६४८,८२३।०८	१७,२५१,९७७।०६	१७,२५१,९७७।०६				
विकास बजेटः	रु.	३,०००,०००।००	२,२१४,०९२।२६	२,२१४,०९२।२६				
जम्माः	रु.	२०,६४८,८२३।०८	१९,४६६,०६९।३२	१९,४६६,०६९।३२				

आ.व. २०५८/५९ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तूर र अन्य सामान र सवारी साधन लिलाम समेत गरी जम्मा रु. १,३८,४२९/८० राजस्व आम्दानी भएको छ ।

आ.व. २०५८/५९ को धरौटीतर्फ

आ.व. २०५७/५८ को जिम्मेवारी सरेको	रु.	१,३७२,३७८।७१	पै.
२०५८ श्रावणदेखि २०५९ आषाढ मसान्तसम्मको जम्मा धरौटी	रु.	२,३१३,४२७।४०	पै.
२०५९ आषाढसम्म फिर्ता वा सदर स्याहा भएको धरौटी रकम	रु.	८१३,२९८।००	पै.
२०५९ आषाढसम्ममा बांकी धरौटी	रु.	२,८७२,५०८।११	पै.

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

आ.व. २०५८/५९ को आयोगबाटै कारबाई भएको निवेदन लगत, फर्छ्यौट तथा बांकी विवरण

क्र.सं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजूरी संख्या		फर्छ्यौट		बांकी उजूरी संख्या	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित
१	अर्थ मन्त्रालय	३२	८	१७१	०	२०३	८	१६९	८	३४	०
२	उद्योग, वाणिज्य तथा आपूर्ति	३८	४	७०	१७	१०८	२१	७१	१३	३७	८
३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	७	१	११	७	१८	८	१५	८	३	०
४	कृषि तथा सहकारी मन्त्रालय	४१	१३	९५	१२	१३६	२५	८१	१२	५५	१३
५	गृह मन्त्रालय	१९	०	२४१	०	२६०	०	२१५	०	४५	०
६	जनसंख्या तथा वातावरण मन्त्रालय	०	०	१	०	१	०	१	०	०	०
७	जलस्रोत मन्त्रालय	१४	०	२५	०	३९	०	२४	०	१५	०
८	परराष्ट्र मन्त्रालय	०	१	५	०	५	१	३	१	२	०
९	प्रधानमन्त्रीको कार्यालय	०	०	०	०	०	०	०	०	०	०
१०	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३८	३	२००	०	२३८	३	१९६	३	४२	०
११	भौतिक योजना तथा निर्माण	२३	०	१८७	०	२१०	०	१७५	०	३५	०
१२	मन्त्रिपरिषद् सचिवालय	२	०	०	०	२	०	२	०	०	०
१३	महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय	६	०	१९	०	२५	०	१९	०	६	०
१४	रक्षा मन्त्रालय	३	०	८	०	११	०	९	०	२	०
१५	राष्ट्रिय योजना आयोग	१	०	२	०	३	०	२	०	१	०
१६	वन तथा भू संरक्षण मन्त्रालय	६३	०	१३७	३	२००	३	१५७	१	४३	२
१७	विज्ञान तथा प्रविधि मन्त्रालय	१	०	४	१	५	१	३	१	२	०
१८	शिक्षा तथा खेलकूद मन्त्रालय	८८	१५	२६९	२४	३५७	३९	३२८	३७	२९	२
१९	श्रम तथा यातायात व्यवस्था	१७	०	३६	०	५३	०	४०	०	१३	०
२०	सामान्य प्रशासन मन्त्रालय	२	०	१५	०	१७	०	१५	०	२	०
२१	सूचना तथा सञ्चार मन्त्रालय	१७	१	५६	१३	७३	१४	६२	१३	११	१
२२	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२७	०	३१	०	५८	०	३९	०	१९	०
२३	स्थानीय विकास मन्त्रालय	५३	१	२६२	०	३१५	१	२५३	१	६२	०
२४	स्वास्थ्य मन्त्रालय	२४		३७	०	६१	०	३८	०	२३	०
	कूल जम्मा	५१६	४७	१८८२	७७	२३९८	१२४	१९१७	९८	४८१	२६
		५६३		१९५९		२५२२		२०१५		५०७	

खुद प्रगति = ८० %

आयोगबाट अख्तियारी सौंपिए बमोजिम विशेष प्रहरी विभाग तथा जिल्ला प्रशासन कार्यालयहरूबाट भएको छानवीन तथा अनुसन्धान तहकिकातको विवरण

क्र. सं.	कार्यालयको नाम	जम्मा उजूरी संख्या			फर्छ्यौट भएको उजूरी संख्या				बांकी उजूरी संख्या
		गत वर्षको जिम्मेवारी	यस आ.व.को उजूरी	जम्मा	सम्बन्धित कार्यालयबाटै तामेली	अन्य निकायमा पठाई तामेली	अदालतमा मुद्दा दायर भएको	जम्मा	
१	विशेष प्रहरी विभाग	३१५	२१६	५३१	४८	१२३	४	१७५	३५६
	जिल्ला प्रशासन कार्यालयहरू								
२	ताप्लेजुङ्ग	३	२	५	२	१	१	४	१
३	पांचथर	१७	३	२०	३	०	१	४	१६
४	इलाम	२१	७	२८	७	१	०	८	२०
५	झापा	२८	०	२८	८	०	०	८	२०
६	संखुवासभा	१०	९	१९	३	१	०	४	१५
७	भोजपुर	५	१	६	२	०	०	२	४
८	तेह्रथुम	५	१	६	०	०	०	०	६
९	धनकुटा	१०	२	१२	६	०	०	६	६
१०	मोरङ्ग	४	११	१५	४	३	०	७	८
११	सुनसरी	४२	८	५०	४०	१	०	४१	९
१२	उदयपुर	१३	०	१३	२	०	०	२	११
१३	सिरहा	६१	१६	७७	७	२	०	९	६८
१४	सप्तरी	१८	६	२४	४	१०	०	१४	१०
१५	खोटाङ्ग*								
१६	ओखलढुंगा	३	०	३	०	०	०	०	३
१७	सोलुखुम्बु*								
१८	दोलखा	२	१	३	०	१	०	१	२
१९	रामेछाप	२८	०	२८	०	०	०	०	२८
२०	सिन्धुली	२९	०	२९	०	०	०	०	२९
२१	सर्लाही	९	१५	२४	११	८	०	१९	५
२२	महोत्तरी	३३	३	३६	०	०	०	०	३६
२३	धनुषा	३०	४	३४	४	२	०	६	२८
२४	रसुवा	०	१	१	०	०	०	०	१
२५	सिन्धुपाल्चोक	१४	७	२१	३	०	०	३	१८
२६	धादिंग*								
२७	काभ्रेपलान्चोक	५०	३	५३	०	१	०	१	५२
२८	नुवाकोट	११	०	११	०	०	०	०	११
२९	बारा	४७	२०	६७	४	५	०	९	५८
३०	मकवानपुर	६६	०	६६	२३	१५	४	४२	२४
३१	पर्सा	२९	१०	३९	७	५	०	१२	२७
३२	रौतहट	७०	८	७८	५	०	०	५	७३
३३	चितवन	१५	५	२०	१	०	१	२	१८
३४	कास्की	४०	४	४४	०	०	०	०	४४
३५	तनहूं	१३	०	१३	०	०	०	०	१३
३६	स्याङ्जा	५	०	५	०	०	०	०	५
३७	गोरखा	०	८	८	४	४	०	८	०

३८	*लमजुङ*								
३९	पर्वत	५	१	६	४	०	०	४	२
४०	म्यार्दी	१	१	२	०	०	०	०	२
४१	*मुस्ताङ*								
४२	बाग्लुङ्ग	१	१	२	०	०	०	०	२
४३	मनाङ्ग	०	१	१	०	०	०	०	१
४४	गुल्मी	१०	१४	२४	०	०	०	०	२४
४५	अर्घाखांची	३	०	३	०	०	०	०	३
४६	पाल्पा	३	५	८	२	२	०	४	४
४७	रूपन्देही	१२	१४	२६	१०	१	१	१२	१४
४८	नवलपरासी	४	१२	१६	३	८	२	१३	३
४९	कपिलवस्तु	४	४	८	०	३	०	३	५
५०	प्यूठान	०	०	०	०	०	०	०	०
५१	सल्यान	०	१५	१५	०	२	५	७	८
५२	*रोल्पा*								
५३	दाङ्ग	३	०	३	०	०	०	०	३
५४	रूकुम	०	०	०	०	०	०	०	०
५५	बांके	१६	०	१६	०	०	०	०	१६
५६	बर्दिया	४	४	८	०	०	०	०	८
५७	सुर्खेत	२४	३	२७	६	४	१	११	१६
५८	*दैलेख*								
५९	*जाजरकोट*								
६०	*जुम्ला*								
६१	कालीकोट	७	२	९	०	०	०	०	९
६२	मुगु	२१	०	२१	०	०	०	०	२१
६३	कैलाली	१४	१	१५	२	२	०	४	११
६४	डोटी	०	१	१	०	०	०	०	१
६५	बझाङ	०	०	०	०	०	०	०	०
६६	*बाजुरा*	०	३	३	०	०	०	०	३
६७	हुम्ला	४	०	४	०	०	०	०	४
६८	*डोल्पा*								
६९	बैतडी	०	१	१	०	०	०	०	१
७०	अछाम	०	०	०	०	०	०	०	०
७१	कंचनपुर	३	०	३	१	०	०	१	२
७२	डंडेलधुरा	३	१	४	०	२	२	४	०
७३	दाचुंला	१	०	१	०	०	०	०	१
	जम्मा :	११८९	४५५	१६४४	२२६	२०७	२२	४५५	११८९

द्रष्टव्य :

आयोगबाट अख्तियारी सौंपिएका जि.प्र.का. र वि.प्र.वि.बाट प्राप्त विवरणहरू यथारूपमै यसमा समावेश गरिएका छन् ।

*यो चिन्ह लागेका जिल्ला प्रशासन कार्यालयहरूबाट अध्यावधिक प्रगति विवरण प्राप्त हुन नसकेको ।

मन्त्रालयगत उजूरी विवरण



विगत तीन वर्षको उजूरी प्रवाह



कार्य प्रगति

(जम्मा उजूरी = २५२२)



उजूरीको प्रकृति



कार्यबाहीको स्थिति

